
# शिक्षक

मूल्य रु.२०/-

चैत २०६९

www.teacher.org.np


- शिक्षक सेवा आयोगका नमूना प्रश्न पृ. ५६-६५
- गणित गाह्रो भयो सजिलो पारौं पृ. १३
- शिक्षण जागिर हैन है ! पृ. ६


## विद्यार्थी मूल्याङ्कन
## किन र कसरी


Dabur
Chyawanprash
"घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
सित्तैमा आकर्षक चम्चा 1 kg प्याकको साथमा
नयाँ प्याक
आयुर्वेदको विश्वास
डाबर
च्यवनप्राश
आन्तरिक शक्ति
सित्तैमा
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा खोकीको समस्या पनि । जति-जति
चिसो बढ्दै जान्छ, त्यती नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र प्रदुषण अनि किटाणुले
हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । त्यसकारण ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश
दैनिक २ चम्चा सेवन गरी ३ गुणा रोग प्रतिरोधात्मक शक्ति बृद्धि गर्नुहोस् र यी सबै समस्याहरूबाट
सजिलै बच्नुहोस्।
दैनिक तयारीको लागि अब हरेक 1 kg डाबर च्यवनप्राशको खरीदमा एउटा आकर्षक चम्चा सितैमा
डाबर च्यवनप्राश - घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।
Ad Media

# शिक्षक
मासिक

वर्ष ५ पूर्णाङ्क ६०

चैत २०६९
Mar–Apr 2013



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
रचना ज्ञवाली

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय - ५५४३२५२
व्यापार/विज्ञापन - ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र) - ४२४५९८८,
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हातीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


# विद्यार्थी मूल्यांकनः किन र कसरी





विद्यालयको गुणस्तरः सुधारको एउटा औजार २६
विद्यार्थी मूल्यांकनः मार्कशीटले मात्र पुग्दैन २८
विद्यार्थीको प्रगति विवरण/रिपोर्ट कार्डः किन, कस्तो र कसरी ? - *मेदिन लामिछाने, ३०*

आवरण
पृष्ठ **२६-३७**

**समाचार**, *१०-१२*

■ शैक्षिक प्रदर्शनीको आकर्षण ■ विशेष पाठ्यक्रमवाला शिक्षकलाई ट्रान्सक्रिप्टः लगनपछिको पोते ! ■ संघको अध्यक्षमा निरौला ■ शिक्षक प्रतिस्पर्धाः पौने पाँच लाख आवेदन ■ 'विशेष एमएड' जेठदेखि

**बहसः साँचो विकास**, *३८-४३*

हामीसँग के छैन ? सर्वस्व छ । - *कलानिधि दाहाल, ३८*

पहिले शिक्षा सुधारौं ! - *खुमबहादुर थापा, ४२*

**अन्य सामग्री**

अन्तर्वार्ताः शिक्षण जागिर हैन ! - *रमेश पाण्डे, ६*

अवधारणाः नागरिक गणित - *डा. बालचन्द्र लुइँटेल, १३*

रिपोर्टः
निजी स्कूल सञ्चालन निर्देशिकाः कार्यान्वयन होला ? १६
स्थलगतः कक्षा शिक्षणको प्रयोगात्मक शैली २०
गुरू-शिक्षकका नालीबेलीः दरबार स्कूलको आकर्षण - *कमल दीक्षित, २३*
रिपोर्टः व्यवस्थापन सुध्रियो त विद्यालय सुध्रियो ! - *कृष्ण अधिकारी, २४*

**शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित विशेष सामग्री *पृष्ठ, ५०-६५***

समस्यामूलक प्रश्नमा समस्याको पहिचान र उत्तर लेख्ने विधि - *अनन्तकुमार पौड्याल, ५०*

शिक्षामा सूचना-संचारप्रविधिः जटिल समस्याको सहज समाधान - *गुरु मैनाली, ५२*

आयोगद्वारा जारी नमूना प्रश्नपत्र ५६

**आयोगको पाठ्यक्रममा आधारित थप सामग्रीका लागि *शिक्षक* का अंकहरू हेर्दै गर्नुहोला ।**

**स्तम्भ**

विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, शिक्षाको दुनियाँ ४६, जिज्ञासा र जवाफ ६६, फुर्सद ६९, आलोपालो ७२


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला । यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला ।**

विषय-सन्दर्भ केदार शर्मा

# आफ्नै ऐनामा हेर्दा 'रिपोर्ट कार्ड'

**हामी** साना छँदा रिपोर्ट कार्डको त के, मार्कशीटको पनि चलन थिएन।

प्राथमिक कक्षामा हुँदा जेठमा र मंसीरमा अर्ध-वार्षिक र वार्षिक परीक्षा हुन्थे। हेडसरले लाइन लगाएर रिजल्ट सुनाउनुहुन्थ्यो- फलानो पहिलो, फलानो दोस्रो, फलानो तेस्रो र फलाना फलाना पास। काम सकियो ! शिक्षकले जाने-सकेको त्यही थियो। अभिभावकलाई पनि त्यत्ति भए पुग्थ्यो। स्कूलसित त्यसभन्दा बढी अपेक्षा नै कसैको थिएन।

कक्षा तीनमा म प्रथम भएँ। भोलिपल्ट कुनै काम लिएर हाम्रा घरमा पुग्नुभएका हेडसरलाई मेरा हजुरबाले सोध्नुभएको थियो, "यो हाम्रो नसे फस्ट भएँ भन्दै आयो, यो फस्ट भएको कि मेरो चन्दा फस्ट भएको हँ?"

हेडसरको जवाफ थियो, "होइन बा, उनै फस्ट भएको हो।"

"खै पढेको त देखिनँ त !"

"पढाएको कुरा बुझ्छ, चाख राख्छ, मिलनसार छ।"

"फुर्किएर नबिग्रोस्, त्यत्ति हो..."

अहिले बुझ्छु, छापेर-लेखेर दिएको भए मेरो "रिपोर्ट कार्ड" मा लेखिने लवज यिनै रहेछन्- "पढाएको बुझ्छ, चाख राख्छ, मिलनसार छ।"

तर शिक्षकसँग यस्ता कुरा सोध्ने चाख र हैसियत थोरै मात्र अभिभावकमा हुन्थ्यो। जाँचको रिजल्टका बारेमा 'बढी कुरा' सोध्ने आँट विद्यार्थीमा हुने कुरै भएन। त्यसमाथि फेल हुनेहरूमध्ये कसैले त स्कूल र घर दुवैतिर कुटाइ खान आफूलाई तयार पारेर राख्नुपर्थ्यो।

लिथो गरिएको फर्ममा हातले अंक भरिएको लब्धाङ्क पत्र (मार्कशीट) भने मैले कक्षा ६ को रिजल्टमा पहिलो पटक पाएको थिएँ।

हामीकहाँ विद्यार्थीको मूल्याङ्कन उनीहरूले परीक्षामा कस्तो गरे भन्ने आधारमा मात्र हुने गर्छ। यसको अर्थ आफ्ना विद्यार्थी कस्ता छन् भन्ने कुरा शिक्षकहरूलाई थाहा नै नहुने भने होइन। अहिले जति तालीमप्राप्त नभए पनि उहिलेका शिक्षकलाई पनि विद्यार्थीका सबल र दुर्वल पक्ष थाहा हुन्थ्यो। तर ती कुरा उपयुक्त तरीकाले अभिभावकलाई बताउने र अभिभावकका कुरा सुन्ने चलन र नियम हिजो छँदै थिएन र आज पनि खासै छैन। एउटा विद्यार्थी समग्र पढाइमा कस्तो छ भन्नेसम्म 'मार्कशीट'ले संकेत गर्न सक्छ तर उसको अन्तरनिहित रूचि, सम्भावना र क्षमता कतातिर अभिमुख छ भन्ने कुराको विश्लेषण शिक्षक या कसैले गरिदिनै पर्छ।

**राज्यले विद्यार्थीको मूल्याङ्कन र रिपोर्ट कार्डलाई भविष्य निर्माणको अङ्का रूपमा लिनुपर्छ र अभिभावकले यसको महत्त्व बुझ्नुपर्छ। तर सधैंभरि हामीले भन्ने गरे झैं, यसमा पनि प्रधानाध्यापक र शिक्षकहरूकै भूमिका सबभन्दा ठूलो हुन्छ।**

हालैसम्म पनि 'पढ्न सक्ने' कहलिएकाले कि त इञ्जिनयरिङ कि त मेडिसिन पढ्ने चलन छ। साढे तीन दशकअघि मैले पनि ती दुवैतिर प्रवेश परीक्षा दिएको थिएँ। गणितमा कुनै चाख र क्षमता नै नभएको म एसएसलसीपछि इञ्जिनियरिङ पढिटोपल्ने भएँ। पास पनि गरें, तर त्यो मेरो मात्र नभएर मुलुककै क्षति थियो। एउटा सुयोग्य इन्जिनियरले पाउनुपर्ने स्रोत मेरा लागि खर्च भयो, एउटा महत्त्वपूर्ण ठाउँ एउटा अनुपयुक्त व्यक्तिबाट ओगटियो। त्यसपछि पनि उच्च अध्ययनका क्रममा केही समय अल्मलिएर मात्र मैले आफ्नो सही बाटो समात्न सकें।

मलाई लाग्छ, यी हरफहरू पढिरहेकामध्ये कसैले पनि विषय र 'करियर' रोज्न वैज्ञानिक दृष्टिकोण र विश्लेषणको सुविधा पाएका थिएनौं।

बिस्तारै समय फेरिँदै गयो। २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा भएपछि नेपाली समाजले पञ्चायतको मात्र होइन अरू धेरै कुराको विकल्प सोच्ने अनुमति पाएको अनुभव गर्‍यो। सरकारले उपलब्ध गराउने शिक्षाको पनि विकल्पले मुन्टो उठायो। त्यसअघि अत्यन्त सीमित रहेका निजी र आवासीय विद्यालयहरूको आपूर्ति र माग बढ्न थाल्यो। नियमित आवधिक परीक्षा र अलि विस्तृत मार्कशीटहरू अभिभावककहाँ पुग्न थाले। तर अधिकांश निजी विद्यालयले यथार्थभन्दा 'अभिभावकको चाहना' अनुसारका परिणाम पेश गर्न थाले। धेरै धेरै नम्बर ल्याएका रिपोर्ट कार्ड भनिने ती मार्कशीटले अभिभावकहरूलाई आफ्नो पैसाको सदुपयोग र बालबालिकाको भविष्य सुनिश्चित भइरहेको आभास दिन थाले। तर वास्तवमा ती पनि वास्तविक रिपोर्ट कार्ड थिएनन्, जसले विद्यार्थीको जीवनलाई दिशा दिन सकून्।

त्यसबेला 'थिएनन्' भन्नुको अर्थ अहिले चाहिं छन् भन्न खोजेको होइन। तर अहिले केही कुराको थालनी भने भएको छ। असल नागरिकको उत्पादनका लागि प्रतिबद्ध केही स्कूल र केही शिक्षकले विद्यार्थीको समग्र वैज्ञानिक मूल्याङ्कन र रिपोर्ट कार्डलाई गम्भीरतापूर्वक लिएका छन्। यस क्रमलाई अघि बढाउने उत्तरदायित्व सबैको हो। राज्यले विद्यार्थीको मूल्याङ्कन र रिपोर्ट कार्डलाई भविष्य निर्माणको अङ्का रूपमा लिनुपर्छ र अभिभावकले यसको महत्त्व बुझ्नुपर्छ। तर सधैंभरि हामीले भन्ने गरे झैं, यसमा पनि प्रधानाध्यापक र शिक्षकहरूकै भूमिका सबभन्दा ठूलो हुन्छ। राम्रोसित तयार गरिएको रिपोर्ट कार्डले विद्यार्थीलाई बाटो देखाउन सक्छ र उनीहरूले म र मेरो पुस्ताका थुप्रै युवाले जस्तो अल्मलिएर आफ्नो उर्वर उमेर बिताउनुपर्दैन।

# किताब

किताबमा चरा चिर्बिराउँछन्
किताबमा बाली लहलहाउँछन्
किताबमा झरना गुनगुनाउँछन्
परीका कथा सुनाउँछन्,
किताबमा रकेटको 'राज' छ
किताबमा 'साइन्स'को आवाज छ
किताबको कति ठूलो संसार छ
किताबमा ज्ञानको भरमार छ
के तिमी यो संसारमा जान चाहँदैनौ ?
किताब केही भन्न चाहन्छन्
तिमीसँगै बस्न चाहन्छन्।

**सफदर हाश्मी**
प्रख्यात भारतीय कवि





## प्रतिक्रिया / सुझाव




### पूर्वाग्रही लेख

*सरकारी स्कूल शून्यतिर निजी स्कूल नब्बेतिर: किन ?* शीर्षकको लेख (*शिक्षक*, २०६९ फागुन) अत्यन्त पूर्वाग्रही छ। समग्र शैक्षिक प्रणाली एवं गुणस्तरीय शिक्षाको मापन केवल एसएलसी नतिजालाई मात्र मान्ने संकुचित सोच आफैंमा अल्पबुझाइ हो। मूलत: निजी विद्यालयहरूले एसएलसी परीक्षालाई आफ्नो प्रतिष्ठाको विषय मान्ने हुँदा कमजोर विद्यार्थीलाई कक्षा ८ देखि नै छाट्ने र सामुदायिक विद्यालयतिर पठाउने गरेको वास्तविकतालाई बिर्सन मिल्दैन। एकजना विद्यार्थी फेल हुने बित्तिकै शतप्रतिशत पास भनेर विज्ञापन गर्न नपाइने हुँदा निजी विद्यालयहरू एसएलसी परीक्षालाई आफ्नो एक मात्र अन्तिम गन्तव्य ठान्दछन्। निजी विद्यालयभित्रका विकृति र विसंगति दिन प्रतिदिन छापाहरूमा आइरहेकै छन्। शिक्षकको श्रमशोषण, अनुशासनको नाममा विद्यार्थीलाई दिइने यातना आदि केही प्रतिनिधिमूलक विकृति हुन्। निजी विद्यालयबाट उत्पादित विद्यार्थीहरू विदेशतिर पलायन हुने गरेका छन्। देशको विभिन्न क्षेत्रमा नेतृत्व गर्नेहरू मूलत: सामुदायिक विद्यालयबाट उत्पादित विद्यार्थीहरू हुनले निजी विद्यालयको नेतृत्व सीप अत्यन्त कमजोर देखिन्छ। राष्ट्रियताको सवालमा पनि निजी विद्यालयका विद्यार्थीहरू पछाडि छन्। यसरी देशलाई विभिन्न क्षेत्रमा चाहिने आवश्यक जनशक्ति उत्पादनमा ध्यान दिई राष्ट्रप्रति वफादार जनशक्ति उत्पादन गर्ने व्यापक लक्ष्य राख्नुको साटो एसएलसी नतिजामा नै रमाउने निजी विद्यालयबाट के अपेक्षा गर्ने ? यसर्थ यस किसिमका सतही लेख प्रकाशित गरेर *शिक्षक* मासिकको गरिमा घटाउने काम नगरियोस् !

हरिप्रसाद पोखरेल
श्री कमला उमावि ढुंग्रेवास, सिन्धुली

### मेरो तलब ८ होइन, ११ हजार

*शिक्षक* मासिकको २०६९ फागुन अंकमा प्रकाशित निजी स्कूलका शिक्षकको तलबसम्बन्धी समाचारमा मेरो मासिक तलब रु.८,००० उल्लेख गरिएको रहेछ। त्यसमा मैले पाउने बढेको तलब, सञ्चयकोष, खाजा खर्च र औषधि उपचारको खर्च छुटेको छ। तलब र अन्य सुविधा गरी मैले विद्यालयबाट मासिक रु.१०,९८९ पाउँदै आएको कुरा जानकारी गराउन चाहन्छु।

सुरेश ठाकुर
अन्नपूर्ण हाईस्कूल, बागडोल, ललितपुर

## म एक असफल शिक्षक !

म कार्यरत विद्यालयको समाज यस्तो छ- स्थानीय उब्जनीले तीन महीना मात्र खान पुग्ने भएकाले यहाँका ९५ प्रतिशत विद्यार्थीका बुबाहरू भारत (कालापहाड) मा काम गर्न जाने गर्दछन्। यहाँ मदिरा सेवन नगर्ने घर भेट्टाउन मुश्किल पर्छ। शौचालयको प्रयोग ५ प्रतिशतमा मात्र सीमित छ। सुँगुर र बङ्गुर खुला छोडेर नै पाल्ने चलन छ। महिलाहरू घर बाहिरको काममा अत्यन्तै न्यून सहभागी हुन्छन्। पुरुषको कुनै बेला जमघट भयो भने त्यो जुवातासको खेलमा हुन्छ। विद्यार्थीलाई विद्यालय पठाउनुभन्दा अभिभावकको जोड घरको काममा हुन्छ। विद्यार्थी विद्यालयमा उपस्थित भइहाले पनि अधिकांशले दिउँसोको नास्ता ल्याएका हुँदैनन्। परिणामत: हाजिर हुनेबित्तिकै या हाफछुट्टीमा बिदा मागेर घर फर्किन हतारिन्छन्। कक्षा १ मा भर्ना भएजति विद्यार्थी उपस्थित गराउन हरप्रयास गर्दा पनि केही लाग्दैन।

विद्यालयका शिक्षकमा जुवातास, जाँड रक्सी आदि केहीको पनि कुलत नभएका कारण स्थानीय पुरुषहरूसँग आत्मीय सम्बन्ध गाँसिन कठिन हुने गरेको छ। विद्यालयमा समाजको श्रमदान लगभग शून्य नै रहने गरेको छ। अभिभावकहरू विद्यालय सञ्चालन हुने दिनभन्दा बिदा हुने दिन बढी खुशी देखिन्छन्। गाउँमै खानेपानीको समस्या विकराल छ। जुन घरमा गरीबी र अशिक्षा बढी छ त्यही घरमा सन्तान बढाउन बढी जोड दिएको पाइन्छ। बचत गर्ने बानी र बैंकसँगको सम्बन्ध शून्यप्राय छ।

विद्यालयमा विव्यस अध्यक्ष कुनै काम परेर बोलाउँदा मात्र उपस्थित हुनु, व्यक्तिगत र सामूहिक भावनाले विद्यालयमा आउँदै नआउनु, प्रअ नै सर्वेसर्वा हुनुपर्ने अवस्था रहनु, सदरमुकाम १८ कोस टाढा पर्नु, स्रोतव्यक्ति वर्षमा एकपटक मात्र मुश्किलले उपस्थित हुनु, जिशिकाले विद्यालयको भौतिक अवस्था सुधारमा कुनै चासो नराख्नु, बालविकास केन्द्र सञ्चालनार्थ प्रक्रिया पूरा गर्दा पनि बेवास्ता हुनु, विद्यालयको जस्तापाता वर्षेनि हावाहुरीले उडाउनु, विद्यालय सहयोगी स्थानीय भए तापनि शिक्षाप्रति चासो नहुनु, सकारात्मकभन्दा नकारात्मक प्रवृत्ति बढी हुनु, मदिरा सेवन गरी प्रअसँग नियम विपरीत आफ्नो हठ लागू गर्न खोज्नु, प्रअ विद्यालयकै कोठामा डेरा गरी बस्नुपर्ने तथा त्रासदीपूर्ण वातावरणमा दिनरात बिताउनुपर्ने अवस्था हुनु, विद्यालयमा रहेका दुवै शिक्षकको घरपायक नहुनु, शिक्षकको आयभन्दा खर्च बढी हुनु, समयमा तलब निकासा नहुनु, प्रअ सकारात्मक सोचाइ राख्ने, मदिरा सेवन नगर्ने, शाकाहारी भइदिंदा पुरुष अभिभावकसँग आत्मीय भावनाको सम्बन्ध गाँसिन नसक्नु, प्रअको जिम्मेवारी दिएर उम्कने दोस्रो स्थायी शिक्षक नहुनु, सरुवा माग्दा पनि कार्यालयले बेवास्ता गर्नु आदि समस्याका बाबजुद स्थायी ठेगाना सदरमुकाममा नै भएकै कारणले कार्यालय र विद्यालयको सम्बन्ध निकटको भए तापनि नयाँ सुधारात्मक कार्य गर्न केही पनि नसकिएकोमा आत्मग्लानि गर्नु सिवाय मैले अरू उपाय भेटिनँ। जीवनमा कुनै आशालाग्दो कार्य गर्न नसकिएकोमा दिक्क लाग्छ। शिक्षण पेशाबाट आर्थिक सम्पन्नता त हुँदै हुँदैन, सँगै प्रतिष्ठा कमाउन पनि विभिन्न कारणले गर्दा सकिएन। शिक्षण सेवाको २० वर्ष स्थायी जागिर पेन्सन कमाउने बाटो मात्र भएको अनुभूति हुन्छ। शिक्षकका पेशागत संस्थामा आवद्ध भए पनि नेतालाई रिझाउन

नसकेको वा उनीहरूलाई पुग्ने गरी आफ्नो अनुकूल बनाउन नसकेको, नेतामुखीभन्दा सेवामुखी भएकै कारणले हुनसक्छ, पाउनुपर्ने अधिकारबाट पनि सधैं वञ्चित भइयो। घरव्यवहार बिग्रेको, बालबच्चाको रेखदेख, शिक्षादीक्षा दिनबाट टाढा रहेको र अन्य वैकल्पिक उपाय निकाल्न नसकेकोले म आफूलाई एक असफल शिक्षक र असफल अभिभावक ठान्न विवश भएको छु।

मेरो यस्तो विडम्बनापूर्ण जीवनलाई सहज र सफल तुल्याउन सकिने कुनै उपाय अझै पनि बाँकी छन् भने तिनलाई आत्मसात् गर्न म तत्पर छु। सबैले कृपा गरेर उचित सल्लाह र सुझाव दिनुहुनेछ भन्ने विश्वासका साथ यो गुनासो पोखेको छु।

*शिक्षक* मासिकले पनि म जस्ता देशभरिका शिक्षकको पीरमर्का बुझी सही समाधानको सुझाव, प्रतिक्रिया, लेख-रचना पस्किदेओस् भन्ने विनम्र अनुरोध छ।

दीपकराज शर्मा
प्रावि बथानडाँडा, धारापानी-८, सुर्खेत

## शिक्षामा मूल्य चिन्ता

– दुर्गाप्रसाद पोखेल

शिक्षा दिनेमा शुभ भाव छैन, छात्रादिमा शालीन भाव छैन
भने गयो शिक्षण भाव टाढा, शिक्षा त्यहाँ बन्दछ मात्र काँडा।


आदर्शले युक्त भएन शिक्षा, परावलम्बीपनले समायो
पढी गुनी कर्मठ बन्नु साटो, आलस्यले बुद्धि पिसेर खायो।

पढेर सिद्धान्त अनेक शास्त्र, कतै कठै जिन्दगी फल्किँदैन
हुँदैन शिक्षा व्यवहारपूर्ण, सम्झे भयो राष्ट्र भयो अपूर्ण।

नयाँ पुराना सबको छ मूल्य, जानेर बुझ्ने सही छात्र बन्छ
अरू सबै केवल शब्द पढ्छन्, जो भाव बुझ्ने उही पात्र बन्छ।

परम्पराको अपमान हैन, सम्मान गर्ने परिपाटी आओस्
शिक्षा दिने नास्तिक शिष्यदाता, गुरुसँगै त्यो खरिपाटी जाओस्।

२१ फेब्रुअरी २०१३, लण्डन

शिक्षक वार्ता

# शिक्षण जागिर हैन !

**इमानदार शिक्षकहरूले के कुरा हेक्का राखे हुन्छ भने, जुन शिक्षकले फट्याइँ र राजनीतिमा लागेर स्कूलको पठनपाठन बिगार्छन्, तिनले जीवनमा कुनै सन्तुष्टि र आनन्द पाउनेवाला छैनन् ।**

**आजकाल के गर्दै हुनुहुन्छ ?**

त्रिभुवन विश्वविद्यालयबाट २०६४ सालमा रिटायर्ड भएदेखि नै कलेज अफ एप्लाइड बिजनेशको प्रमुखको रूपमा कार्यरत छु। शंकरदेव क्याम्पसमा छँदै केही साथीहरू मिलेर २०५५ सालमा यो कलेज स्थापना गरेका थियौं। ट्रष्टमा आधारित यो कलेज गैरनाफामूलक हो।

**शंकरदेव र यो कलेजमा के भिन्नता छ ?**

शंकरदेव 'मास एजुकेशन' दिने कलेज हो। त्यहाँ एउटा कक्षामा ३५० जनासम्म विद्यार्थी हुन्छन् भने यहाँ बढीमा ३० जना हुन्छन्। यहाँको पढाइ अन्तरक्रियामुखी हुन्छ भने त्यहाँ ठूलो कक्षा हुने भएकाले शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया सम्भव नै हुँदैन। त्यहाँ विद्यार्थीलाई 'असाइनमेन्ट' दिए पनि शिक्षकले त्यो हेर्ने अवस्था नै हुँदैन भने यहाँ हरेक विद्यार्थीको कामको जाँच गर्ने र 'फिडब्याक' दिने गरिन्छ। सबभन्दा ठूलो भिन्नता नै यही हो। त्यस्तै, सेमिनार, प्रोजेक्ट वर्क, अनुसन्धान, प्रस्तुति, नयाँ र राम्रा किताबहरूको अध्ययन, आफ्नो क्षेत्रमा ख्याति कमाएको व्यक्तिसितको अन्तरक्रिया यहाँको अध्ययन अध्यापनको शैली नै बनिसकेको छ।

**तपाई शंकरदेवमा पढाउँदा सधैं बिहान ठीक सवा ६ बजे कलेज पुग्नुहुन्थ्यो रे ! पाँच/दश मिनेट पनि ढिलो गर्नुहुन्नथ्यो रे ! त्यो कसरी संभव भयो ?**

हो, मैले पहिले त्रिचन्द्र र पछि शंकरदेवमा गरेर करीब ३८ वर्ष पढाएँ। त्यो समयमा म ठूलै बिमारी भएको बेलामा बाहेक सधैं कलेज गएँ र समयमै गएँ। कलेजको कक्षा सवा ६ बजे शुरू हुन्छ भनेपछि त्यो समयमा त म पुगिसक्नुपर्‍यो नि ! पौने सात बजे पुग्दा त विद्यार्थीको आधा घण्टा समय बर्बाद हुन्छ। म एक शिक्षक हुँ र मैले आफूलाई सुम्पिइएको जिम्मेवारी इमानदारी र निष्ठाका साथ पूरा गर्नुपर्छ भन्ने गहिरो भावना थियो। समय मेरो निम्ति अनुशासन हो। जो मानिसले समयको पालना गर्दैन, ऊ अनुशासित होइन। जो अनुशासित होइन, ऊ सफल र आनन्दित हुन सक्दैन। अनुशासनहीन व्यक्ति असल शिक्षक त हुनै सक्दैन।

**कहिलेकाहीं पाँच दश मिनेट ढिलो हुँदैमा कति नै फरक पर्थ्यो होला र ?**

आज पाँच मिनेट ढिला गर्नेले एक हप्तापछि १० मिनेट ढिलो गर्छ। एवं रीतले उसले पहिलो घण्टी छुटाउँछ। तोकिएको समय भन्दा ढिला गर्नुको अर्थ हो, म लापरवाह छु; म आफ्नो जिम्मेवारीप्रति संवेदनशील छैन।



फेरि म त शिक्षक हुँ। मेरो लवाइ, खवाइ, बोलाइ, गराइ सबैको प्रभाव कुनै न कुनै रूपमा विद्यार्थीमा परिरहेको हुन्छ। विद्यार्थीलाई समयको ठूलो महत्त्व हुन्छ, यसलाई पालना गर्नुपर्छ भनेर सिकाउने मानिस अझै समयमा कक्षामा पुग्नुपर्‍यो नि ! जब हामी शिक्षककै भनाइ र गराइमा फरक पर्दछ, त्यसपछि हाम्रो कुरा विद्यार्थीले पत्याउन छाड्छन्। शिक्षक भनेको सिकाउने व्यक्ति हो। सिकाउने व्यक्तिले त्यही कुरा सिकाउन सक्छ, जो आफूले पालना गरिरहेको हुन्छ। के चोरले अरूलाई नचोर भनेर सिकाउन सक्छ र ?

**तपाईंका कति सहकर्मी साथीहरू ढिला आइपुग्थे होलान् । तिनलाई देखेर तपाईंलाई पनि ढिला गरौं भन्ने लागेन ?**

अहँ, ममा त्यस्तो भावना कहिल्यै पनि आएन। तिनीहरूले ठगेको देख्दा शुरू शुरूमा मलाई रीस नउठेको होइन। तर म आफ्नो मान्यता र प्रतिबद्धताबाट कहिल्यै विचलित भइनँ। एक दिन पनि ढिला कलेज जाने कुरा मैले सोच्न सकिनँ। मैले जति पढाएँ पूर्ण समर्पण र निष्ठाका साथ पढाएँ। त्यसैले म मेरो कामबाट पूर्ण सन्तुष्ट पनि छु। यही नै मेरो ऊर्जाको स्रोत हो।

**अनुशासनले मानिसलाई के दिंदोरहेछ ?**

कडा अनुशासनले मानिसलाई लक्ष्यमा अनवरत हिंड्ने ऊर्जा दिन्छ। समपर्णभाव दिन्छ। गर्न हुने र नहुने बीचको भेद छुट्याइदिन्छ। गर्न हुने काम मात्र अनुसरण गर्न प्रेरित गर्छ। गर्न नहुने कामलाई जीवनबाट परित्याग गर्न उत्प्रेरित गर्दछ।

**शिक्षण तपाईंको रोजाइको पेशा हो कि त्यसै आइलागेको हो ?**

कुन्नि कसरी हो, मैले गर्ने काममा पूरा सन्तुष्टि पाउनुपर्छ भन्ने विचार मेरो मनमा कलेज पढ्दा ताका नै आइसकेको थियो। अरू कुनै काममा जानेर नजानेर धेरै नै बाँधिएर बस्नुपर्ने तर शिक्षण पेशामा अन्त भन्दा धेरै स्वतन्त्रता देखे मैले। त्यसैले कलेज पूरा




विक्रम राई

नगर्दै शिक्षण पेशा अँगाल्ने विचार बनाइसकेको थिएँ। यो अर्थमा शिक्षण पेशामा मेरो आगमन संयोग नभएर नियोजित नै थियो।

**सफल शिक्षक कसरी बन्न सकिंदोरहेछ ?**

समर्पण नै सबथोक हो। खाँदा, आराम गर्दा, सुत्दा समेत शिक्षक हुँ भन्ने भाव ममा आइरहन्छ। शिक्षक हुनुको नाताले उसको पहिलो कर्तव्य उसका विद्यार्थी हुन्। म सधैं उनीहरूकै बारेमा मात्र सोच्दथें। एउटा कलेजको प्रमुखको रूपमा आज पनि सोचिरहेको छु। शिक्षकले आफूलाई आहुति नै दिनुपर्छ। शिक्षण कला, ज्ञानको दायरा फराकिलो पार्ने कुरा, विद्यार्थीसित सिक्ने सोच र क्षमताको विकासदेखि आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा आइपरेका दुःख, कष्ट, व्यवधान र अड्चनहरूसित संघर्ष गर्ने शक्तिको स्रोत पनि यही समर्पण नै हो। एउटा शिक्षकका निम्ति विद्यार्थी नै सबथोक हुन्। ती हाम्रा लागि हाकिम हुन्, छोराछोरी हुन्, विद्यार्थी हुन्।

**कडा अनुशासनले मानिसलाई लक्ष्यमा अनवरत हिंड्ने ऊर्जा दिन्छ। समपर्णभाव दिन्छ। गर्न हुने र नहुने बीचको भेद छुट्याइदिन्छ। गर्न हुने काम मात्र अनुसरण गर्न प्रेरित गर्छ। गर्न नहुने कामलाई जीवनबाट परित्याग गर्न उत्प्रेरित गर्दछ।**

**स्कूल कलेजमा तपाईं कस्तो विद्यार्थी हुनुहुन्थ्यो ?**

मेरो पढाइको श्रीगणेश भक्त विद्याश्रम भुरुङखेल काठमाडौंमा भएको हो। शुरूमा मेरो पढाइ राम्रै थियो। मेरा बा र आमाको विछोडको कारणले गर्दा म एक जना राणाको दरबारमा हुर्किएको व्यक्ति हुँ। थाल थाप्दा भात आउँथ्यो। पढ्नुपर्छ भनेर प्रेरणा दिने कोही थिएन। त्यसरी मेरो दुई तीन वर्ष खेर गयो। ५ कक्षा पास गरेको विद्यार्थी दुई वर्षपछि सोही कक्षामा दरबार हाईस्कूलमा भर्ना हुन पुगें। त्यो 'ग्याप'ले गर्दा म पहिले जस्तो राम्रो विद्यार्थी हुन सकिनँ। अहिले पनि म जुन गतिमा सोच्न सक्छु, त्यो रफ्तारमा मेरो हात चल्दैन। त्यो नै मेरो सर्वाधिक ठूलो कमजोरी हो। यही कमजोरीले गर्दा कहिल्यै परीक्षामा राम्रो अङ्क आएन। पछि आँखामा समस्या आएकोले चाहे जति किताबहरू पढ्न पनि सकिनँ।

**विद्यार्थीमा राम्रो प्रभाव पार्ने तरीका चाहिं के रहेछ ?**

तपाईं समर्पित भएर लाग्नुभयो भने विद्यार्थीको सोच्ने तरीका, उसले बोक्ने मूल्यमान्यतामा सर्वाधिक प्रभाव पर्दछ। आज मात्र होइन, जीवनभर प्रभाव पर्दछ। अरु महत्त्वको कुरा, जतिबेला ऊ सर्वाधिक संकटको घडीबाट गुज्रिएको हुन्छ, तपाईंका वाणी, आचरण, व्यवहार उसको मस्तिष्कमा जीवन्त भएर आउँछन्। र, उसले त्यस कठिनतम घडीमा लिने निर्णयमा तपाईंको सद्‌विचार र सद्‌चरित्रको अमीट छाप परेको हुन्छ। त्यसैले शिक्षकले आज कक्षामा मैले किताबका कुरा, ज्ञान सीपका कुरा कति राम्रोसित सिकाएँ भन्नेमा मात्र ध्यान दिएर पुग्दैन। मन, वचन र कर्मले पूरा समर्पित भएर लाग्ने शिक्षकको मात्र विद्यार्थीमा जीवनभर छाप परिरहन्छ।

अर्को कुरा, शिक्षकले किताबका कुरा मात्र डेलिभर गर्ने होइन। तिमीले चिन्तन गर्नुपर्ने ठाउँ यहाँनिर छ है भनेर उसले विद्यार्थीलाई मौलिक तरीकाले सोच्नका लागि प्रेरित गर्नुपर्दछ। तर्क गर्ने क्षमताको विकास गराउने ठाउँ खोजिदिनुपर्दछ। शिक्षकले विद्यार्थीलाई उसको संभावनाको क्षेत्र पहिल्याउन प्रेरित गर्नुपर्दछ। मेरो विचारमा, शिक्षक हुनुको अर्थ र सान्दर्भिकता नै यहीं भेटिन्छ। शिक्षकको मूल काम हो, विद्यार्थीको दिमागलाई खुला (ओपेन अप) बनाउन उत्प्रेरकको भूमिका। किताबले, समाजले, मिडियाले दिएको सोचविचार वा आफैंसित भएका खास खालका आग्रह वा पूर्वाग्रहका कारण विद्यार्थीको दिमाग खुल्ला नभएको पनि हुनसक्छ। त्यस्तो बेला शिक्षकले उचित विधि अपनाएर यो महसूस गराइदिन सक्नुपर्दछ, 'म ज्ञान वा आग्रहले थिचिएर बस्न हुँदो रहेनछ, सधैं खुल्लाभावमा पो बस्नुपर्ने रहेछ !'

**उहिले र अहिलेका शिक्षकबीच के भिन्नता पाउनुहुन्छ ?**

शिक्षकको बौद्धिकस्तरमा ठूलो परिवर्तन आएको छ। यो अत्यन्त सकारात्मक कुरा हो। ऊ बेला हामीसित नवीन ज्ञान हासिल गर्ने माध्यमहरू अत्यन्त सीमित थिए, त्यो आज धेरै नै फराकिलो भएको छ। व्यवस्थापनभित्रको एउटा सानो विषयमा पनि देश विदेशका थुप्रै पुस्तकहरू नेपाली बजारमा उपलब्ध हुन थालेका छन्। इन्टरनेटका कारण नयाँ-नयाँ ज्ञान र सूचनाहरू घरमै बसेर हामीले आजको आजै पाउन सक्ने भएका छौं। तर मैले शिक्षण पेशा शुरू गर्दाका बखत शिक्षकको कर्तव्य र नैतिकता जे भनेर बुझिन्थ्यो, त्यसमा पनि आज ठूलो परिवर्तन भएको छ। आजका शिक्षकहरूमा के गर्नु हुन्छ र के गर्नु हुन्न भन्ने बीचको विभेद मेटिएको जस्तो देखिन्छ। आजको शिक्षकले आफ्नो कर्तव्य र नैतिकता के हो भनेर पनि पहिल्याउन सकेको छैन। कसरी धनी हुने भन्ने कुरामा मात्र

आजका अधिकांश शिक्षकको ध्यान गएको देखिन्छ । यहाँनेर चाहिं हामी नराम्ररी चुकेका छौं ।

**तपाईंका शिक्षण जीवनका दुखद् पक्ष के हुन् ?**

शंकरदेवको प्रमुख हुँदा मैले तत्काल सुधारका केही कदम चालेको थिएँ। सर्वप्रथम, कक्षामा विद्यार्थीको संख्या दुई-तीन सयबाट घटाएर ६० मा सीमित गर्न खोजें । दोस्रो, विद्यार्थीलाई खोजकर्ता बनाउन खोजें। त्यसनिम्ति, मैले हरेक विषयमा तीन जना शिक्षकको व्यवस्था गरें । एकैपटक कक्षामा गएर उनीहरूले विद्यार्थीलाई तीन समूहमा विभक्त गरेर खोज र चिन्तनमनन गर्न सघाउन भन्ने मेरो अभिप्राय थियो । तर हाम्रा शिक्षक साथीहरू त आफ्नो कक्षामा अरू शिक्षक पसेको देख्न पनि सक्दारहेनछन् । उनीहरू यति संकीर्ण, अभिमानी र मूर्ख छन् भन्ने कुरा मैले कल्पना समेत गर्न सकेको थिइनँ । उनीहरूले यो अवधारणालाई पटक्कै रुचाएनन् ।


तेस्रो, मैले हरेक शिक्षकलाई हरेक विषयको पाठ्यक्रम र पाठ्यपुस्तक तयार भएपछि आएका नवीन ज्ञान तथा सूचनाहरू समेट्ने गरी 'ह्याण्डस् आउट' तयार गर्ने थिति बसाउन खोजें । यसबाट शिक्षक र विद्यार्थी दुवै उत्तिकै लाभाविन्त हुनेथिए। त्यसनिम्ति मैले एउटा 'ह्याण्डस् आउट' को ३०० रुपैयाँ दिने व्यवस्था पनि मिलाएँ। ऊ बेलाको यो रकम भनेको एउटा प्राथमिक तहको शिक्षकको एक महीनाको तलब बराबर थियो। 'ह्याण्डस् आउट' लाई पैसा दिनुअघि त्यसको लेखनमा मौलिकता, भाषागत शुद्धता र बौद्धिक गहिराइ पनि हेरिने प्रावधान राखिएको थियो । तर हाम्रा शिक्षक साथीहरूले 'मेरो पनि क्षमता जाँच्ने' भनेर त्यसलाई पनि मन पराएनन्। शायद सुधारको कुरा उपकुलपतिको कार्यालयको पनि प्राथमिकतामा नपरेर होला, मलाई केही समयपछि नै प्रमुखबाट हटाइयो । मेरो लक्ष्य थियो, शंकरदेव क्याम्पसलाई विश्वस्तरको कलेज बनाउने । मेरो त्यो सपनालाई तुहाउने काम भयो । मेरो जीवनको सबभन्दा ठूलो दु:ख यही हो ।

**आजका सामुदायिक विद्यालय र कलेजको स्तर कस्तो देख्नुहुन्छ ?**

सन्तोषजनक छैन । यति ठूलो सरकारी लगानीका बाबजुद यो अवस्था आउनुको एक मात्र कारण भनेको राजनीतिक हस्तक्षेप नै हो । व्यवस्थापनलाई कामै गर्न दिइँदैन । २०३७ सालमा शंकरदेव क्याम्पसको प्रमुखको हैसियतमा त्रिविका उपकुलपतिसमक्ष पेश गरेको प्रतिवेदनमा मैले लेखेको थिएँ, 'राजनीतिक हस्तक्षेप बन्द गरे मात्र शैक्षिक गुणस्तर अभिवृद्धि र कलेज-विश्वविद्यालयको व्यवस्थापन सुदृढ गर्न सकिन्छ ।'

**अब कसरी सुधार होला त ?**

सबभन्दा पहिला राजनीतिक दल र सरकार चलाउने मानिसहरूमा शिक्षालाई राजनीतिक मैदान बनाउने सोच हट्नुपर्‍यो । आजसम्म त्यस्तो सोच त्याग्न नसक्नुको मुख्य कारण हो, उनीहरू देश र जनताप्रति इमानदार भएर सोच्दैनन् । जब उनीहरू देशको प्रगतिलाई केन्द्रमा राख्न थाल्छन्, राजनीतिक हस्तक्षेप गर्ने लगायतका राजनीतिक तहबाट भित्रिएका विसंगतिहरू स्वत: हटेर जान थाल्छन्। राजनीति सप्रियो भने सरकारी प्रशासन स्वत: सप्रेर जान्छ। अहिले विश्वविद्यालयको र विद्यालयको व्यवस्थापन बिग्रेको पनि राजनीतिक दलहरूकै कारण हो। त्यहाँ पनि सुधार आउँछ। जताततै सकारात्मक वातावरण बन्छ। त्यसले 'अब त राम्रो हुन लाग्यो है' भन्ने सन्देश



समाजमा प्रवाहित हुन्छ। सुधार प्रक्रियाले गति लिन्छ। गरे असंभव के छ र?

यस्तै सुधार तलबाट आवश्यक छ। त्यो भनेको आधारभूत तहको शिक्षालाई पहिलो र सबैभन्दा बढी प्राथमिकता दिइनुपर्‍यो। त्यो भनेको जीवनको जग हो। स-साना बालबालिकाको सही तरीकाले समग्र विकास गराउन नसके तिनको जीवन र उच्च शिक्षा दुवैको स्तर उकासिन सक्दैन। समर्पित र योग्य शिक्षकको छनोट विद्यालय सुधारको पहिलो पूर्वशर्त हो। त्यसलाई सुनिश्चित गरी अरू सुधार कसरी गर्ने भनेर अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षकदेखि सरकार र बुद्धिजीवीसम्म सबैले यस विषयलाई पहिलो प्राथमिकता दिई आ-आफ्नो तहबाट सुधारका निम्ति चिन्तन, पहल र प्रयत्नहरूको थालनी गर्नु जरुरी देखिन्छ।

**ठग र कामचोर साथीले जताततै ठाउँ पाएको देखेर इमानदार शिक्षकमा हीनभावना पैदा भएको देखिन्छ नि!**

कुनै पनि शिक्षकको पहिलो र सबभन्दा महत्त्वपूर्ण मूल्यांकनकर्ता उसकै विद्यार्थी हुन्; सहकर्मी साथी वा शिक्षक हैनन्। यदि विद्यार्थीले ठूलो भएपछि 'आज म जे छु फलाना फलाना शिक्षकका कारणले छु' भनेर महसूस गर्छ भने त्योभन्दा ठूलो मूल्यांकन अरू हुन सक्दैन। हाम्रो अजस्र आनन्द र सन्तुष्टिको स्रोत नै त्यही हो। त्यसैले इमानदार, कर्मशील र समर्पित शिक्षकले हीनभावना पाल्नुपर्ने कुनै कारण छैन। विद्यालयप्रति पूर्ण रूपेण समर्पित भएर काम गरेको शिक्षकलाई कुनै अप्ठ्यारो पर्दा गाउँ होस् शहरमा अभिभावकले सघाएका छैनन् र? इमानदार शिक्षकहरूले के कुरा हेक्का राखे हुन्छ भने, जुन शिक्षकले फट्याइँ र राजनीतिमा लागेर स्कूलको पठनपाठन बिगार्छन्, तिनले जीवनमा कुनै सन्तुष्टि र आनन्द पाउनेवाला छैनन्। अवकाशपछिको बुढेसकालमा त ती रुन् बढी दुःखी र बेचैन हुनेछन्। ती त्यस्तो पछुतोमा पर्नेछन्, जसको प्रायश्चित पनि उनीहरूले गर्न पाउने छैनन्।

आज नेपालमा रावण राज्य छ, रामराज्य होइन। रावणराज्य भएको यो समयमा राज्यका तर्फबाट रामको होइन रावण प्रवृत्तिकै प्रोत्साहन र जगेर्ना हुनु अनौठो होइन। त्यसैले इमान्दार शिक्षकले हीनभावना पाल्नु रत्तिभर पनि आवश्यक छैन। बरु हामी शिक्षकहरूले त्यस्तो नयाँ पुस्ता उत्पादन गर्नुपर्‍यो, जसले यो रावण राज्यलाई जरैदेखि उखेलेर फालोस् र रामराज्यको स्थापना गरोस्। इमानदार र असल शिक्षकहरूले अब यतातिर सोच्न आवश्यक छ।

**शिक्षक सेवा आयोगले हालै खोलेको विज्ञापनमा करीब पाँच लाखले आवेदन दिएका छन्। तिनलाई तपाई के सन्देश दिन चाहनुहुन्छ ?**

शिक्षण कार्य जागिर होइन, जीवनको मिसन हो। यस पेशामा लाग्नेले आफ्नो जीवनलाई पूरा समर्पित गर्नुपर्छ। जागिर खाने सोच कसैले बनाउनुभएको छ भने कि त्यस्तो सोच बदल्नुस् कि आयोगको जाँचमै नबस्नुस्। किनभने नयाँ पुस्ताको भविष्यलाई दाउमा लगाएर तपाईंले जागिर खानु अपराध हो। मलाई लाग्छ, आवेदन दिने धेरै युवायुवतीहरू जागिर खान होइन, असल शिक्षक भएर नयाँ पुस्ताको प्रगतिमै आफूलाई होम्न चाहन्छन्। बरु शिक्षक छनोट पद्धतिलाई चाहिं निष्पक्ष, विश्वसनीय र प्रभावकारी बनाउनु आवश्यक छ, जसले गहिरो समर्पण भाव भएको योग्य व्यक्तिलाई चिन्न र छनोट गर्न समर्थ होओस्।

प्रस्तुतिः **सुदर्शन घिमिरे**





# शैक्षिक प्रदर्शनीको आकर्षण

**शिक्षण** सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग बढाउने उद्देश्यले पाल्पामा दुईदिने शैक्षिक प्रदर्शनी गरिएको छ। जिशिका, पाल्पाले १३ र १४ फागुनमा आयोजना गरेको उक्त प्रदर्शनीमा जिल्लाका १८० भन्दा बढी विद्यालयले तयार गरेका शैक्षिक सामग्री पहिलो चरणमा विभिन्न १८ वटा स्रोत केन्द्रमा प्रदर्शन गरिएको थियो। दोस्रो चरणमा ती सामग्री सदरमुकाम तानसेनमा प्रदर्शन गरिएका थिए। प्रदर्शनीमा पाठ्यक्रमले तोकेका विषयवस्तुसँग सम्बन्धित करीब पाँच हजार शैक्षिक सामग्री प्रदर्शित थिए। लगभग २० हजार शिक्षक विद्यार्थीले प्रदर्शनीको अवलोकन गरेको जिशिकाको अनुमान छ।

उत्कृष्ट शैक्षिक सामग्री तयार गर्ने स्रोत केन्द्र र विद्यालयलाई जिशिकाले पुरस्कृत समेत गरेको थियो। यसमा आर्यभञ्ज्याङ स्रोत केन्द्र उत्कृष्ट ठहरिएको छ। त्यस्तै, माध्यमिक विद्यालयतर्फ जनता उमावि, तानसेनले पहिलो पुरस्कार जित्न सफल भयो। निम्नमाध्यमिक र प्राथमिक तहमा क्रमशः जनजागृति निमावि, भुवनपोखरी र लालीगुराँस प्रावि, बाकामलाङ गाडाकोट प्रथम भएका थिए।

जिशिका, पाल्पाले एक वर्षअघि शिक्षकले आफ्नो हरेक पिरियडमा कम्तीमा एउटा शैक्षिक सामग्रीको प्रयोग गर्नैपर्ने अभियान शुरू गरेको थियो। जिशिकाका उपसचिव दीपेन्द्र ढकालले भने, "त्यही अभियानलाई थप प्रोत्साहन गर्ने उद्देश्यले यो प्रदर्शनी आयोजना गरिएको हो।"

प्रदर्शनीको अवलोकनपछि शिक्षकहरूले एकअर्काको विद्यालयमा भएका सामग्रीको निर्माण र प्रयोगसम्बन्धी अभ्यासको आदानप्रदान गर्ने अवसर मिलेको प्रतिक्रिया दिएका छन्। खानीगाउँ निमावि, कल्लाबारीका शिक्षक नलबहादुर साठीघरेले भने, "विद्यार्थीलाई विषयवस्तुको धारणा सिकाउन र यस्ता सामग्रीहरू निकै महत्त्वपूर्ण हुनेरहेछन्। यो प्रदर्शनीबाट धेरै कुरा सिक्न पाइयो।" यस्तो प्रदर्शनीलाई आउँदो वर्ष समेत निरन्तरता दिइने जिशिकाले जनाएको छ।

**देव पचभैया**, पाल्पा

## विशेष पाठ्यक्रमवाला शिक्षकलाई ट्रान्सक्रिप्ट

# लगनपछिको पोते !

**विशेष** पाठ्यक्रमबाट कक्षा १२ उत्तीर्ण गरेका शिक्षकहरूले 'ट्रान्सक्रिप्ट' पाउने भएका छन्। शिक्षा मन्त्रालय र उच्चमाध्यमिक शिक्षा परिषद्का अधिकारीहरूबीच माघको अन्तिम साता ती शिक्षकलाई ट्रान्सक्रिप्ट दिने सहमति भएको हो।

यो निर्णय ढिलो भएका कारण विशेष पाठ्यक्रमबाट कक्षा १२ उत्तीर्ण भएका शिक्षकहरू शिक्षक सेवा आयोगको खुला विज्ञापनमा आवेदन दिनबाट बञ्चित भएका छन्। यसअघि ट्रान्सक्रिप्ट नभएको कारण देखाउँदै आयोगले निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रको आवेदन लिन अस्वीकार गरेको थियो। अस्थायी शिक्षक रहेर पनि १० महीने तालीमको आधारमा प्राथमिक तहको अनुमतिपत्र लिएका शिक्षकले समेत आवेदन दिन पाएनन्। शिक्षक सेवा आयोगका उपसचिव नारायणप्रसाद भट्टराईले भने, "ट्रान्सक्रिप्ट पछि पेश गर्ने गरी आवेदन लिइदिन अनुरोध भएको थियो। तर, हामीले विज्ञापनको सूचनामै शर्तसहितको आवेदन नलिने उल्लेख गरेकाले लिन सकेनौं।"

ट्रान्सक्रिप्ट दिने निर्णय भए पनि त्यसको तयारीका निम्ति थप डेढ महीना लाग्ने जानकारी उमाशि परिषद्का कामु परीक्षा नियन्त्रक दुर्गाप्रसाद अर्यालले दिएका छन्। २०६६ माघ र २०६८ कात्तिकमा सञ्चालित दुई पटकको परीक्षाबाट १० हजार शिक्षकले कक्षा १२ उत्तीर्ण गरेका थिए। विद्यालय क्षेत्र सुधार योजनामा आधारभूत तहको शिक्षणका निम्ति कक्षा १२ उत्तीर्ण गर्नुपर्ने नीतिगत व्यवस्था भएका कारण एसएलसी उत्तीर्ण गरी १० महीने तालीम लिएका शिक्षकका निम्ति 'विशेष पाठ्यक्रम' तयार गरिएको थियो।

शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र र उमाशि परिषद्को सहमतिमै यो पाठ्यक्रम तयार भए पनि 'कक्षा ११ र १२ को नियमित कोर्सजस्तो नभएको' भनी परिषद्ले ट्रान्सक्रिप्ट दिन मानेको थिएन। ट्रान्सक्रिप्ट दिने निर्णय ढिलो गरी भएकोमा शिक्षकहरू खिन्न भएका छन्। पाँचथरका शिक्षक भक्त थेगिमले *शिक्षक*

# संघको अध्यक्षमा निरौला

नेपाली कांग्रेस निकट शिक्षकहरूको संस्था नेपाल शिक्षक संघको राष्ट्रिय अध्यक्षमा केशव निरौला निर्वाचित भएका छन्। ८-१२ फागुनमा काठमाडौंमा सम्पन्न संघको सातौं राष्ट्रिय महाधिवेशनले निरौलालाई आउँदो चार वर्षका लागि अध्यक्ष चुनेको हो। उनी अघिल्लो कार्यकालमा महासचिव थिए।

अध्यक्षका निम्ति भएको मतदानमा निरौलाले यसअघिका अध्यक्ष मोहन ज्ञवालीलाई पराजित गरेका हुन्। निरौलाले ३३२ मत ल्याए भने ज्ञवालीको पक्षमा २०१ मत परेको थियो। महाधिवेशनबाट अध्यक्षसहित ४१ सदस्यीय नयाँ राष्ट्रिय कार्य समिति गठन भएको छ। एक सदस्य बाहेक बाँकी सबैमा निर्वाचन भएको थियो।

संघको वरिष्ठ उपाध्यक्षमा तीर्थजंग शाही र महिला उपाध्यक्षमा विष्णुदेवी पाण्डे निर्वाचित भएका छन्। यस्तै, उपाध्यक्षमा गोकर्ण बानियाँ (पूर्वाञ्चल), सुदर्शन घिमिरे (मध्यमाञ्चल), किशोरदत्त बराल (पश्चिमाञ्चल), इलमबहादुर शाही (मध्यपश्चिमाञ्चल) र सिद्धराज भट्ट (सुदूरपश्चिमाञ्चल) छन्। यस्तै, महासचिवमा राजेन्द्रराज पौडेल र कोषाध्यक्षमा यम पी. भुसाल निर्वाचित भएका छन्।

नवनिर्वाचित अध्यक्ष निरौलाले पेशागत हकहितका आन्दोलन र शैक्षिक विकास समेतका क्षेत्रमा शिक्षक संघलाई सुदृढ गर्ने दाबी गरेका छन्। आफ्नो नेतृत्वकालमा शिक्षक संघलाई दलीय प्रभावबाट मुक्त राख्ने प्रतिबद्धता जनाउँदै निरौलाले भनेका छन्- "संघलाई दलीय राजनीतिबाट निरपेक्ष राखेर शिक्षकको पेशागत विकास र शैक्षिक मुद्दामा केन्द्रित गर्नेछौं।"



**"संघलाई दलीय राजनीतिबाट निरपेक्ष राखेर शिक्षकको पेशागत विकास र शैक्षिक मुद्दामा केन्द्रित गर्नेछौं।"**

**केशव निरौला**

यसैबीच एमाले निकट नेपाल राष्ट्रिय शिक्षक संगठनको महाधिवेशन जेठको अन्तिम सातातिर गर्ने जनाइएको छ। हाल यसका जिल्ला संगठनको अधिवेशन चलिरहेको छ। संगठनको महाधिवेशनपछि शिक्षकहरूको छाता संगठन नेपाल शिक्षक युनियनको महाधिवेशन आगामी असारभित्र हुने अपेक्षा गरिएको छ। हाल युनियनमा ७ वटा संगठन आबद्ध छन्। तीमध्ये नेपाल शिक्षक परिषद्, शिक्षक मञ्च, अखिल नेपाल शिक्षक संघको महाधिवेशन भइसकेको छ।

यसैगरी, उच्चमाध्यमिक तहमा कार्यरत शिक्षकहरूको संगठन उच्चमाध्यमिक शिक्षक एसोसिएसन, नेपाल (हिस्टान) को चौथो महाधिवेशन २२-२४ चैतमा काठमाडौंमा हुने भएको छ। यो महाधिवेशनले 'हिस्टान'को नयाँ नेतृत्व चयन गर्ने बताइएको छ। 📖

सँग टेलिफोनमा भने, "दुई वर्ष अगाडि नै पास गरे पनि हामीलाई प्रमाणपत्र नदिइकन झुलाएर राखियो। यो निर्णय त उहिल्यै पो हुनुपर्थ्यो। अब लगनपछिको पोते के काम?"

शिक्षाका कतिपय कर्मचारीहरू पनि यसलाई नेतृत्वको अदूरदर्शिता ठान्छन्। शैक्षिक जनशक्ति विकास केन्द्रका एक अधिकृतले भने, "यो त हाम्रा हाकिमहरूको बेइमानी हो। उतिबेलै यो निर्णय गर्न केले रोकेको थियो?" शिक्षा मन्त्रालयका अधिकारीले भने उमाशिप, शिक्षक सेवा आयोगसँग समन्वय गर्नुपरेकाले ढिलाइ भएको प्रतिक्रिया दिएका छन्। सहसचिव महाश्रम शर्माले भने, "ट्रान्सक्रिप्टको मामिला उमाशि परिषद् र आवेदनको विषय आयोगसँग जोडिएको थियो। आपसी समन्वय गर्ने क्रममा ढिलाइ भयो। शिक्षकहरूले यसपालि नभ्याए पनि अर्को पटकको परीक्षामा सहभागिता जनाउन पाउनुहुनेछ।" 📖


Website! Website!! Website!!!

सामुदायिक तथा निजी विद्यालयको लागि विशेष सहुलियतमा वेवसाईट

फाइदाहरू:

१. विश्वव्यापी रुपमा प्रचारप्रसार

२. Volunteer Teacher प्राप्त गर्न सकिने

३. विश्वव्यापी रुपमा सहयोग प्राप्त गर्न सकिने

४.भु.पु विद्यार्थीको वेवसाईटबाट नेटवर्क

1 Year Free Hosting, Domain, E-mail service

साथै विद्यालयको Notice, Result, Student Profile Management आदि गर्न सकिने

WEBLINK NEPAL

www.WeblinkNepal.com

Bagbazar, Kathmandu Opp. PK Campus (Way to Yati Plaza)

4248668 / 9851099764

E-mail:-info@weblinknepal.com / weblinknepal@gmail.com



# शिक्षक प्रतिस्पर्धा पौने पाँच लाख आवेदन

**करीब** १३ हजार स्थायी पदका निम्ति शिक्षक सेवा आयोगले गरेको खुला विज्ञापनमा करीब पाँच लाख (४ लाख ७९ हजार ८४३) आवेदन परेका छन्। सार्वजनिक सेवाको कुनै विज्ञापनमा परेको आवेदनमा यो अहिलेसम्मकै उच्च संख्या हो। एउटै उम्मेदवारले विभिन्न तह र फरक फरक जिल्लामा समेत आवेदन फर्म भरेको हुँदा उम्मेदवारको यकिन संख्या अनुमान गर्न भने सहज छैन।

आयोगका अनुसार, प्राथमिक तहमा सबैभन्दा बढी २ लाख ५२ हजार २५१ आवेदन परेका छन्। यस्तै, निम्नमाध्यमिक तहमा १ लाख ६६ हजार ५५८ र माध्यमिक तहमा ६१ हजार ३४ आवेदन परेको जानकारी आयोगले दिएको छ। आयोगका उपसचिव नारायणप्रसाद भट्टराईले भने, "हामीले जिल्ला शिक्षा कार्यालयहरूमा टेलिफोनमार्फत यो आँकडा टिपेका हौं। आवेदकको नामनामेसीसहितको विस्तृत विवरण आउन बाँकी नै छ।"

आयोगले ११ वैशाख २०६३ यता रिक्त हुन पुगेका दरबन्दीमा स्थायी पदपूर्ति गर्ने गरी गत २० पुसमा विज्ञापन आह्वान गरेको थियो। प्रारम्भिक सूचनामा १२ हजार ८९० पदको निम्ति आवेदन मागिएकोमा संशोधनपछि यो संख्या १३ हजार ५९ पुगेको छ। त्यस अनुसार प्राथमिकमा ७ हजार ९८०, निम्नमाध्यमिकमा २ हजार ७९३ र माध्यमिक तहमा २ हजार २८६ रिक्त स्थायी पद रहेका छन्।

आयोगले आउँदो जेठ ९, १० र ११ गते यसको परीक्षा सञ्चालन गर्दैछ। आयोगका अध्यक्ष उदयराज सोतीको भनाइमा परीक्षा लोक सेवा आयोगकै स्तरको हुनेछ। आयोगले विषयविज्ञमार्फत प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका छपाइको प्रक्रिया पनि शुरू गरिसकेको छ। अध्यक्ष सोतीका अनुसार विज्ञहरूलाई 'परीक्षार्थीले घोकेको र गाइडका हुबहु सार्न सक्ने खालका नभई सिर्जनशील र मौलिक उत्तर आउने प्रश्नपत्र बनाउन' भनिएको छ।

जिल्लागत आवेदनको संख्या विश्लेषणका आधारमा जिशिकासँग समन्वय गरेर परीक्षा केन्द्र निर्धारण गरिने आयोगले जनाएको छ। आवश्यक परेमा जिल्ला सदरमुकाम बाहिर पनि परीक्षा केन्द्र तोकिने बताइएको छ। परीक्षामा निरीक्षकबाटै चिटिङ हुनसक्ने आशंकामा सकभर शिक्षाशास्त्र पढेका व्यक्तिलाई निरीक्षक नतोक्ने आयोगको प्रारम्भिक तयारी छ। परीक्षा सञ्चालनदेखि नतिजा प्रकाशनसम्ममा करीब रु.२० करोड आवश्यक पर्ने अनुमान आयोगले गरेको छ। 📖

## 'विशेष एमएड' जेठदेखि

**त्रिभुवन** विश्वविद्यालयले २०७० जेठदेखि विशेष पाठ्यक्रम अन्तर्गत एमएड कक्षा शुरू गर्ने तयारी गरेको छ। बीएड उत्तीर्ण गरी माध्यमिक तहमा अध्यापनरत शिक्षकलाई योग्यता बढाउने अवसर प्रदान गर्न यो कोर्स सञ्चालन गर्न लागिएको हो।

विद्यालय क्षेत्र सुधार योजनामा माध्यमिक तह (कक्षा ९-१२) का शिक्षकको योग्यता एमएड निर्धारण गरिएको छ। यस अनुरुपको योग्यता नपुगेका शिक्षकका निम्ति विशेष कक्षा सञ्चालन गर्ने सम्बन्धमा शैक्षिक जनशक्ति विकास केन्द्र र त्रिवि, शिक्षाशास्त्र संकायबीच २०६५ सालमै सम्झौता भएको थियो।

त्रिवि, शिक्षाशास्त्र संकायका सहायक डीन प्रा. कुलनरसिंह श्रेष्ठका अनुसार, पहिलो चरणमा नेपाली र स्वास्थ्य विषयको अध्यापन शुरू गरिनेछ। १२६ क्रेडिट आवरको यो कोर्स ६ सेमेष्टर अर्थात् तीन वर्षमा पूरा हुनेछ। दुवै विषयको पहिलो र दोस्रो सेमेष्टरको पाठ्यक्रम र स्वाध्यायन सामग्री तयार भइसकेको छ।

विशेष कोर्सको पाठ्य संचरना र पठनपाठन प्रक्रिया नियमित एमएडभन्दा फरक किसिमको हुने बताइएको छ। यसमा 'फेस टु फेस' कक्षाको अंश कम हुनेछ। शिक्षकहरूले बढी जसो दुर शिक्षा र स्वाध्यायन सामग्रीको प्रयोगबाट पढ्नुपर्नेछ। सहायक डीन श्रेष्ठले भने, "विद्यार्थीलाई स्वाध्यायनको सामग्री उपलब्ध गराइनेछ। उनीहरूले आफ्ना शिक्षकसँग इमेल वा अन्य माध्यमबाट सम्पर्कमा रहेर अध्ययन क्रियाकलाप गर्नुपर्ने हुन्छ।"


पहिलो वर्ष पाँच विकास क्षेत्रका एक-एक वटा क्याम्पसमा यो कार्यक्रम शुरू गर्न लागिएको छ। एउटा विषयमा बढीमा १०० विद्यार्थीले मात्रै भर्ना पाउनेछन्। शैक्षिक जनशक्ति विकास केन्द्रका उपनिर्देशक दीपक शर्माका अनुसार माध्यमिक तहका स्थायी शिक्षकहरू यो कोर्सको मुख्य प्राथमिकतामा पर्नेछन्। शर्माले भने, "मुख्य 'टार्गेट' स्थायी शिक्षक नै हुनेछन्। शिक्षा मन्त्रालय, विभाग र जिशिकासँग समन्वय गरेर शिक्षकहरूको छनोट गरिनेछ।" 📖

अवधारणा



डा. बालचन्द्र लुइँटेल

# नागरिक गणित




**शुद्ध गणितका पक्षधरहरू तर्कलाई गणितको आधार ठान्छन्। बच्चासित तर्क गर्ने क्षमता हुँदैन। त्यसैले बच्चालाई तर्क गर्ने क्षमता विकास गरिदिने काम शिक्षकको हो भन्ने उनीहरूको मान्यता छ। तर नागरिक गणितका पक्षपोषकहरू जीवनको आरम्भ क्रियाकलापबाट हुन्छ भन्ने विश्वास गर्छन्। तर्क त जीवनमा भोगेका, देखेका र अनुभव गरेका कुराको आधारमा विकास हुँदै जाने कुरा हो।**

हाम्रो शिक्षाको एउटा मूलभूत उद्देश्य हो, 'सक्रिय नागरिक' (Active Citizen) तयार पार्नु। सक्रिय नागरिकको मूल मर्म हो, एउटा त्यस्तो जिम्मेवार नागरिक जो आफ्नो ज्ञान, उर्जा र विवेक प्रयोग गरेर सधैं क्रियाशील हुन्छ। कहिल्यै थाक्दैन। आफ्नो र समाजको हित हुने केही न केही अर्थपूर्ण कार्यमा संलग्न भइरहन्छ। समीक्षात्मक तवरले सोच्छ, आफ्नो चासो र आम सरोकारका कुरा सार्वजनिक रुपमा अभिव्यक्त गर्छ। सार्वजनिक हित प्रतिकुल हुने गरी व्यक्ति विशेष वा सँस्था विशेषले चालेका कदमहरूको विरोध गर्छ, आवश्यक पर्दा संगठित रुपमा (अहिंसात्मक तवरले) अघि बढ्न पनि पछि पर्दैन। लोकतन्त्रका सर्वस्वीकृत मान्यताहरूलाई आफ्नो व्यवहारमा अनुप्राणित गर्न सतत प्रयत्नशील रहन्छ। यस किसिमको 'सक्रिय नागरिक' तयार हुन अरु कुराहरूका अतिरिक्त उचित गणितीय क्षमता र सीपको आवश्यकता पर्दछ। त्यस्तो गणितलाई नै मैले नागरिक गणित (Citizen Math) को संज्ञा दिन खोजेको छु। नागरिकको निम्ति जीवनोपयोगी गणित नै नागरिक गणित अवधारणाको सारतत्व हो।

गणितीय विधामा दैनिक जीवनमा प्रयोग हुने साधारण जोडघटाउदेखि अमूर्त र कठिन प्रतीत हुने लि-अल्जेब्रा (Lie Algebra) जस्ता सैकडौं अवधारणा समाविष्ट छन्। यीमध्ये नागरिकको साधारण जीवनयापनका निम्ति उपयोगी अवधारणा मात्र आधारभूत स्कुले पाठ्यक्रममा समाविष्ट गर्नु उचित हुनछ। स्कूलमा सिकाइने गणित प्राज्ञिक आवश्यकता (Academic Demand) भन्दा नागरिकका आवश्यकताबाट निर्देशित हुनुपर्दछ। गणितका जटील र बाँकी अवधारणा कक्षा नौभन्दा माथिको ऐच्छिक गणित र उच्च शिक्षामा शिक्षण गरिनुपर्दछ। साधारण मानिसलाई जीवनमा कहिल्यै उपयोग नहुने गणितका जटिल अवधारणा स्कूल तहमा सिकाउनुको कुनै अर्थ र प्रयोजन छैन।

प्रसिद्ध अमेरिकी शिक्षा चिन्तक जोन डिवेको कथन छ- 'शिक्षाले भविष्यको जीवन निमार्ण गर्ने मात्र होइन, यो आफैंमा जीवन हो।' त्यसैले वर्तमानको आवश्यकलाई सम्बोधन गरिसकेपछि मात्र भविष्यको आवश्यकतातिर ध्यान दिइनुपर्दछ। पछिल्ला दार्शनिकहरूले शिक्षा व्यक्ति र समाजकोनिम्ति सान्दर्भिक हुनुपर्दछ भन्ने कुरामा अझ बढी जोड दिएका छन्। शिक्षा वर्तमान र भविष्यको आवश्यकता पुरा गर्ने खालको हुनुपर्दछ। तर हाम्रो विद्यालय स्तरको गणित शिक्षा वर्तमानको आवश्यकतातिर होइन, भविष्यमा पनि आवश्यक नपर्ने कुराहरूमा बढी केन्द्रित छ। स्कुलमा विद्यार्थीले गणितको कक्षा हुँदा सोध्ने पनि गर्छन्, 'यो पाठ हाम्रोलागि कसरी उपयोगी छ त?' यसमा शिक्षकको बनिबनाउ उत्तर हुनेगर्छ, 'भविष्यमा; जब तिमीहरू ठूलो हुन्छौ।' कालान्तरमा त्यो विद्यार्थी नै शिक्षक भएर कक्षामा पढाउन जाँदा, उसलाई पनि विद्यार्थीले उही प्रश्न दोहोर्‍याउँछन्। उसको पनि बनिबनाउ उत्तर हुन्छ, 'भविष्यमा'। यसैगरी पुस्तापछि पुस्ताहरू बितिरहेका छन्। तर त्यो 'भविष्य' कहिल्यै आइरहेको छैन।

त्यसो त हाम्रा गणितशास्त्रीहरूले प्रश्न उठाउन सक्छन्, 'शुद्ध गणित (pure mathematics) नपढाउने हो या गणितको गहिरो ज्ञान नदिने हो भने यो विषयलाई स्कुल तहमा किन राख्ने त? परियोजना कार्य, क्रियाकलाप र दैनिक जीवनका समस्या समाधानमा

मात्र लगाएर गणितको शिक्षा कसरी पूरा होला ? यस सवालमा मेरो दृष्टिकोण यस्तो हुने गर्छ, 'गणित मानिसको आवश्यकताबाट जन्मन पुगेको विषय हो। गणितको स्रोत समाज, सँस्कृति, आकांक्षा र आवश्यकता नै हो। ग्रीक, इजिप्ट, भारत, चीन, जापान जहाँको सभ्यता हेरे पनि गणित ती सभ्यताको महत्वपूर्ण अङ्ग थियो। घर बनाउन काठको लम्बाइ चौडाइ थाहा पाउन सबैलाई आवश्यक भयो। ओहोरदोहोर गर्न बाटोको दुरी आवश्यक भयो। जग्गा जमीन कति छ भनेर थाहा पाउन आवश्यक भयो। सरसामानको वजन थाहा पाउनु आवश्यक भयो। यी र यस्तै आवश्यकताबाट गणितका विभिन्न अवधारणाको क्रमश विकास हुँदै आएर हामी आजको अवस्थामा आइपुगेका हौं।'

एउटा प्राकृतिक व्यक्ति समर्थ नागरिक बन्न ऊ साक्षार हुनै पर्दछ। साक्षारता अन्तरगत गणित पनि पर्दछ। अर्थात गणितमा पनि ऊ साक्षार हुनुपर्दछ। उसले आफ्नो सन्दर्भमा गणितलाई कसरी प्रयोग गर्ने भन्ने पनि बुझ्न सक्नुपर्छ। उदाहरणको लागि सामान किन्न जाँदा उसले सर्वाधिक उचित (optimised) मूल्यमा सामान कसरी पाउँछु भन्ने बुझोस्। मानिसले सामान बेच्दा अधिकतम् नाफा (maximum) लिन खोज्दछ। तर सामान किन्दा कमसेकम कम (minimum) दाममा किन्न खोज्छ। यी र यस्ता जीवनसित जोडिएका कुराहरू स्कुलमा राम्रोसित सिकाउन सकियो भने यसले उनीहरूलाई राम्रो जीवनयापन गर्ने सन्दर्भमा सही समझदारीको विकास गर्न मद्दत गर्दछ। नागरिक गणितको एउटा महत्वपूर्ण पाटो यही हो।

सिकाइ जहिले पनि सन्दर्भ (context) मा आधारित हुन्छ। सामाजिक, आर्थिक, साँस्कृतिक सन्दर्भ अनुसारको सिकाइ हुन्छ। अझ पर जाने हो भने त्यही समाजको हरेक सदस्यको व्यक्तिगत सन्दर्भ पनि विशिष्ट र मौलिक हुन्छ। सिकाइ त्यो सन्दर्भसित पनि सम्बन्धित हुन्छ। एउटा असल शिक्षकले यी सन्दर्भहरूलाई सिकाइ प्रकृयाको अभिन्न पाटोको रुपमा स्वीकार गरी सिकाइ उद्देश्य हासिल गर्नका लागि उचित प्रकृया र कृयाकलापको विकास गर्नुपर्दछ।

शिक्षकले विद्यार्थीलाई जीवन र समाजसित जोडिएका विभिन्न गणितीय कार्य; या नियमित सिकाइ क्रियाकलापमा संलग्न गराउँदा उनीहरूले अवधारणागत कुरा र यसको उपयोगिता दुवै राम्रोसित बुझ्दछन्। हाइस्कुल तहका विद्यार्थीलाई आफ्नो गाविसमा रहेका आम्दानीका स्रोतहरू पहिचान गरेर हिसाब किताब गर्न लगाउन सकिन्छ। गाउँमा भूमि, जंगल, जडिबुटी, खोलानाला, ढुंगा, लगायतका प्राकृतिक स्रोत र साधनहरू कति छन्, त्यसबाट मासिक/वार्षिक रुपमा कति आर्जन हुन्छ भनेर खोज्न र विश्लेषण गर्न लगाउन सकिन्छ। त्यस्तै, धान मकै, गहुँको उत्पादन देखि बोडी, सिमी, तोरी जस्ता नगदेवाली गाविस भरी कति हुन्छ र त्यसबाट कति आम्दानी हुन्छ भनेर पनि हिसाव गर्न लगाउन सकिन्छ। गाइभैंसी कति छन्? रोजगार/बेरोजगार कति छन्? एउटा घरको आम्दानी कति हुन्छ? गाविस भरको औषत आम्दानी कति हुन्छ? भन्ने हिसाब निकाल्न लगाउन सकिन्छ। स्रोत साधनको वितरण समान छ कि छैन? गाउँमा महिनाको रु.५,००० भन्दा बढी कमाउनेको संख्या कति रहेछ? हामी असमानता (inequality) भन्ने धारणालाई यसरी पढाउन सक्दैनौं र? यति काम गर्दा उनीहरूले आफ्नो गाउँलाई पनि राम्रोसित बुझ्न पाउँछन्। साथै, उनीहरूले समीकरणको धारणा र यसले गर्न सक्ने प्रक्षेपणका (forecasting) बारेमा जानकारी राख्छन्। भोलि स्कुलको पढाइ सकेपछि गाउँमै बसेर पैसा कमाउने उपयुक्त क्षेत्र र तरीका पनि उनीहरूले पहिल्याउन सक्छन्। गाउँ टोल विकासका नयाँ नयाँ 'आइडिया' पनि पहिचान गर्न सक्छन्। यी कामहरू गर्दा उनीहरूले अंकगणित, बीजगणित र ज्यामितीका धेरै सूत्र र धारणाहरूको प्रयोग गर्नुपर्ने हुन्छ। यसो गर्दा त्यसको अवधारणा र व्यवहारिक प्रयोग दुवैको ज्ञान तथा सीप उनीहरूले हासिल गर्दछन्।

गणित शिक्षणको एउटा महत्वपूर्ण लक्ष्य- विद्यार्थीलाई तर्क गर्न सक्षम बनाउनु हो। सूत्र घोक्न मात्र लगाउँदा विद्यार्थीमा तार्किक क्षमताको विकास हुन सक्दैन। तर माथि उल्लेख गरिएका वा यस्तै अरु कृयाकलाप गराइयो भने विद्यार्थीमा तार्किक क्षमताको राम्रो विकास हुन्छ। तथ्य र तर्कको सम्बन्ध के रहेछ भन्नेबारे ज्ञान हुन्छ। तर्कको समुचित विकासको लागि आवश्यक बोधमा ध्यान जान्छ।

गणितमा 'मोडेलिङ' एउटा विधा हो। नेपालका केही विश्वविद्यालयको मास्टर्स र पीएचडी तहमा मात्र यसको पढाइ हुन्छ। 'मोडेलिङ' गर्नु भनेको तथ्य र तथ्यांकको आधारमा मान्य हुने कुनै समीकरण, सूत्र वा सम्बन्धको निर्माण गर्नु हो। गणितको प्रयोग हुने सबै विधामा 'मोडेलिङ'को महत्त्व छ। त्यसैले यो उच्च शिक्षामा मात्र पढाइ हुने विषय होइन। विद्यालय तहको गणितलाई पनि 'मोडेलिङ'को दृष्टिकोणबाट 'रिडिजाइन' गर्न सक्नुपर्छ। उदाहरणको लागि बीजगणितमा सम्बन्ध को कुरा पढाइ हुन्छ। यसलाई 'मोडेलिङ'को अवधारणाबाट पनि पढाउन सकिन्छ। शिक्षकले आलु फलाउँदा लागेको खर्च र उत्पादनपछिको आम्दानीको तथ्यांकबाट 'फङ्सन' र 'रिलेसन' (function and relation) सिकाइ क्रियाकललाप सुरु गरे भने त्यसले विद्यार्थीमा बढी चाख पैदा गर्छ। व्यावहारिक उदाहरणको प्रयोगबाट सम्बन्धहरू (तापक्रम र वर्षा, आम्दानी र खर्च, साक्षरता र उत्पादन) र त्यसमा आउने बदलावबारे (Variation) सही र व्यावहारिक ज्ञान पनि हासिल हुन्छ। त्यस्तै यसबाट विद्यार्थीले तथ्यांकको अवधारणा र यसको प्रशोधनका तरीकाहरू थाहा पाउँछन्। ज्यामितीय अवधारणाहरू प्रयोग गरेर विद्यार्थीले गाविसको नक्शा बनाउन सक्छन्। नेपालको नक्शा र साधन स्रोत बारेको तथ्यांक दिइयो भने उनीहरूले नक्सालाई स्रोतको आधारमा अर्थपूर्ण तरीकाले प्रस्तुत गर्न सक्छन्।

हामीले आजसम्म 'एक्ज्याक्ट' अर्थात शुद्ध गणित सिकायौं। संसारमा सबैथोक 'एक्ज्याक्ट' छन् भन्ने धारणा दियौं। तर यथार्थ त्यस्तो होइन। संसारमा यस्ता सैकडौं समस्या छन्, जो 'एक्ज्याक्ट्ली' समाधान गर्न सकिँदैन र तिनको समाधानमा अनुमान (estimation) लाई मुख्य आधार बनाउनुपर्ने हुन्छ। उदाहरणको लागि यस ठाउँ बाट तपाईको घर कति टाढा पर्छ भनेर कसैले सोध्यो भने तपाइँले अन्दाज गरेर भन्नुहुन्छ, ८ या १० कोश जति टाढा होला कि ! पहिले पहिलेको तुलनामा नयाँ पुस्तामा यसरी अनुमान गर्ने क्षमता कम हुँदै गएको छ। किनभने नयाँ पुस्ताले अनुमान गर्ने अभ्यास गरेको छैन। स्कुलले पनि त्यो कुरा सिकाएन। जब कि यो एकदमै आवश्यक कुरा हो। यसलाई अँग्रेजीमा 'एप्रोक्सिमेट म्याथ' भनिन्छ। मैले चाहिं यसलाई अशुद्ध गणित भन्ने गरेको छु। सुत्र घोकाउनुको सट्टा; कसरी अनुमान गर्दा हामी धेरै हदसम्म ठीक हुन्छौं भन्ने कुरालाई सिकाइको केन्द्रमा राख्नुपर्थ्यो। किनभने हामीलाई अशुद्ध (impure) अर्थात् अनुमानित गणित पनि चाहिएको छ। अशुद्ध त्यो हो, जो मान्छेका दैनिक क्रियाकलापमा प्रयोग हुन्छ। आमाले कुन अनुपातमा नुन र मसला मिलाएर तरकारी पकाउँदिरैछिन् भन्ने चासो राख्ने अशुद्ध गणित हो।

हामीले शुद्ध गणितलाई श्रीखण्ड बनायौं। 'किन यसो भो' भनेर सोध्न पनि नमिल्ने। भगवानभन्दा माथि। अधिकांश शिक्षक, प्राध्यापक

र शिक्षाशास्त्रीसँग यो सुत्रबाट आएको भन्ने बाहेक उत्तर नभएपछि विद्यार्थीले के गर्ने ? विद्यालय तहमा भएको गणितको अतिदैविकरण (divination) लाई चुनौति दिन अशुद्ध गणितको अवधारणा ल्याइएको हो। अशुद्ध गणितको अवधारणाले अन्तर्राष्ट्रिय रुपमा चलेको 'विद्यालय गणितको आधार क्याल्कुलस कि डिस्कृट-तथ्यांकीय गणित (Calculus versus Discrete Mathematics)' भन्ने विवादमा दोस्रो पक्ष लिन्छ। डिस्कृट-तथ्यांकीय गणितले दैनिक जीवनका समस्यालाई तत्काल समाधान गर्ने कुरामा जोड दिन्छ। जबकि क्याल्कुलसलाई प्रधान ठान्नेहरूले गणितको शुद्धतामा जोड दिन्छन्। त्यसैले हामीले अब सूत्रहरू प्रयोग गरेर कपीमा उत्तर निकाल्ने गणित भन्दा व्यावहारिक जीवनसित जोडिएका कुराहरूमा अनुमान गर्नुपर्ने गणिततिर बढी ध्यान दिनु आवश्यक छ।

ज्यामितीमा पनि आजसम्म हामीले त्रिभुज, चतुर्भुज लगायत 'एक्ज्याक्ट' कुरा मात्र गऱ्यौं। तर स्कुलको छेवैमा भएको सुकेको बाँगो मुडो कति क्युविक छ भनेर हिसाब निकाल्न कहिल्यै सिकाएनौं। आजका केटाकेटी त्यस्तो मुढोको मात्र हिसाव निकाल्न सक्छन्, जुन चारपाटे छ अथवा मिलेको सोझो काठ छ। हामीले त्यति मात्र सिकायौं; अरु सिकाएनौं। त्यसैले हाम्रा केटाकेटी बाँगो काठ नाप्न जाँन्दैनन्। व्यावहारिक जीवनमा यस्ता कैयन कुराहरू आईपर्छन्, जो नियमित (रेगुलर) छैनन्। अत: स्कुलले त्यस्ता सबै कुरा सित सामना गर्ने सोच, कला र सीप विद्यार्थीहरूलाई सिकाइदिनुपर्छ, जसले व्यवहारिक जीवनमा आइपरेका तर अपरिभाषित वा अनियमित गणीतीय समस्याहरू हल गर्न सकुन्।

शुद्ध गणितका पक्षधरहरू तर्कलाई गणितको आधार ठान्छन्। बच्चासित तर्क गर्ने क्षमता हुँदैन। त्यसैले बच्चालाई तर्क गर्ने क्षमता विकास गरिदिने काम शिक्षकको हो भन्ने उनीहरूको मान्यता छ। तर नागरिक गणितका पक्षपोषकहरू जीवनको आरम्भ क्रियाकलापबाट हुन्छ भन्ने विश्वास गर्छन्। तर्क त जीवनमा भोगेका, देखेका र अनुभव गरेका कुराको आधारमा विकास हुँदै जाने कुरा हो। प्रकृति र समाजसितको अन्तरक्रिया गर्दै हुर्कदै जाँदा बच्चामा तार्किक क्षमताको विकास हुँदै जान्छ। हाम्रो काम उनीहरूमा तर्कको विकास हुने वातावरण निर्माण गरिदिनुसम्म हो।

हाम्रो स्कुले पाठ्यक्रममा ९० प्रतिशत सैद्धान्तिक गणित छ, केवल १० प्रतिशत जति मात्र मैले चर्चा गरेजस्तो व्यवहारिक गणित छ। एसएलसीमा करीव ९५ प्रतिशत प्रश्न सैद्धान्तिक आउँछन्, करीव ५ प्रतिशत मात्र व्यवहारिक जीवनसित सम्बन्धित हुन्छन्। नागरिक गणितको अवधारणाले यसको ठीक उल्टो परिस्थितिको माग गर्दछ। ९० प्रतिशत पढाइ दैनिक जीवनसित सम्बन्धित हुनुपर्दछ भने १० प्रतिशत मात्र कोरा सैद्धान्तिक हुनुपर्दछ। जाँचमा प्रश्न पनि ९० प्रतिशत व्यवहारिक र १० प्रतिशत मात्र सैद्धान्तिक सोधिनुपर्दछ।

## सुधारको सुरुवात

सर्वप्रथम, विद्यालयस्तरको विद्यमान पाठ्यक्रमलाई दुइ भागमा बाँडिनुपर्छ। कक्षा ८ सम्मको पाठ्यक्रमलाई माथि चर्चा गरिएको नागरिक गणितको आँखाबाट 'रिभाइज' गरिनुपर्छ। आधारभूत तहमा ठूला ठूला सिद्धान्त सिकाउने कार्य गर्नु आवश्यक छैन। बरु ब्यावहारिक जीवनका उदाहरण र क्रियाकलापको आधिकाधिक प्रयोग मार्फत अवधारणाको ज्ञान दिनु सबभन्दा प्रभावकारी हुन्छ। यसर्थ, कक्षा ८ सम्मका पाठ्यपुस्तक नागरिक गणितको दृष्टिकोणबाट पुनरलेखन गर्नु आवश्यक छ। नेपालका गाउँ र शहरका बालबालिकाले के कस्तो सन्दर्भ र परिवेशसित अन्तरक्रिया गरिरहेका छन् भन्ने कुरा मसिनोसित अनुसन्धान गरेर पत्ता लगाई तदनुरुपका गणितीय कृयाकलाप निमार्ण गरिनु पर्छ। अबको पाठ्यक्रम र पाठ्यपुस्तक 'कन्टेन्ट ड्रिभन' होइन, 'एक्टिभिटी ड्रिभन' हुनुपर्छ। ९-१२ मा चाहिँ दुइ खालको पाठ्यक्रम हुनु पर्दछ। एउटा नागरिक गणितको निरन्तरता र अर्को, ऐच्छिक गणित। भविष्यमा इन्जिनियर हुन्छु वा गणितीय विधामा गहिरो ज्ञान हासिल गर्छु भन्ने विद्यार्थीको निम्ति ऐच्छिक गणित पढाउने प्रवन्ध हुनुपर्दछ। अहिलेको गणित सबैलाई गणिशास्त्री बनाउने खालको छ, साधारण नागरिकको निम्ति उपयोगी छैन। परिणामत: यसले गणितमा कम जानकार नागरिक उत्पादन गरेको छ। कसैले नबुझ्ने गणित पढाएपछि यसप्रतिको चासो उसै पनि घट्ने नै भयो। विद्यालय शिक्षाको मूलभूत दायित्व राम्रो र सफल नागरिक उत्पादन गर्ने हो; विशेषज्ञ उत्पादन गर्ने होइन। विशेषज्ञ उत्पादन गर्ने काम विश्वविद्यालयको हो।


आज हामीले गणितको पाठ्क्रम विदेशतिरका नराम्रा कुराको नक्कल गरेर बनाइरहेका छौं। हामीले दक्षिण कोरियाले विद्यालय गणितलाई कथाको माध्यमबाट पढाउन अनिवार्य गरेको कुरा सिकेनौं। विद्यालय शिक्षामा लिखित परीक्षा नै नलिने अनि अन्तर्राष्ट्रिय गणितीय टेस्ट (TIMSS) मा एक नम्बरमा हुने फिनल्याण्डको कुरा बुझेनौं। बृटिश-इण्डियाबाट सिकेको औपनिवेशिक शिक्षालाई हामी आफ्नो ठान्ने परम्पराबाट माथि उठ्न सकेनौं, जबकि भारत र बेलायत दुबैले आफ्नो स्कूले शिक्षामा धेरै सुधार गरिसके। अवश्य पनि विदेशको राम्रो कुराबाट सिक्नु नै पर्दछ। तर हामीले हाम्रो आफ्नै परिवेश, सन्दर्भ र आवश्यकतालाई केन्द्रविन्दुमा राखेर नै पाठ्यक्रम निमार्ण गर्नु जरुरी छ। हामी विदेशको दस्तावेज हेर्छौ, व्यवहार हेर्दैनौं। उनीहरूले पाठ्यक्रममा के राखे त्यसमा मात्र दृष्टि दिन्छौ, कसरी सिकाउँछन् त्यतातिर ध्यान दिँदैनौं। विदेशबाट सिक्ने हो भने विषयवस्तु भन्दा बढी सिकाउने तरीका सिक्न आवश्यक छ हामीले।

हामीले आफ्नो सोच्ने तरीकामा थोरै परिवर्तन ल्याउनु आवश्यक छ। हामी अहिले 'गणितमा के हुनु पर्दछ' भनेर सोचिरहेका छौ। त्यसैको परिणाम हो, जीवनसित कतै नजोडिने आजको गणित। यदि हामीले 'स्कुले शिक्षामा के हुनुपर्दछ' भनेर सोच्यौं भने त्यस भित्रको एउटा 'डिसिप्लिन'को रुपमा मात्र हामी गणितलाई पाउँछौं। स्कुले शिक्षाले असल र सफल मानिस बन्न सिकाउने मुख्य जिम्मेवारी हो भन्ने कुरा स्वीकार गर्ने बित्तिक्कै हामी नागरिकको आवश्यकताको आँखाबाट गणितलाई हेर्न थाल्ने छौं। तदनुरुप यसको पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ क्रियाकलाप तय गर्दछौं।

अर्को महत्त्वपूर्ण कुरा, हामीले पाठ्यक्रमलाई एकीकृत गरेर पस्कनुपर्छ, अँग्रेजी, गणित, विज्ञान भनेर विषयगत बनाएर होइन। आजसम्म हामीले विषय पस्कियौं, विद्यार्थीले पनि त्यसैगरी बुझे। यो त्यति प्रभावकारी भएन। अझ उल्टै यसले बच्चामा अन्यौल बढाउने काम गरेको छ। परिणामस्वरुप, सानो बच्चाले केरालाइ अँग्रेजीमा 'बनाना' भन्दोरहेछ, म्याथमा के भन्छ भनेर सोध्ने गरेको भेटिन्छ। यदि एकीकृत तरीकाले अर्थात् घर, स्कुल, छिमेकी, आदि ' थिम' समातेर त्यसमा सबै विषयका क्रियाकलाप राखेको भए बच्चाले त्यस्तो अन्यौलको सामना नै गर्नुपर्ने थिएन।

**(काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक लुइँटेल गणितमा महाविद्यावारिधि गर्दैछन्)**

प्रस्तुति: **सुदर्शन घिमिरे**


संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९

*२०६९/११/०४ को नेपाल सरकार मन्त्रीस्तरीय निर्णय बाट स्वीकृत*

**प्रस्तावना**

व्यक्ति, समूह, संघ/संस्थाहरूको लगानी र अभिभावकहरूको योगदानबाट सञ्चालित संस्थागत विद्यालयहरूले गुणात्मक शिक्षाको लागि पुऱ्याएको योगदानलाई अझ व्यवस्थित गरी संस्थागत विद्यालयहरू माथिको विश्वास र आशालाई अझ भरपर्दो बनाउन र गुणस्तरका माध्यमबाट सार्वजनिक शिक्षाको गुणात्मकता अभिबृद्धिका लागि यस्ता विद्यालयहरूलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न जरुरी भएकाले ति विद्यालयहरूको स्थापना देखि सञ्चालनका सम्पूर्ण विषयमा मापदण्ड निर्धारण गरी नियमन गर्न वाञ्छनीय भएकोले शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १९२ "ङ" को अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

परिच्छेद - १

संक्षिप्त नाम र प्रारम्भ

...गत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका- २०६९, रहेको ...पछी तुरुन्त लागू हुनेछ,

**निजी लगानीमा खोलिएका स्कूलको सञ्चालन र व्यवस्थापन सम्बन्धमा भइरहेको आम गुनासोलाई सम्बोधन गर्न शिक्षा मन्त्रालयले नयाँ निर्देशिका जारी गरेको छ। तर नयाँ निर्देशिकाको व्यहोरा हेर्दा यसको प्रभावकारी कार्यान्वयन साँच्चै नै चुनौतीपूर्ण देखिन्छ।**

## निजी स्कूल सञ्चालन निर्देशिका

# कार्यान्वयन होला ?

■ **प्रमोद आयाम**

निजी तथा आवासीय स्कूलका सञ्चालकहरूको संगठन प्याब्सन र एन-प्याब्सनले उठाउँदै आएको एउटा साझा माग थियो- निजी स्कूलको सञ्चालन र व्यवस्थापन सम्बन्धी छुट्टै ऐन/नियमको व्यवस्था। तिनले भने जस्तो अलग कानून नै नभए पनि सरकारले 'संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९' जारी गरेको छ।

निजी स्कूललाई लक्ष्य गरेर ल्याइएको यो पहिलो स्वतन्त्र सरकारी दस्तावेज हो। यसअघि शिक्षा ऐन र नियमावलीका सीमित दफा/नियमका आधारमा निजी स्कूलको सञ्चालन र नियमन हुँदै आएको थियो। 'निजी स्कूललाई निश्चित मापदण्डका आधारमा सञ्चालन र नियमन गर्ने उद्देश्यले यो निर्देशिका ल्याइएको' यसको प्रस्तावनामा उल्लेख छ। निजी स्कूलका सञ्चालकहरूले निर्देशिकाप्रति 'आलोचनात्मक समर्थन' रहेको प्रतिक्रिया दिएका छन्। प्याब्सन अध्यक्ष डा. बाबुराम पोखरेलले भने, "हामीले छुट्टै निर्देशिका पाएका छौं, त्यसैले यसमा हाम्रो स्वागत र समर्थन छ। तर, निर्देशिकामा उल्लिखित कतिपय प्रावधानको कार्यान्वयन चुनौतीपूर्ण छ, त्यसमा चाहिं हाम्रो आलोचना छ।"

### निर्देशिकामा के छ ?

जसले जहाँ मागे पनि अनुमति दिने विगतको परिपाटीका कारण शहरी क्षेत्रमा अनियन्त्रित रूपमा निजी स्कूलहरू खुलेको तथ्यलाई मनन गरी आइन्दा नक्सांकनका आधारमा मात्रै नयाँ स्कूलको अनुमति दिने प्रावधान निर्देशिकामा राखिएको छ। नयाँ स्कूलको अनुमति दिंदा र सार्दा महानगरपालिकाका प्रत्येक वडामा आधारभूतमा १५ र माध्यमिक तहमा १० वटाको सीमा तोकिएको छ। उपमहानगरमा यो अनुपात क्रमशः १० र ५ तथा नगरपालिकामा ७ र ३ छ। तर यो संख्या निर्धारण सतही लाग्छ। ठूला र साना सबै नगरपालिकालाई एउटै कोटिमा राख्नु पटक्कै व्यावहारिक हुँदैन। यसलाई पनि गाविसका जस्तै जनसंख्याका आधारमा निर्धारण गर्ने प्रावधान राखिएको भए स्वाभाविक देखिने थियो।

यो निर्देशिका अनुसार अब पाँच हजारभन्दा बढी जनसंख्या रहेको गाविसमा आधारभूतमा ७ र माध्यमिकमा ३ भन्दा बढी स्कूल खुल्ने छैनन्। पाँच हजार कम जनसंख्या हुने गाविसमा यो सीमा क्रमशः ५ र २ तोकिएको छ। तर, निर्देशिका जारी हुनुअघि खुलेका स्कूलहरू भने यथावत् रहनेछन्। तोकिएको मापदण्ड पूरा गर्न नसक्ने स्कूललाई एक अर्कोमा गाभ्ने नीति निर्देशिकाले लिएको छ। स्पष्ट आधार विना नै स्कूलको नाममा 'इन्टरनेशनल' जोड्ने प्रवृत्तिलाई पनि निर्देशिकाले रोक्न खोजेको छ। अब 'क' वर्गमा परेका वा अन्तर्राष्ट्रिय गुणस्तर (आईएसओ) प्राप्त गरी कम्तीमा एक प्रतिशत विदेशी विद्यार्थी भर्ना गर्ने विद्यालयले मात्रै 'इन्टरनेशनल' लेख्न पाउने छन्।

भाडाको भवन र जग्गामा सञ्चालन हुने स्कूलले घर-जग्गाधनीसँग कम्तीमा पाँच वर्षको सम्झौता गरेको र स्कूलको प्राङ्गणको आधार स्कूलका सबै विद्यार्थी एकैपटक उभिन सक्ने हुनुपर्ने कुरा पनि निर्देशिकामा उल्लेख गरिएको छ। तर, निजी स्कूलको भौतिक तथा शैक्षिक पूर्वाधारका सम्बन्धमा निर्देशिकामा राखिएका कतिपय कुराहरू शिक्षा नियमावलीको प्रावधानसँग बाझ्ने देखिन्छन्। नियमावलीले स्कूलको वर्गीकरण अनुसार

पूर्वाधारको मापदण्ड निश्चित गरेको छ भने निर्देशिकाले सबै स्कूलका निम्ति समान पूर्वाधारको परिकल्पना गरेको देखिन्छ। निर्देशिकामा माध्यमिक तहको कक्षाकोठाको आकार प्रति विद्यार्थी १.२ वर्ग मिटर हुनुपर्ने लेखिएको छ भने नियमावलीको अनुसूची-२१ मा यो आकार एक वर्ग मिटर मात्रै उल्लेख छ। त्यस्तै, पुस्तकालयको मापदण्ड पनि नियमसँग मेल खाँदैन। नियमावलीमा 'क' र 'ख' वर्गका स्कूलमा क्रमश: ५० र ३० विद्यार्थीलाई एकैपटक बस्न पुग्ने पुस्तकालय हुनुपर्ने लेखिएको छ। निर्देशिकाले भने सबै विद्यालयलाई एउटै 'बास्केट'मा राखेर यो संख्या ५० हुनुपर्ने शर्त राखेको छ। निर्देशिकाले माथिल्ला कक्षाका निम्ति रसायन, वनस्पति, जीव विज्ञान र अन्य विषयको छुट्टाछुट्टै प्रयोगशाला हुनुपर्ने मापदण्ड तोकेको छ। तर, स्कूलका सञ्चालकहरू यसलाई 'अनावश्यक' ठान्छन्। एन-प्याब्सनका महासचिव ऋतुराज सापकोटा भन्छन्, "कक्षा ११ र १२ देखि माथिको हकमा यो ठीकै होला। त्योभन्दा तल्लो कक्षामा यो आवश्यक छैन र त्यसरी अभ्यास गराउन समय पनि पुग्दैन।" निर्देशिकामा 'होस्टेलमा खुवाउने खानाको गुणस्तर कम्तीमा महीनाको एक पटक जाँच गराउनुपर्नेछ' भनिएको छ। तर यो वाक्यांशको आशय त्यस्तो जाँच स्कूल वा होस्टेल सञ्चालक आफैंले गर्ने हो वा तेस्रो पक्षले भन्ने स्पष्ट छैन।

**देशभरका निजी स्कूल**

| स्कूल (तहगत) | संख्या |
|---|---|
| प्राथमिक | १,६१६ |
| निम्नमाध्यमिक | ९८८ |
| माध्यमिक | २,६११ |
| **कुल** | **५,२१५** |

स्रोत: फ्लास-१ रिपोर्ट, २०६९

निजी स्कूलले शैक्षिक शत्र शुरू हुनुभन्दा एक महीनाअघि मात्रै विद्यार्थी भर्नाको सूचना सम्प्रेषण गर्न पाउनेछन् भने वार्षिक परीक्षा नसकिएसम्म विद्यार्थी छनोट र भर्ना गर्न पाइने छैन। निर्देशिकाले विज्ञापनमा हुने तडकभडकलाई पनि नियन्त्रण गर्न खोजेको देखिन्छ। स्कूल हाताबाहेक अन्यत्र होर्डिङ बोर्ड राख्न रोक लगाइएको छ। आधारभूत तहले तीन लाख र माध्यमिक तहका स्कूलले पाँच लाख रुपैयाँभन्दा बढी विज्ञापनमा खर्च गर्न पाउने छैनन्। त्यसमा पनि जिशिकाबाट विज्ञापनको विषयवस्तु र खर्चको पूर्व स्वीकृति लिनुपर्ने शर्त राखिएको छ। सर्वोच्च अदालतले १० जेठ २०६९ मा दिएको आदेशमा निजी स्कूलले तीन वर्षसम्म शुल्क बढाउन नपाउने उल्लेख भए पनि निर्देशिकामा यसलाई समेटिएको छैन।

'नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम र पाठ्यपुस्तक मात्रै प्रयोग गर्नुपर्ने' भनी शिक्षा नियमावलीमै भएको प्रावधान निर्देशिकामा पनि राखिएको छ। बढी मुनाफा कमाउन स्कूलको प्राङ्गणमा विद्यार्थीलाई जबर्जस्ती पाठ्यपुस्तक र अन्य स्टेशनरी बिक्री गर्ने निजी स्कूलको 'मनपरी'लाई निर्देशिकाले अंकुश लगाउन खोजेको छ। स्कूल आफैंले त्यसरी पाठ्यपुस्तक र स्टेशनरी खरीद/बिक्री गर्न नपाइने प्रावधान यसमा राखिएको छ। निर्देशिकामा विदेशी प्रकाशनका सन्दर्भ पुस्तकमा 'नेपाल संस्करण' लेखी नेपाली मूल्य नै तोक्नुपर्ने व्यवस्था राखिए पनि व्यवहारत: यो सम्भव हुने देखिदैन। निर्देशिकाले बालबालिकाले स्कूल आउँदा जाँदा बोक्ने झोलाको तौल पनि तोकिदिएको छ। कक्षा १-५, ६-८ र ९-१० मा पाठ्यसामग्री र खाजासहित झोलाको वजन क्रमश: ४, ६ र ८ केजीभन्दा बढी हुनुहुँदैन।

निर्देशिका अनुसार छात्रछात्राले अब 'चुज' अर्थात् मोता सानो भएको पाइन्ट लाउन पाउने छैनन्। आधारभूत तहमा मोताको नाप १२-१४ इन्च र माध्यमिक तहमा १६ इन्चभन्दा कम हुन नहुने निर्देशिकामा उल्लेख छ। छात्राको





**"सरकारी नीति, नियमको पालना गर्नुपर्छ भन्ने संस्कार अहिलेसम्म निजी स्कूलमा विकास भएको छैन। ऐन/नियमकै व्यवस्थालाई त अटेर गर्दै आएका छन् भने निर्देशिकालाई तिनले मान्लान् ?"**

**प्रा.डा. मनप्रसाद वाग्ले**
शिक्षाविद्



**"जिशिकाको कोषमा छात्रवृत्ति कोटा पठाउनुपर्ने, शिक्षक छनोटमा विनिलाई बोलाउनुपर्ने जस्ता व्यवस्था हामी मान्दैनौं। विगतमा पनि ऐन/नियमका कतिपय प्रावधान कार्यान्वयन नगरेकै हो।"**

**डा. बाबुराम पोखरेल**
अध्यक्ष, प्याब्सन




**"प्याब्सन र एनप्याब्सनकै माग र सहमतिमा यो निर्देशिका बनेको हो। त्यसैले यसका मापदण्ड पालना गर्दिनँ भन्न पाइँदैन। नगरे कारबाही गर्छौं।"**

**टेकनारायण पाण्डे**
निर्देशक, शिक्षा विभाग

स्कर्ट घुँडाभन्दा कम्तीमा दुई इन्च तलसम्म हुनुपर्नेछ। शिक्षा विभागका अधिकारीले यो मापदण्डलाई 'विद्यार्थीलाई अनुशासित र मर्यादित बनाउने प्रयास' भनेका छन्।

स्कूलमा भर्ना भएका कुल विद्यार्थीमध्ये १० प्रतिशतलाई छात्रवृत्ति दिनुपर्ने व्यवस्थालाई निर्देशिकाले केही व्यवस्थित गर्न खाजेको छ। छात्रवृत्ति कोटाको ६६ प्रतिशत स्कूल आफैंले वितरण गर्न पाउनेछ भने बाँकी ३४ प्रतिशत 'जिल्ला छात्रवृत्ति बैंक'मा जम्मा गर्नुपर्नेछ। यसको वितरण जिशिकाले गर्नेछ। एन-प्याब्सनका महासचिव ऋतुराज सापकोटाले यसलाई 'सकारात्मक' ठाने पनि प्याब्सन अध्यक्ष डा. बाबुराम पोखरेल भने यसको कार्यान्वयन गर्न नसकिने जिकिर गर्छन्।

निजी स्कूलमा शिक्षक नियुक्तिको प्रक्रियालाई व्यवस्थित गर्न विव्यसका एक जना पदाधिकारी अध्यक्ष रहने गरी विद्यालय

# सु-अवसर !

**शिक्षक सेवा आयोगको खुला प्रतिस्पर्धामा सहभागी हुन इच्छुक उम्मेदवारहरूका निम्ति *शिक्षक* मासिकका नयाँ-पुराना अंकभन्दा उपयोगी र सहयोगी पाठ्यसामग्री अरू के हुन सक्ला र ?!**

***शिक्षक* का २०६५, २०६६, २०६७ र २०६८ सालका अंकहरूको वार्षिक संग्रह (१२-१२ अंक) का केही प्रति मात्र बाँकी छन्। छिटो सम्पर्क राख्नु राम्रो होला !**

***शिक्षक* मासिक**
पूर्णचण्डी मार्ग, जावलाखेल, ललितपुर
फोन: ५५४८१४२, ५५४३२५२, ९८४१५५९९३२ (हरि)
इमेल: mail@teacher.org.np

**आयोगको पाठ्यक्रम अनुसारका सान्दर्भिक सामग्रीका लागि *शिक्षक* का नयाँ अंक हेर्न नभुल्नुहोला।**



**फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो। आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं। केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरूबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यम सहयोग गरौं।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

निरीक्षक, प्रअ र विषय विज्ञ सम्मिलित छनोट समिति गठन गर्नुपर्ने प्रावधान निर्देशिकामा राखिएको छ। तर, न सञ्चालकहरू छनोट समितिमा विनिलाई बोलाउने पक्षमा छन्, न त विनिहरू नै यो प्रावधानप्रति त्यति सन्तुष्ट देखिन्छन्। जिशिका काठमाडौंका उपसचिव गुरुप्रसाद मैनाली भन्छन्, "काठमाडौंमा एक जना विनिको भागमा ८० वटासम्म निजी स्कूल छन्। ती सबैमा शिक्षक छनोट गर्दै हिंड्न कसरी सम्भव हुन्छ?"

## कार्यान्वयनका चुनौती

यो निर्देशिकाको कार्यान्वयनको पाटो मूलतः दुई वटा कुरामा निर्भर रहने देखिन्छ। एउटा निजी स्कूलले यी प्रावधानको पालना गर्ने तत्परता र अर्को शिक्षाका नियामक निकायबाट हुनुपर्ने अनुगमन/निरीक्षण। किनभने विगतका अभ्यासलाई हेर्दा यी दुवै पक्षको कार्यान्वयन अत्यन्त कमजोर देखिन्छन्। अर्कोतर्फ निर्देशिकाले जिशिकालाई निरंकुश तुल्याउन खोजेको टिप्पणी स्कूलका सञ्चालकहरूले गरेका छन्। यो निर्देशिकाको कार्यान्वयनमा संलग्न हुनुपर्ने कतिपय सरकारी अधिकृतहरू नै यो नियन्त्रित खालको रहेको ठान्छन्। ललितपुरका एक जना विनि भन्छन्, "कतिपय व्यवस्था ऐन/नियममै पनि छन्। त्यसैलाई थप सहजीकरण गर्ने गरी निर्देशिका आउनुपर्थ्यो। तर, कक्षा-कोठा, डेस्क/बेञ्चको आकार, झोलाको तौल र ड्रेस कोडका मापदण्ड हेर्दा यो निर्देशिका बढी नियन्त्रणमुखी देखिन्छ।"

भर्ना भएका कुल विद्यार्थीमध्ये विपन्न, अपाङ्ग, दलित, जनजातिका निम्ति १० प्रतिशतलाई छात्रवृत्ति दिनुपर्ने प्रावधान ऐनमै उल्लेख भए पनि अधिकांश निजी स्कूलले यसको पालना गरेका छैनन्। प्रायः स्कूलमा तीन विद्यार्थी बराबर एकलाई निःशुल्क र शिक्षक/कर्मचारीका सन्तानको शुल्क नलिने अभ्यास भेटिन्छ। त्यसलाई पनि विपन्न वर्गकै कोटाको छात्रवृत्तिमा मिलान गरिएको पाइन्छ। नियमावलीमा निजी स्कूलका शिक्षकलाई सरकारी स्केल सरहको तलब र अन्य सुविधा दिनुपर्ने उल्लेख भए पनि स्कूलले यसको पालना गरेका छैनन्।

शुल्क निर्धारण, तथ्यांक भर्ने, लेखापरीक्षण, शिक्षक अभिभावक संघको गठनलगायतका सवालमा निजी स्कूलले पहिल्यैदेखि नै सरकारी मापदण्डलाई लत्याउँदै आएका छन्। स्कूलका सञ्चालकमा यस्तो सोचाइ र प्रवृत्ति हुँदासम्म तोकिएको मापदण्ड कार्यान्वयन हुनै नसक्ने ठान्छन्, शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्ले। उनी भन्छन्, "सरकारी नीति, नियमको पालना गर्नुपर्छ भन्ने संस्कार अहिलेसम्म निजी स्कूलमा विकास भएको छैन। ऐन/नियमकै व्यवस्थालाई त अटेर गर्दै आएका छन् भने निर्देशिकालाई तिनले मान्लान्?"

स्वयं सञ्चालकहरूको अडान र भनाइले पनि डा. वाग्लेको टिप्पणीलाई बल पुऱ्याउँछन्। प्याब्सन अध्यक्ष पोखरेल भन्छन्, "जिशिकाको कोषमा छात्रवृत्ति कोटा पठाउनुपर्ने, शिक्षक छनोटमा विनिलाई बोलाउनुपर्ने जस्ता व्यवस्था हामी मान्दैनौं। विगतमा पनि ऐन/नियमका कतिपय प्रावधान कार्यान्वयन नगरेकै हो।" स्कूल सञ्चालकहरूका भनाइमा निर्देशिकाले तोकेका पूर्वाधार र सुविधाको कार्यान्वयन बढी जटिल र चुनौतीपूर्ण छन्।

तर, शिक्षा विभागका निर्देशक टेकनारायण पाण्डे भने निर्देशिका पालना नगर्ने स्कूलहरू कारबाहीमा पर्ने बताउँछन्। उनी भन्छन्, "प्याब्सन र एनप्याब्सनकै माग र सहमतिमा यो निर्देशिका बनेको हो। त्यसैले यसका मापदण्ड पालना गर्दिनँ भन्न पाइँदैन। नगरे कारबाही गर्छौं।"


## कक्षामा गुणात्मकता

**विद्यालय शिक्षाको सम्मेलन**

**२०६९ चैत २२ देखि २५ सम्म**

नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा विभाग र रातो बङ्गला फाउन्डेसनको सहकार्यमा नेपालमा पहिलो पटक शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ। 'कक्षामा गुणात्मकता' शीर्षकको उक्त सम्मेलन २०६८ साल चैत २२ देखि २५ गतेसम्म हुनेछ। उक्त सम्मेलनलाई युनेस्को, युनिसेफ, ओपन सोसाइटी फाउन्डेसन र शाही नर्वेली राजदूतावास जस्ता विकास साझेदारहरूले पनि सहयोग गरेका छन्।

उक्त सम्मेलनको पहिलो दिन उद्घाटन समारोह हुनेछ। त्यसपछिका बाँकी तीन दिनमा विभिन्न प्रस्तुतिहरू हुनेछन् र त्यसका सँगसँगै 'कक्षामा गुणात्मकता' शीर्षकमा आधारित शिक्षक तालीम र कार्यशालाहरू हुनेछन्। ख्यातिप्राप्त शिक्षाविद्हरूले शिक्षक र विद्यार्थी विकास, जाँच, अनुगमन र मूल्याङ्कन जस्ता थुप्रै कुराहरूका नीतिसम्बन्धी सवालमा आधारित प्रस्तुति तथा कार्यशालाहरू सञ्चालन गर्नेछन्। यो सम्मेलनको उद्देश्य 'कक्षामा गुणात्मकता'सित सम्बन्धित विविध सवालहरूलाई समाहित गरी शिक्षा सरोकारवालाहरूका विभिन्न आवश्यकताहरूलाई परिपूर्ति गर्ने दिशामा सम्बन्धित रहेको छ।

सम्मेलनमा भाग लिनका लागि अग्रिम नाम दर्ता गराउनु आवश्यक छ। बढी जानकारी र नाम दर्ताका लागि कृपया http//ratobangalaconferences.edu.np/ मा हेर्नु होला।

*विस्तृत जानकारीका लागिः*

**रातो बङ्गला सम्मेलन**

पो.ब.नं. २०२, पाटनढोका, ललितपुर। फोन नं. ५५४६८४३, ५५२२६१४, ५५४२०४५

दर्ताका लागिः registration@ratobangalaconferences.edu.np

UNESCO unicef NORWEGIAN EMBASSY OPEN SOCIETY FOUNDATIONS RATO BANGALA FOUNDATION



तस्वीरहरू: सत्यनारायण महर्जन

# कक्षा शिक्षणको प्रयोगात्मक शैली

**ललितपुरको विश्वामित्र गणेश मावि वरिपरिका वस्तु, जीवजन्तु, हावापानी, वनजंगल उक्त विद्यालयको पठनपाठनलाई प्रयोगात्मक बनाउन रामवाण सावित भएका छन्। जाँगरिला शिक्षकले चाहे प्रकृति नै असली सिकाइको औजार रहेछ भन्ने दृष्टान्त विश्वामित्रले सिद्ध गरेको छ।**

■ **बाबुराम विश्वकर्मा**

ललितपुरको लुभू- ८ ज्यामिरकोटस्थित विश्वामित्र गणेश माविकी शिक्षक जुनु केसी थापा १६ फागुन २०६९ मा कक्षा ३ का नानीहरूलाई घुलनशील र अघुलनशील पदार्थबारे पढाउने तयारीमा थिइन्। घुलनशील र अघुलनशील पदार्थको अवधारणा र सामान्य परिचय बताएपछि उनले सबै बालबालिकालाई कक्षा बाहिर लगिन्। वृत्ताकार घेरामा उभिएका विद्यार्थीले केहीबेर सामूहिक गीत गाए। त्यसपछि शुरू भयो- विज्ञानको प्रयोगात्मक कक्षा।

घुलनशील र अघुलनशील पदार्थ पढाउन जुनुले बालुवा, चिनी, काठको धूलो, ग्लुकोज, चकको धूलो, नुन, पानी, गिलास र चम्चा आदि सामग्री तयार पारेकी थिइन्। उनले लाइनमा उभिएका छात्रहरू अमन खड्का र अर्जुन थापालाई शैक्षिक सामग्री भएको ठाउँमा आएर प्रयोगात्मक कक्षा अघि बढाउन आग्रह गरिन्। अरू नानीहरूलाई यो अभ्यास अवलोकन गर्न आग्रह गरिन्। अमन खड्काले



**नाचगान:** कक्षा शुरू गर्नुअघि विद्यार्थीलाई नचाइँदै



**ज्ञानको परीक्षण:** कक्षा ३ का नानीहरूलाई घुलनशील र अघुलनशील पदार्थ चिनाउन गरिएको प्रयोगात्मक अभ्यास। एउटा गिलासमा पानी र काठको धूलो तथा अर्कोमा पानी र ग्लुकोज हालिएको छ।

गिलासमा राखिएको पानीमा काठको धूलो हालेर चम्चाले घोल्ने कोशिश गरे। तर, घुलेन। उक्त कार्य हेरिरहेका नानीहरूलाई जुनुले सोधिन्, "काठको धूलो पानीमा घुल्यो कि घुलेन ?" "घुलेन मिस।" छात्रछात्राको सामूहिक जवाफ थियो। "त्यसो भए काठको धूलो घुलनशील हो कि अघुलनशील पदार्थ?" जुनुको पूरक प्रश्नको विद्यार्थीले जवाफ फर्काए, "यो अघुलनशील पदार्थ रहेछ मिस।"

त्यसपछि अरू दुई जना विद्यार्थी अगाडि आएर गिलासको पानीमा ग्लुकोजको धूलो हालेर चम्चाले घोल्न थाले। एकैछिनमा पानीमा ग्लुकोजको धूलो घुल्यो। जुनुले सोधिन्, "अब भन, ग्लुकोज घुलनशील कि अघुलनशील ?" विद्यार्थीले सामूहिक स्वरमा ग्लुकोज घुलनशील पदार्थ हो भने।

त्यसैगरी विद्यार्थीले पालैपालो चकको धूलो, चिनी र नुन पानीमा हालेर घोल्ने अभ्यास गरे। काठको धूलो र बालुवा बाहेक नुन, चिनी र चक सबै घुले। बालुवा अघुलनशील र अरू घुलनशील पदार्थ भएको निचोडमा छात्रछात्रा पुगे। उनीहरू घोलिने र नघोलिने पदार्थ चिन्न सक्ने भए।

प्रयोगात्मक अभ्यास सकेपछि शिक्षक सहित विद्यार्थीले पुन: सामूहिक रूपमा गीत गाए। गीत सकेर नानीहरू कक्षामा फर्किएपछि शिक्षक जुनुले घोलिने र नघोलिने पदार्थको सूची बनाउन लगाइन्। सबै विद्यार्थीले केहीबेरअघि कक्षा बाहिर गरेको प्रयोगात्मक अभ्यासका आधारमा घुलनशील र अघुलनशील पदार्थहरूको सूची बनाए।

कक्षा तीनको विज्ञान कक्षा सकिनासाथ जुनु विज्ञानकै बोट बिरुवाको बारेमा पढाउन कक्षा- २ मा पसिन्। सेतोपाटीमा बोटबिरुवाका प्रकार- रूख (Tree) र बुट्यान (Shrubs and Herbs) लेखेर त्यसबारेमा नानीहरूसँग सामान्य अन्तरक्रिया गरेपछि उनले सबै बालबालिकालाई पहिले जस्तै कक्षाबाट बाहिर निकालिन्।

विश्वामित्र मावि हरियो जंगलको बीचमा छ। यही प्राकृतिक स्वरुपको लाभ उठाउँदै जुनुले नानीहरूलाई लाइनमा राखेर स्कूल वरिपरिको वन र बारीमा बिरुवा र घाँस संकलन गर्न लगाइन्। एक एक वटा बोट लिएर विद्यार्थी खुशी हुँदै लामबद्ध भएर खुला आकाशमुनि प्रयोगात्मक कक्षाका लागि तयार भए। बारी र पाखोबाट कसैले तोरी उखेलेर ल्याएका थिए भने केहीले झार तथा घाँस संकलन गरेका थिए। सबै विद्यार्थीको हातमा केही न केही थियो।

विद्यार्थीको हातबाट लिएर जुनुले सबैभन्दा पहिला तोरीको जरा चिनाइन्। त्यसपछि पात चिनाइन्। यो बोटबिरुवाका अंग बुझाउने उनको प्रयास थियो। त्यही क्रममा उनले तोरीको काण्ड र फूल देखाउँदै उनले कुनै पनि बोटबिरुवाको बाहिरी आवरणमा पाँच भाग हुन्छन् भन्ने सिद्ध गरिन्। यो कक्षाबाट बालबालिका रूख, बुट्यान, घाँस र तिनका बाहिर पाँच अंग हुने कुरा जान्न सक्ने भए। करीब ३० मिनेटको खुला प्रयोगात्मक कक्षापछि जुनुले विद्यार्थीलाई कक्षामा फर्काइन् र तिनलाई अघि संकलन गरेका बोटबिरुवाको चित्र कोर्न आग्रह गरिन्।

जुनु केसीका हरेक कक्षा यस्तै हुन्छन्। कक्षा ३ सम्म विज्ञानका ८० प्रतिशत पाठ प्रयोगात्मक विधिमा शिक्षण गर्ने गरेको उनको अनुभव छ। रूख बिरुवा, जनावर, माटो, हावापानी आदि विज्ञानका पाठ कक्षाभित्र भन्दा कक्षा बाहिर प्रभावकारी हुन्छ भने छात्रछात्रा पनि प्रसन्न हुन्छन्।



**खुला कक्षा:** कक्षा २ का नानीहरूलाई रूख र बुट्यान पढाउँदै शिक्षक जुनु केसी थापा



विश्वामित्रका शिक्षकहरूको समूह

जुनुको विश्वामित्र माविको कक्षा अवलोकन गरिरहेका पाटन उमावि केन्द्रका स्रोतव्यक्ति सत्यनारायण महर्जन प्राविका सबै विषयवस्तुको पठनपाठन प्रयोगात्मक गर्न सकिने धारणा राख्छन्। उनी भन्छन्, "शिक्षकको जाँगर भए सबै शिक्षकको कक्षा जुनुको जस्तै हुन सक्छ। किताबका पाठलाई स्कूल वरिपरिको वस्तु र वातावरणसँग जोड्ने जाँगर र सीप भए पैसा विनै स्तरीय शिक्षा दिन सकिन्छ।"

शिक्षकले छात्रछात्रालाई खेतबारी, खोला वा वनपाखातिर लगेमा कतिपय अभिभावकले अनौठो मान्ने गरेको पाइन्छ। त्यसरी प्रयोगात्मक अभ्यास गराउँदा 'शिक्षकले पढाउन अल्छी गरेको' आरोप लाग्ने गरेको पनि भेटिन्छ। तर, विश्वामित्र माविका अभिभावकले भने यसलाई पठनपाठनको नियमित अंगको रूपमै स्वीकार गरेका छन्। अधिकांश समय विद्यालयमा बिताउने सो माविको व्यवस्थापन समितिका अध्यक्ष कमलबहादुर थापा भन्छन्, "बालबालिकालाई खेतबारी वा जंगलमा लगेको हामीलाई अनौठो लाग्दैन, असली पढाइ नै कक्षा बाहिर हुँदोरहेछ भन्ने हामीले बुझेका छौं।"

## सबै कक्षा प्रयोगात्मक

विश्वामित्र माविका अधिकांश शिक्षकका कक्षा प्रयोगात्मक हुने भएकाले धेरैले यो स्कूललाई प्रयोगात्मक विद्यालय भन्ने गरेका छन्। माविमा विज्ञान शिक्षण गर्दै आएकी सजनी महर्जनले १६ फागुनमा आसन्न एसएलसीको तयारी गरिरहेका छात्रछात्रालाई अम्ल, क्षार, लवण र पानी पनि प्रयोगात्मक विधिमै सिकाइन्। विज्ञानका सिद्धान्त र सूत्रलाई प्रयोगात्मक रूपमा परीक्षण नगरी विद्यार्थीलाई राम्ररी बुझाउन नसकिने सजनीको कथन छ।

गणित, अंग्रेजी, नेपाली, सामाजिक, लेखा लगायत प्राय: सबै विषयको पठनपाठनलाई विश्वामित्र माविमा व्यावहारिक बनाउने प्रयास गरिएको छ। कक्षा १० मा लेखा शिक्षण गरिरहेका ध्रुव खड्काको कक्षा पनि प्रयोगात्मक देखिन्थ्यो। उनले गोश्वारा भौचर सिकाउनका लागि विभिन्न कार्यालयमा प्रयोग हुने गोश्वारा भौचरका नमूना ल्याएर छात्रछात्रालाई वितरण गरेका थिए भने छात्रछात्रा चाहिं ती भौचर भर्ने अभ्यास गर्दै थिए। खड्का भन्छन्, "कक्षाको पढाइलाई जीवनसँग जोड्दा छात्रछात्राले त्यसको औचित्य बुझ्दा रहेछन्। त्यसकारण हरेक पाठको व्यावहारिक उपयोगिता बुझाउने प्रयास गर्छु।"


हरेक कक्षालाई प्रयोगात्मक विधिमा चलाइएकोले विश्वामित्र ललितपुरको एउटा भिन्न स्कूल बन्न पुगेको छ। प्रयोगात्मक कक्षाका कारण विद्यार्थीले पढाइलाई किताबको टेक्स पढ्नु, गृहकार्य गर्नु वा जाँच दिनु भन्ने अर्थमा मात्र नबुझी तिनले किताबी ज्ञानलाई प्रकृति तथा व्यावहरिक जीवनसँग पनि जोड्न जानेका छन्। उक्त विद्यालयले प्रकृतिलाई नै पाठशाला बनाएको अनुभूति हुन्छ।

विश्वामित्रका प्रअ ठाकुरप्रसाद उपाध्यायका अनुसार हरेक कक्षालाई कसरी व्यावहारिक र प्रयोगात्मक बनाउने भन्ने नै शिक्षकको सामूहिक चिन्ता हो। आफ्नो कक्षालाई अरूको भन्दा भिन्न र मौलिक बनाउने रहरले शिक्षकलाई स्कूलमा मात्र होइन, घरमा पनि कक्षाको तयारीमा लाग्न प्रेरित गरेको छ। "स्कूल छिरेपछि केही नगरी बस्ने कोही शिक्षक हुँदैन, केही न केही काम भइरहन्छ। प्रयोगात्मक कक्षाका कारण विद्यार्थीलाई पढाइ बोझ होइन, रहर भएको छ", उनले भने। किताबी ज्ञानलाई प्रयोगात्मक तुल्याउँदा विद्यार्थीमा पनि सिक्ने रूचि बढ्ने अनुभव विश्वामित्रको छ।

प्रयोगात्मक सिकाइबाट विश्वामित्र गणेश माविको सिकाइ उपलब्धि यात्रालाई चम्काउँदै पनि लगेको छ। तीन वर्षयता यस स्कूलको एसएलसी नतिजा ७० प्रतिशतभन्दा माथि छ भने अरू कक्षाको औसत सिकाइ उपलब्धि ६० प्रतिशतको हाराहारीमा छ। २०६६ सालको एसएलसीमा सोही विद्यालयकी छात्रा अनिषा पण्डितले ८९.३८ प्रतिशत अंक हासिल गरेर सार्वजनिक विद्यालयतर्फ छात्रा प्रथमको रेकर्ड बनाएकी थिइन्।

करीब ४०० भन्दा बढी छात्रछात्रा रहेको उक्त विद्यालय मावि भएको भर्खर तीन वर्ष भएको छ। अरू स्कूलमा भन्दा भिन्न वातावरण र शैलीमा शिक्षण हुने भएकोले नजिकैका निजी स्कूलबाट पनि बालबालिका विश्वामित्रमा भर्ना भएका छन्। विद्यालयका शैक्षिक संयोजक रवीन्द्र थापा शिक्षकहरूको सक्रियता, मिहिनेत र प्रतिबद्धताले छात्रछात्रा र अभिभावकको विश्वास आर्जन गर्न सकिएको अनुभव सुनाउँछन्। हुन पनि सो विद्यालयका सबै शिक्षकले आफ्ना छोराछोरीलाई यही विद्यालयमा नै पढाएका छन्।

नर्सरीदेखि कक्षा १० सम्म पठनपाठन हुने यो विद्यालयका कक्षा २ का एक जना बालकले प्रदर्शन गरेको एउटा व्यवहार खुब घतलाग्दो थियो। विज्ञानको प्रयोगात्मक कक्षाका लागि तोरीको बोट उखेलेर दुई जना बालक फर्किंदै थिए। ठाडो उकालो चढ्दै गरेका यी दुईमध्ये एउटा अलि अगाडि अर्को अलि पछाडि थिए। पछिल्लो बालक उकालो चढ्न नसकेपछि अघि आइसकेका बालक फर्केर साथीलाई हातमा समातेर उकालो चढ्न सहयोग गर्दैथिए। यो दृश्यले बालबालिकामा विकास भएको सामाजिकपन, मित्रता, सहकार्य र सहयोगी भावना स्पष्ट रूपमा अभिव्यक्त भएको थियो। उक्त दृश्य नियालिरहेका स्रोतव्यक्ति सत्यनारायण महर्जन भन्दैथिए "असली र प्राकृतिक सिकाइको प्रभाव यस्तै हुन्छ।"



कमल दीक्षित

# दरबार स्कूलको आकर्षण

वि. सं. १९९६ मा हामीहरू टङ्गाल गैह्रीधाराको 'ठूलो घर' बाट छुट्टिएर पुल्चोकमा बस्न आयौं, आफ्नै घरमा। त्यहाँ बस्न आएपछि म दरबार स्कूल छाडेर पाटन स्कूलमा भर्ना हुने कि भन्नेबारे अलि दिन निकै चर्चा भएको थियो। त्यसबारे मैले 'बिर्सेको सम्झेको' मा एउटा निबन्ध लेखेको रहेछु पूरै तीन पेजको। रमाइलो छ त्यो विवरण। त्यसलाई संक्षेपमा सम्झने कोशिश गर्छु म आज।

दरबार स्कूलसहित पाटन र भादगाउँमा एक एक ओटा गरी जम्मा तीनोटा मात्र 'हाइस्कूल' थिए त्यसबेला काठमाण्डू उपत्यकामा। तर स्कूल भन्नासाथ रानीपोखरीको डिलमा उभिएको त्यो दरबार स्कूल नै आउँथ्यो सबैका आँखा अगाडि। हामी विद्यार्थी पनि त्यतै आकर्षित थियौं। त्यसैले होला पाटनतिर सरेर पनि मलाई पाटन स्कूलले तान्न सकेन। 'बिर्सेको सम्झेको' मा गरिएको बयानबाट त मलाई पाटन स्कूलपट्टि आकर्षण होइन विकर्षण पो भएको बुझिन्छ। त्यो विकर्षण हुने कारण पछि भनुँला, पैले आकर्षणका कारणै खोजूँ।

कमलपोखरीमा लक्ष्मीनन्दन चालिसे गुरुकहाँ पढ्न जानुभन्दा पहिले नै मैले घरैमा 'गोरखा शिक्षा पहिलो भाग' (पहिलो संस्करण वि.सं. १९७२) को पुरानो पुस्तक छिचोलिसकेको थिएँ। त्यहाँ पाठशाला ('दरबार स्कूल') भन्ने एउटा पाठ (च्याप्टर) नै छ। त्यो पाठ पैलो पटक बद्रीप्रसाद गुरुले एउटा एउटा अक्षर गरेर पढ्न सिकाएको सम्झन्छु- अ-हा-हे-र-द-र-बा-र-स्कू-ल-क-स्तो-रा-म्रो-छ-अ-गा-डि-रा-नी-पो-ख-री-छ-प-छा-डि-ब-गैं-चा–छ-द-क्षि-ण-ति-र-खु-ला-मै-दा-न-टुँ-डि-खे-ल-दे-खि-न्छ-आँ-खा–का सा-म-ने-घ-ण्टा-घ-र-छ..." इत्यादि। पछि त पढ्दा पढ्दा मलाई त्यो कविता जस्तै कण्ठ भएको थियो र सो ऐले पनि मैले बिर्सेको छैन। त्यो पाठको अन्त्यमा 'अहा ! हेर पाठशालामा पढ्नु त बढिया पो हुँदोरहेछ, जाऔं हामी पनि त्यहाँ पढौं" भनिएको थियो। त्यो वाक्य मेरो मन-मुटुमा नमेटिने भएर बसेको होला र नै त्यसले मेरो बाल-मस्तिष्कमा दरबार स्कूलको मोह भरिदिएको हुनुपर्छ। हुन पनि, आजभन्दा रुण्डै एक सय वर्ष अगाडि जुन प्रकार बालमनोविज्ञान बुझेर लेखिएको थियो त्यो (अध्यक्ष) 'सुपरीटेन्डेन्ट राममणि आ.दी' द्वारा, त्यो तारीफ-लायक छ भन्नै पर्छ आज आएर हेर्दा।

दरबार स्कूल छाडेर म पाटन स्कूलमा पढ्न जाने हो कि भन्ने कुरा कसरी उठ्यो मलाई थाहा छैन। मैले त त्यसको विरोध नै गरेको थिएँ। भैरवबहादुर माष्टरसाहेबले मलाई 'ए, कमलमणि तँ पाटन स्कूलमा पढ्न जा' भनेर दुई/तीन पटक भनेपछि रोएर मैले घरमा 'मलाई दरबार स्कूलबाट निकाल्न खोजे' भनेर कुरा लगाएँ अनि मेरो दाजुले गएर स्कूलमा हेडमाष्टर रुद्रराज बाजेलाई भनेपछि मात्र यो कुरा सेलाएको थियो। भैरवबहादुर माष्टरसाहेबले पवित्र भावनाले र मेरो राम्रै चिताएर नै मलाई यता पठाउन खोजेका थिए होलान्। तर मैले त्यस बेला उहाँलाई ममाथिको रीस या ईर्ष्याले त्यसो भनेको भन्ने शङ्का गरें। किनभने त्यस दिन मलाई अनाहक त्यसो गरेपछि उहाँलाई माथिबाटै खप्की आएको थियो भनेर मैले लेखिसकेको छु। यल्ले मलाई गाल पाऱ्यो भनेर माष्टरसाहेबले ईख लिएर मलाई दरबार स्कूलबाट खेद्न खोजेको हो भन्ने मानें मैले ऊ बेला। अब चाहिं मलाई त्यो पक्कै त्यसो होइन भन्ने लाग्छ। त्यसको कारण छ।

भैरवबहादुर माष्टरसाहेबका एक जना भाइ हो कि दाजु, सन्तबहादुर, श्रीदरबारमा जागिरे थिए। भित्र अफिसमा ती मेरा पिताका एसिस्टेन्ट थिए। अब यहाँ अलिकति अन्दाज गरूँ। कल्पना लगाऊँ- हामी पुल्चोकमा सरेको थाहा पाएपछि खुशी भएर सन्तबहादुरले मेरा पितालाई बधाई दिए होलान्। अनि आफ्ना दाइ (या भाइ) सँग सल्लाह गरेर आफ्नो हाकिम (मेरा पिता)लाई रिझाउन उनले एउटा उपाय निकाले हुनन्- हाकिमका छोराको भलो गर्ने। बाजेको माहिलो छोरा दरबार स्कूलमा पढ्दैछ, त्यसलाई पाटन स्कूलमा सारिदिन पाए त बिचराले स्कूल जान-आउन धेरै हिंड्ने पर्दैनथ्यो। अरु हेडमाष्टर लोकमान सिंहलाई भनसुन गरेर उसलाई एक क्लास माथि भर्ना गराउन पनि सकिन्छ इत्यादि भन्ने सोचे होलान्। त्यो 'स्कीम' मेरो पितालाई समेत मन पऱ्यो होला। अनि सन्तबहादुरले त्यो काम फत्ते पार्ने जिम्मा भैरवबहादुरजीलाई दिए होलान्। त्यसै हुँदा नै लाग्नुभएको होला माष्टरसाहेब त्यस्तो जोडतोडले मलाई पाटन पठाउने प्रयासमा।

हाम्रो कल्पना-कथा त तर्कसंगत लाग्छ ऐले विचार गर्दा। तर, कमलमणिको दरबार स्कूल-मोहले त्यो स्कीम भताभुङ्ग पारिदियो भन्ने बिर्सनु हुन्न ! म क्लास पनि चढिनँ, पाटन पनि सरिनँ ! दरबार स्कूलमै कायम रहें म। दरबार स्कूलको ख्याति ठूलो थियो त्यस बेला। दरबार जोडिएको त्यो नाम यसै पनि राजकीय लाग्थ्यो राणाकालमा। त्यसमाथि शुरू शुरूमा त त्यसमा शासक परिवारभन्दा बाहिरकाको प्रवेशै वर्जित थियो। थापाथली दरबारभित्र अवस्थित त्यो स्कूल वीरशमशेर महाराज भएपछि मात्र रानीपोखरीनिर सरेको हो। त्यसपछि मात्र अलिअलि 'दुनियाँदार' का सन्तानले त्यस स्कूलमा प्रवेश पाउन थालेका हुन्। भए पनि, दरबार नबक्साई कसैले पनि आफ्ना छोरा-नातिलाई त्यहाँ भर्ना गराउन सक्दैनथ्यो, धेरै पछिसम्म। शायद जुद्धशमशेर राजा भएपछि अनि मृगेन्द्रशमशेर डाइरेक्टर जनरल भएपछि, अर्थात् नेपाललाई महाभूकम्पले हल्लाएपछि मात्र जनसाधारणले त्यहाँ सजिलै छिर्न पाएका हुन्।

नेपालको पहिलो अंग्रेजी स्कूल हो दरबार स्कूल, डेढसय वर्ष पुरानो। हामीले ऐले श्रद्धाले नाम लिने धेरैजना देश-सेवक या देश निर्माताहरू जन्माउने श्रेय यसै स्कूलले पाएको छ। त्यसैले यो वन्दनीय छ भन्ने लाग्छ मलाई। मैले आफ्नो पैलो 'गुरुकुल' या 'आल्मा मातेर' भनेर मात्र सराएको होइन, हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि आफ्नो गीतिकाव्य 'कुञ्जिनी' मा वजरीस्तानको लडाईंमा घाइते भएर सुतेको (नायक) गोरे राउतलाई नेपाल सम्झँदा दरबार स्कूलको छवि उतार्न लगाउनुहुन्छ भावुक भएर। यसरी:

*मौरीकोठे लहरे इस्कूल् पानी दर्बार बनेर जलमा*
*परी सहर्हरूका घर झैं नबुझिने स्वरमा गीद् गाउने!!!*

रिपोर्ट



तस्बिरहरू: कृष्ण अधिकारी

ज्ञानोदय उमावि

# व्यवस्थापन सुध्रियो त विद्यालय सुध्रियो !

■ कृष्ण अधिकारी

**बाँकेको** खजुरास्थित ज्ञानोदय उमाविमा कक्षा १ मा पढ्ने विद्यार्थी बोर्डिङ स्कूलमा पढ्ने विद्यार्थी जस्तै टाइ, बेल्ट र चिटिक्क परेको ड्रेस लगाएर विद्यालय जान थालेका छन्। उनीहरूको पठनपाठन पनि अंग्रेजी माध्यममा हुने गरेको छ। त्यति मात्रै होइन, कमजोर आर्थिक अवस्था भएका विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिले नै ड्रेस किनिदिएको छ।

सुविधासम्पन्न कक्षाकोठा, तालीम प्राप्त शिक्षक र पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था मिलाएर कक्षा १ देखि नै विद्यार्थीको शैक्षिक गुणस्तरमा ध्यान दिन थालेपछि ज्ञानोदय उमाविको शैक्षिक गुणस्तर निरन्तर राम्रो हुँदै गएको छ। कक्षा १ का विद्यार्थीलाई बस्नका लागि लो बेडमाथि कार्पेट बिच्छ्याइएको छ। कक्षाका भित्ता सचित्र पाठ्यसामग्रीले रंगिएका छन्। जुत्ता-चप्पल राख्नका लागि र्‍याक छ। खेल्दै रमाउँदै सिक्न-सिकाउनका लागि पाठ्यसामग्रीका अतिरिक्त कक्षामा खेलौना र टेलिभिजन समेत राखिएको छ।

यहाँ प्रावि तहमा पनि स्नातकोत्तर गरेका शिक्षकले पढाउने गरेका छन्। कक्षा २ देखि ६ कक्षासम्म अंग्रेजी, गणित, विज्ञानलगायत चारवटा विषयमा ई-पाटी (कम्प्युटरको माध्यमबाट) पठनपाठन शुरू गरिएको छ। प्रत्येक विद्यार्थीलाई एक-एक वटा पुग्ने गरी ई-पाटीको व्यवस्था गरिएको छ।

कक्षाकोठाका गतिविधि अनुगमन गर्न सीसीटिभी जोडिएको छ। कम्प्युटर साइन्स कक्षा, पुस्तकालय, विज्ञान प्रयोगशाला, प्रत्येक कक्षाकोठामा सुविधायुक्त फर्निचर, विद्यालय हाताभित्र चिटिक्क परेको बगैंचा, विद्यालयको चारैतिर पर्खाल र छात्र तथा छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था छ। यसरी ज्ञानोदय उमावि शैक्षिक गुणस्तर तथा भौतिक पूर्वाधारका दृष्टिले बाँके जिल्लाकै उत्कृष्ट विद्यालय बन्दै गएको छ। एक दशकमै यो उमाविले प्रगति गर्नुको प्रमुख कारण हो– राम्रो व्यवस्थापन समिति र शिक्षकहरूको लगनशीलता।

हाल विद्यालयमा १,०५० विद्यार्थी र ३४ जना शिक्षक-कर्मचारी छन्। विगत ८ वर्षदेखि पूर्णबहादुर भण्डारीले यस विद्यालयको व्यवस्थापन समितिलाई नेतृत्व प्रदान गर्दै आएका छन्। भण्डारी लगातार चौथो पटक व्यवस्थापन समितिको अध्यक्ष बनेका हुन्।

पछिल्ला दिनमा देशभरका विद्यालयमा व्यवस्थापन समितिको चुनाव राजनीतिक दलले शक्ति प्रदर्शन गर्ने थलो बन्दै गएको छ। कतिपय विद्यालयमा व्यवस्थापन समिति र प्रअबीचको झगडाले विद्यालयको शैक्षिक अवस्था बिथोलिँदै गएको छ।

तर ज्ञानोदय यस्ता कुरामा अपवाद रहँदै आएको छ। भण्डारी शुरूमा दुई पटक चुनाव लडेर व्यवस्थापन समितिको अध्यक्ष बने पनि पछिल्लो दुई कार्यकालमा अभिभावकले अनुरोध गरेरै उहाँलाई सर्वसम्मत रूपमा अध्यक्षको जिम्मेवारी सुम्पिएका हुन्।

शिक्षक भर्ना गर्ने अधिकार व्यवस्थापन समितिका निम्ति मुख्य आकर्षण रहने गरेको छ। ज्ञानोदय उमाविले पनि पछिल्ला ८ वर्षको अवधिमा १४ जना शिक्षक तथा



'हाम्रा' भन्दा 'राम्रा' शिक्षक छनोट गरिएकोले स्कूल चम्किएको हो।

**पूर्णबहादुर भण्डारी**
अध्यक्ष, विव्यस, ज्ञानोदय मावि



धम्बोझी उमावि, कक्षा १ का छात्रछात्रा।

कर्मचारी भर्ना गरेको छ। तर त्यसरी भर्ना गरिएका सबै शिक्षक तथा कर्मचारी 'राम्रा' र 'योग्य' भएको अध्यक्ष भण्डारीको दाबी छ। योग्य शिक्षककै कारण विद्यालयको शैक्षिक वातावरण सुधार हुँदै गएको र अभिभावक तथा सरकारी/गैरसरकारी संघसंस्थाबाट सहयोग जुटाउन सक्षम भएको अभिभावकहरूको कथन छ। एक दशकमा यस विद्यालयमा २४ वटा कक्षाकोठा, ५० वटा ई-पाटी, मध्यपश्चिमकै उत्कृष्ट विद्यालयको पुरस्कार व्यवस्थापन, शिक्षा र कम्प्युटर विषयमा 'प्लस टु' तथा नेपाली, अंग्रेजी, जनसंख्या र स्वास्थ्य विषयमा बीएड तहको पढाइ सञ्चालन भइरहेको छ। प्राय: हरेक वर्ष नै एसएलसी, प्लस टु र बीएडको परीक्षामा ज्ञानोदयका विद्यार्थीले जिल्लामै उत्कृष्ट नतिजा ल्याउने गरेका छन्।


## धम्बोझी उमावि

साँघुरो विद्यालय भवन, करीब २५० विद्यार्थी र एसएलसी परीक्षामा शून्य रिजल्ट। २०६० सालसम्म यस्तै थियो धम्बोझी माविको परिचय। तर, अहिले त्यो परिचय फेरिएको छ।

१८ कोठे सुविधासम्पन्न विद्यालय भवन, ९६१ विद्यार्थी, विज्ञान प्रयोगशाला, कम्प्युटर साइन्स कक्षा, पुस्तकालयको व्यवस्था र २०६८ सालको १२ कक्षाको विज्ञानमा बाँके जिल्लाकै उत्कृष्ट नतिजा।

एक दशकमै विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधारमा सुधार हुनुको मुख्य कारण हो– राम्रो विद्यालय व्यवस्थापनमा राम्रो टीम आउनु र प्रधानाध्यापक र व्यवस्थापन समितिबीचको सुमधुर सम्बन्ध हुनु।

२०६१ सालमा भारतीय सेनाका अवकाश प्राप्त क्याप्टेन धनबहादुर चन्द व्यवस्थापन समितिको अध्यक्षमा चयन भएर आएपछि विद्यालयको सुधारका कार्यहरूले तीव्रता पाए। चन्द अध्यक्ष भएपछि विद्यालयको प्रधानाध्यापक पनि फेरिएर किरण आचार्य प्रधानाध्यापक भएर विद्यालयमा आइन्। अध्यक्ष र प्रअको नयाँ टीम विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर सुधार्न कस्सिए।



विव्यस र प्रअबीच आपसी समन्वय राम्रो हुँदा स्कूललाई राम्रो पार्न सहयोग पुगेको छ।

**धनबहादुर चन्द**
अध्यक्ष, विव्यस, धम्बोझी उमावि

अध्यक्ष चन्दले आफ्नै पहलमा भारतीय राजदूतावासबाट आफ्नो गाउँको विद्यालय भवन निर्माणका लागि करीब रु.२ करोड सहयोग ल्याए।

प्रध्यानाध्यापक, अभिभावकको सहयोगमा राजनीतिक दलको सहमति जुटाएर विद्यालय भवन निर्माणका लागि नगरपालिका क्षेत्रमै करीब ११ कट्ठा जग्गाको व्यवस्था भयो र सुविधासम्पन्न १८ कोठे विद्यालय भवन निर्माण गरियो। चन्द २०६१ सालदेखि निरन्तर व्यवस्थापन समितिको अध्यक्ष छन्। अभिभावकहरूको आग्रहमा पछिल्लो दुई कार्यकालदेखि उनी सर्वसम्मत अध्यक्ष बनेका हुन्।

त्यसपछि धम्बोझी माविको पनि शैक्षिक तथा भौतिक गुणस्तर सुध्रन्छ भन्ने विश्वास अभिभावक तथा विद्यार्थीमा बढ्दै गयो। विद्यार्थीको संख्या पनि बढ्दै गयो। विषयगत शिक्षक थपिए। शिक्षक तथा कर्मचारी भर्ना गर्दा आफ्ना भन्दा पनि राम्रा र योग्य भर्ना गरेका कारण विद्यालयको शैक्षिक गुणस्तर बढेको अनुभव प्रअ आचार्यको छ। व्यवस्थापन समितिले आफ्नै स्रोतमा शिक्षक र कर्मचारी गरी पाँच जनालाई राखेको छ। विद्यार्थीको शैक्षिक गुणस्तर बढाउन विद्यालय आफैँले ६ महीना अतिरिक्त कक्षा सञ्चालन गर्दै आएको छ।

पछिल्ला दिनमा बोर्डिङ स्कूलको भन्दा धम्बोझी उमाविका विद्यार्थीको शैक्षिक गुणस्तर राम्रो हुँदै गएको छ।

# गुणस्तर सुधारको एउटा औजार

**स्कूल व्यवस्थापन र शिक्षकहरूले आफूलाई बालबालिकाको चौतर्फी विकासमा समर्पित गर्ने हो भने रिपोर्ट कार्ड पद्धतिको मर्मलाई नेपालका सबै विद्यालयमा व्यवहारमा अनुवाद गर्न धेरै समय लाग्दैन। नेपालका सार्वजनिक र निजी दुवै विद्यालयको स्तर थोरै समयमा उकास्ने एउटा महत्त्वपूर्ण औजार सावित हुनेमा कुनै शंका छैन।**

■ **सुदर्शन घिमिरे**

काठमाडौं उपत्यकामा निजी क्षेत्रबाट सञ्चालित नाम चलेका केही निजी स्कूलहरूले आफ्ना विद्यार्थीको त्रैमासिक प्रगति प्रतिवेदनका रूपमा रिपोर्ट कार्ड बनाएर अभिभावकलाई पठाउने गरेका छन् । हरेक त्रैमासिकको मूल्याङ्कनपछि तिनले प्रत्येक विद्यार्थीको प्रगति प्रतिवेदन बनाई अभिभावकलाई पठाउने गर्दछन् । यस्ता निजी स्कूलले प्रगतिशील शिक्षाको धारको वकालतकर्ता मानिने अमेरिकाको ब्याङ्कस्ट्रिट शिक्षा कलेजले तयार पारेको नमूना कार्डलाई आधार बनाएर रिपोर्ट कार्ड बनाइएको भेटिन्छ । रिपोर्ट कार्डमा एउटा असल र सफल विद्यार्थी हुनका लागि चाहिने काम गर्ने शैली तथा प्रवृत्ति, सीप, मूल्यमान्यता अनि पाठ्यक्रमले लक्षित गरेको ज्ञान तथा बोधका मसिना पक्षहरूलाई केलाएर तयार पारिएका भन्दा बढी सूचकहरू समावेश गरिएको हुन्छ । सोही आधारमा मूल्यांकन गरी प्रत्येक विद्यार्थीको सबल र सुधार गर्नुपर्ने पक्षलाई उल्लेख गर्ने गरिन्छ ।


रातो बङ्गला, युलेन्स, बूढानीलकण्ठ, मल्पी, शुभतारालगायतका तुलनात्मक रूपमा महँगा र स्तरीय स्कूलको छवि बनाएका उपत्यकाको विद्यालयहरूमा रिपोर्ट कार्डको अभ्यास भेटिन्छ । रिपोर्ट कार्डमा साना कक्षामा बौद्धिक, सामाजिक, शारीरिक र संवेगात्मक विकासको पक्षलाई जोड दिइएको देखिन्छ भने कक्षा चढ्दै गएपछि विस्तारै ज्ञान, सीप, अभिवृत्ति र मूल्यमान्यतालाई सन्तुलित किसिमले समेट्न खोजिएको देखिन्छ।

सूचक नै त्यस्तो औजार हो, जसले विद्यार्थीको मूल्याङ्कन गर्ने ठोस र वस्तुनिष्ठ आधार प्रदान गर्दछ । कक्षामा त थुप्रै गतिविधिहरू भइरहेका हुन्छन्। ती गतिविधिमा हरेक विद्यार्थीको सहभागिता, प्रस्तुतिलाई पनि मसिनो गरी मूल्यांकनको विषय बनाइएको हुन्छ। कुनै विद्यार्थी बोल्न साह्रै सिपालु हुन्छ भने कोही सुरिलो आवाजमा गीत गाउँछन्। परम्परागत पद्धतिले यस पक्षको बिल्कुलै उपेक्षा गर्ने गर्दछ भने यसले त्यस्ता विद्यार्थीको क्षमता र विकास गर्ने थप अवसरहरू उपलब्ध गराउने गरिन्छ, जसले उनीहरूको प्रतिभालाई तिखार्ने मौका देओस्। यो त एउटा दृष्टान्त मात्र हो। यस्ता थुप्रै ठूला-मसिना विषयहरू हुन्छन् जहाँ विद्यार्थीले आफूलाई विकास गर्ने अवसर पाइरहेका हुन्छन् तर त्यसमा उचित ध्यान पुऱ्याउन नसक्दा वास्तविक अवस्था थाहा हुँदैन। रिपोर्ट कार्डले यी सब कुराहरूमा सन्तुलित रूपमा ध्यान पुऱ्याउने आधार प्रदान गर्दछ।

रिपोर्ट कार्डको अर्को प्रयोजन आफ्नो बच्चाको सिकाइ र विकासको समग्र अवस्थाबारे अभिभावकलाई अद्यावधिक र ठोस जानकारी दिनु हो, जसले उनीहरूलाई पनि स्कूलसित हातेमालो गरेर बच्चाको चौतर्फी प्रगतिमा हिंड्न प्रेरित गरेको प्रयोगकर्ता स्कूलहरूको अनुभव छ । "अभिभावकले बच्चाको प्रगतिबारे चिन्ता गरिरहेका हुन्छन्। तर स्कूलमा भइरहेका सबै गतिविधि र तिनमा बच्चाको के कस्तो सहभागिता रह्यो, के कस्तो *पर्फमेन्स* रह्यो भन्ने बारेमा अभिभावक जानकार हुँदैनन् ।" रिपोर्ट कार्डको प्रयोग गर्ने स्कूलका प्रअ/शिक्षकहरूको अनुभव छ, "त्रैमासिक रिपोर्टले अभिभावकहरू बच्चाको अवस्थाबारे जानकार त हुन्छन् नै। साथसाथै बच्चाको प्रगति र उन्नतिमा मैले के कस्तो भूमिका खेल्नुपर्ने रहेछ भनेर चिन्तन गर्न र स्कूलसित छलफल गरेर अघि बढ्न प्रेरित गर्दोरहेछ।"

रिपोर्ट कार्डको कामको प्रारम्भ शैक्षिक सत्रको पहिलो दिनदेखि नै हुन्छ। किनभने हरेक दिन कक्षाका प्रत्येक विद्यार्थीको क्रियाकलाप र प्रस्तुतिलाई फाइलमा लेखेर राख्नुपर्दछ। कुनै विद्यार्थीले सोध्ने असाधारण प्रश्न वा प्रस्तुत गर्ने तर्क या सृजनशील क्रियाकलापको त छुट्टै नोट बनाएर पनि राख्ने गरिन्छ। दिनमा सरदर आधा घण्टा अभिलेखन कार्यमा लाग्ने गरेको अनुभवी शिक्षकहरूको भनाइ छ । हरेक बच्चाको त्रैमासिक रिपोर्ट कार्ड बनाउनुअघि सो कक्षामा पढाउने शिक्षकहरूको टीमसित राम्रो छलफल गर्ने गरिन्छ जसले यसलाई वस्तुनिष्ठ बनाउन मद्दत गर्दछ। हरेक विद्यार्थीको रिपोर्ट कार्डमा शिक्षकहरूको तर्फबाट विद्यार्थीको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षलाई समेटेर *कमेन्ट* लेखिएको हुन्छ। "रिपोर्ट कार्ड अभिभावकलाई पठाउनुअघि हामी विद्यार्थीलाई नै पढ्न दिन्छौं र हाम्रो *कमेन्ट* माथि उनीहरूको कमेन्ट माग्छौं।" शिक्षकहरूको भनाइ छ

"विद्यार्थीहरूको *रिफ्लेक्सन* धेरै नै उत्साहपूर्ण हुँदोरहेछ । कतिपय विद्यार्थीले त आफैं यो मैले सुधार गर्नुपर्ने कुरा हो भनेर तत्काल स्वीकार गर्छन् । पृष्ठपोषणबाट हामी हाम्रो कमेन्टलाई परिमार्जन पनि गर्छौं, जसले गर्दा यसमाथि उनीहरूको पनि स्वामित्व स्थापित हुन्छ ।"


ULLENS SCHOOL
ULLENS

रिपोर्ट कार्डको चलनले विद्यार्थीमा मसिनो गरी सकारात्मक प्रभाव छाडेको भेटिन्छ । हो, विद्यार्थीहरू आफ्नो कुन क्षेत्रमा के कस्तो विकास हुनुपर्ने हो भन्ने बारेमा जानकार मात्र हुँदैनन्, त्यसप्रति जागरुक पनि बनाउन यसले उत्प्रेरित गरेको छ । मैले के के सीप र क्षमताको विकास गरें, त्यसको स्तर के छ, केमा म कमजोर छु भन्ने बोध प्राथमिक तहको अन्त्यतिर पुगेका विद्यार्थीमा हुन थाल्छ। त्यस्तै उनीहरूको काम गर्ने बानीव्यहोरा, सिक्ने अभिरुचि र तरीकामा क्रमिक रूपमा सुधार आएको देखिन्छ । यसैगरी विद्यार्थीहरूमा स्व-अनुशासन र जिम्मेवारीबोध सँगसँगै सामाजिक अन्तरक्रिया र सहकार्य गर्ने सोच र तरीकाहरू विकास भएको देखिन्छ। समग्रमा ज्ञान, सीप, बानीव्यहोराका क्षेत्रमा म कुन ठाउँमा छु, अब कति विकास गर्न बाँकी छ भन्ने बोधले विद्यार्थीमा 'म सक्छु' भन्ने आत्मविश्वास त पैदा गराउँदछ नै, सँगसँगै निरन्तर सिकिरहनु पर्छ भन्ने *सेन्स* पनि पैदा गरिदिएको भेटिन्छ ।

तर रिपोर्ट कार्डको मर्म अनुसार व्यवहारमा उतार्ने निजी स्कूल हातको औंलामा गन्न सकिने संख्यामा मात्र छन्। धेरै स्कूलमा चाहिं यसलाई फेसनको रूपमा उपयोग गरिएको देखिन्छ । पर्याप्त तयारी, उचित प्राथमिकता र यसको मर्म अनुसार कार्य गर्न सक्ने जनशक्तिको अभावमा देखावटीका लागि मात्र रिपोर्ट कार्ड बनाएर अभिभावकलाई पठाउने गरेको पाइन्छ । नियमित रूपमा अभिलेख राखेर त्यसको आधारमा विश्लेषण गर्ने काम अलि बोझिलो भएकाले कैयन् निजी स्कूलहरूले अभिभावकको आँखामा छारो हाल्ने काम मात्र गरिरहेका छन् ।

यसका प्रयोगकर्ता राजधानीका केही स्कूलका शिक्षकको अनुभवलाई संश्लेषण गर्दा रिपोर्ट कार्डका कैयन् फाइदा भेटिन्छन् । पहिलो, यसले बच्चाको बौद्धिक मात्र होइन, शारीरिक, मानसिक र संवेगात्मक विकासमा ध्यान दिन्छ । विद्यार्थीको ज्ञानको साथसाथै सीप, अभिवृत्ति र मूल्यमान्यताको विकासमा पनि जोड दिन्छ। दोस्रो, बच्चाको सिकाइको अवस्था, गति र प्रगतिबारे अभिभावकहरू मसिनो गरी जानकार हुन पाउँछन् । र, बच्चाको समग्र प्रगतिका लागि स्कूलसित सहकार्यको हात बढाउन प्रेरित गर्दछ। तेस्रो, यसले विस्तारै पेपरपेन्सिल जाँचबाट बाहिर निकाल्न स्कूल र अभिभावक दुवैलाई मद्दत गर्दछ। चौथो, बच्चाको सबल पक्ष सँगसँगै कमजोर पक्षबारे प्रष्ट देखिने भएकाले तिनको स्तर उकास्न उचित क्रियाकलाप र पहल लिन शिक्षक र स्कूललाई प्रेरित गर्दछ । पाँचौं, हरेक दिन प्रत्येक बच्चाको क्रियाकलापको रेकर्ड राखेर त्यसलाई विश्लेषण गरेर मात्र रिपोर्ट कार्ड बनाइने भएकोले यसले शिक्षकलाई विद्यार्थी विशेषप्रतिको इम्प्रेसन का आधारमा नभई मूल्यांकनलाई वस्तुनिष्ठ बनाउँदछ । छैटौं, विद्यार्थीको कमजोर वा नकारात्मक पक्षलाई पनि सकारात्मक तरीकाले प्रस्तुत गरिने भएकोले यसबाट विद्यार्थीमा सकारात्मक सोचको विकास हुन जाने र सिक्ने प्रक्रियामा निरन्तर लागिरहनु बढी अभिप्रेरित हुन्छ ।

रिपोर्ट कार्डलाई निरन्तर मूल्यांकन पद्धतिकै विस्तारित र विकसित रूप मान्न सकिन्छ। किनभने दैनिक रूपमा बालबालिकाका क्रियाकलापको मूल्यांकन गरेर त्रैमासिक रूपमा विश्लेषण गरेर तयार गरिने भएकोले यसलाई *क्यास* कै व्यवस्थित, विस्तारित र विकसित रूप भन्न सकिन्छ । क्यासको मर्म पनि त्रैमासिक वा वार्षिक परीक्षाको आधारमा हैन, दैनन्दिनका क्रियाकलापको आधारमा विद्यार्थीको मूल्यांकन गरिनुपर्छ भन्ने नै हो। र, विद्यार्थी कमजोर रहेको देखिएमा तत्काल सुधारात्मक क्रियाकलाप गरिनुपर्छ भन्ने यसको मान्यता हो। रिपोर्ट कार्डमा यही निरन्तर मूल्यांकनकै त्रैमासिक प्रगतिको विश्लेषणात्मक प्रतिवेदन समाविष्ट गरिएको मात्र हो। सरकारले केही वर्षदेखि सार्वजनिक विद्यालयमा *क्यास* लाई क्रियान्वयनमा ल्याउने प्रयत्न गरिरहेको छ। त्यसैले जुन सार्वजनिक विद्यालयमा *क्यास* लागू भएको छ, तिनीहरूले अब अलिकति थप मिहिनेत गर्ने हो भने रिपोर्ट कार्डलाई आफ्नो स्कूलमा सहजै भित्र्याउन सक्छन् । उता तुलनात्मक रूपमा कम शुल्क लिने धेरै निजी विद्यालयहरू अझै पनि परम्परागत पद्धतिकै फेर समातेर बसिरहेका छन् । त्यसको सबभन्दा ठूलो मारमा चाहिं ती स्कूलमा गइरहेका बालबालिका परेका छन्, जो यो सिकाइकेन्द्रित पद्धतिको लाभ पाउने अधिकारबाट बञ्चित भइरहेका छन् ।

वास्तवमा रिपोर्ट कार्ड विद्यार्थीको मात्र होइन, शिक्षकको पनि हो। विद्यार्थीको भन्दा बढी यो शिक्षक र स्कूलको मूल्यांकन हो। किनभने विद्यार्थीको चौतर्फी विकास र सिकाइ उपलब्धि उच्च नहुनुको अर्थ हो, स्कूलले राम्रो र उचित वातावरण दिन सकेन । त्यसैले, स्कूलको निम्ति सिकाइ क्रियाकलापको पुन:मूल्यांकनको ठूलो र महत्त्वपूर्ण अवसर पनि हो। सिक्ने र विकास गर्ने सोच र प्रवृत्ति भएका प्रअ तथा शिक्षकहरूले रिपोर्ट कार्डलाई विद्यार्थीको भन्दा बढी आफ्नो मूल्यांकनको कसी बनाउन सक्छन् र सिकाइ पद्धति र शैलीमा सुधार या परिवर्तनको बाटोमा आफूलाई अग्रसर गराउन सक्छन्। यदि स्कूल व्यवस्थापन र शिक्षकहरूले आफूलाई खुला राखेर बालबालिकाको चौतर्फी विकासमा समर्पित गर्ने हो भने रिपोर्ट कार्ड पद्धतिको मर्मलाई नेपालका सबै विद्यालयमा व्यवहारमा अनुवाद गर्न धेरै समय लाग्दैन । यसमा भएका वा देखिने कमी-कमजोरीलाई सुधार गर्दै जाने हो भने यो नेपालका सार्वजनिक र निजी दुवै विद्यालयको स्तर थोरै समयमा उकास्ने एउटा महत्त्वपूर्ण औजार सावित हुनेमा कुनै शंका छैन ।



श्रवण देव

रिपोर्ट कार्ड सम्बन्धी छलफलमा भाग लिंदै जनकल्याणका शिक्षक।

# मार्कशीटले मात्र पुग्दैन

**लिखित जाँचको आधारमा हाल दिने गरिएको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्ररूपी रिपोर्ट कार्डमा विद्यार्थीको समग्र स्थितिको लेखाजोखा समेटिन सकेको छैन। त्यसैले रिपोर्ट कार्ड प्रणालीलाई छात्रछात्राको बाह्य र आन्तरिक क्षमता एवं सम्भावना जस्ताको तस्तै देखाउने माध्यमको रूपमा परिमार्जन गर्न जरूरी छ।**

■ **बाबुराम विश्वकर्मा**

इन्दिरा काफ्ले जनकल्याण उमावि चुच्चेपाटीमा कक्षा ३ मा ग्रेड शिक्षण गर्छिन्। उनी आफ्नो कक्षाका सबै, ४५ जना छात्रछात्राको योग्यता, क्षमता, सीप, प्रतिभा, सम्भावना र सुधार गर्नुपर्ने पक्षको वस्तुनिष्ठ लेखाजोखा गर्न सक्ने आत्मविश्वास प्रकट गर्छिन्।

इन्दिराले कक्षामा सबैभन्दा कमजोर छात्रका रूपमा ९ वर्षका 'क' भाइ (नाम नदिइएको) लाई लिएकी छन्। 'क' भाइ कक्षाको अन्तिम बेन्चमा बस्छन्, कक्षामा हल्ला गर्छन्। अनुशासन, लेखाइपढाइ, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य आदि सबैमा उनको स्तर अरूको तुलनामा कमजोर छ। विषयगत परीक्षामा पनि उनले प्राय: 'सी ग्रेड' हासिल गर्ने गरेका छन्। आफूले अनेक प्रयास गर्दा पनि 'क' भाइ कक्षाको राम्रो छात्र हुन नसकेको इन्दिराको निचोड छ। तर, इन्दिराले 'क' भाइका कमजोरी सँगै उनको रुचि र सम्भावनाको क्षेत्र पनि पहिल्याएकी छन्। "पढाइमा कमजोर भए पनि 'क' भाइको रुचि र सम्भावना फूटबल र चित्रकलामा छ", इन्दिराले भनिन्।

'क' भाइको स्वभावले हाम्रा धेरै छात्रछात्राको प्रतिनिधित्व गर्छ। किनभने उनको जस्तै स्थिति भएका विद्यार्थी देशका हरेक विद्यालय र कक्षामा भेटिन्छन्। त्यसैले शिक्षकको नजर र कक्षामा खराब छात्रको छवि बनाएका छात्र 'क' भाइलाई कसरी सुधार गर्न सकिन्छ त? जनकल्याण उमाविका प्रअ तथा शिक्षकसँग शिक्षक मासिकले १४ फागुन २०६९ मा यही प्रश्नमा छलफल गर्‍यो। सो छलफलपछि आउँदो शैक्षिक सत्रदेखि 'क' भाइको स्वभाव उल्टाउन शिक्षकहरूले सामूहिक प्रयास गर्ने निधो गरेका छन्। 'क' भाइलाई उनको रुचि अनुसार चित्र कोर्न, फूटबल खेल्न अभिप्रेरित गर्ने; अन्तिम बेन्चको सट्टा पहिलो बेन्चमा जान्ने छात्रसँग राख्ने, पढेन भनेर गाली नगर्ने बरु उनका राम्रा पक्षको तारिफ गर्ने, राम्रो गर्दा पुरस्कार दिने, यसो गर भन्नुको सट्टा उनकै इच्छामा पढाइ/लेखाइ सम्बन्धी योजना बनाउने र कक्षा शिक्षकले उनको गतिविधिमा विशेष निगरानी गर्ने शिक्षकहरूको सामूहिक कार्ययोजना छ। यो योजना कार्यान्वयन गर्नुअघि 'क' भाइका राम्रा र नराम्रा पक्षबारे अभिभावकसँग पनि छलफल गर्ने टुंगो गरिएको छ।

जनकल्याण उमाविको यो योजना सफल भएमा 'यो विद्यार्थी जति गरे पनि सुध्रिन सक्दैन र भविष्यमा यसले केही गर्न सक्दैन' भन्दै दिक्दार भएका धेरै स्कूल र शिक्षकले विद्यार्थीलाई सुधार्ने नयाँ उपाय फेला पार्नेछन्। आखिर 'क' भाइमा कैयौं कमजोरीसँगै राम्रो चित्रकार वा फूटबल खेलाडी बन्न सक्ने सम्भावना उनकी कक्षा शिक्षकले अहिले नै पहिल्याइसकेकी छन्।

शिक्षक इन्दिराले आफ्नो कक्षाका कमजोर मात्र होइन उम्दा छात्रछात्राको पनि विस्तृत विवरण राखेकी छन्। उनको मूल्यांकनमा कक्षा ३ की छात्रा युनिका तामाङ प्रतिस्पर्धी, नेतृत्व क्षमता भएकी र सरसफाइमा ध्यान दिने स्वभावकी छन्। उनी पढाइमा पनि अरू भन्दा तेजिली छन्। तर, युनिका पनि कमजोरीरहित भने छैनन्। इन्दिराले युनिकाभित्र आफूभन्दा नजान्ने साथीलाई नसिकाउने र अरूलाई सहयोग नगर्ने कमजोरी

देखेकी छन् । "म युनिकाको यो कमजोरी हटाउने प्रयास पनि गरिरहेकी छु", शिक्षक काफ्ले भन्छिन् ।

आफूले वर्षभरि पढाएका छात्रछात्राको वस्तुनिष्ठ मूल्यांकनलाई शिक्षकहरूले विद्यार्थी रिपोर्ट कार्डमार्फत अभिव्यक्त गर्ने विश्वव्यापी चलन छ। विद्यार्थी रिपोर्ट कार्ड छात्रछात्राको क्षमता मूल्यांकनको कडी हो । त्यसैले यो शिक्षक स्वयंको पनि चुनौतीपूर्ण जाँच हो । किनभने, प्रमाणसहित विद्यार्थीको समग्र चरित्र केलाउनु सहज छैन। जनकल्याण उमाविकी कक्षा ४ की ग्रेड शिक्षक दुर्गा कोइराला आफ्नो कक्षाका ५० मध्ये करीब पाँच जना विद्यार्थीको बारेमा मात्र वस्तुनिष्ठ मूल्यांकन गर्न सक्ने धारणा राख्छिन् । अहिलेसम्म विद्यार्थीले जाँचमा लेखेको वा गृहकार्य गरेको आधारमा मात्र तिनको विषयगत मूल्यांकन गर्ने गरेको उनको अनुभव छ। यही कारण विद्यार्थीको समग्र मूल्यांकन चुनौतीपूर्ण भएको कोइरालाको कथन छ। कोइरालाले आफ्नो कक्षाका विद्यार्थीमध्ये समग्र मूल्यांकन गर्ने सक्नेमा कक्षा ४ का १४ वर्षीय छात्रा आशिष लामा पर्छन्। लामा पढाइमा उम्दा, धैर्यवान र अनुशासित छन् । कोइरालाले लामाभित्र भविष्यमा जुनसुकै क्षेत्रमा लागे पनि प्रगति गर्ने सम्भावना पहिल्याएकी छन्। आशिषबारे कोइराला भन्छिन्, "उनले आफूलाई अरु राम्रो पार्न चाहिं आक्रोशित हुने र हरेक कुरामा प्रतिक्रिया जनाइहाल्ने कमजोरी सच्याउनुपर्छ।"

शिक्षक दुर्गा कोइरालाको गहिरो निगरानीमा परेका अर्का विद्यार्थी सन्तोष फुयालसँग चाहिं चित्र बनाउने, लेख लेख्ने र नेतृत्व गर्ने क्षमता छ। दुर्गाले सन्तोषी र सोझो स्वभावका सन्तोषको कमजोरी फेला पार्न सकेकी छैनन्। उनको कक्षाका अर्का छात्र अजय लामा चाहिं बढी बोल्ने, चञ्चले तर पढाइमा राम्रो गर्ने खालका छन्। गृहकार्य गर्ने र नगरेमा शिक्षकलाई कारणसहित स्पष्टीकरण दिने उनी बहिर्मुखी स्वभावका छन्।

जनकल्याण उमाविकै कक्षा ८ की कक्षा शिक्षक किरण खड्काले कक्षा ८ का ७० जनामध्ये एकाध छात्रछात्राको मात्र गुण/दोष तथा सम्भावना पहिल्याएकी छन् । उनका अनुसार जाँचको उत्तरपुस्तिका जाँचेर अंक दिनु र विद्यार्थीको चरित्र र क्षमताको समग्र मूल्यांकन गर्नुमा आकाश-जमिनको अन्तर छ। उनले भनिन्, "हामीले अहिले उत्तरपुस्तिका परीक्षण गरेर अंक दिन मात्र जानेका छौं। समग्र मूल्यांकन गरेर सम्भावना पहिल्याउने सीपको हामीमा नितान्त अभाव छ।"

जनकल्याण उमाविका यी शिक्षकले नजिकबाट नियालेका तिनका विद्यार्थी सम्बन्धी लेखाजोखा उक्त विद्यालयको मूल्यांकन प्रणाली (रिपोर्ट कार्ड सिस्टम) मा अंकित हुने गरेको छैन। शिक्षकले आफ्नो बारेमा गरेको लेखाजोखाबारे न सम्बन्धित विद्यार्थी जानकार छन्, न त तिनका अभिभावक नै। औपचारिक र कागजी मूल्यांकन बाहेक शिक्षकहरूले पहिल्याएका विद्यार्थीका क्षमता तथा कमजोरीलाई आम शिक्षक-विद्यार्थी-अभिभावकको बीचमा पुऱ्याउने र सोही आधारमा विद्यार्थीको व्यक्तित्व विकासको योजना बनाउने हो भने मौजुदा स्कूलिङ सिस्टममा ठूलो योगदान पुग्ने अनुमान गर्न सकिन्छ।

१४ फागुनको छलफलमा सहभागी जनकल्याण उमाविका प्रअ नर्वदा पोखेल शिक्षकहरूले केही विद्यार्थीका बारेमा गरेको विषयगत तथा चारित्रिक मूल्यांकन सुनेर दंग परेकी थिइन्। उनले भनिन्, "हाम्रो रिपोर्ट कार्ड अरू स्कूलको भन्दा विस्तृत छ जस्तो लागेको थियो। तर, आज साथीहरूले पहिचान गरेका कुरा हाम्रो रिपोर्ट कार्डमा समेटिन सकेको छैन। आउँदो शैक्षिक सत्रबाट छात्रछात्राले जाँचमा पाएको अंक मात्र होइन, तिनको सबल/कमजोर पक्षसहित सुधारको विधि पनि उल्लेख गरेर व्याख्यात्मक रिपोर्ट कार्ड प्रणाली लागू गर्नेछौं।"

शिक्षक-विद्यार्थी र अभिभावकहरू समेत प्रायः सबैको बुझाइमा 'रिपोर्ट कार्ड' भनेको विद्यार्थीको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र हो । यस मानेमा जनकल्याण उमाविको विद्यार्थी मूल्यांकन प्रणाली अरू सार्वजनिक स्कूलको भन्दा विस्तृत लाग्छ। त्यहाँ हरेक विद्यार्थीको प्रगति विवरण नियमित रूपमा अद्यावधिक गरिन्छ। त्यस्तो प्रगति विवरणमा पहिलो, दोस्रो त्रैमासिक र वार्षिक परीक्षाको प्राप्तांकका आधारमा कुल विषयगत प्राप्तांक निकाल्ने गरिएको छ। त्यसैगरी जाँचमा पाएको विषयगत अंक बाहेक विद्यार्थीको उपस्थिति दर र गृहकार्यको अनुपात पनि त्यसमा समेटिन्छ। यसको आधारमा विद्यार्थीले पाएको पूर्ण प्राप्तांकलाई ए,बी,सी,डी मा वर्गीकरण गरेर अभिभावकलाई रिपोर्ट कार्ड दिने गरिएको छ।

८० अंकभन्दा बढी हासिल गर्ने विद्यार्थीलाई ए (विशिष्ट श्रेणी), ६० देखि ७९ अंक हासिल गर्नेलाई बी (प्रथम श्रेणी), ४५ देखि ५९ अंक हासिल गर्नेलाई सी (दोस्रो श्रेणी र ४५ अंकभन्दा तल हासिल गर्नेलाई डी (तेस्रो श्रेणी) मा वर्गीकरण गरिन्छ। तैपनि यस्तो प्रोग्रेस रिपोर्टमा विद्यार्थीको समग्र मूल्यांकन भेटिंदैन। महेन्द्रबौद्ध स्रोतकेन्द्रका स्रोतव्यक्ति रामनारायण साह भन्छन्, "धेरै स्कूललाई रिपोर्ट कार्डको प्रयोग र महत्त्व नै बुझाउन सकिएको छैन। रिपोर्ट कार्ड बराबर मार्कशीट र सर्टिफिकेट भएको छ। तर, वास्तविक रिपोर्ट कार्डमा विद्यार्थीको समग्र मूल्यांकन हुनैपर्छ।"

### निरन्तर नभएको 'क्यास'

नेपालमा विद्यार्थीको प्रगति जाँच्ने माध्यमका रूपमा लिखित परीक्षा नै मुख्य माध्यमका रूपमा रहँदै आएको छ। एसएलसी जाँचलाई दिइएको अत्यधिक महत्त्व त्यसकै उत्कर्ष हो। तर, २०६३ सालदेखि शिक्षा विभागले कक्षा १ देखि ५ सम्म चाहिं मार्कशीट र प्रमाणपत्र भन्दा एक कदम अघि बढेर विद्यार्थीको निरन्तर मूल्यांकन प्रणाली (क्यास) लागू गरेको छ। यस प्रणालीको मुख्य सार विद्यार्थीका सबै पक्षको मूल्यांकन गरेर रिपोर्ट कार्ड तयार गर्नु हो।

'क्यास' लागू भएपछि कक्षा ३ सम्म लिखित जाँचको औचित्य लगभग सकिएको छ भने कक्षा ४ र ५ मा चाहिं ५० प्रतिशत लिखित जाँच र ५० प्रतिशत निरन्तर मूल्यांकनका आधारमा विद्यार्थीको प्रगति विवरण तयार गरिनुपर्छ। क्यासमा शिक्षकले प्रत्येक पाठ सकेपछि विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरी गरी पाँचबुँदे मापदण्डका आधारमा क्यास फारम भर्नुपर्ने प्रावधान छ।

ललितपुरको पुल्चोकस्थित त्रिपद्म विद्याश्रम उमाविमा निरन्तर विद्यार्थी मूल्यांकन, विषयगत अंक, शिक्षकको आन्तरिक मूल्यांकन, सरसफाइ तथा अनुशासनका आधारमा विद्यार्थी 'रिपोर्ट कार्ड' तयार गरिन्छ। तर, उत्तरपुस्तिका परीक्षणको तुलनामा शिक्षकहरूले क्यासलाई झञ्झटिलो प्रक्रिया मानेको प्रअ विद्या पाण्डेको अनुभव छ। पाटन उमावि अगुवा स्रोत केन्द्रका स्रोतव्यक्ति सत्यनारायण महर्जनको कथनमा क्यासलाई शिक्षकहरूले आत्मसात गर्न सके परम्परागत विद्यार्थी मूल्यांकन प्रणालीमा पक्कै केही सुधार आउने थियो। उनी थप्छन्, "तर, धेरै शिक्षकले दैनिक रूपमा भर्नुपर्ने क्यास फारम तीन महीनामा भर्ने गरेकाले क्यासको विश्वसनीयता शंकाको घेरामा परेको छ।"

आवरण



मेदिन लामिछाने

# विद्यार्थीको प्रगति विवरण/रिपोर्ट कार्ड

# किन, कस्तो र कसरी ?

**विद्यालयको प्रगति विवरण कुनै विद्यार्थीले सम्बन्धित विषयमा के कस्तो ज्ञान निर्माण गऱ्यो ? के अवधारणा बुझ्यो ? के-के सीप सिक्यो ? कस्तो प्रवृत्ति र आचरणको विकास गऱ्यो ? कस्ता मूल्य र मान्यता ग्रहण गर्न सक्ने भयो ? आदि प्रश्नहरूको उत्तर दिन सक्ने हुनुपर्दछ।**

विगत चालीस वर्षमा नेपालमा दर्जनभन्दा बढी नै शिक्षामन्त्री र शिक्षा सचिवहरू भए। शिक्षा ऐन र नियमावली पटक पटक संशोधन भए। पाठ्यक्रममा पनि परिवर्तन भयो। अर्बौं रुपैयाँ शिक्षक तालीम र उनीहरूको वृत्ति-विकासमा खर्च गरियो। कैयौं अनुसन्धानहरू भए। विश्वविद्यालयले शिक्षा क्षेत्रमा हजारौं जनशक्ति उत्पादन गरे। केही मात्रामा भए पनि शिक्षण सिकाइ क्रियाकलापमा परिवर्तन आयो। तर हाम्रा विद्यालयले परीक्षाको अन्त्यमा विद्यार्थीलाई दिने वार्षिक-अर्धवार्षिक प्रगति विवरणमा भने केही पनि फरक आएन। जबकि; यही अवधिमा देशको संविधान नै तीन पटक फेरियो र चौथो पटकको फेराइको तयारी धुमधामसाथ भइरहेछ।

आखिर हाम्रा विद्यालयले दिने प्रगति विवरणमा के त्यस्तो महत्त्वपूर्ण सूचना वा चिज छ, जसलाई हामीले परिवर्तन गर्नै चाहेनौं; यसको रूप बदल्न सकेनौं ? नीति-निर्माताहरूले, विश्वविद्यालयले, शिक्षासँग सम्बन्धित निकायहरूले प्रगति विवरणमा परिवर्तन वा हेरफेर गर्न आवश्यक नदेखेर परिवर्तन नगरिएको हो कि यसमा ध्यान दिन नभ्याएर त्यस्तो प्रगति विवरणले निरन्तरता पाइरहेको हो? आजको युगमा हरेक चिज क्षणक्षणमा परिवर्तन भइरहेका छन्; तर विद्यार्थीको प्रगति विवरण चाहिं जस्ताको तस्तै रहन कसरी सफल भयो? अरू अचम्मको कुरा; शिक्षामा कम्प्युटरलगायतका प्रविधिको प्रयोग व्यापक रूपमा भइसक्दा पनि यसलाई कसैले छुन सकेन।

विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीलाई विद्यालयले चारित्रिक प्रमाण-पत्र पनि दिने गर्दछ। चारित्रिक प्रमाणपत्रमा लेखिएका शब्द र भावको कुनै मूल्यबोध हामीले नगरे पनि प्रमाणपत्रको आवश्यकतालाई चाहिं हामीले गहिरोसँग स्वीकार गरेका छौं। त्यसैले त उच्च तहका विद्यालय तथा महाविद्यालयहरूले विद्यार्थी भर्ना गर्दा त्यस्ता चारित्रिक प्रमाणपत्र अनिवार्य बुझाउन लगाउँछन्। तर विडम्वना अर्कै छ। कुनै एउटा विद्यार्थी विद्यालयमा आफ्नो विद्यार्थी कालमा एकदम अनुशासित छ। मनमा लागेका वा उठेका द्विविधाहरू धक नमानी कक्षामा वा साथीसङ्गीसँग सोध्छ। आफूले जानेका/बुझेका कुराहरू प्रष्टसँग कक्षामा व्यक्त गर्दछ। छलफलको क्रममा आफ्नो कुरा/भावना व्यक्त गर्दछ र अरूको विचार/भावनाको कदर गर्दछ। दिइएको कक्षाकार्य/गृहकार्य/योजनाकार्य समयमा पूरा गर्दछ। समूहमा मिलेर बस्छ। आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्दछ। अनि विद्यालयको सम्पत्ति आफ्नैसरह ठानेर व्यवहार गर्दछ। त्यस्ता विद्यार्थीलाई विद्यालयबाट चारित्रिक प्रमाणपत्र दिइन्छ र चारित्रिक प्रमाणपत्रको अन्त्यमा लेखिन्छ: 'निजको चालचलन र व्यवहार सन्तोषजनक छ।' अथवा "She/he bears a good moral character"। अब अर्को विद्यार्थी छ उही कक्षामा। न त ऊ विद्यालयमा नियमित छ; न त दिइएको काम समयमा बुझाउँछ। न कक्षाकोठाको नियम पालना गर्दछ। न त अरूको विचारको सम्मान नै। सिकाइ वातावरणमा खलल पुऱ्याउनु उसको दैनिकी जस्तै हुन्छ। साथीभाइसँग झगडा नगरेको र साथीभाइलाई नपिटेको शायद दिन छैन होला उसको। जब ऊ विद्यालयबाट दीक्षित हुन्छ उसलाई पनि चारित्रिक प्रमाणपत्र दिइन्छ र प्रमाणपत्रको अन्त्यमा माथिजस्तै लेखिन्छ: "निजको चालचलन र व्यहोरा असल छ।" या "She/he bears a good moral character"।

यसबाट स्पष्ट हुन्छ- विद्यार्थीको व्यवहार विद्यालयमा छँदा जे जस्तो भए पनि त्यसले उसको चारित्रिक प्रमाणपत्रमा कुनै मान्यता राख्दैन। अरू यो भन्दा ठूलो विडम्बना त के हुन्छ भने १० वर्षपछि दीक्षित हुने विद्यार्थीको चारित्रिक प्रमाणपत्र १० वर्षअघि नै छापेर राखिसकेका हुन्छौं। विद्यार्थी जस्तोसुकै होस्, उसले जस्तोसुकै व्यवहार देखाओस्, त्यसले उसको प्रमाणपत्रमा केही फरक पार्दैन। विद्यार्थीको र अभिभावकको नाम, जन्ममिति र रजिष्ट्रेशन नम्बर बाहेक विद्यार्थीहरूलाई दिइने सबै चारित्रिक प्रमाणपत्रमा अरू कुरा उही हुन्छन्।

प्रगति विवरणको उद्देश्य साधारण छ। यसले विद्यार्थीको कुनै अवधिको प्रगति अभिभावक वा सम्बन्धित अन्य निकाय वा पक्षलाई जानकारी गराउनु हो। यसरी विद्यार्थीको प्रगति जानकारी गराउँदा सकारात्मक तरीकाले सत्यतथ्य कुराहरू जानकारी गराउनुपर्दछ।

**आमप्रचलनमा रहेको प्रगति विवरण (रिपोर्ट कार्ड) मा लब्धाङ्कपत्रको नमूना**

**विद्यालयको नामः**
प्रथम त्रैमासिक/दोस्रो त्रैमासिक/अन्तिम परीक्षा २०-
विद्यार्थीको नाम : गीता खड्का कक्षा: ५, रोल नं: ५
प्रगति विवरण

| क्र.सं. | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | अंग्रेजी | १०० | ३२ | ५८ | |
| २. | नेपाली | १०० | ३२ | ६२ | |
| ३. | गणित | १०० | ३२ | ६५ | |
| ४. | विज्ञान | १०० | ३२ | ५३ | उत्तीर्ण |
| ५. | विषय-क | १०० | ३२ | ४८ | |
| ६. | विषय-ख | १०० | ३२ | ५७ | |
| ७. | विषय-ग | १०० | ३२ | ४३ | |
| जम्मा | | ७०० | २२४ | ३८६ | |

माथिको विवरणबाट गीता खड्काका अभिभावकले छोरीको प्रगतिबारे के कुरा बुझ्ने? अभिभावकले चाहेको या उनीहरूलाई चाहिने र विद्यालयले दिनै पर्ने जानकारी के यस्तो खालको प्रगति विवरणले दिन्छ त? के माथिको प्रगति विवरणले शिक्षकले कुनै अवधिमा विभिन्न विषयमा कुन कुन विषयवस्तुको पढाइ भयो? कस्ता-कस्ता क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराइयो? विद्यार्थीले के कस्तो उपलब्धि हासिल गरे? के के सीप सिके? कसले कुन ज्ञान निर्माण गऱ्यो? कस्ता कस्ता अवधारणा बुझे? आदि कुरा बताउँछ त? यदि बताउँदैन भने यस्तो खालको प्रगति विवरणको के काम? गीता खड्काले अंग्रेजी विषयमा पाएको ५८ अंकले के कुराको संकेत गर्छ? के ५८ अंक भनेको विद्यार्थीलाई सिकाइएको सीप, निर्माण गरेको ज्ञान र बुझेको अवधारणामा विद्यार्थीले ५८ प्रतिशत दक्षता हासिल गरेको भनिएको हो? कि विद्यार्थीले अझै ४२ प्रतिशत सीप, ज्ञान र अवधारणा सिक्न, निर्माण गर्न र बुझ्न बाँकी छ भनिएको हो?

माथि उल्लिखित प्रगति विवरणले पैदा गर्ने जिज्ञासा यत्तिकैमा टुङ्गिँदैनन्। गीताले अंग्रेजी विषयमा पाएको ५८ अङ्क कसरी आयो? उक्त परीक्षामा सोधिएका प्रश्नहरूको वैधता के हो? त्यसको विश्वसनीयता कस्तो छ? उक्त अङ्क ल्याइएको प्रश्नपत्रको कठिनाइ स्तर कस्तो छ? के त्यो परीक्षामा सोधिएका प्रश्नले उक्त अवधिमा पढाइएको पाठ्यक्रमलाई समग्र रूपमा समेटेको छ? प्रश्नपत्र कण्ठ गरेर उत्तर दिने खालका छन् कि रचनात्मक चिन्तन जस्ता सीप प्रयोग गरेर उत्तर दिनुपर्ने प्रकृतिका छन्? यी र यस्ता यावत् प्रश्नको जवाफ यो प्रगति विवरणले दिन सक्छ त? यहाँ उठाउन खोजिएको मूल कुरा के हो भने विद्यार्थीलाई दिइने प्रगति विवरणले कर्मकाण्डीय भूमिका मात्र पूरा नगरी यसलाई कसरी विद्यार्थी र अभिभावकको हितमा प्रयोग गर्न सकिन्छ भन्ने नै हो।

हामी प्राय: विद्यार्थीले हासिल गरेको उपलब्धिलाई उसको 'सफलता' वा 'असफलता' को रूपमा अर्थ्याउने गर्छौं। एउटा विद्यार्थी कुनै विषयमा 'अनुत्तीर्ण' भयो (परम्परागत शिक्षण सिकाइमा प्रयोग गरिने शब्द) वा भनौं विद्यालयले निर्धारण गरेको मानक भन्दा कम अंक मात्र ल्यायो भने हामी त्यसको भागिदार वा मूल कारक तत्व उसैलाई या विद्यार्थीलाई ठान्दछौं। विद्यार्थीको असफलताको दोस्रो कारक तत्व अभिभावक र विद्यार्थीको घरायसी वातावरणलाई ठान्दछौं। आजका मितिसम्म विद्यार्थीको असफलताको श्रेय वा भागिदार विद्यालय, विद्यालय प्रशासन र शिक्षकले लिएको सुन्न, देख्न र अनुभव गर्न पाइएको छैन। तर कुनै पनि विद्यार्थीको सफलताको श्रेय लिन भने विद्यालय, विद्यालय प्रशासन र शिक्षकहरू तँछाडमछाड गरेर लागिपर्दछन्। 'मैले पढाएर त्यो विद्यार्थी त्यस्तो भयो।' 'हाम्रो विद्यालयमा पढेर त्यो विद्यार्थीले यत्रो उपलब्धि हासिल गर्न सक्यो', आदि। मिहिनेत गरेर अपलब्धि हासिल गर्ने विद्यार्थी स्वयंले भने श्रेयको केही अंश मात्र पाउँछ। विद्यार्थीको प्रगति विवरणको लुकेको तर अनिवार्य पाटो यो पनि हो। यहाँ उजगार गर्न खोजिएको पक्ष के हो भने विद्यार्थीको प्रगति विवरणमा उल्लेख गरिएका सूचना वा जानकारीले त्यो विद्यार्थीले हासिल गरेको उपलब्धिको मात्र जानकारी दिँदैन, त्यसले त विद्यार्थीलाई सीप सिक्न, ज्ञान निर्माण गर्न र अवधारणा बुझ्न विद्यार्थीले के कस्तो मौका प्रदान गऱ्यो, कस्तो वातावरण सिर्जना गऱ्यो, कस्ता कस्ता क्रियाकलापमा विद्यार्थीलाई सहभागी गरायो भन्ने कुरा पनि सँगसँगै बताइरहेको हुन्छ।

प्रगति विवरण दिनु भनेकै परिवार र विद्यालयबीच सम्वाद गर्नु हो। त्यस्तो सम्वाद बढाउने विषयवस्तु अभिभावक मैत्री हुनै पर्दछ। तर दु:खको कुरा, हाम्रा शैक्षिक संस्थाहरू अभिभावक मैत्री हुनै सकेनन्। किन अधिकांश विद्यालयमा प्रगति विवरण लिन जानुपऱ्यो भने अभिभावकहरूलाई टाउको दुख्छ? किन उनीहरू उत्साहित हुँदैनन्? किन उनीहरू सकेसम्म सम्वादलाई टुंग्याएर उम्किन खोज्छन्? यसको एउटै मात्र कारण छ हामी शिक्षक-विद्यालयहरू अभिभावक मैत्री भएनौं। हामीले जहिले पनि विद्यार्थीको शुल्क तिर्न विलम्ब हुँदा, विद्यार्थीले विद्यालयमा कुनै काम बिगार्दा वा विद्यालयलाई सहयोग चाहिए मात्र अभिभावकहरूलाई विद्यालयमा बोलाउँछौं। विद्यार्थीले कुनै राम्रो काम गर्दा, राम्रो प्रश्न सोध्दा, सक्रिय रूपमा कक्षाकोठामा सहभागी जनाउँदा, कक्षा कार्य/गृहकार्य अनि योजना कार्यमा राम्रो दक्षता प्रदर्शन गर्दा वा कुनै क्रियाकलापमा उत्कृष्टता हासिल गर्दा अभिभावकलाई खबर गर्न आवश्यक ठान्दैनौं। यसले गर्दा नै विद्यालयमा बोलायो कि अभिभावकहरू तर्सने स्थिति सिर्जना भयो।

## प्रगति विवरण कस्तो हुनुपर्छ त ?

छोटकरीमा भन्नुपर्दा विद्यालयको प्रगति विवरण कुनै विद्यार्थीले सम्बन्धित विषयमा के कस्तो ज्ञान निर्माण गऱ्यो? के-के सीप सिक्यो? के अवधारणा बुझ्यो? कस्तो प्रवृत्ति र आचरणको विकास गऱ्यो? कस्ता मूल्य र मान्यता ग्रहण गर्न सक्ने भयो? आदि प्रश्नहरूको उत्तर दिन सक्ने हुनुपर्दछ। यस्ता प्रश्न समेटिने गरी समग्र विषयको प्रगति एउटै कागजको पानामा दिन कठिन हुन्छ। त्यसैले विद्यार्थीको प्रगति विवरण निकै लामो पनि हुन सक्छ। लामो विवरणले अभिभावक तथा सम्बन्धित अन्य पक्षहरूलाई विद्यार्थीको

आवरण

# नेपाली भाषाको प्रगति विवरणको नमूना

| | | | | | |
|---|---|---|---|---|---|
| विद्यालयको नाम: प्रथम त्रैमासिक अवधिको प्रगति विवरण | | | | | |
| विद्यार्थीको नाम: | गीता खड्का | कक्षा | ५ | | |
| कुल विद्यालय चलेको दिन | ७५ | उपस्थिति भएको दिन | ६९ | अनुपस्थित भएको दिन | ६ |
| अनुमति प्राप्त अनुपस्थित दिन | ३ | अनुमति अप्राप्त उपस्थित दिन | ३ | | |
| जम्मा गृहकार्यको सङ्ख्या | ३० | विद्यार्थीले बुझाएको गृहकार्य | २७ | | |
| जम्मा परियोजना कार्यको सङ्ख्या | ७ | विद्यार्थीले बुझाएको परियोजना कार्यको सङ्ख्या | ७ | | |

## १. सिकाइको क्षेत्र

**यस अन्तर्गत तोकिएको निश्चित अवधिमा कक्षाको कुनै विषयमा के–कस्ता पाठ्यक्रमको पढाइ भयो भन्ने कुराको विस्तृत व्याख्या गरिन्छ। जस्तैः नेपाली भाषा शिक्षण गर्दा भाषाका प्रमुख चार सीप (सुनाइ, बोलाइ, पढाइ (बाह्य/आन्तरिक) लेखाइ,) र दुई क्षेत्रहरू (शब्दभण्डार र वाक्यगठन) लाई उत्तिकै प्राथमिकताका साथ अध्यापन र मूल्याङ्कन गरिन्छ। कक्षा पाँचका विद्यार्थीले पहिलो त्रैमासिक अवधिका लागि पाठ्यपुस्तकका निर्धारित पाठ अनुसार कथा विधा अन्तर्गत कर्मको फल, आँखाको ज्योति, प्रेरणा, पश्चात्ताप र रीसको औषधि (संवाद) शीर्षकका पाठहरू पढेका छन्। बाह्य पढाइ अन्तर्गत आहा! कति मीठो खीर! कथाको किताब पढ्नुका साथै अन्य लघुकथाहरू पनि सुनेर लिखित/मौखिक समीक्षा गरेका छन्। हाल उनीहरूले धुमधामको घुमघाम किताब पढ्न शुरू गरेका छन्।**

## २. मुख्य क्रियाकलाप

**यस अन्तर्गत विद्यार्थीलाई ज्ञान निर्माण, सीप सिकाइ तथा अवधारणा बुझाइको लागि कस्ता कस्ता क्रियाकलापमा संलग्न गराइयो, ती क्रियाकलापको व्याख्यासहित सूची तयार पारी राखिन्छ। जस्तैः**

**सुनाइ/बोलाइः** यस अन्तर्गत पढाइएका कथामा प्रयोग भएका शब्दको ध्वनि सुनी सही उच्चारण गरी पढ्न सिकाइएको, शिक्षक वा साथीले उच्चारण गरेका शब्द सुनेर भन्ने र लेख्ने कार्य गराइएको, त्यस्तै प्रश्न सुनेर उत्तर भन्ने र लेख्ने कार्य गराइएको छ।

**शब्दभण्डारः** यस अन्तर्गत अध्यापन गरिएका पाठबाट कम्तीमा १२/१२ ओटा नयाँ शब्दको अर्थ, पर्यायवाची शब्द, विपरीतार्थक शब्द, निपात आदिबारे छलफल गराई वाक्यमा प्रयोग गर्न सिकाइएको, पढाइएका पाठबाट सिकिएका नयाँ शब्दबारे चर्चा र परिचर्चा गराइएको, शब्दार्थ ज्ञान गराउन कक्षामा समय–समयमा पाठसँग सम्बन्धित बिङ्गो, हाजिरीजवाफ, गाउँखाने कथा आदि खेलहरू खेलाएर रमाइलोसँग सिक्ने र सिकाउने कार्य गरिएको।

**वाक्यगठनः** चिह्न र मात्राहरू उपयुक्त तरीकाले प्रयोग गर्न सिकाइएको, वचन, लिङ्ग, पुरुष, काल र क्रिया मिलाएर वाक्यगठन गर्न सिकाइएको, वर्णविन्यास र संयोजकहरू प्रयोग गरी वाक्य निर्माण गर्न सिकाइएको।

**पढाइ (बाह्य/आन्तरिक)ः** उल्लिखित कथाहरू कक्षामा पालैपालो पढ्न लगाएर बुझेका कुराहरू भन्न लगाइएको, आहा! कति मीठो खीर! कथा पढेर समीक्षा गरी धुमधामको घुमघाम पढ्न शुरू गराइएको।

**लेखाइः** चित्रकथा लेख्नुका साथै पढिएका कथाहरूको समीक्षात्मक कार्य (कथाको सार लेखी कथा माला, कथा बादल, कथा चक्र आदि) बनाउने काम गराइएको, सबै विद्यार्थीलाई ऐच्छिक दुई शीर्षकमा कथा लेख्न लगाई आफूले लेखेका कथा कक्षामा पढेर सुनाउने काम गराइएको।

## ३. पाठ्यक्रम अनुसार सिकाइ सीपको उद्देश्य

**यस अन्तर्गत एउटा निश्चित समयावधिमा कुनै एउटा कक्षामा शिक्षकले के के उद्देश्य हासिल गर्न विद्यार्थीलाई के कस्ता क्रियाकलापमा संलग्न गराए, त्यस्ता उद्देश्यहरूको सूचीसहित विद्यार्थीको मूल्यांकन गरिन्छ। साथै विद्यार्थीको मूल्यांकन गर्दा मूल्यांकनको आधार पनि उल्लेख गरिन्छ। यसको नमूना पृष्ठ संख्या ३३ मा दिइएको छ।**

## ४. प्रगति गरेका क्षेत्र

**विषय अनुसार विद्यार्थीको कक्षागत सहभागिता कस्तो छ ? उसको कक्षाकार्य, गृहकार्य, परियोजना कार्य तथा सम्बन्धित विषयका आधारभूत कुरामा विद्यार्थीले हासिल गर्दै गरेका उपलब्धि यसमा उल्लेख गरिन्छ। जस्तैः**

**कक्षागत सहभागिताः** गीता कक्षा र समूहमा अरूको विचारको सम्मान गर्ने, नबुझेका कुराहरू पालो पर्खेर सोध्ने र विचार राख्नुपूर्व अनुमति लिने, सोधिएका प्रश्नको सही उत्तर दिनुका साथै विचार आदानप्रदान गर्ने, कक्षामा आफ्नो विचार प्रस्तुत गर्न अग्रसर हुने, अरूलाई सहयोग गर्न तत्पर हुने, सही समयमा सक्रिय सहभागिता देखाउने, विषयवस्तुसँग आधारित भएर प्रश्न सोध्ने, कक्षा नियमको पालना र सम्मान गर्ने, कक्षामा भइरहेका गतिविधिमा ध्यान दिने, शिक्षकले दिएका निर्देशन पालना गर्ने, प्रयोगपश्चात् सामग्रीहरू मिलाएर उचित ठाउँमा राख्ने, अरूबाट आफूले अपेक्षा गरेजस्तै व्यवहार अरूलाई गर्ने, कक्षा सुरुआतसँगै आवश्यक शैक्षिक सामग्रीसहित तम्तयार रहने जस्ता कुरामा उनको काम प्रशंसनीय छ।

**कक्षाकार्यः** निर्देशनको सही पालना गर्ने, दिइएका कार्यप्रति केन्द्रित रहन, विषयवस्तुको पूर्णताका साथै मुख्य कुराहरू प्रष्ट रूपमा समावेश गर्न, बोधगत क्षमता कार्यमा प्रतिबिम्बित हुन, समयमा काम पूरा गरी बुझाउने, कार्य सफासँग गर्ने जस्ता कुराहरूमा गीताको प्रस्तुति सराहनीय छ।

**परियोजना कार्यः** गीता समूहगत कार्यमा निरन्तर सहभागिता देखाउने, समूहगत कार्यमा गर्नुपर्ने जिम्मेवारी बोध तथा बहन गर्ने, समूहगत कार्य सफलतापूर्वक सम्पन्न गर्ने, समूहगत योजना कार्य गर्दा व्यक्ति-व्यक्तिले गर्नुपर्ने काम पूर्ण रूपमा गर्ने, योजना कार्य गर्दा समूहका अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने, योजना कार्यमा सिर्जनात्मक क्षमता प्रस्तुत गर्ने, समूहगत कार्य गर्दा आफ्नो कामको तार्किक पुष्टि

## पाठ्यक्रम अनुसार सिकाइ सीपको उद्देश्य र मूल्याङ्कन

| क्र.सं. | उद्देश्यः | १ | २ | ३ | मूल्याङ्कनका आधार |
|---|---|---|---|---|---|
| १. | अध्यापन गरिएका पाठबाट कम्तीमा १२/१२ ओटा नयाँ शब्दको **अर्थ**, **पर्यायवाची शब्द**, **विपरीतार्थक शब्द** आदि बारे जानकारी लिई वाक्यमा प्रयोग गर्न | √ | | | कक्षकार्य, गृहकार्य, कक्षा सहभागिता |
| २. | शब्दहरू सुनेर लेख्न | | √ | | कक्षाकार्य |
| ३. | उल्लिखित कथाहरू सुनेर वा पढेर पात्रहरूको मौखिक रूपमा चरित्र चित्रण गर्न | √ | | | कक्षाकार्य, गृहकार्य |
| ४. | उक्त कथाका भाव/मर्म भन्न र लेख्न | √ | | | कक्षाकार्य, गृहकार्य |
| ५. | **आहा ! कति मीठो खीर !** कथाको किताब पढेर मौखिक/लिखित समीक्षा गर्न | √ | | | कक्षाकार्य, गृहकार्य |
| ६. | विराम चिह्न (।, ?, " " , ! ,) आधा अक्षर र मात्राहरूको उपयुक्त तरीकाले प्रयोग गर्न | | | √ | कक्षाकार्य, गृहकार्य |
| ७. | **वचन**, **लिङ्ग**, **पुरुष**, **काल** र **क्रिया** मिलाएर वाक्यगठन गर्न | | √ | | परियोजना कार्य |
| ८. | **त्यसैले**, **र**, **पनि**, **तर**, **अनि**, **किनभने** संयोजकहरू प्रयोग गरी **संयुक्त** वाक्य निर्माण गर्न | | √ | | कक्षाकार्य, गृहकार्य |
| ९. | वर्णविन्यास (**श**, **स**, **भ**, **ब**, **व**, **य**, **ए**, **छ**, **क्ष**) को सही तरीकाले प्रयोग गरी लिखित तथा मौखिक रूपमा शब्दलेखन वा वाक्यगठन गर्न | √ | | | कक्षाकार्य, गृहकार्य कक्षा सहभागिता |
| १०. | क्रियाहरूको रूप बदली वाक्य परिवर्तन गर्न | | √ | | कक्षाकार्य, गृहकार्य |
| ११. | निर्देशित शीर्षकमा अनुच्छेद लेखन, चित्रकथा लेखन र चित्रवर्णन कार्य गर्न | | √ | | परियोजना कार्य, पोर्टफोलियो |
| १२. | कुनै शीर्षकमा कथा लेख्न | | √ | | |
| १३. | पाठहरूसँग सम्बन्धित प्रश्नोत्तर र अन्य अभ्यासहरू हिज्जे शुद्ध पारी लेख्न | | | √ | कक्षाकार्य, गृहकार्य |
| १४. | हस्तलेखन सफा र स्पष्ट तुल्याउन | | √ | | कक्षाकार्य, गृहकार्य परियोजना कार्य, पोर्टफोलियो |

**मूल्याङ्कन संकेत** : १. **उत्तमः** गराइएका कामहरूको धारणा स्पष्टसँग बुझेर पूरा गर्ने २. **सुधारोन्मुखः** गराइएका कामहरू सकेसम्म पूरा गर्न प्रयास गर्ने ३. **सुधार आवश्यकः** गराइएका कामको धारणा नबुझेकाले अझै धेरै अभ्यास गर्नुपर्ने।

गर्ने, विषयवस्तुको निष्कर्ष तथ्यगत रूपमा पुष्टि गर्ने, समूहगत कार्य निर्माण तथा प्रस्तुतिमा सिर्जनात्मकता प्रस्तुत गर्ने, समयमा योजना कार्य बुझाउने जस्ता कुराहरूमा उनको प्रस्तुति सराहनीय छ।

**पढाइ** : गीता कथा विधाका पाठहरू पढ्दा पात्रका संवादलाई हाउभाउसहित रोचक तरीकाले पढ्न धेरै नै सिपालु भएकी छन्। कथा पढेर नाटक गराउँदा उनी निर्देशित पात्रको भूमिका अनुसार वातावरण सुहाउँदो संवाद प्रस्तुत गर्न निकै उत्साहित हुने गर्छिन्। उनलाई जनावरका बारेमा र सामाजिक विषयवस्तु समेटेर लेखिएका कथा पढ्न मन पर्छ। यस्ता कथा पढेर समीक्षा गर्ने कार्यमा उनको प्रस्तुति प्रशंसनीय देखिन्छ। पढेर अर्थ बुझेका शब्दलाई सन्दर्भ मिलाएर वाक्य निर्माण कार्यमा पनि उनले सुधार गर्दै छिन्।

**लेखाइ** : गीताको निर्देशित परियोजना कार्य र गृहकार्यहरू सधैं गरेर बुझाउने बानी राम्रो छ। साथीसँग मिलेर समूहमा कथा लेख्ने क्रममा उनी घटनालाई सुहाउँदो संवाद प्रस्तुत गर्ने गर्छिन्। हाँस र कछुवाको चित्रसँग सम्बन्धित कथालेखन कार्यमा गीताले कथाको अन्त्य रोचक तरीकाले गरेकी छिन्। अनुच्छेद लेखन, चित्र वर्णन र छोटो उत्तर लेख्ने कार्य उनी सहयोग विना नै गर्ने गर्छिन्। वाक्यगठन कार्यमा गीताले वचन र लिङ्ग अनुसार क्रियाको रूप परिवर्तन गर्न सुधार गर्दै छिन्। दिइएको निर्देशनको पालना गर्ने, दिइएका लिखित कार्यको उद्देश्य बोध गर्ने र सो कार्यमा बुझाए प्रतिबिम्बित गर्ने, आफ्नो बुझाइमा एकरूपता कायम गरी लिखित कार्यका वाक्यरचना, अनुच्छेद, संरचना आदि पक्षहरू सही ढङ्गले प्रस्तुत गर्ने, अनुच्छेदको मूल आशय व्यक्त गरी त्यसलाई तथ्यगत रूपमा थप पुष्टि गर्ने, लेखाइ कार्यमा विविध वाक्य संरचनाको प्रयोग गर्ने, वर्णविन्यास, चिह्न तथा व्याकरणको शुद्ध प्रयोग गर्ने, अक्षरहरू वान्की मिलेका, सफा र प्रष्टसँग जाँचकीले पढ्न सक्ने गरी लेख्ने, दिइएको समयमा कार्य बुझाउने, कार्यहरू सफासँग प्रस्तुत गर्ने गरेकी छिन्।

### ५. सुधार गर्नुपर्ने क्षेत्र

**यस अन्तर्गत विद्यार्थीले कुनै विषय वा क्षेत्रमा सुधार गर्नुपर्ने कुराहरू उल्लेख गरिन्छ। यसले विद्यार्थी आफैंलाई, शिक्षकलाई तथा अभिभावकलाई उक्त विद्यार्थीको सिकाइमा, ज्ञान निर्माण र अवधारणा बुझाइमा आएका समस्या पहिल्याई तिनको निराकरण कसरी गर्न सकिन्छ भन्ने कुरा पनि बताउँछ। समस्या पत्ता लगाउनु नै समाधानको उपाय भएकोले सिकाइमा यसको अहं भूमिका हुन्छ। जस्तैः**

गीता खड्काले सिर्जनात्मक लेखन (**कथालेखन, अनुच्छेद लेखन, चित्रवर्णन**) कार्यमा विषयवस्तुलाई सिलसिलाबद्ध तरीकाले मिलाएर विस्तृत रूपमा प्रस्तुत गर्न निरन्तर अभ्यास गर्नुपर्ने देखिन्छ। पाठसँग सम्बन्धित प्रश्नको लामो उत्तर दिने कार्य गर्दा उनले अक्षर अलि सफा बनाई मात्राहरू ( ा ि ी ु ू ँ ) सही तरीकाले प्रयोग गर्न होशियार भएमा धेरै राम्रो हुनेछ।

### निष्कर्ष

माथिको प्रगति विवरण एउटा नमूना मात्र हो। शिक्षकले चाहेमा गर्न नसक्ने भन्ने केही छैन। शिक्षामा परिवर्तनका संवाहक भनेका हामी शिक्षक नै हौं। अन्य निकाय भनेका त हाम्रा सहयोगी मात्र हुन्। जबसम्म हामी शिक्षकहरू मानसिक रूपमा कुनै काम गर्न तयार हुँदैनौं र नयाँ कामको महत्त्व महसूस गर्दैनौं, तबसम्म अरू कसैले केही गर्न सक्दैन। विद्यालय र शिक्षकले केही अतिरिक्त समय काम गर्ने हो भने यो कुरा गर्न असम्भव छैन। हामी यथास्थितिमा बस्ने कि? २१औं शताब्दीका शिक्षाको मूल्य र मान्यता अनुरुप अघि बढ्ने? रोजाइ हाम्रै हो।

प्रगतिका बारेमा धेरै कुरा बताउन मद्दत गर्छ। त्यसैले विषयगत रूपमै विवरण दिनु उत्तम र श्रेयष्कर हुन्छ। विषयगत प्रगति विवरण दिंदा दुई वा तीन घण्टाको परीक्षामा विद्यार्थीले के लेख्यो भन्ने कुराको मात्र लेखाजोखा गरिदैन। यसमा बेलाबेलामा लिइने सामयिक परीक्षाको लेखाजोखा गरिन्छ, त्यो परीक्षा कत्तिको वैध र विश्वसनीय छ, त्यो पनि हेरिन्छ। विद्यार्थीले के ज्ञान निर्माण गऱ्यो? कस्ता सीपहरू सिक्यो? के अवधारणा बुझ्यो? कस्तो प्रवृत्ति र आचरणको विकास गऱ्यो? कस्ता मूल्य र मान्यतालाई ग्रहण गर्न सक्ने भयो? यी र यस्ता प्रश्नको जवाफ फगत परीक्षाबाट मात्र पाउन सकिंदैन। यसको लागि 'पोर्टफोलियो' बनाएर विद्यार्थीले गरेका कामको अभिलेख राख्नुपर्दछ। घटना वृत्त अभिलेख राख्ने गर्नुपर्दछ। अवलोकनको अभिलेख राख्नुपर्दछ। विद्यार्थीले गर्ने गल्तीको विश्लेषण गर्नुपर्दछ। नियमित रूपमा अभिभावकसँग भेटघाट र छलफल गर्नुपर्दछ। 'केस'हरूको अध्ययन गर्नुपर्दछ। अनि मात्र हामी कुनै विद्यार्थीका बारेमा सत्यतथ्य सूचना वा जानकारी अभिभावकलाई दिन सक्छौं।

यहाँ छलफल गरिएको प्रगति विवरणलाई सामान्यतया पाँच भागमा विभाजन गर्न सकिन्छ। यसको नमूना पृष्ठ ३२-३३ मा हेरौं:

अब सबै विषयलाई मिल्ने गरी बनाइएको अर्को उदाहरण हेरौं:

## गणित/सामाजिक शिक्षा/विज्ञान वा अन्य विषयको नमूना प्रगति विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| विद्यालयको नाम<br>प्रथम त्रैमासिक अवधिको प्रगति विवरण | | | | | |
| विद्यार्थीको नाम | | कक्षा | | | |
| कुल विद्यालय चलेको दिन | | उपस्थिति भएको दिन | | अनुपस्थित भएको दिन | |
| अनुमति प्राप्त अनुपस्थित दिन | | अनुमति अप्राप्त उपस्थित दिन | | | |
| जम्मा गृहकार्यको सङ्ख्या | | विद्यार्थीले बुझाएको गृहकार्य | | | |
| जम्मा परियोजना कार्यको सङ्ख्या | | विद्यार्थीले बुझाएको परियोजना कार्यको सङ्ख्या | | | |

१. **सिकाइका क्षेत्र:** यस अन्तर्गत विद्यार्थीलाई पाठ्यक्रमका कुन कुन उद्देश्य हासिल गर्न विद्यार्थीलाई कस्ता कस्ता विषयवस्तुहरूमा सहभागी गराई कस्तो ज्ञान निर्माण गराइयो? कस्ता विषयगत तथा एक्काइसौं शताब्दीको लागि आवश्यक पर्ने सीपहरू (जस्तै: सूचना तथा सञ्चार सम्बन्धी सीप, प्रविधि सम्बन्धी सीप, महत्त्वपूर्ण सोच तथा रचनात्मक चिन्तन सम्बन्धी सीप, पारस्परिक सञ्चार कौशलता, सहकार्य तथा सहयोग सम्बन्धी कौशलता, अन्तर सांस्कृतिक कौशलता, नेतृत्व सम्बन्धी सीप, सामाजिक सीप, स्व तथा काम सम्बन्धी सीप, योजना व्यवस्थापन सम्बन्धी सीप, व्यक्तिगत र चारित्रिक तथा मूल्यमान्यता सम्बन्धी सीप, र अन्य

## एक्काइसौं शताब्दीको नागरिकका हुन आवश्यक पर्ने सीप

१. **सूचना तथा सञ्चार सम्बन्धी सीप;** जस्तै: प्रभावकारी तथा कुशल ढंगले सूचना तथा संचारमा पहुँच बढाउने; सूचना तथा सञ्चारको रचनात्मक तथा सक्षम तरीकाले मूल्याङ्कन गर्ने; मूल्यमान्यता तथा विचारलाई व्यक्तिले कसरी भिन्न तरीकाले आफ्ना रचना तथा प्रस्तुतिमा व्यक्त गर्छन् भन्ने कुराको मूल्याङ्कन गर्ने; महत्त्वपूर्ण सूचना तथा जानकारीहरूको चयन तथा विश्लेषण गरी विभिन्न माध्यमद्वारा अभिव्यक्त गर्ने आदि।

२. **प्रविधि सम्बन्धी सीप;** जस्तै: प्रविधिको प्रयोग गरी सूचनामा पहुँच बढाउन, त्यसको व्यवस्थापन र मूल्याङ्कन तथा नयाँ सूचना र ज्ञानको निर्माण गर्न; प्रयोग गरिरहेको प्रविधिले कसरी काम गर्छ अनि के प्रयोजनको लागि त्यो प्रविधि प्रयोग गरिन्छ भन्ने कुरा थाहा पाउन; के कामको लागि कस्तो खालको प्रविधि आवश्यकता पर्छ भन्ने कुरा जान्न आदि।

३. **महत्त्वपूर्ण सोच तथा रचनात्मक चिन्तन सम्बन्धी सीप;** जस्तै: प्रश्न सोध्ने, सूचना तथा जानाकारीहरूको तुलना गर्ने/विश्लेषण गर्ने/संश्लेषण गर्ने/निष्कर्ष निकाल्ने अनि दुई वा दुईभन्दा बढी वस्तुहरूको सम्बन्धको आधारमा तर्क गर्ने वा यहाँ उल्लेख गरिएका चिजहरू प्रयोग गरी प्रश्नको उत्तर दिने वा उत्तर खोज्ने/ज्ञान निर्माण गर्ने र समस्याको समाधान गर्ने र निर्णय लिने; आफ्नो काम वा प्रस्तुतिमा मौलिकता प्रदर्शन गर्ने, नयाँ-नयाँ विचार अरूलाई बताउने, अरूका नयाँ र विविध स्वरुपका विचार ग्रहण गर्ने अनि अरूले गर्ने आलोचना तथा प्रशंसाको लागि खुला र उत्तरदायी बन्ने।

४. **पारस्परिक सञ्चार कौशलता;** जस्तै: प्रस्तुतिका विभिन्न मध्यम (लेखाइ/बोलाइ आदि)द्वारा आफ्नो विचार र भावना/सूचना/जानकारी आदि प्रष्ट तथा प्रभावकारी तरीकाले पाठक/दर्शक/श्रोता आदि समक्ष अभिव्यक्त गर्ने; अरूको विचार/भावना/सूचना आदि ग्रहण गरेर सोही अनुरुप व्यवहार गर्ने, समय/परिस्थिति र विषय विचार गरी वार्तालापमा भाग लिने, सोही बमोजिमको हाउभाउ कटाक्ष प्रयोग गर्ने आदि।

५. **सहकार्य तथा सहयोग सम्बन्धी कौशलता;** जस्तै: विभिन्न पृष्ठभूमि भएका समूहमा प्रभावकारी तरीकाले छलफलमा भाग लिन, आफ्नो पृष्ठभूमि भन्दा फरकलाई ग्रहण र सम्झौता गरी समूहमा भाग लिन, समूहका सदस्यहरूको प्रतिभा पहिचान गरी उनीहरूको प्रतिभाको सही सदुपयोग गरी समस्या समाधान गर्न आदि।

६. **अन्तर सांस्कृतिक कौशलता;** जस्तै: अरूसँग सही र उत्पादनमुखी तरीकाले व्यवहार गर्न, अरू समूह/जाति/संस्कृति/धर्म/जीवनशैली/भाषा/संस्था/विचार/विषय आदिको समानता र भिन्नता आदि बुझ्न र सोही अनुरुप व्यवहार गर्न। भिन्न-भिन्न विचार/संस्कृति/पृष्ठभूमि आदि

जीवन उपयोगी तथा आधारभूत सीपहरू) सिकाइयो वा कौशलताको विकास गराइयो? अनि कस्ता कस्ता दृष्टिकोण/मनोभावको विकास गराइयो? भन्ने कुरा प्रस्तुत गर्नुपर्दछ।

**नोटः** एक्काइसौं शताब्दीको नागरिकको लागि आवश्यक पर्ने सीप उदाहरणसहित सविस्तार तल वर्णन गरिएको छः

२. **मुख्य क्रियाकलापः** यस अन्तर्गत विद्यार्थीलाई ज्ञान निर्माण, सीप सिकाइ, कौशलताको विकास, एक्काइसौं शताब्दीको निम्ति योग्य नागरिक बन्नको लागि आवश्यक पर्ने सीप तथा अवधारणा बुझाइको लागि विद्यार्थीलाई संलग्न गराइएका क्रियाकलापहरूमा संलग्न गराइयो, त्यस्ता क्रियाकलापहरूको व्याख्यासहित सूची तयार पारी राखिन्छ।

३. **पाठ्यक्रम अनुसार सिकाइका उद्देश्यः** पाठ्यक्रम अनुसार विद्यार्थीले कस्ता कस्ता ज्ञान/अवधारणा निर्माण गरे? कस्ता कस्ता सीप सिके वा कौशलताको विकास गरे? अनि कस्ता कस्ता दृष्टिकोण/मनोभाव प्रतिबिम्बित हुने गरी व्यवहार गरे? यस्ता कुरा अभिलेख राखी प्रत्येक उद्देश्यको मूल्याङ्कन गर्नुपर्दछ। यसरी मूल्याङ्कन गर्दा **उत्तम** (गराइएका कामहरूको धारणा स्पष्टसँग बुझेर पूरा गर्ने), **सुधारोन्मुख** (गराइएका कामहरू सकेसम्म पूरा गर्न प्रयास गर्ने) र **सुधार आवश्यक** (गराइएका कामहरूको धारणा नबुझेकाले अझै धेरै अभ्यास गर्नुपर्ने) श्रेणी बनाई मूल्याङ्कन गर्न सकिन्छ।

कुनै समस्या समधान गर्न वा नयाँ ज्ञान निर्माण गर्न आवश्यक जति पनि सूचना/तथ्य/जानकारी छन् तिनीहरूको याद गर्नु, त्यसको आधारमा विषय वा समस्या बोध गर्नु/बुझ्नु, तिनै सूचना/तथ्य/जानकारी आफ्नो व्यवहारमा प्रयोग गर्नु, विश्लेषण गर्नु, संश्लेषण गर्नु, मूल्याङ्कन गर्नु; तिनै

## सिकाइ तथा सीप उद्देश्यहरूको मूल्याङ्कन तालिका

| क्र.सं. | पाठ्यक्रम अनुसार सिकाइ उद्देश्य | ज्ञान/अवधारणा | | | सीप/कौशलता | | | प्रवृत्ति/मनोभाव | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |

भएका व्यक्ति वा समूहमा मिलेर काम गर्न।

७. **नेतृत्व सम्बन्धी सीप;** जस्तैः पारस्परिक सञ्चार कौशलता र समस्या समाधान कौशलता प्रयोग गरी आम लक्ष्य हासिल गर्न, समूहमा प्रभाव राख्न र समूहलाई मार्ग-निर्देशन दिन आफ्नो पदको मर्यादाको औचित्य पुष्टि गर्न; अरूलाई विश्वास दिलाउन सक्ने क्षमताको विकास गर्न।

८. **सामाजिक सीप;** जस्तैः सामाजिक वार्तालापमा भाग लिंदा, व्यक्ति वा समूहको भावना बुझ्ने/व्यवहार पढ्ने र भावनाको व्यवस्थापन गर्ने अनि मित्रता, सहानुभूति, अदब, अनुकूलन क्षमता आदिको प्रदर्शन गर्ने।

९. **स्व. मूल्याङ्कन तथा काम सम्बन्धी सीप;** जस्तैः आफ्नो बुझाइ र सिकाइको आवश्यकताको निगरानी राख्ने, ज्ञान निर्माण, सीप सिकाइ तथा अवधारणा बुझाइमा दक्षता हसिल गर्न ती क्रियाकलापमा प्रतिबद्वता व्यक्त गर्ने, शिक्षा भन्ने कुरालाई जीवनपर्यन्त आत्मसात गर्ने, समयलाई प्रभावकारी तरीकाले सदुपयोग र व्यवस्थापन गर्ने, गर्नुपर्ने काम प्राथमिकतामा राखेर समयमा सक्ने, आफ्ना कामको मूल्याङ्कन आफैंले गर्ने, यथार्थपरक लक्ष्य तय गर्ने, कामको प्रगतिको समीक्षा गर्ने, आत्मसंयम प्रदर्शन गर्ने आदि।

१०. **योजना व्यवस्थापन सम्बन्धी सीप;** जस्तैः परियोजना वा समस्याको लक्ष्य प्राप्त गर्न संगठित रूपमा कुशलतापूर्वक आफ्नो क्षमता देखाउने, समय स्रोत र संरचनाको परिधिभित्र रहेर धेरै काम, लक्ष्य सम्हाल्ने वा आफ्नो पकडमा राख्ने क्षमता प्रदर्शन गर्ने, लक्ष्य हासिल गर्न उचित क्रियाकलापलाई उचित समय दिने अनि समयसारिणीको अनुपालन गर्ने, सामग्रीको तरीकाले प्रयोग गर्ने, भण्डारण गर्ने तथा वितरण गर्ने, कुनै पनि चिजहरूको सही हिसाबकिताब राख्ने आदि।

११. **व्यक्तिगत, चारित्रिक तथा मूल्यमान्यता सम्बन्धी सीप;** जस्तैः नागरिकको नाताले आफ्नो अधिकार र कर्तव्यको अभ्यास गर्ने; नैतिक तथा कानूनी दायित्वबोध गर्ने; कुनै प्रविधि प्रयोग गर्दा त्यसले पार्ने प्रभावको बारेमा सचेत हुने र समाजले भरोसा गर्ने इमानदार नागरिक बन्ने; समाजमा आफ्नो नेतृत्वमा गरिने कुनै पनि काममा समयनिष्ठ/उत्साही/मार्मिकता र आशावादिता प्रदर्शन गर्ने आदि।

१२. **अन्य सीप;** जस्तैः आधारभूत स्वास्थ्य सम्बन्धी सेवा र जानकारी लिने/बुझ्ने र आफ्नो शारीरिक तथा मानसिक स्वास्थ्य चुस्त र ठीक राख्न सेवा र जानकारीको प्रयोग गर्ने; आफ्नो दैनिक जीवनमा उद्यमी कौशलता प्रयोग गरी आफ्नो विचार/भावना/मनोवृत्ति वातावरण अनुकूल परिवर्तन गर्ने; जोखिम उठाउन र समस्यासँग जुध्न सक्ने बन्ने; जिज्ञासु रहने सकारात्मक दृष्टिकोण राख्न सक्ने बन्ने; 'आफू के चिजको लागि लायक छु?' भनेर पहिचान गर्न सक्ने; परिचित तथा अपरिचित वातावरणमा जहिले पनि सिक्न उत्सुक बन्ने; कुनै चिजलाई शारीरिक आँखाले भन्दा पनि मनको आँखाले देख्न सक्ने बन्ने, आफूमा गरिएको अपेक्षा पूरा गर्न सक्ने बन्ने आदि।

सूचना/तथ्य/जानकारी आदिले विद्यार्थीको दैनिक जीवनमा र व्यवहारमा प्रभाव पार्नु वा त्यसको प्रभाव देखिनु अनि तिनै सूचना/तथ्य/जानकारी आदिको सम्झाइ, बुझाइ, प्रयोग, विश्लेषण, संश्लेषण, मूल्याङ्कनले विद्यार्थीको दैनिक जीवनमा वा व्यवहारमा परिवर्तन ल्याउने उद्देश्यहरूको मूल्याङ्कन **ज्ञान/अवधारणा** अन्तर्गत गर्नुपर्छ। त्यस्तै विद्यार्थीले कुनै काम गर्दा देखाउने निपुणता, कुशलता, दक्षता आदि सीप तथा कौशलता अन्तर्गत मूल्याङ्कन गर्नुपर्छ। विद्यार्थीले कुनै परिस्थितिको सामना गर्दा उसले सिकेको मूल्य र मान्यताको आधारमा व्यवहार प्रदर्शन गर्छ; वा परिस्थितिको सामना गर्छ। यसरी विद्यार्थीले मूल्य र मान्यताको आधारमा जुन व्यवहार देखाउँछ त्यो प्रवृत्ति/मनोभावअन्तर्गत मूल्याङ्कन गर्नुपर्छ।

**मूल्याङ्कनका संकेतः** १. **उत्तमः** गराइएका कामहरूको धारणा स्पष्टसँग बुझेर पूरा गर्ने २. **सुधारोन्मुखः** गराइएका कामहरू सकेसम्म पूरा गर्न प्रयास गर्ने ३. **सुधार आवश्यकः** गराइएका कामहरूको धारणा नबुझेकाले अझै धेरै अभ्यास गर्नुपर्ने

| | | | |
|---|---|---|---|
| विद्यार्थीको मूल्याङ्कन सम्बन्धी जानकारी | पूर्णाङ्क | | |
| उत्तीर्णाङ्क | | प्राप्ताङ्क | |
| परीक्षा सम्बन्धी जानकारी | | कठिन प्रश्न | |
| मध्यमस्तरका प्रश्न | | सजिला प्रश्न | |

**नोटः** परीक्षामा २५ प्रतिशत कठिन, ५० प्रतिशत मध्यमस्तरका र २५ प्रतिशत सजिला प्रश्न सोध्नुपर्दछ। यस्तो जानकारी परीक्षा लिइसकेपछि पद विश्लेषण (Item analysis) गरेपछि थाहा हुन्छ। जुन प्रश्न २५ प्रतिशतभन्दा कम विद्यार्थीले मात्र हल गर्न सक्छन्, त्यो प्रश्न कठिन अन्तर्गत, प्रश्न २५ प्रतिशतदेखि ७५ प्रतिशतसम्म विद्यार्थीले हल गर्न सक्ने मध्यमस्तरको प्रश्न र २५ प्रतिशतभन्दा कम विद्यार्थीले मात्र हल गर्न नसक्ने प्रश्न सजिला प्रश्न अन्तर्गत पर्दछन्।

४. **शिक्षकको टिप्पणी (विद्यार्थीले प्रगति गरेका र सुधार गर्नुपर्ने क्षेत्र)** : शिक्षकले विद्यार्थीका प्रगतिको बारेमा टिप्पणी गर्दा उसले सिकेको कुरामा केन्द्रित रहेर सबल पक्ष उजागर हुने गरी गर्नुपर्छ। अर्थात् विद्यार्थीले अब के गर्नुपर्दछ भन्ने कुरा शिक्षकले प्रष्ट रूपमा बताउनुपर्दछ। टिप्पणी लेख्दा विद्यार्थीलाई के कुरा थाहा छ, के गर्न सक्छ भन्ने कुरा विचार पुर्‍याउनुपर्दछ। शिक्षकले टिप्पणी सुझाव लेख्दा सकेसम्म शब्द, वाक्य संरचना दोहोर्‍याएर प्रयोग गर्नुहुँदैन। अभिभावकलाई नितान्त व्यक्तिगत तरीकाले प्रष्ट, छोटो, बुझिने भाषामा अर्थपूर्ण ढंगबाट पृष्ठपोषण दिनुपर्दछ। अभिभावकले कसरी विद्यार्थीलाई घरमा सहयोग गर्न सक्छन् भन्ने कुरा लेख्नु श्रेयस्कर नै हुन्छ। शिक्षकले विद्यार्थीको प्रगतिको टिप्पणी गर्दा मुख्य मुख्य सिकाइलाई 'क्वालिफायर' (Qualifiar) र 'ड्रेस्क्रिप्टर' (Descripters) हरू प्रयोग गरी लेख्नुपर्दछ।

विद्यार्थीको प्रगति विवरणमा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि वा विकास गर्नुपर्ने सीप वा काम गर्ने बानीलाई शिक्षकले लेख्ने 'क्वालिफायर' र 'ड्रेस्क्रिप्टर'ले प्रतिबिम्बित गर्न सक्नुपर्दछ। यसले विद्यार्थीको उपलब्धिको तह समेत प्रष्ट रूपमा बताउन सक्नुपर्ने छ।

सुधार गर्नुपर्ने क्षेत्रहरूको बारेमा टिप्पणी लेख्दा अभिभावकहरूलाई विद्यार्थीको सिकाइ विस्तार गर्न सफलताका मापदण्डहरू के के हुन् भन्ने कुरा बताइदिनुपर्दछ। अब के गर्ने भन्ने कुरा सार्थक, प्रष्ट, प्राप्य हुनुका साथै सिकाइ उपलब्धिसँग सम्बन्धित हुनुपर्दछ। जस्तै विद्यार्थीको सिकाइ सर्वोत्तम छ भने निपुण, आत्मविश्वास, जानकार, नियमित, अक्सर जस्ता 'क्वालिफायर' र 'ड्रेस्क्रिप्टर' प्रयोग गर्नुपर्दछ। यदि विद्यार्थीको सिकाइ सन्तोषजनक छ भने स्वीकार्य, पर्याप्त, विकान्सोन्मुख, उपयुक्त, सिकाइमा सीमितता आदि जस्ता 'क्वालिफायर' र 'ड्रेस्क्रिप्टर' प्रयोग गर्न सकिन्छ। जुन विद्यार्थीको सिकाइमा सुधार जरुरी हुन्छ। उनीहरूलाई हरेक काममा उदासीन, बारम्बार सम्झाउनुपर्ने, धेरै पटक प्रयास गर्नुपर्ने, अस्पष्ट, अनिश्चित, अनिच्छित आदि जस्ता क्वालिफायर र ड्रेस्क्रिप्टर प्रयोग गर्नुपर्दछ।

### शिक्षकको टिप्पणी (विद्यार्थीको प्रगति र सुधार गर्नुपर्ने क्षेत्रसहित)

१. **गणितको उदाहरणः**

| 'क्वालिफायर' (Qualifiar) वा 'ड्रेस्क्रिप्टर' (Descripter) प्रयोग गरेर मुख्य सिकाइ लेख्ने | मुख्य सिकाइलाई सप्रमाण बताउन विशिष्ट उदाहरण सहित लेख्ने | अब के गर्ने ? गराउने ? |
|---|---|---|
| कुनै संख्या सम्बन्धी समस्या समाधान गर्दा गीता खड्कालाई अंक जोड्न, घटाउन समस्या परिरहेको छ। | उनी २ अंकको जोड, घटाउ म्यानुपुलेटिभ (Manipulatives) प्रयोग गरेर मात्र गर्न सक्छिन्। सामग्रीको सहयोग विना उनलाई जोड्न, घटाउन समस्या पर्दछ। | गणितको जोड, घटाउ सम्बन्धी समस्या समाधान गर्दा उनले स्थानमान तालिका सम्बन्धी बढी अभ्यास गर्नु जरूरी देखिन्छ। |

२. **सामाजिक शिक्षा अन्तर्गत सहकार्य सीपको उदाहरण**

| 'क्वालिफायर' (Qualifiar) वा 'ड्रेस्क्रिप्टर' (Descripter) प्रयोग गरेर मुख्य सिकाइ लेख्ने | मुख्य सिकाइलाई सप्रमाण बताउन विशिष्ट उदाहरणसहित लेख्ने | अब के गर्ने ? गराउने ? |
|---|---|---|
| गीता कहिलेकाहीं साथी सङ्गीसँग काम गर्दा नेतृत्व लिन्छिन्। | उनी समूहमा काम गर्दा साथीको विचार भावनाको कदर गरी छलफल गर्छिन्। अरूको विचार भावना आफ्नो समूहको प्रस्तुतिमा समावेश गरी प्रस्तुत गर्छिन्। | अब उनले अलिकति फरक फरक किसिमको क्षमता र सोच भएका समूहमा काम गर्दा सो समूहमा निस्कने फरक विचार र सोचलाई कसरी संश्लेषण/विश्लेषण/निष्कर्ष निकाल्ने भन्ने सीप सिक्न मद्दत गर्दछ। |

३. **नेपाली भाषाको उदाहरण**

| 'क्वालिफायर' (Qualifiar) वा 'ड्रेस्क्रिप्टर' (Descripter) प्रयोग गरेर मुख्य सिकाइ लेख्ने | मुख्य सिकाइलाई सप्रमाण बताउन विशिष्ट उदाहरणसहित लेख्ने | अब के गर्ने ? गराउने ? |
|---|---|---|

| | | |
|---|---|---|
| गीतालाई कहिल्यै नसुनेको शब्द भएका कथा पढ्दा कथाको मुख्य विषयवस्तु बताउन गाह्रो पर्दछ । गीतालाई आफ्नो विचार वा भावना वर्गीकरण गरेर लेख्न आउँछ । | गीता आफूले सुनेका शब्द भएका कथाको भाव सजिलै बताउन सक्छिन् । जस्तै; खरायो र कछुवाको कथा पढ्दा, त्यसमा भएका शब्दसँग उनी परिचित भएकोले त्यस कथाको वोध सहजै गर्न सकिन् । उनले अघिल्लो पटकको अध्ययन भ्रमणका बारेमा लेख्दा समयरेखा प्रयोग गरी आफ्नो विचारलाई संगठित पारेर लेखिन् । | गीताले कथामा भएका नसुनेका शब्द पढ्दा पहिला पूरै वाक्य पढ्ने र शब्द पढेर भन्दा पनि वाक्य पढेर त्यसको अर्थ बुझ्ने र अनुमान गर्ने प्रयास गरिन् भने उनले उन्नति गर्ने देखिन्छ । मुख्य घटनालाई अलि महत्त्व दिन त्यसलाई समय रेखामा विशेष चिन्ह प्रयोग गरी उनले लेखिन् भने उनको सिकाई सीपमा दक्षता हासिल गर्ने कुरामा द्विविधा रहँदैन । |

### ४. सीपको उदाहरण (कुनै काम गर्न पहल गर्ने): सुधार आवश्यक

| 'क्वालिफायर' (Quali-fiar) वा 'ड्रेस्क्रिप्टर' (Descripter) प्रयोग गरेर मुख्य सिकाइ लेख्ने | मुख्य सिकाइलाई सप्रमाण बताउन विशिष्ट उदाहरण सहित लेख्ने | अब के गर्ने ? गराउने ? |
|---|---|---|
| गीता कुनै क्रियाकलापमा भाग लिन वा सिकाइको मौका प्राप्त गर्ने कुरामा हिच्किचाउँछिन् । | जब कक्षाकोठाको काम दैनिकी बन्छ तब मात्र उनी त्यो काम गर्छिन् । आफूले तदारुकता देखाउने भन्दा पनि लगाए/अह्राएको काम मात्र गर्छिन् । | उनले आफ्नो सहभागिताको दायरा फराकिलो पार्न पढ्ने दोस्ती क्रियाकलापमा भाग लिनु श्रेयष्कर हुन्छ । यसो गर्दा उनले अरू साथीले कक्षाकोठाको क्रियाकलापमा भाग लिन कसरी प्रयत्न गर्छन् भन्ने कुरा सिक्छिन् । |

### ५. सीपको उदाहरण (कुनै काम गर्न सहकार्य गर्ने)


| 'क्वालिफायर' (Quali-fiar) वा 'ड्रेस्क्रिप्टर' (Descripter) प्रयोग गरेर मुख्य सिकाइ लेख्ने | मुख्य सिकाइलाई सप्रमाण बताउन विशिष्ट उदाहरण सहित लेख्ने | अब के गर्ने ? गराउने ? |
|---|---|---|
| गीता कहिलेकाहीं साथी सङ्गीसँग काम गर्दा नेतृत्व लिन्छिन् । | उनी समूहमा काम गर्दा साथीको विचार भावनाको कदर गरी छलफल गर्छिन् । | अब उनले अलिकति शब्द भएको समूहमा काम गर्दा समूहमा निस्कने द्वन्द्वलाई कसरी निराकरण गर्ने भन्ने सीप सिक्न मद्दत गर्दछ । |

**(लामिछाने युलेन्स स्कूल, खुमलटार, ललितपुरका प्रअ हुन् ।)**


सबै किताबहरू आइ सकेको कुरा जानकारी गराइन्छ ।




नेपाल साहित्य प्रकाशन केन्द्रका नर्सरीदेखि कक्षा १० सम्मका कक्षा ६ का बाहेक सबै किताबहरु आइसकेको हुँदा आफूलाई आवश्यक पर्ने कपि समयमै खरिद गर्नु हुन अनुरोध गर्दछौं ।




नेपाल साहित्य प्रकाशन केन्द्र
आनन्द भैरव मार्ग-४९, ज्ञानेश्वर, पो.ब.नं. ४१८३, काठमाडौं, नेपाल
फोन: ४४३५८५६, ४४११६५२, ४४१७७०५,
फ्याक्स: ९७७-१-४४२०५५०
email: info@nspk.com Website: www.nspk.com

बहस

साँचो विकास

# हामीसँग के छैन ? सर्वस्व छ।

**यहीं छन् पहरा पल्टाएर यातायात गुडाउने सामर्थ्यहरू, यहीं छन् जमिन जोतेर अन्नका भकारी भर्ने दिलोज्यानका शक्तिहरू। यिनलाई अनुशासन र सीपका साँचामा राखेर सञ्चालन गर्ने पवित्र मुटुका जमातले शासनको वागडोर सम्हालेका दिनदेखि मलाई लाग्छ– यो नै धरामा स्वर्गको सानो टुक्रा हो जहाँ वैभवका असङ्ख्य स्रोत र संसाधनहरू विदेशी बेरोजगार युवालाई अनि प्रविधिका ज्ञाताहरूलाई रोजगारका हात फैलाएर स्वागत गर्न तयार छन्।**

■ **कलानिधि दाहाल**

देश त केवल स्वार्थी शासकले आ-आफ्ना व्यक्तिगत, पारिवारिक र वर्गीय स्वार्थसिद्धिका लागि कोरेका सीमारेखाहरू हुन्। म त यसलाई विराट ब्रह्माण्डको एक सुन्दर भूसीमा (भू-सीमा) भन्न चाहन्छु। भूपरिवेष्ठित प्राकृतिक बनोटमा रहेको यो भूसीमा आफैं यति समृद्ध छ, सुन्दर छ, सौम्य र सुरक्षित पनि छ- जसलाई कसैले चाहेर हडप्न सक्दैन। प्राकृतिक अवस्थितिमै हामी अत्यन्त सुरक्षित भूसीमाका बासिन्दा बनेका छौं। यो आफैंमा गौरव गर्न लायकको सम्पत्ति हो। यसै गौरवान्वित सानो तर सुन्दर बगैंचाभित्र हामी भिन्न जात, भिन्न धर्म, भिन्न संस्कृति, भिन्न संस्कार, भिन्न रीतिरिवाज, भिन्न भाषाभाषी, भिन्न चालचलनका पुग्न लाग्दै गरेका तीन करोड नरनारी छौं, बासिन्दाहरू छौं।

विकास, के को ? किन र कसका लागि ? यी प्रश्नको उत्तर आफैंभित्र खोज्न सक्यौं भने समाधानको साँचो सहज रूपमै खुल्न सक्छ। विकास भन्नु नै समय धारसँगको सहज परिवर्तन हो। परिवर्तन, जहिले पनि अप्ठेरोबाट सजिलोतिर, जटिलताबाट सहजतातिर, अवास्तविकताबाट वास्तविकतातिर जानुपर्छ। आफैंभित्र रहेको जनशक्ति र प्राकृतिक शक्ति पहिचानको परिचालनबाट मात्र यस्तो परिवर्तन सम्भव हुन्छ।

चाहिने चीज सबैलाई थाहा छ– खाना, नाना, छाना, चेतना, स्वास्थ्योपचार अनि मनोचाहना र अवस्था अनुकूल रूपान्तरित विश्वको समयधारसँगै आइरहेको निश्चित समयावधिको मनोरञ्जनका अतिरिक्त स्थानानुकूल यातायात व्यवस्थाको व्यवस्थापन। यिनै सामान्य कुराको सम्यक् व्यवस्थापनमा विकासको बीज अङ्कुरित भएको हुन्छ। यिनलाई पहिलो प्राथमिकतामा राखेर यिनको समुचित व्यवस्थापन भइसकेपछि मात्र खानाका लागि तारेसितारे होटल, रङ्गीचङ्गी रिसोर्ट, नानाका लागि तासका पत्ती र शरीर सजावटका चक्लेट, छानाका लागि गगनचुम्बी टावर, चेतनाका लागि प्लेटो, सुकरात जस्ता दार्शनिक अटाउने एकेडेमीहरू, स्वास्थ्योपचारका लागि वटन थिचेर सनवाथ वा हटवाटरवाथसहितका आरामदायी अस्पताल, यातायातका लागि चिल्लाचिल्ला बहुमूल्य साधनको परिकल्पना स्वत: जग दह्रो भइसकेपछिका मान्छेको मनोविज्ञानबाट जन्मन्छन्, त्यहीबाट परिपूर्ति पनि हुन्छन्।

मानव चाहनाका उल्लिखित जग नहल्लने बनाउन हामीसँग हाम्रो भूसीमामा तीन वटा मजबुत आधार– जलस्रोत, वनस्रोत र करस्रोत विद्यमान छन्। अथाह जलस्रोतलाई पहिलो प्राथमिकतामा राखेर सानादेखि ठूलासम्म विद्युत् निर्माणकार्यलाई मनसावाचाकर्मणा एकपछि अर्को निश्चित समयसीमामा सम्पन्न गर्ने गरी जनशक्ति परिचालन गर्ने हो भने विदेशतिर सागरझैं उर्लिरहेको र चैतको खहरेझैं दु:खले सकिरहेको युवाजमात कहींकतै हिंड्नुपर्दैन।

जडीबुटी, यस भूसीमाको कहिल्यै नसिद्धिने सम्पत्ति हो। त्यो पनि विनाअसरको- शरीरका कुनै अङ्गमा पनि नकारात्मक असर नगरी सकारात्मक रूपले सधैं सञ्जीवनीको काम गर्ने जडीबुटी प्रशोधन केन्द्र स्थापना गरी त्यसलाई निश्चित विशेषज्ञको निर्देशनमा यसै भूसीमाका बेरोजगार शक्ति सन्तुलनमा पवित्र विचारवाहक समूहको पर्यवेक्षण टोली वा समूह परिचालन गर्ने हो भने यहीं छन् अर्थोपार्जनका विन्ध्याचल पर्वतहरूका कोखकोखमा अटुट उम्रिरहने सञ्जीवनीका स्रोतहरू। तेस्रो अत्यन्त कडाइका साथ शुद्ध मनोचाहनाबाट गर्न शुरू गर्नुपर्ने भूसीमाको व्यवस्थापन हो– कर व्यवस्था; जसलाई सामान्य भाषामा तिरो पनि भनिन्छ। यसका लागि चेतनाको सङ्लो जागृति आवश्यक छ। म यसै भूसीमाको हुँ, यो भूसीमा मेरो हो भन्ने निर्मल विचार अन्तरात्मादेखि नै जन्मन सक्दा हामी गरीब छैनौं। हाम्रो यो परिधि विश्वकै कतिपय अन्य परिधिका अनुपातमा अनुपम उपलब्धिले खचिखचाउ भरिएको छ।

हामी बाहिरको नक्कल गरेर बाहिरीहरूकै इसारामा आफूले धान्नै नसक्ने र नबुझ्ने प्रविधिको पछाडि दगुर्छौं। तर त्यो हाम्रो भ्रम मात्रै हो- आधुनिक र सम्पन्न हुने। यस भ्रमबाट मुक्त भएर मेचीका पाखामा श्रमका पाखुरी बजार्दै गहुँ, कोदो र मकैका

खेतीसँगै त्यहाँको माटो अनुसार नै आधुनिक तरकारी लगाउने हो भने अलैंचीका बिरुवा पहराका काखमा झुलाउँदै कोशी, कर्णाली एवं गण्डकीका जलप्रवाहबाट मन, वचन अनि कर्मले समेत समर्पित भई विद्युत् तरङ्गका तार सर्वत्र जोड्ने हो भने यस सीमामा न उज्यालोको कमी छ, न खाद्यान्नको, न जडीबुटीको अभाव छ, न शान्तिको। दार्शनिक शिक्षा दिने छहराका छाती सगरमाथाका काखदेखि तराईका फाँटसम्म एकछत्र फैलिएका छन्। बारुदको आवश्यकता छैन जिउँदो स्वरूपको चेहरा फेर्न। यिनै प्राकृतिक स्रोत सही ढंगले आफैंबाट आफ्नै अठोटले दोहन गर्दै अगाडि बढ्ने हो भने नेपालीका ओठमा मधुमुस्कान उमार्न कोही कसैले भौंतारिनुपर्दैन।

कस्तूरीले आफ्नै नाभीमा रहेको वासना पाउन सुदूरसम्म दौडेर मृत्युवरण गरेझैं यो भूपरिधिका सञ्चालकहरू आफ्नै मुटु बेचेर विदेशी कार चिप्लिरहेछन्, आफ्नै आँखाका नानी बन्धक राखेर गोरा चस्मा पहिरिँदै विलासी र गगनचुम्बी सिसमहलका सौदावाजीमा अग्लिरहेछन्। यही पुर्ख्यौली कुसंस्कार पुस्तापरपुस्तासम्म संस्कारका रूपमा फैलिएको छ। परिणामत: सम्पूर्ण युवापिंढीलाई श्रमै नगरी विलासी सौन्दर्यको आकाशमा उड्ने सोख दिन दुगुना रात चौगुना बढेको छ। हामी यहाँ आफ्नै घरको ओच्छ्यानमा रहेको सिन्को वा कसिङ्गर डस्टबिनमा फाल्न बेइज्जती ठान्छौं तर विदेशीका ट्वाइलेटमा हात हालेर दिसा खेलाउन तत्पर रहन्छौं- डलरको लोभमा। 'अपरिचित ठाउँ कसले देख्छ र यहाँ, थोरै श्रमले धेरैको मस्ती' जस्तो घिनलाग्दो सोच जबसम्म हामीबाट पखालिन्न तबसम्म हाम्रा पाखामा भूक्षय भइरहन्छ, हाम्रा घरआँगनमा अभावका आँखाहरू रोइरहन्छन्, भोकका पेटहरू भौंतारिरहन्छन्। बाला झुल्ने बारी र खेतमा सर्लक्क सिरु उम्रेपछि शरीरमा दुई दिनको विदेशी आर्जनको जतिसुकै सेन्ट छरौं उही कस्तूरीको मृत्युसिवाय हामीसँग अर्को आधार रहन्न।

भूपरिवेष्ठित भूभागमा जन्मेका हामीहरू- पढेका छौं, ठीकै छ- त्यसैअनुसार नै मस्तिष्क खियाऊँ शिक्षालयहरूमा, अनपढ छौं, ठीकै छ- त्यसै अनुसार कोदाला समाऊँ, हलोजुवा जोरौं; एक हलगोरुको चाँजोपाँजो नमिल्ने कोही छैनौं; पर्तीलाई उर्वरा बनाऊँ; बाली झुल्छ सर्वत्र। सुन टल्कने नदीकिनारादेखि हिउँ पग्लने सगरमाथाको उचाइसम्म नै हाम्रा हातमा ठेला उठेर फैलिए भने, कलमहरू असल संस्कारबाट चले भने; मस्तिष्कहरू वस्तुगत धरातलमा छरिए भने- हामी आफैंमा स्वर्गीय आनन्दको बिस्कुन सुकाउन सक्छौं। इन्द्रेणीको रङ पोतेर आफ्नै अनुहारले विदेश झुकाउन सक्छौं।

भूपरिवेष्ठित यस सीमाको भूबनोट मुख्यत: हिमाली, पहाडी, उपत्यका र तराई गरी चार छुट्टै खालको अवस्थामा रहेको छ। यी चारैवटा क्षेत्रहरू अलगअलग स्रोतबाट आयआर्जनका लागि आ-आफैंमा सबल र सम्पन्न छन्।

अग्ला, उच्च हिमाली हिमश्रृङ्खलाहरू पर्यटकीय आवागमनका अनुपम उदाहरण हुन्। यिनलाई अझ बढी आकर्षक, अझ बढी चर्चामा ल्याउन करोडौं खर्च गरेर हवाइ उडान भर्नु आवश्यक छैन र मन्त्रिमण्डलका बैठक त्यसै भेगमा बसाएर करोडौं स्वाहा गर्नु पनि आवश्यक छैन। पहाडी भेगका माथिल्ला सतहमा बसोबास गर्ने जनजातिका गाउँमा पर्यटनव्यवसायसँग मात्र सम्बन्धित विद्यालयहरू खोलिदिनु पर्याप्त हुन्छ। जहाँ पर्यटकको मनोविज्ञानलाई सही ढंगले बुझेर यसै व्यवसायमा सरिक हुने जनशक्ति तयार होओस् सधैंका लागि।

गाउँ नै गाउँले भरिएको यस भूसीमाका पहाडी पाखाहरूमा जताततै अल्लो, अर्गेली, चुत्रो, चिराइतो, भ्याग्रो, खोल्मे आदि असङ्ख्य वनस्पतिहरू हामीलाई धिक्कारेर मुस्कुराइरहेका छन्। यी



भेगका ग्रामवासीमा अवस्थित विद्यालयमा कागज उत्पादनसम्बन्धी सीप, तेल उत्पादनका तरीका, औषधि उत्पादनका विधि सिकाउने विशेषज्ञलाई शिक्षकका रूपमा नियुक्त गरी विद्यालय सञ्चालन गर्ने हो भने कुनै पनि शैक्षिक युवाशक्तिले बेरोजगारीका शरीर उचालेर काठमाडौंका मेनपावर हाउसमा लाम लाग्नुपर्दैन। अहिले विना ठूलो रकम– आ-आफ्नै पूँजी परिचालनबाट प्राय: गाउँहरू चौबीसै घण्टा बिजुली झल्मलाउने भइसकेका छन्। सानादेखि मझौलासम्मका उद्योग व्यवसाय सञ्चालनमा विद्युतीय अभावले रोकावट उत्पन्न नहुने स्थिति गाउँमा देखापरिसकेको छ– शहर जतिसुकै अन्धकारमा रोए पनि। सम्पर्क समितिहरू आफैं हराएर जानेछन् र यस क्षेत्रका जनजातिले विशेषज्ञका रूपमा बरु आफैं बाहिरबाट म्यानपावरका रूपमा विशेषज्ञको आयात गर्नेछन्।

साँच्चै अहिलेको राज्यव्यवस्थाको विसङ्गतिको जग भनेको नै शहरीक्षेत्र हुन्। यहाँका युवाहरू शिक्षा नीतिको लथालिङ्ग तालले दिग्भ्रमित बनेका छन्। यिनकै संसर्गमा आएपछि कतिपय: ग्रामयुवाहरू पनि श्रम नगरी सोखमा रहलिने सपना देखेर संस्कारहीन संसारको सयरमा एकपछि अर्को गर्दै लाम लागिरहेछन्। यस भूसीमालाई सही ट्र्याकमा लगेर स्वावलम्बी, स्वशासित र सम्पन्न बनाउने हो भने दशदेखि बीस वर्षकै अवधिमा हामी अर्काको मुख ताक्नु नपर्ने अवस्थामा सहज पुग्न सक्दछौं। तर यसका लागि कुविचारले ग्रस्त हाम्रो मनोविज्ञान चाहिं रूपान्तरित गर्नै पर्दछ। शिक्षानीति त्यस्तो हुनुपर्दछ जहाँ ५-६ कक्षादेखि नै बच्चाहरूको रूचि अनुकूल यसले कुन क्षेत्रमा स्वावलम्बनका साथ जीवनयात्रा सञ्चालन गर्न सक्छ तदनुकूलकै योग्यताको सर्टिफिकेट दिई कार्यक्षेत्र पनि सुम्पिदिइहाल्नुपर्दछ। यसका लागि प्राविधिक शिक्षा इनेगिनेका ठाउँमा मात्र नभएर सञ्चालित सम्पूर्ण विद्यालयमा हुनु आवश्यक छ।

बच्चा अवस्थादेखि नै उनीहरूको रुचि बुझ्ने शिक्षकको दायित्व निर्धारण गरी उनीहरूले सिफारिस गरेको क्षेत्रमा ऊ सफल छ वा छैनको मोनिटरिङ्ग समूह अधिराज्यभरि तोकिनुपर्छ र यस समूहको पनि मोनिटरिङ्ग गर्ने उच्चस्तरीय सर्वविषयविज्ञको अर्को केन्द्रीयस्तरको समूह निर्माण गरिनुपर्छ। कृषि क्षेत्रका विविध विधा– तरकारी, धान, मकै, कोदो, अलैंची, कुरिलो, पशुपालन, यसमा पनि गाई, भैंसी, भेडाबाखा, चौंरी आदि इत्यादिमा एकखालको जनशक्ति उत्पादन रुचि अनुसार नै गरिदिने शिक्षाको जग हुनुपर्दछ। उनीहरूकै रुचि अनुसार टेक्निकल लाइन, जस्तो ओभरसियर, नर्स, इञ्जिनियर, डाक्टरको

जनशक्ति उत्पादन गरेर त्यस क्षेत्रको दायित्व सर्लक्क उनीहरूलाई सुम्पिदिने शिक्षाप्रणाली अनिवार्य हुनुपर्दछ। भावुक हृदयका विद्यार्थीलाई बच्चैदेखि सिर्जना क्षेत्रतिर त्यसमा पनि मात्रात्मक आधिक्यलाई बुझेर कथा, कविता, नाटक, हास्यव्यङ्ग्यात्मक प्रहसन, नृत्य, गायनकै अन्तरयात्रामा प्रेरित गरिनुपर्छ। यस क्षेत्रमा पनि मात्रात्मक कठोरता कम र खोजमूलक एकोन्मुख बढी हुनेलाई दर्शन, अनुसन्धान, राजनीति, अर्थ, संस्कृतितिर सरिक गराउने सोच क्रमबद्ध रूपले स्वार्थरहित सत्ता सञ्चालकका साझेदारबाट हुन लाग्ने हो भने हामीसँग के छैन ? सर्वस्व छ। यहीं छन् पहरा पल्टाएर यातायात गुडाउने सामर्थ्यहरू, यहीं छन् जमिन जोतेर अन्नका भकारी भर्ने दिलोज्यानका शक्तिहरू, यहीं छन् छहरा, नदी र खोलानालामै विद्युत् तरङ्गका तार जोड्ने इञ्जिनियरका पुरुषार्थहरू, यहीं छन् हरिया पाखाभरि गाईवस्तु, भेडाबाख्रा चराएर विदेशसम्म दूध निर्यात गर्ने दुग्धडेरीका सञ्चालक गोठगोठालाहरू। हो, पौरख पाखुरीहरू यहीं छन्, अनि मांस निर्यात गर्ने बगरेका लामहरू पनि यहीं छन्। ऊन-गलैंचालगायत विविध कपडाका सीपसिद्ध हातहरू यसै भूमिमा असरल्ल भएर छरिएका छन्। यिनलाई अनुशासन र सीपका साँचामा राखेर सञ्चालन गर्ने पवित्र मुटुका जमातले शासनको बागडोर सम्हालेका दिनदेखि मलाई लाग्छ- यो नै धरामा स्वर्गको सानो टुक्रा हो जहाँ वैभवका असङ्ख्य स्रोत र संसाधनहरू विदेशी बेरोजगार युवालाई अनि प्रविधिका ज्ञाताहरूलाई रोजगारका हात फैलाएर स्वागत गर्न तयार छन्।

यो भूसीमालाई सम्पन्न राखिराख्नका लागि कला, साहित्य, संस्कृति, संस्कार र दार्शनिकका दर्शन मुरलीमकैका फूल उठेझैं उठ्नुपर्दछ। यसै भूसीमाभित्र अवस्थित अनन्त गहिराइसम्म फैलिएका तारेभीर मुनिका गुफाहरूमा सच्चाइका मुड्की बजार्ने अनेकौं सुकरात मुस्कुराउन सक्छन्, ईश्वरीय सत्ता सौन्दर्यको चादर फैलाउने प्लेटो बिउँझन सक्छन्, समग्र शक्ति, सत्य र कल्याणको समन्वय गर्दै सुदूरसम्म अटल अमर रहने अरस्तु यहीं मुस्कुराउँछन्।


खप्तडका शीत ढल्कँदै गरेका दुवेचौरमा आशन जमाएर विना भाषण अजेय मानवताका गाथा अनन्त फैलाउने होमरका हातहरू यसै धराका सौन्दर्यशाली प्रकृतिका पातमा प्रीतिका अमर कहानी उठाउन सक्छन्। चारकोसे झाडीका अतल गहिराइ पक्रेर देवकोटा मितेरी लगाउँदै वर्डस्वर्थ, कलरिज, किट्स, शेली झर्नाका सप्तरङ्गी इन्द्रेणीसँग एकताको रङ छर्न सक्छन्, जडमा चेतनाका चौका जोडेर प्रजातन्त्रको, एकताको, अहिंसाको, विश्वबन्धुत्वको पिरामिड अग्लन सक्छन्। यहाँ के छैन ? सर्वस्व छ। मात्र, इच्छाशक्तिमा भूखण्डभित्रको पवित्रता, निर्मल, कञ्चन मनोविज्ञान र चेतनात्मक रेखाहरू जन्मनुपर्छ जहाँ जडभित्रको विशाल समूहले खाना, नाना र छानाको व्यवस्था आफैं गर्ने बाटाहरू खुलून्, उनीहरूको स्वर्ग त्यही हो। इञ्जिनियरिङ हातहरू पहरामा डोरी बाँधेर वैज्ञानिक यन्त्रमा आँखाहरू टाढासम्म फैलन पाऊन्, यहीं आइन्स्टाइन, ग्यालिलियोहरू मुस्कुराउन सक्छन्। दार्शनिक कलाकारहरू उन्मुक्त गुफामा, पहाडका शिखरमा घोत्लन पाऊन्। यहीं छन् अलका फैलने स्रोत र साधनहरू, यहीं छन् विन्दुमा विराट उभ्याउने र विराटलाई बिन्दुमा समेट्ने जन्मसिद्ध हातहरू।

**सिद्धिगणेश मावि, काठमाडौं**



Develop Your Teaching Career With Us.





# Be a Child-Centered Teacher

Have you always longed for the chance to be a pro-fessional, world-class teacher? Have you always longed for a teacher training degree course with a difference, a course both stimulating and fulfilling?

Rato Bangala Foundation offers a unique teacher training opportunity for those who are committed to the teaching profession. Successful candidates earn Certificate in Education and the Post-Graduate Diploma in Education (PGDE).

The course combines the strengths of three reputed institutions: Rato Bangala Foundation, Kathmandu University and Bank Street College of Education in New York.

- The minimum requirement for entry into the programme is 10+2 or B.A.
- After a year-long course, successful students graduate with a Certificate in Primary Teaching accredited by the Ministry of Education's National Center for Education Development (NCED).
- Students who enter with a B.A. degree will have the option of continuing their course of study for four months at Kathmandu University. Once they form a cohort of 10, such students can work toward earning a PGDE.

Forms are being distributed at Rato Bangala Foundation Office at Rato Bangala School from 9 a.m. to 4 p.m. from 14 March, 2013. Forms can also be downloaded from our website ***www.rbf.org.np.***

For further details contact:

**Rato Bangala Foundation**

P.O. Box: 202, Patan Dhoka, Lalitpur, Nepal. Tel: 5-546843, 5-542045, 5-522614. E-mail: rbf@ratobangala.edu.np


**_दिवास्वप्न_ नपाएको भन्ने गुनासोका सम्बन्धमा**

## अत्यन्त जरुरी सूचना

शिक्षण-कर्मका तपस्वी गिजुभाईको जीवन्त अनुभवमा आधारित कालजयी पुस्तक *दिवास्वप्न* विशेषत: पहाडी भेगका जिल्ला तथा ग्रामीण क्षेत्रका पाठकहरूले आफ्नो सदरमुकाम वा नजिकको बजारमा किन्न नपाएको भनी *शिक्षक* को कार्यालयमा गुनासो प्राप्त भएका छन्। यताका दिनमा त्यस्तो गुनासो झनै बढ्दै गएको छ।

*दिवास्वप्न* बिक्री गर्न इच्छुक बिक्रेता/पुस्तक-पत्रिका पसलहरूले आफूले बिक्री गर्न चाहेको प्रति (संख्या) खोलेर *शिक्षक* को कार्यालयमा फोन/इमेल वा पत्रबाट जानकारी गराएको खण्डमा यस कार्यालयले नै ढुवानी खर्च व्यहोरेर तत्काल पुस्तक उपलब्ध गराउनेछ। ढुवानीको खर्च र कठिनाइलाई ध्यानमा राखी त्यसरी माग गरिने पुस्तकको संख्या न्यूनतम १० प्रति र अधिकतम १०० प्रति हुनुपर्ने सीमा निर्धारण गरिएको छ।

*दिवास्वप्न* प्राप्त गर्न इच्छुक सबै शिक्षक/पाठकहरूले आफूलाई पायक पर्ने बिक्रेता कहाँ सम्पर्क राख्नुहोला। पुस्तक पाउने सबैभन्दा भरपर्दो बाटो पनि त्यही नै हो।

**छिटो सम्पर्कका लागि:** ९८४१५५९९३२ (हरि), ९८४१६७८२०५ (अनिल)

**_शिक्षक_ मासिक**
पो.ब.नं. ३९१, पूर्णचण्डीमार्ग, जावलाखेल, ललितपुर
फोन: ५५४३२५२, ५५४८१४२,
इमेल: mail@teacher.org.np




**पूर्व सचिव खेमराज नेपाल को तीन दशक लामो सरकारी सेवाका रोचक अनुभवको दस्तावेज– समाज, संस्कार र शासन बजारमा उपलब्ध छ।**




**प्रा.डा. विद्यानाथ कोइराला को बहुचर्चित पुस्तक शिक्षामा वैकल्पिक चिन्तन दोस्रो संस्करण आइसकेको छ।**

**बिक्री-वितरणको निम्ति सम्पर्क राख्नुहोस्:**
*शिक्षक* मासिक, पो.ब.नं. ३९१, पूर्णचण्डीमार्ग, जावलाखेल ललितपुर, फोन: ५५४८१४२, ५५४३२५२
इमेल: mail@teacher.org.np

बहस

साँचो विकास

# पहिले शिक्षा सुधारौं !

■ खुमबहादुर थापा



पाषाण युगबाट आजको कम्प्युटर युगमा आइपुग्दासम्म विकास अनवरत चलिरहेको छ। मानव समाजको अस्तित्व रहेसम्म विकासमा विराम लाग्दैन। मानिसका आधारभूत आवश्यकता नै समग्र विकासका जननी हुन्। आवश्यकताको अनुभूतिले मानिसको मनमा तनाव उत्पन्न हुन जान्छ। तनावलाई शान्त पार्न उसले प्रयत्न गर्छ। प्रयत्नबाट नयाँ उपलब्धि हासिल गर्छ। त्यस्तो उपलब्धि नै विकास हो। आज संसारमा जे-जति खोज, अनुसन्धान र विकास भएको छ त्यो सबै गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सञ्चार र आत्मसम्मानको खाँचोसँग सम्बन्धित रहेका छन्।

हामी नेपालीले खोजेको विकास हाम्रो यथार्थमा आधारित हुनुपर्छ। सीपयुक्त शिक्षा र नागरिक चेतनाको अभिवृद्धि नै विकासको मूल आधार भएकाले शिक्षामा आमूल सुधार गरी ज्ञान, विज्ञान र प्रविधिको विकास गर्नु नै हामीले खोजेको विकासको जग हो। विकास सर्वाङ्गीण हुनुपर्छ। परम्परादेखि चलिआएका प्रविधिलाई आधुनिकीकरण गर्नु र विश्वमा विकसित भएका नयाँ ज्ञान, विज्ञान र प्रविधि भित्र्याउनु र वातावरणमैत्री विकासको अवधारणालाई अपनाउनु नै सर्वाङ्गीण विकास हो। आजको संसारमा हामीले आफ्नो मात्र डम्फु बजाएर पुग्दैन। विश्व रंगमञ्चमा आफ्नो पहिचान देखाउँदै अरूबाट सिक्दै र अरूलाई सिकाउँदै अगाडि बढ्ने विकासको खोजी गर्नुपर्छ। कला, संस्कृति, धर्म, परम्परा, भाषाभाषी, साहित्य, सभ्यता र संस्कार नै विकासको धरोहर भएकाले यिनीहरूको जगेर्ना गर्ने, यिनैको जगेर्नाबाट रोजगारीको सिर्जना गर्ने विकास हामीले खोजेको विकास हो। धार्मिक, सामाजिक र सांस्कृतिक विविधता जस्तै प्राकृतिक विविधता हाम्रो जन्मभूमिको अर्को महत्त्वपूर्ण विशेषता भएकाले विकास प्राकृतिक विविधताको मर्ममा आधारित हुनुपर्छ। यसलाई ख्याल नराखी गरिने विकासले हाम्रा सन्ततिहरू महाविपत्तिमा पर्छन् भन्ने कुरा हामीले बुझ्न ढिलो गर्नुहुँदैन।

बौद्धिक पलायनलाई नरोकेसम्म नेपालमा ज्ञान, विज्ञान र प्रविधिको विकास संभव देखिँदैन। शिक्षित जनबल र परिश्रमी हातपाखुरा नै नभएको देशले विकास गर्न सक्दैन। विकास कसैले दिएर हुने कुरा पनि होइन। आवश्यकताको बोध, श्रम, प्रविधि, प्राकृतिक स्रोत साधन र पूँजीको परिचालनबाट नै विकास संभव हुन्छ। सबै नेपालीहरूको पूँजी जम्मा गरी उत्पादनमा लगाउने, श्रमको परिचालन गर्ने, ज्ञान र प्रविधिको खोज गर्ने र बौद्धिक पलायन रोक्ने नगरेसम्म हाम्रो विकास तासको महल जस्तो मात्रै हुनेछ। वन जंगलको संरक्षण, पानीका मुहान र जलाधार संरक्षण, नदी कटान रोकथाम, भू-क्षय बाढीपहिरो रोकथाम, भिरालो बारीहरूको गरा सुधार र फलफूल खेती, घाँस खेती र पशुपालन, सिंचाइ र लघु जलविद्युत् उत्पादन, वैकल्पिक ऊर्जाको विकास, गुणस्तरीय सर्वसुलभ शिक्षा, विधिको शासन नै हाम्रा लागि विकासको पहिलो खुट्किलो हो। यसका लागि जनचेतना र शिक्षामा सुधार हुनु पहिलो शर्त हो।

वर्तमान अवस्थामा हामीलाई आधारभूत आवश्यकता पूरा गर्ने, आफ्नो परिवेशसँग एकाकार हुने मौलिक विकासको खाँचो छ जुन आफ्नै धर्तीबाट र पुर्खाले छाडेको नासोबाट सृजना हुन्छ। पुर्खाले छाडेको नासोलाई आधुनिकीकरण गर्दै विकासका आधुनिक पाइलाहरूलाई पहिल्याउँदै अगाडि बढ्ने विकास हामीलाई चाहिएको छ।

## नेपाल र नेपालीको विकासः केलाई मान्ने ?

हरेक नेपालीको आधारभूत आवश्यकता पूरा हुन गई गुणस्तरीय जीवनयापनको अवस्था सृजना भएमा नेपाल र नेपालीको विकास भएको मान्नुपर्छ। शिक्षा र स्वास्थ्य सेवामा सबै नेपालीहरूको पहुँच पुग्न गई स्वस्थ र शिक्षित नेपालीहरूको श्रम र विवेकको प्रयोगबाट गरिएको समग्र विकास नै नेपाल र नेपालीको विकास हो।

अर्थतन्त्र आत्मनिर्भर नहुँदासम्म नेपाल र नेपालीको विकास भएको मान्न मिल्दैन। लसुनको पोटी उत्तर चीनबाट र प्याजको गानो दक्षिण भारतबाट आयात गर्ने हामी नेपालीहरूको अर्थतन्त्र कुन अवस्थामा छ होला सहजै अनुमान गर्न सकिने विषयवस्तु हो। खाने, लगाउनेदेखि लिएर सबै आवश्यकताका वस्तुमा अर्काकै भरमा पर्नुपर्ने अवस्थाबाट मुक्ति पाउनु नै नेपाल र नेपालीको विकास हो। जलविद्युत्को विकासबाट हाम्रो अर्थतन्त्र बलियो हुने संभावनालाई साकार पार्न छिमेकी मित्रराष्ट्र भारत र चीनको सहयोग लिने वातावरण सरकारले सृजना गर्न सक्नुपर्छ। वैदेशिक लगानीलाई देश विकासका लागि प्रयोग गर्न लगानी मैत्री वातावरण सृजना गर्न सक्नुपर्छ जसका लागि राजनीतिक स्थिरता, राजनीतिक संस्कार र संस्कृतिको विकास हुनु जरूरी छ।

पहाड हाड हो भन्ने मान्यताले हाम्रो मनमा राज जमाएको छ। पहाडको वातावरण जोगाएर गरिने विकासले मानवका लागि पहाड हाड नभएर ईश्वरको बरदान सावित हुन सक्छ भन्ने ज्ञान आर्जन गर्न सक्नु र सानो नेपाललाई सुन्दर बनाउनु नेपाल र नेपालीको विकास हो।

### समता, वातावरण र जलवायु परिवर्तनका विषयलाई आर्थिक वृद्धिसँग कसरी जोड्ने ?

वातावरण भनेको पञ्चतत्व हो। वायु, आकाश, जल, माटो र ताप यी पञ्चतत्वबाट समस्त प्राणीको शरीर बनेको छ। वातावरण अर्थात् पञ्चतत्व नै असन्तुलित भयो भने हामीहरूले निर्माण गरेका विकासका भौतिक पूर्वाधारहरूले मात्र आर्थिक वृद्धि संभव हुँदैन। असन्तुलित वातावरणका कारण पानीका मुहान सुक्दैछन्। खेतीपातीले मनग्ये उत्पादन दिन छाड्दैछ। अतिवर्षा, न्यूनवर्षा र खडेरीले उत्पादनमा पारेको असर हृदय विदारक छ। औद्योगिक तथा विकसित देशहरू वातावरणीय समस्या उब्जाउने कारक भए पनि हिमालको काखमा बसेका हामी नेपालीहरूले वातावरणीय समस्या भोग्नुपर्ने बाध्यतालाई विश्व समुदायमा जोडदार तरीकाले उठाउन सक्नुपर्छ र वातावरण संरक्षण र उत्पादनमुखी कार्यमा हाम्रा श्रम, पसिना र वैदेशिक सहयोगलाई वातावरण मैत्री विकासमा उपयोग गर्नुपर्छ। गरीबी न्यूनीकरणका लागि वन जंगललाई हराभरा गराउन जडीबुटी, फलफूल र नगदेबाली उत्पादनमुखी बनाउनुपर्छ र कार्वन व्यापारबाट मनग्ये लाभ लिन सक्नुपर्छ।

हामीहरूले जे-जति विकासका पूर्वाधारहरू निर्माण गरेका छौं ती सबै वातावरण मैत्री नहुनु नै हाम्रो आर्थिक सुधार नहुनुको कारक हो। शहर बजारमा मौलाएको फोहोर, प्लाष्टिकजन्य वस्तुको व्यापक प्रयोग, हरितगृह प्रभावी ग्याँसको उत्पादन, रासायनिक मल र कीटनाशक औषधिको प्रयोग, वनजंगलको विनास र जनसङ्ख्या वृद्धि नै वातावरण विनास र जलवायु परिवर्तनका कारण हुन्। वातावरण र जलवायु परिवर्तनको समस्याले खेतीपातीको उत्पादनमा ह्रास ल्याएको छ। पानीका मुहानहरू दूषित बनेका छन्। प्रदूषित माटो, पानी र हावाले जीवन दिन प्रतिदिन कष्टकर बन्दै गइरहेको छ। प्राङ्गारिक मल, जैविक विषादी, कागज र लोक्ताबाट निर्मित खोलाको प्रयोग, छोटो दूरीको यातायातमा साइकल र रिक्साको प्रयोग, सौर्य ऊर्जा, वायु ऊर्जा, वायो ग्याँसको प्रयोग र फोहोरको व्यवस्थापन गरी मोहर कमाउन सके, माटो, वायु र पानी प्रदूषणबाट मुक्ति पाउन सकिन्छ। वन जङ्गलको संरक्षणमा सहयोग पुग्न सक्छ। पेट्रोल, डिजल, रासायनिक मल र कीटनाशक औषधिको खरीदमा खर्च हुने धनराशीलाई विकासका अन्य क्षेत्रमा लगानी गरी आर्थिक वृद्धि बढाउन सकिन्छ। जीविकोपार्जन र वातावरण संरक्षणका लागि वन जंगलको संरक्षण हाम्रो आर्थिक सुधारको मेरुदण्ड बन्न सक्छ। वन पैदावारमा आधारित कुटिर उद्योगहरूको विकास हुन गई आर्थिक वृद्धि बढाउन र स्वस्थ जीवन जिउन सहयोग पुग्छ।

### नीतिनिर्माणको प्रक्रियामा नागरिकको सहभागिता कसरी सुनिश्चित गर्ने ?

सामन्ती राजनीतिक संस्कार र संस्कृतिलाई तिलाञ्जली दिनुपर्छ। सामाजिक संघसंस्था, राजनीतिक दल र दबाब समूहहरूको सांगठनिक र संस्थागत विकास गरिनुपर्छ। आमसञ्चारका माध्यमहरूको संस्थागत विकास र सूचनाको पहुँच आम नागरिकमा पुर्‍याउन सक्नुपर्छ। सदियौंदेखि चलिआएका अलोकतान्त्रिक ऐन/नियमलाई खारेज गरिनुपर्छ। स्थानीय स्वायत्त शासन ऐनको परिमार्जन र कार्यान्वयनका साथै स्थानीय निकायको निर्वाचन र संस्थागत विकास गरिनुपर्छ। आम नागरिकमा सूचनाको हकलाई प्रभावकारी प्रयोग गर्न सक्ने क्षमताको विकास गर्न सक्नुपर्छ। लोकतन्त्रका आधारस्तम्भहरूलाई बलियो नबनाएसम्म नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्न संभव छैन। लोकतन्त्रमा प्रतिनिधिमार्फत नागरिकले नीतिनिर्माण प्रक्रियामा सहभागिता जनाउने भएकाले हरेक राजनीतिक दल, दबाब समूह, राज्यका अंग र सामाजिक संघसंस्थाले लोकतान्त्रिक मूल्य र मान्यता अनुसार आफ्ना सांगठनिक नीतिनियमहरू निर्माण गर्नुपर्छ र लागू गर्नुपर्छ। लोकतान्त्रिक संस्कार र संस्कृतिको विकास विना नीतिनिर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित नहुने भएकाले नागरिक शिक्षा र जनचेतनामा जोड दिने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ। नीतिनिर्माण प्रक्रियामा सूचना तथा सञ्चारका माध्यमको सहयोगमा नागरिकले व्यापक बहस चलाउन सक्ने वातावरणको विकास गरिनुपर्छ।

**प्रअ, धर्मभक्त निमावि**
**धर्मावती-८ मानागाउँ, प्युठान**




# घरायसी ऊर्जा प्रविधि र नीतिका प्रश्न

**बिजुली मात्रै बाल्न पाए पनि जीवनको स्तर केही माथि जान्छ। तर चुनौती– खाना पकाउन काठ-दाउराको प्रयोग घटाउनु पनि हो। यो दिशामा अघि बढ्न, प्रविधि सजिलो र सस्तो हुनुपर्छ।**

■ सृष्टि सिलवाल

स्वच्छ, किफायती तथा भरपर्दो ऊर्जा समृद्धिका लागि अपरिहार्य वस्तु हो। भरपर्दो ऊर्जा आपूर्तिविना आर्थिक उन्नति सम्भव छैन। यो तथ्यलाई हालसालै अमेरिकी संस्था 'नोआ' (NOAA) ले सार्वजनिक गरेको चीन र भारतको रातको तस्वीर (तल) ले प्रष्ट गर्छ। चित्रमा पूर्वी चीन र भारत उज्याला छन्। उज्यालो हुनुको अर्थ पर्याप्त ऊर्जा खपतसँगै जागिर, उद्योग र सेवा क्षेत्रको विकास भएको संकेत पनि हो। यो चित्रमा नेपाल देखिँदैन अर्थात् अँध्यारोले ढाकिएको छ। स्वाभाविकै हो, सन् २०११ मा भारत र चीनको वार्षिक वृद्धिदर क्रमश: ६.९ र ९.३ प्रतिशत थियो भने ती दुईको बीचमा रहेको नेपालको ३.९ प्रतिशत मात्रै।




रातमा चीन, भारत र नेपाल, सन् १९९२




रातमा चीन, भारत र नेपाल, सन् २०१०

आर्थिक वृद्धिदर मात्रै उन्नतिको सूचक पक्कै होइन, तथापि नेपालको आर्थिक वृद्धिदर माथि जान नसक्नुको एउटा कारण परम्परागत ऊर्जामाथिको निर्भरता कायम रहनु पनि हो। जल तथा ऊर्जा आयोग सचिवालयको सन् २०१० को तथ्याङ्कले भन्छ– नेपालीको लगभग ८७ प्रतिशत ऊर्जा काठ-दाउरा, कृषि अवशेष र गुइँठाजस्ता स्रोतबाट आउँछ। सन् २०१० मा पङ्क्तिकारले रसुवा जिल्लाको स्याफ्रुबेंसीमा गरेको अध्ययनले त्यहाँका करीब ९० प्रतिशत घरधुरी परम्परागत ऊर्जामा आश्रित देखाएको थियो। *आइसेट-नेपाल* ले पश्चिमाञ्चलका ६ वटा गाविसमा जलवायु परिवर्तनको जोखिम आकलन गर्ने र त्योसँग अनुकूलन रहने विधिको खोजतलास गर्ने क्रममा त्यहाँका करीब ८२ प्रतिशत घरधुरीले परम्परागत ऊर्जाको प्रयोग गरिरहेको पाएको छ। यो आँकडा नेपालको औसत ऊर्जा खपतसँग मेल खान्छ।

परम्परागत ऊर्जा स्रोतहरू खाना पकाउन र आगो ताप्न मात्र उपयोगी छन्, बत्ती बाल्न, मोबाइल फोन, इन्टरनेट जस्ता सञ्चारका साधन प्रयोगका लागि काम लाग्दैनन्। स्कूल, कलेज र स्वास्थ्य सेवाको सञ्चालन पनि यस्ता स्रोतबाट हुँदैन, कलकारखानाको त कुरै छाडौं। काठ-दाउराको निरन्तर प्रयोग स्वास्थ्यका हिसाबले पनि ठीक छैन। दाउरा बाल्दा आउने धुवाँले घरभित्र प्रदूषण बढाउँछ, जसको असर महिलालाई बढी पर्छ, किनभने खाना पकाउने काममा उनीहरू बढी खट्छन्।

माथि उल्लिखित ऊर्जा प्रयोगको स्थितिमा कसरी सुधार ल्याउने? नेपालको राष्ट्रिय ग्रीडबाट आउने बिजुलीको माग धान्न अत्यन्त अपर्याप्त छ। शहरी क्षेत्रमा खाना पकाउन मूलत: ग्यास प्रयोग हुन्छ। नेपालमा गत वर्ष १ लाख ८१ हजार मेट्रिक टन ग्यास खपत भयो। यो स्थितिमा नेपालका शहरी तथा ग्रामीण भेकका घरमा बिजुलीले खाना पाक्ने कुरो सम्भव तुल्याउन ठूलै नीतिगत परिवर्तन जरुरी देखिन्छ। त्यसनिम्ति उपयुक्त प्रविधि त चाहिन्छ नै।

नेपालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा अरू थुप्रै गैरसरकारी संस्थाहरूको

सहयोगमा विभिन्न नवीकरणीय ऊर्जा प्रविधि प्रयोग हुँदैछन् । जस्तै, साना जलविद्युत्, सोलार होम्स प्रणाली, सुधारिएको चुलो, गोबर ग्यास र विक्रेट। वातावरणमैत्री र कम प्रदूषण गर्ने भए पनि यस्ता स्रोतको व्यापक प्रयोग भने हुन सकेको छैन, यसमा थुप्रै जटिलताहरू छन् । कतिपय प्रविधि महँगा छन् भने नयाँ प्रविधिको प्रयोग शुरू गरिहाल्न मानिसहरू स्वाभाविक रूपमै अनकनाउँछन्। कतिपय सन्दर्भमा प्रविधि जडान गरेर पनि परिवार र समुदायमा सीप र क्षमता नहुँदा समस्या पैदा हुने गरेको छ। अर्घाखाँची जिल्लाको हंसपुर गाविसमा केही सीमान्त घरधुरीले आफ्नै खर्चमा सोलार बत्ती जडान गरे तर सीप र क्षमता नहुँदा ती मर्मत हुन सकेनन् । यसरी उचित सहयोगविना प्रविधिको प्रयोग दिगो हुँदैन ।

नेपाली समाजको विविध सामाजिक, आर्थिक चरित्रका कारण ऊर्जाको हकमा पनि भिन्न नीति र बाटो लिनु आवश्यक छ । पहाड र तराईका सीमान्त घरधुरीलाई यो कुरा तत्काललाई समयसापेक्ष नहुन सक्छ । राष्ट्रिय ग्रीडबाट विद्युत् सेवा पाउने विश्वका अन्य मुलुकजस्तै नेपालका गाउँमा पनि मोबाइल फोन र इन्टरनेट शिक्षामा प्रयोग हुन थालेको छ। यसनिम्ति सोलार वा साना जलविद्युत् नै पर्याप्त छन्। सूचना तथा प्रविधिको उपलब्धता प्रत्याभूत गरेपछि घरपरिवारले विस्तारै नयाँ विधि र तरिका पनि सिक्न थाल्छन् । परिवर्तनको बाटो लिन प्रेरित हुन्छन् ।

नेपालमा भित्रिने विप्रेषण र अन्य आर्थिक स्रोतलाई विकेन्द्रित नवीकरणीय ऊर्जा उत्पादनतिर लगाउन सरकारले नीति ल्याउनु उचित हुन्छ। यस्तो विकासमा लगानी भएका उदाहरण पनि छन्। गोरखाको माम्बु गाविसका एक व्यक्तिले वैदेशिक रोजगारीमा कमाएको रकम सानो जलविद्युत् आयोजनाको निर्माणमा लगाएका कारण गाउँका सबै घरले बिजुली बाल्न पाएका छन् ।

भरपर्दो र दिगो ऊर्जाले आय आर्जनका भिन्न-भिन्न उपाय शुरू गर्न सहयोग गर्छ । रोजगारीका विविध उपाय उपलब्ध हुनु भनेको जलवायु परिवर्तनले ल्याउने जोखिम सामना गर्ने क्षमता बढ्नु पनि हो । ऊर्जाको उचित व्यवस्था गर्न नसक्दा नेपालबाट वैदेशिक रोजगारमा जाने युवाहरूको सङ्ख्या बढ्दो छ । विप्रेषणले परिवारको आम्दानी बढाएको त छ तर त्यसले आफ्नैखाले सामाजिक चुनौती पनि खडा गरेको छ ।

बिजुली मात्रै बाल्न पाए पनि जीवनको स्तर केही माथि जान्छ। तर चुनौती– खाना पकाउन काठ-दाउराको प्रयोग घटाउनु पनि हो । यो दिशामा अघि बढ्न, प्रविधि सजिलो र सस्तो हुनुपर्छ । त्यसको प्रयोगकर्तालाई बिग्रेमा के गर्ने, कता कहाँ जाने ? भन्ने जानकारी हुनुपर्छ। नेपालका शहरहरूमा यस्ता सेवा उपलब्ध छन् तर गाउँठाउँमा छैनन् । यस्ता विषयहरू केलाएर नीति बनाउनु कर्तव्य हो । तर त्यस्तो नीतिको कार्यान्वयन र अनुगमन पनि त्यत्तिकै महत्त्वपूर्ण कुरा हो ।




# सानिमा डेबिट कार्डबाट निःशुल्क कारोबार

**सानिमा** बैंकले नेपालमै पहिलो पटक २०६७ सालमा आफ्ना ग्राहकहरूको लागि एटीएमबाट निःशुल्क रकम निकाल्न सक्ने सुविधा ल्याएको हो । सामान्यतः कुनै बैंकको डेबिट कार्ड सोही बैंकको एटीएमबाट रकम झिक्दा कुनै शुल्क लाग्दैन भने अन्य बैंकको एटीएमबाट रकम झिक्दा तोकिएको शुल्क लाग्ने गर्दछ। एस.सी.टी. नेटवर्कमा आबद्ध एक बैंकको डेबिट कार्डबाट सोही नेटवर्क अन्तर्गत अर्को कुनै बैंकको एटीएमबाट रकम झिक्दा सामान्यतः प्रत्येक पटक रु.२५ शुल्क लाग्छ। तर, सानिमाले आफ्ना ग्राहकहरूको सुविधाको लागि यो शुल्क हटाएको हो । सानिमा डेबिट कार्डका प्रयोगकर्ताले एस.सी.टी. नेटवर्क अन्तर्गत देशभरि छरिएका जुनसुकै एटीएमबाट कुनै पनि शुल्क नतिरी रकम निकाल्न सक्छन् । यो सुविधाले गर्दा सानिमाका ग्राहकहरू देशभर यात्रा गर्दा पैसा बोकेर हिंड्नुपर्ने बाध्यताबाट मुक्त भएका छन् । सानिमा डेबिट कार्ड प्रयोग गरी सामान तथा सेवाको खरीद वापतको रकम सीधै निःशुल्क भुक्तानी गर्न पनि सकिन्छ । साथै, सानिमा डेबिट कार्डले भारतमा पन्जाब नेशनल बैंकका एटीएमबाट समेत रकम निकाल्न सकिन्छ ।

सानिमाले हाल काठमाडौंमा नक्साल, नौबिसे, चुच्चेपाटी तथा तेह्रथुमको म्याङलुङ शाखामा आफ्नै एटीएमको स्थापना गरेको छ । तर, सानिमाका ग्राहकले सानिमाको आफ्नै एटीएमलगायत एस.सी.टी. नेटवर्कमा आबद्ध देशभरका ११०० भन्दा बढी एटीएमबाट समान रूपमा निःशुल्क कारोबार गर्न सक्छन् । भारतमा पन्जाब नेशनल बैंकका ४५०० भन्दा बढी एटीएमहरूमा सानिमा डेबिट कार्ड प्रयोग गर्न सकिन्छ ।

सानिमाका शाखाहरूबाट तुरुन्त सानिमा डेबिट कार्ड प्राप्त गर्न सकिन्छ ।



## नयाँ पुस्ता इमानदार

**अमेरिकी** हाइस्कूलहरूमा गरिएको एक सर्वेक्षणले त्यहाँका किशोरकिशोरीमा 'इमानदारी' बढ्ने क्रममा रहेको देखाएको छ। *जोसेफसन इन्स्टिच्युट अफ इथिक्स* ले गरेको अनुसन्धान अनुसार आफूले ठगेको, ढाँटेको र चोरेको कुरा स्वीकार गर्ने किशोरकिशोरीको संख्या सन् २०१२ मा दशकमै पहिलो पटक घटेको देखिएको छ। २३ हजार विद्यार्थीमाऱ्‍ गरिएको यो सर्वेक्षणको परिणामले मानिसहरू आशावादी रहेको देखाएको छ। जोसेफसन इन्स्टिच्युटका संस्थापक–अध्यक्ष माइकल जोसेफसन भन्छन्, "यो अत्यन्त सकारात्मक संकेत हो। परिस्थिति सकारात्मक मोडतिर फर्केको देखिन्छ।"



प्रत्येक दुई वर्षमा गरिने यो सर्वेक्षणका केही परिणाम यस्ता छन्:

- परीक्षामा चिट चोरेको कुरा स्वीकार गर्ने विद्यार्थीको संख्या सन् २०१० को ५९ प्रतिशतबाट २०१२ मा ५१ प्रतिशतमा झरेको छ। अर्थात्, चिट चोर्ने क्रम घटेको छ।
- शिक्षकलाई ढाँटेको कुरा स्वीकार गर्ने अर्थात् ढाँट्ने विद्यार्थीको संख्या सन् २०१० को ६१ प्रतिशतबाट २०१२ मा ५५ प्रतिशतमा झरेको छ।
- सन् २०१० मा पसलबाट चोरी गरेको स्वीकार्ने विद्यार्थीको संख्या २७ प्रतिशत थियो भने २०१२ मा यो संख्या २० प्रतिशतमा झरेको छ।

"अभिभावक र शिक्षकले विद्यार्थीको इमानदारी र चरित्र सुधार गर्न गरेको प्रयत्नको परिणाम हो यो", जोसेफसनले एउटा वक्तव्यमा भनेका छन्।

किशोरकिशोरीको इमानदारी मूल रूपमा उनीहरूको मूल्य प्रणालीमा भर पर्छ। अभिभावक र शिक्षकले निर्धारण गरेका असल मूल्यको प्रभाव बालबालिकामा पर्ने कुरा अनुसन्धानबाट देखिए पनि सञ्चारमाध्यममा आएका बदमासीका समाचार र कथा कहानीको प्रभाव पनि उनीहरूमा नपरी रहँदैन। 'एडभेन्चर' अर्थात् साहस/बहादुरी प्रदर्शन मात्रका लागि मात्रै पनि कतिपय बदमासीहरू गर्ने गरिएका पाइन्छन्।

अमेरिकी नवयुवामा देखिएको बढ्दो इमानदारीका कारणबारे केही अनुमान गरिएका छन्। युनिभर्सिटी अफ मिचिगनको शिक्षा नीतिका प्रोफेसर ब्रायन ज्याकब यसलाई सूचनाको अधिकताले ल्याएको सुधार ठान्छन्। स्कूलमा हुने नक्कल (प्लेजरिजम) को अध्ययन गरेका प्रोफेसर ब्रायनको भनाइमा अनलाइन सामग्रीको पर्याप्तताका कारण परीक्षा आदिमा नक्कल गर्ने प्रवृत्तिमा उल्लेखनीय कमी आएको छ।

यो सर्वेक्षणको अर्को उल्लेखनीय पक्ष के छ भने; केटाको तुलनामा केटीहरू बढी इमानदार देखिएका छन्। ४५ प्रतिशत केटाहरू सफल हुनका लागि कहिलेकाहीं ढाँट्नु वा ठग्नु पनि पर्छ भन्छन् भने यसो भन्ने केटीहरूको संख्या २८ प्रतिशत मात्र छ।

**- Cathy Payne, USA TOAY**

## अल्मलिएका बाबुआमा

**आफूले** जानेकै विषय भए पनि छोराछोरीलाई गणितको 'होमवर्क' मा सघाउने बेलामा बाबुआमा अल्मलिन्छन्; किनभने उनीहरूले पढ्दा र अहिले गणित पढाउने तरिकामा ठूलो अन्तर आइसकेको छ। करीब २,००० आमाबाबुबीच गरिएको एउटा सर्वेक्षणमा आधासरो सहभागीले साधारण जोडघटाउ सिकाउने बेलामा पनि आफ्नो आत्मविश्वास डगमगाउने गरेको बताएका छन्। सयमा पाँच जना अभिभावकले मात्रै ११ वर्ष वा कम उमेरका बालबालिकालाई आत्मविश्वासका साथ गणित पढाउन सकेको पाइएको छ।

अमेरिकामा गरिएको एउटा ताजा अध्ययन अनुसार बालबालिकाको स्तरोन्नतिमा आमाबाबुको एकदमै ठूलो र स्कूलको भन्दा महत्त्वपूर्ण भूमिका रहन्छ। तर ३० प्रतिशत अमेरिकी बाबुआमा "मलाई बच्चालाई म्याथ सिकाउने आँटै आउँदैन" भन्छन् भने ५३ प्रतिशत नयाँ शिक्षण विधिका कारण आफू अल्मलिएको बताउँछन्।

अध्ययनको यो निष्कर्षपछि वर्तमान विधि 'भद्दा, अल्मल्याउने र बोर लाग्ने' भएको भनेर केही ठाउँमा गणित शिक्षणका पुरानै विधि पुनर्स्थापना गर्ने निर्णय पनि गरिएको छ।

उक्त अध्ययनमा टिप्पणी गर्दै टिभी प्रस्तोता क्यारोल भोर्डरम्यानले भने "बाबुआमाले मद्दत गर्ने हो भने बालबालिकाले राम्रोसित गणित सिक्न सक्छन् भन्ने पुष्टि भइसकेको छ। त्यसैले उनीहरूले स्कूलमा मात्र होइन घरमा पनि रमाइलो, सजिलो र चाखलाग्दो तरिकाले गणित सिक्ने अवसर पाउनु जरूरी छ।"

स्कूल जाने बालबालिकाका २,००५ जना अभिभावकबीच गरिएको सर्वेक्षणमा कक्षा चारदेखि आठका बीचमा पढाइने गणितका १० वटा प्रश्न सामेल गरिएका थिए। तीन प्रश्नको जम्मा पाँच प्रतिशत अभिभावकले मात्र सही उत्तर दिए। १५ प्रतिशत बाबुआमा त ८-९ वर्षका बालबालिकाले जान्ने सामान्य प्रश्नमा समेत अल्मलिए। एउटा प्रश्न यस्तो थियो– २/८, १०/४०, ४/८ र ५/२० मध्ये कुन चाहिं १/४ सँग बराबर छ?

**– ग्राइम प्याटन**

## अन्योल पनि राम्रै हो

**अन्योलमा** पर्नु हामी कसैलाई पनि मन पर्दैन। हामीलाई लाग्छ, यसले हाम्रो सिकाइमा बाधा पुऱ्याउँछ। तर, वास्तवमा त्यस्तो हुँदैन भन्छन् वैज्ञानिकहरू। उनीहरूको विश्लेषणमा त अन्योल भयो भने मानिसले अझ राम्रोसित, अझ गहिरो गरी र अझ लामो समयसम्म रहने गरी सिक्न सक्छन्। तर सिकाइ व्यवस्थित हुनुपर्ने उनीहरूको मान्यता छ।



# होमवर्क दिने कि नदिने ?

**अनलाइन** शिक्षा दिने 'भर्च्युअल' स्कूलका विद्यार्थीहरू इन्टरनेट जोडिएको ठाउँमा जतिबेला पनि 'स्कूल वर्क' नै गरिरहेका हुन्छन् । लाग्छ अब 'होमवर्क' भन्ने शब्द नै असान्दर्भिक हुँदैछ ।

लामो समयदेखि 'होमवर्क' एउटा चर्चाको विषय हो । कोही 'होमवर्क' दिन आवश्यक छैन भन्छन्, कोही 'होमवर्क'ले नै विद्यार्थीलाई उत्तरदायी र समयको महत्त्व चिन्ने बनाउँछ भन्नेमा अटल विश्वास गर्छन् । अमेरिकाको युनिभर्सिटी अफ भर्जिनियाको करी स्कूल अफ एजुकेशनका प्रोफेसर रबर्ट एच ताईले भने २०१२ मा 'होमवर्क कसरी समय सार्थक हुनसक्छ' भन्ने बारेमा अध्ययन नै गरे । उनले कलेजमा दोस्रो वर्षमा पढ्ने १८ हजारभन्दा बढी विद्यार्थीहरूका बीच अनुसन्धान गर्दा आएका निष्कर्षलाई यसरी शब्द दिए, "होमवर्कलाई विद्यार्थीले सिकेका कुराको अभ्यास गर्ने अवसरका रूपमा विकास गरिनुपर्छ । यसलाई हरेक रात घन्टौंसम्म विद्यार्थीले घोटिनै पर्ने बाध्यता बनाइनुहुन्न ।"

### होमवर्कका पक्षमा

युनिभर्सिटी अफ मिचिगनले सन् २००४ मा गरेको राष्ट्रिय सर्भेले सन् १९८१ यता होमवर्कमा लाग्ने समय ५१ प्रतिशत बढेको देखायो । यो समय मुख्यत: साना विद्यार्थीहरूको बढेको थियो । ६ देखि ८ वर्ष उमेर समूहका बालबालिकाले १९८१ मा प्रतिदिन सरदर ८ मिनेटमा होमवर्क सक्थे भने २००३ मा २२ मिनेटमा मात्र सक्न थाले ।

होमवर्क र बालबालिकाको प्रगतिमा पनि उल्लेख्य र सकारात्मक सम्बन्ध देखियो । सन् २००६ मा ड्युक युनिभर्सिटीको शिक्षा विभागका निर्देशक ह्यारिस कूपरले गरेको अध्ययनमा राम्रोसित होमवर्क गर्ने विद्यार्थीको शैक्षिक प्रगति होमवर्क नगर्नेका तुलनामा राम्रो देखियो । यस्ता ३५ वटा अध्ययनको करीब ७७ प्रतिशत परिणामले होमवर्क र अध्ययनका सकारात्मक सम्बन्ध पुष्टि गरेका छन् ।

### सबै राम्रो छैन

तर अरू कतिपय अनुसन्धानले भने होमवर्कलाई उति गजब मानेका छैनन् । कतिले त यसलाई व्यर्थको अभ्यास समेत मानेका छन् । सन् २०१२ मा प्रकाशित किताब 'रिफर्मिङ होमवर्क: प्राक्टिस, लर्निङ एण्ड पोलिसिज' ले त होमवर्कले गर्ने हानिका बारेमा थुप्रै कुरा प्रकट गरेको छ । सन् १९९० को एउटा अध्ययनले होमवर्क लदाइने देशका तुलनामा सजिलो गरी पढाइने देशका विद्यार्थीको गणितलगायतका विषयमा राम्रो क्षमता देखिएको निष्कर्ष निकालेको थियो । 'रिफर्मिङ होमवर्क' अष्ट्रेलियाली लेखकहरूले होमवर्कमा प्रतिबन्ध नै लगाउन त भनेका छैनन्, तर गुणस्तरीय र कम होमवर्कका लागि भने जोड दिएका छन् ।

कलेज दोस्रो वर्षका विद्यार्थीहरूले होमवर्कले आफ्नो ग्रेडमा राम्रो वा नराम्रो दुवैखाले असर नपारेको बताए । प्रोफेसर ताईको निष्कर्ष छ– होमवर्कलाई कक्षाको विस्तार होइन, रचनात्मकताका लागि प्रयोग गर्नुपर्छ ।

**– एलिसन डेनिस्को**

कसरी यस्तो हुन्छ त ? मानव मस्तिष्क निश्चित ढाँचा (प्याटर्न) चिन्ने मेसिन हो । यसको विकास सम्बन्धित परिघटनाहरूलाई चिन्न र तिनलाई सिलसिलेवार मिलाएर अर्थ निकाल्ने किसिमले भएको छ । यही क्षमताले गर्दा हामी सामान्यदेखि जटिल वैज्ञानिक महत्त्वसम्मका विभिन्न कुरालाई चिन्छौं र बुझ्छौं । आफ्नो बोध क्षमतालाई परिमार्जित गर्न



वैज्ञानिकहरूले केही उपाय सिफारिस गरेका छन्:

१. अल्मल्याउने र जटिल सामग्रीहरू पढ्ने, त्यस्तै फिल्महरू हेर्ने । केही नबुझिने कुराहरू पढेर वा हेरेर अर्थ निकाल्ने प्रयास गर्दा बोधशक्ति चनाखो हुन्छ । त्यसले हामीलाई ढाँचाहरू चिन्न मद्दत गर्छ ।
२. उत्तर व्यक्त नभएको अवस्थामा मस्तिष्कले त्यसै विषयमा मन्थन गरिराख्छ र त्यसबाट आफ्नो बोध र विश्लेषण क्षमतालाई बल पुग्छ ।
३. सिक्नुअघि आफ्नो मूल्याङ्कन गर्ने । यो कुरा अलि अनौठो सुनिन्छ तर आफूले जान्दै नजानेका विषयमा उत्तर दिने प्रयासले सिकाइलाई बढी प्रभावकारी बनाउँछ ।

जानेको आभासले भन्दा अन्योलको अनुभूतिले बढी सिकाउँछ भन्ने कुरा हाम्रा पुर्खाले पनि अनुभव गरेकै हुन् । त्यसैले त उनीहरूले पनि भनेका थिए–

पैले बुझ्न कठिन, बुझ्यो रुन् कठिन, रुन् रुन् बुझ्यो रुन् कठिन...

**– एन्नी मर्फी पाउल**

# गरीबी निवारणका लागि रोजगारी प्रत्याभूत गर्न बनेको विधेयक, २०६९

रोजगारीको अभावमा व्यक्तिले सम्मानजनक जीवनयापन गर्न सक्दैन। रोजगारी नहुँदा व्यक्तिले अरू तमाम अधिकारहरूको उपभोगबाट समेत वञ्चित हुनुपर्ने हुन्छ। रोजगारी पाउनु सुविधा मात्र होइन, यो सबै नागरिकको आधारभूत अधिकार हो। रोजगारीको प्रश्न व्यक्तिको सामाजिक प्रतिष्ठा वा हैसियतसँग पनि गाँसिएको हुन्छ। यसले व्यक्ति वा राज्यको अन्तरसम्बन्धलाई पनि परिभाषित गर्दछ।

कुनै पनि मुलुकमा बेरोजगारहरूको ठूलो संख्या प्राय: राजनीतिक एवं सामाजिक स्थिरताका लागि नितान्त घातक हुन्छ। बेरोजगारहरूको अत्यधिक संख्याले सामाजिक संरचनालाई ध्वस्त तुल्याउनुका साथै गम्भीर राजनीतिक अस्थिरता उत्पन्न गर्ने एउटा प्रमुख कारक तत्व हो भन्ने तथ्य संसारका धेरै देशका अनुभवहरूले प्रमाणित गरिसकेका छन्। नेपालको कुल जनसंख्याको ठूलो हिस्सा बेरोजगारी र गरीबीको निरपेक्ष रेखामुनि रहेका छन्। यो एउटा अत्यन्त गम्भीर अवस्था हो। व्यापक संख्यामा रोजगारी सिर्जना गर्नु नेपालको लोकतान्त्रिक शान्ति र स्थिरताको दिशामा पहिलो काम हो। चरम गरीबी, अभाव, बेरोजगारी एवं वञ्चितीकरणको कारणले नेपाल सशस्त्र द्वन्द्वको प्रक्रियाबाट गुज्रियो। द्वन्द्वको स्थायी रूपान्तरणका लागि गम्भीर आर्थिक एवं सामाजिक रूपान्तरणको आवश्यकता छ। दिगो शान्तिका लागि जनताले शान्तिको लाभांश पाउनुपर्ने आवश्यकता छ। एक डलरभन्दा पनि कम आयमा जीवनयापन गर्ने जबसम्म ठूलो जनसंख्या मुलुकमा विद्यमान रहन्छ तबसम्म नेपालमा दिगो शान्तिको स्थापना हुन सक्दैन। लडाकूहरूको व्यवस्थापन मात्र शान्ति प्रक्रिया हो भन्ने सतही बुझाइमा हाम्रा राजनीतिक दलहरू रहेका छन्। हाल नेपालमा एकातिर ग्रामीण क्षेत्रमा कृषि एवं निर्माण कार्यका लागि श्रमिकहरूको अभाव छ भने आईएलओले गरेको एक अनुगमनअनुसार नेपालको करीब ७० लाख जनसंख्या रोजगारीको खोजीमा मुलुक बाहिर पुगेको छ। यो एउटा भयावह तस्वीर हो।

आज नेपालको अर्थतन्त्र रेमिट्यान्स अर्थतन्त्र हो। रेमिट्यान्स अर्थतन्त्रको सामाजिक मूल्य एकदमै चर्को छ। यसले सामाजिक विघटन एवं विश्रृंखलताको प्रक्रियालाई जन्म दिएको छ। आफ्नो सक्रिय जनसंख्या निर्यात गर्ने राष्ट्रले कहिल्यै पनि प्रगति गर्न सक्दैन। नेपालको ग्रामीण क्षेत्र आज युवाविहीन देखिन्छ। त्यहाँ अधिकांश वृद्ध एवं बालबालिका मात्र भेटिन्छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २३ ले "कामको अधिकार" (Right to work) लाई आधारभूत मानवअधिकारको रूपमा व्यवस्थित गरेको छ। यसैगरी घोषणापत्रको धारा २४ ले पर्याप्त जीवनस्तर (Right to an adequate standard of living) अधिकारको प्रत्याभूति गरेको छ। केही विधिशास्त्रीहरू मानवअधिकारको विश्वव्यापी घोषणापत्रको कानूनी महत्त्वबारे प्रश्नचिन्ह उपस्थित गर्दछन् र यो कानूनी रूपमा बाध्यात्मक नरहेको तर्क प्रस्तुत गर्दछन्। तर हाल यस घोषणापत्रले विकासक्रमको एउटा लामो यात्रा तय गरिसकेको छ। हाल यो अन्तर्राष्ट्रिय कानूनको प्रथागत विधि (Part of customary International law) को हिस्सा भइसकेको छ। यसलाई संयुक्त राष्ट्रसंघको वडापत्रको धारा ५५ एवं ५६ को आधिकारिक व्यवस्था भनिन्छ। संयुक्त राष्ट्र चार्टरको धारा ५५ र ५६ अन्तर्गत सदस्य राष्ट्रहरूले मानवअधिकारको संरक्षण वा सम्वर्द्धन गर्ने दिशामा व्यक्तिगत एवं सामूहिक कदम चाल्ने प्रतिज्ञा गरेका छन्।

यसै सन्दर्भमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संयुक्त राष्ट्रसंघीय महासन्धि (Covenantion Economic, social and cultural rights) अत्यन्त महत्त्वपूर्ण छ। यो अनुमोदन गर्ने राष्ट्रका हकमा एउटा बाध्यात्मक दस्तावेज हो। यस महासन्धिको धारा ६ ले स्पष्ट रूपमा व्यवस्था गरेको छ कि यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले काम गर्ने अधिकार स्वीकार गर्दछन् जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत समावेश हुनेछ। प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन्।

नेपालले यस महासन्धिलाई अनुमोदन गरेको छ। हाम्रो सन्धि ऐनको दफा ९ अनुसार नेपालका लागि यो एउटा बाध्यात्मक दस्तावेज हो। यसै सन्दर्भमा नेपालको अन्तरिम संविधानको धारा १८ (१) को प्रावधान अत्यन्त महत्त्वपूर्ण छ। यस धाराले प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानको यस धारा बमोजिम रोजगारीको हकलाई प्रत्याभूत गर्न कानून निर्माण गर्नु राज्यको दायित्व रहेको छ। संविधानको यस धारालाई कार्यान्वयन गर्न लामो समयसम्म कानून निर्माण नगर्नु राज्य आफ्नो संवैधानिक दायित्वप्रति उदासीन हुनु हो। गरीबी निवारणका लागि रोजगारी प्रत्याभूत गर्न विधेयक बनेको छ।

नागरिकहरूलाई रोजगारी प्रत्याभूत गर्नु राज्यको एउटा महत्त्वपूर्ण दायित्व हो। यस सम्बन्धमा राज्य संवैधानिक कर्तव्य एवं अन्तर्राष्ट्रिय सन्धि दायित्वद्वारा पनि बाँधिएको छ। लामो समयसम्म राज्य आफ्नो संवैधानिक कर्तव्यप्रति उदासीन रहनु संविधानप्रतिको बेवास्ता हो। "आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार" सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अनुसार पनि नेपाल राज्य यसद्वारा विस्तृत दायित्वहरूका सम्बन्धमा कानूनी, प्रशासनिक एवं अन्य उपायहरू अवलम्बन गर्न बाध्य छ। व्यापक रूपमा रोजगारीको सिर्जना लोकतन्त्र एवं शान्तिका लागि प्रमुख सुरक्षाकवचहरू हुन्।

यसै सन्दर्भमा गरीबी निवारणका लागि रोजगारी प्रत्याभूत गर्न बनेको एक विधेयकको मस्यौदा तयार भइसकेको छ। गरीबी निवारणको लागि रोजगारीको प्रत्याभूति एक सशक्त औजार हो। यो तथ्य आफैँमा स्वयंसिद्ध छ कि रोजगारीको व्यापक सिर्जनाद्वारा गरीबी निवारणलाई समाप्त गर्ने दिशामा महत्त्वपूर्ण कदम चाल्न सकिन्छ।

**यस विधेयकका देहाय बमोजिमका विशेषता रहेका छन्:**

१. नेपाल सरकारले केन्द्रीय रोजगार समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी ऐन लागू हुने क्षेत्र तोक्न सक्छ।
२. ऐन लागू भएको क्षेत्रमा बसोबास गर्ने निरपेक्ष गरीबीको रेखामुनि रहेको प्रत्येक बेरोजगार परिवारलाई श्रममूलक रोजगारी प्रदान गरिने। रोजगारी दिन नसकेको परिवारलाई बेरोजगारी भत्ता प्रदान गरिने।
३. यसमा श्रममूलक रोजगारी प्राप्त गर्न परिचय पत्र प्राप्त गर्नुपर्ने व्यवस्था छ।

४. रोजगारी प्राप्त गर्न चाहने परिचयपत्र प्राप्त व्यक्तिले साउन १ गतेदेखि कात्तिक मसान्तसम्म स्थानीय रोजगार समितिमा निवेदन दिनुपर्ने प्रावधान यसमा रहेको छ।
५. स्थानीय रोजगार समितिले आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन हुने निर्माण कार्य रोजगारीमूलक कार्य वा सार्वजनिक कार्यक्रममा बेरोजगार परिवारबाट कम्तीमा एकजनाका दरले श्रममूलक रोजगारी न्यूनतम रूपमा एक आर्थिक वर्षमा १०० दिन हुनुपर्ने व्यवस्था छ।
६. आफ्नो क्षेत्रभित्र रोजगारी उपलब्ध गराउन नसकेमा सोही जिल्लाको पाँच किलोमिटरभित्रको अन्य कुनै क्षेत्रमा सोही बमोजिम रोजगारी उपलब्ध गराउन सक्ने लचकता यसमा रहेको छ।
७. रोजगारी प्राप्त गर्ने व्यक्तिले प्राप्त गर्ने पारिश्रमिक सो आर्थिक वर्षका लागि निर्धारण भएको न्यूनतम ज्यालाभन्दा कम हुने छैन। पारिश्रमिकको भुक्तानी प्रत्येक दुई/दुई हप्तामा हुनेछ। सम्भव भएसम्म बैंक वा वित्तीय संस्थामार्फत भुक्तानी दिने प्रबन्ध गर्न यसमा किटानी गरिएको छ।
८. बेरोजगार परिवारलाई एक आर्थिक वर्षभित्र एक सय दिनसम्म रोजगारी उपलब्ध गराउन नसकिएमा यस्तो बेरोजगार परिवारलाई रोजगारी गर्दा पाउने न्यूनतम ज्याला दरको हिसाबले हुन आउने जम्मा पारिश्रमिकको आधा रकम बेरोजगार भत्ता स्वरुप दिने सुझाव यसमा रहेको छ।
९. यो ऐन लागू भएको क्षेत्रमा सहकारीमार्फत तथा जिल्ला विकास समिति र गाउँ विकास समितिले आफ्नो क्षेत्रमा संचालित निर्माण कार्य तथा रोजगारमूलक कार्यमा श्रममूलक रोजगारीमा लगाउनुपर्ने व्यवस्था मिलाउनुपर्ने निर्देश गरिएको छ।
१०. राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा केन्द्रीय रोजगार समन्वय समितिको व्यवस्था गरिएको छ। त्यसैगरी जिल्ला विकास समितिको सभापतिको संयोजकत्वमा जिल्ला रोजगार समन्वय समिति गठनको प्रबन्ध यसमा गरिएको छ।
११. गाउँ विकास समितिको अध्यक्षको संयोजकत्वमा स्थानीय रोजगार समन्वय समितिको व्यवस्था गरिएको छ।
१२. नेपाल सरकार विदेशी सरकार अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्ति इत्यादिबाट प्राप्त रकमको आधारमा एवं श्रममूलक रोजगारी प्रत्याभूति कोषको व्यवस्था मिलाइएको छ।
१३. श्रममूलक रोजगारीसम्बन्धी समग्र कार्यक्रमको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन केन्द्रीय रोजगार समितिले गर्ने प्रावधान यसमा गरिएको छ।

**सुझाव तथा सिफारिस**

राज्यद्वारा रोजगारीको प्रत्याभूतिका लागि कानून बनाउनु आफैंमा सकारात्मक कार्य हो। तर हाल मस्यौदा गरिएको विधेयकले रोजगारीको अधिकारलाई मजबुत ढंगले स्थापित गर्दैन। यो विधेयकको मस्यौदाले अधिकारमुखी दृष्टिकोणलाई (Rights based Approach) अख्तियार गर्न सकेको देखिदैन। आज एउटा तथ्यमा हामी सबैको ध्यान केन्द्रित हुनु आवश्यकता छ कि आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार पनि उति नै महत्त्वपूर्ण हुन्।

नागरिक तथा राजनीतिक अधिकारहरू आर्थिक र सामाजिक अधिकारको तुलनामा बढी वा कम महत्त्वका छैनन्। यी दुइटै प्रकृतिका अधिकारहरू समान महत्त्वका छन्। अधिकारहरू सार्वभौमिक, परस्पर निर्भर वा समान महत्त्वका छन्। रोजगारीको अधिकार पनि आधारभूत मानवअधिकार हो र यसलाई कार्यान्वयन गर्नु राज्यको दायित्व हो। यो विधेयकले भारतमा हाल लागू रहेको Mahatma Gandhi National Rural Employment Guarantee ACT 2009 बाट प्रत्यक्ष रूपमा प्रभावित देखिन्छ तर यसले त्यस ऐनका सकारात्मक पक्षहरूलाई यथेष्ट रूपमा ग्रहण गर्न सकेको छैन।

**यस विधेयकमा परिमार्जन गर्नुपर्ने देहायका विषयवस्तु रहेका छन्:**

१. यस विधेयकमा 'निरपेक्ष गरीबीको रेखामुनि' रहेका परिवारलाई मात्र श्रममूलक रोजगार उपलब्ध गराउने परिकल्पना गरिएको छ तर 'निरपेक्ष गरीबीको रेखामुनि' भन्नाले कस्तोलाई बुझाउनेछ भन्ने कुनै स्पष्ट परिभाषा यस विधेयकमा गरिएको छैन। यथार्थमा श्रममूलक रोजगारमा संलग्न हुन चाहने जो-कोहीलाई पनि रोजगारी उपलब्ध गराइदिनुपर्दछ। मुलुक चरम गरीबीको अवस्थामा रहेको परिप्रेक्ष्यमा उत्पादनको साधनबाट वञ्चित जो-कोही पनि निरपेक्ष गरीबीको रेखामुनि रहेको व्यक्ति हो। कानूनले स्पष्ट परिभाषा नगरेको स्थितिमा वास्तविक रूपमा वञ्चितीकरणमा परेका रोजगारविहीन परिवारलाई यस कानूनी संरचनाबाट प्राप्त गर्ने लाभबाट वञ्चित हुनेछन्।
२. यस विधेयकलाई नेपालभरि कार्यान्वयन गर्ने परिकल्पना गरिएको छैन। नेपाल एउटा चरम दरिद्रताको स्थितिमा रहेको राष्ट्र हो। यसका सबै भूभागमा चरम निर्धनतामा बाँचिरहेका जनसंख्याहरू छन्। तसर्थ यसलाई सम्पूर्ण मुलुकभर कार्यान्वयन गर्नुपर्दछ।
३. यो विधेयकले एक आर्थिक वर्षमा एकसय दिन (न्यूनतम रूपमा) मात्र एक परिवारलाई रोजगारीको कल्पना गरेको छ। चरम गरीबीमा बाँचिरहेको परिवारलाई एक वर्षमा १०० दिनको रोजगारीले मात्र उपयुक्त एवं मानवीय जीवनस्तरको परिकल्पना गर्न सकिदैन। यसका लागि आंशिक रोजगारी होइन पूर्णकालीन रोजगारीको व्यवस्था गरिनुपर्दछ।
४. यस विधेयकले एक परिवारमा एकजनालाई मात्र रोजगारीको व्यवस्था गरिएको छ। तर यस सम्बन्धमा श्रममूलक रोजगारी प्राप्त गर्न चाहने १६ वर्षदेखि ६५ वर्ष मुनिका सबैलाई रोजगारीको व्यवस्था गर्नु उपयुक्त हुन्छ।
५. यो विधेयकले रोजगारी प्राप्त गर्नका लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ तर निवेदन दिएको कति समयपछि रोजगारी उपलब्ध गराउनुपर्दछ भन्ने व्यवस्था गरिएको छैन। यस सम्बन्धी भारतीय ऐनले निवेदन परेको १५ दिनभित्र रोजगारीको व्यवस्था गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। यसैगरी भारतीय ऐनले १५ वटा निवेदन पर्ने बित्तिकै तत्काल नयाँ कार्य सुरुआत गर्नुपर्ने व्यवस्था गरेको छ।
६. स्थानीय रोजगार समितिले जिल्ला रोजगार समितिसँग समन्वय गरी सोही जिल्लाको पाँच किलोमिटरभित्रको अन्य कुनै क्षेत्रमा सञ्चालन हुने निर्माण कार्य, रोजगारीमूलक कार्य वा सार्वजनिक कार्यक्रममा श्रममूलक रोजगारीका लागि पठाउने व्यवस्था गरेको छ। तर नेपाल जस्तो जटिल भौगोलिक स्थिति एवं ग्रामीण क्षेत्रमा पर्याप्त यातायातको साधनको अभावको स्थितिमा पाँच किलोमिटर दूरीको सट्टा तीन किलोमिटर दूरीको व्यवस्था गरिनुपर्दछ तथा तीन किलोमिटरभन्दा बढी दूरीमा रोजगार उपलब्ध गराएको स्थितिमा यातायात खर्च आवतजावतमा बढी समय खर्च भएवापत १० प्रतिशत अतिरिक्त रकम उपलब्ध गराउनुपर्दछ।

**अधिवक्ता दिनेश त्रिपाठीद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रूप दिइने छ। यस सम्बन्धमा यो फाउण्डेसन गोपी विश्वकर्मा, राधा थापा, पवनकुमार ओझा, भुपनन्दा विक, रोहिणी आचार्य, सीताराम अग्रवाल, शंकरदत्त बडु, केशवप्रसाद अधिकारी, विजयकान्त मैनाली, शिव कार्की, ताराप्रसाद जोशी, भरतराज गौतमलगायत अभिषेक अधिकारी, फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

अनन्तकुमार पौड्याल



# समस्यामूलक प्रश्नमा समस्याको पहिचान र उत्तर लेख्ने विधि

**शिक्षक सेवा आयोगले हालै प्रकाशन गरेको विशिष्टीकरण तालिका अनुसार परीक्षामा विषयसम्बन्धी ज्ञान र सीप (प्राथमिक तहमा अध्यापन गरिने सबै विषयको र निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि आवेदन गरेको सम्बन्धित विषयको ज्ञान तथा सीपसँग सम्बन्धित प्रश्न) बाट १० पूर्णाङ्का दुई वटा र आधुनिक शैक्षणिक प्रविधि तथा खोजअन्तर्गत १० पूर्णाङ्का दुई वटा गरी जम्मा ४० पूर्णाङ्का चार वटा लामो उत्तर आउने 'समस्यामूलक प्रश्न' सोध्ने प्रावधान राखिएको छ। परीक्षार्थीले यस किसिमका प्रश्नको उत्तर लेख्न प्रशस्त अभ्यास गर्नुपर्ने हुन्छ। त्यसनिम्ति यहाँ सामान्य मार्गनिर्देश गरिएको छ।**

## समस्यामूलक प्रश्नको अध्ययन कसरी गर्ने ?

- प्रश्नलाई गहन रूपमा अध्ययन गर्ने
- प्रश्नमा रहेका मुख्य-मुख्य अवधारणा र वाक्यांश 'अन्डरलाइन' गर्ने
- मुख्य अवधारणालाई संयोजन गरी समस्या यही हो भनी निष्कर्षमा पुग्ने।
- सम्भाव्य उत्तरको खाका तयार गर्ने

## समस्यामूलक प्रश्नको उत्तर लेख्ने खाका

- मुख्य र सहायक समस्या के के हुन्? तिनको पहिचान र टिपोट गर्ने
- कुन समस्या के केले गर्दा आएको हो? मुख्य र सहायक कारणहरू पहिचान र टिपोट गर्ने
- उक्त समस्याको समाधान वा कारणको निराकरणका लागि के कस्ता शिक्षण सिद्धान्त, सरकारी नीति र कार्यक्रम उपलब्ध छन्, प्रष्ट भाषामा उल्लेख गर्ने
- उक्त समस्या समाधानका लागि उपलब्ध शिक्षण सिद्धान्त, सरकारी नीति र कार्यक्रमका आधारमा बुँदागत सुझाव दिने
- ती सुझाव कार्यान्वयन गर्ने तरीका बुँदागत रूपमै उल्लेख गर्ने
- माथिका सबै पक्ष समेटी एक अनुच्छेदमा आफ्नो निष्कर्ष लेख्ने

## समस्यामूलक प्रश्नको नमूना

अङ्ग्रेजी, गणित र विज्ञान विषयको तुलनामा सामाजिक विषयको एसएलसी परीक्षामा विद्यार्थी कमै फेल हुने गरेको पाइएको छ। सामाजिक विषयका शिक्षकहरूलाई एसएलसी परीक्षामा विद्यार्थी फेल हुने चिन्ता पनि कमै हुने गरेको छ। सामाजिक विषयको विषयवस्तु धेरै भएकाले उनीहरूलाई कसरी समयमै कोर्स सक्ने भन्ने चिन्ता मात्र बढी हुन्छ। र; हतारहतार पाठ पढेर कोर्स सक्ने प्रयास गरिन्छ। एसएलसी परीक्षामा विद्यार्थीहरू कमै फेल हुने गरेको भए तापनि जे-जति विद्यार्थी पास हुन्छन् उनीहरूको औसत प्राप्ताङ्क भने ५० भन्दा माथि हुँदैन। यस विषयमा सामाजिक विषयका शिक्षकहरू त्यति चिन्तित भएको पनि पाइन्न।

यो कस्तो किसिमको समस्या हो ? यस किसिमको समस्या आउनुको प्रमुख कारण के के हुन् ? यस सम्बन्धमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा के कस्तो प्रावधान छ ? समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस् र ती सुझाव कार्यान्वयन गर्ने एक कार्ययोजना तयार गर्नुहोस्।

## माथिको प्रश्न अध्ययन गरौं र तलका बुँदा अनुसार उत्तर लेखौं:

मुख्य समस्या: .....................
समस्याका मुख्य र सहायक कारण: .....................
समस्या समाधानका लागि उपलब्ध शिक्षण सिद्धान्त: .............
सरकारी नीति र कार्यक्रम: .....................
समस्या समाधानको लागि सुझाव: .....................
सुझाव कार्यान्वयन गर्ने तरीका: .....................
निष्कर्ष: .....................

## समस्यामूलक प्रश्नका अन्य केही नमूना

कक्षा ९ र १० सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकमा दुई पृष्ठात्मक पाठ नीति (एक पेजमा पाठ र अर्को पेजमा अभ्यास) अपनाइएको छ। यसले गर्दा विद्यार्थीलाई पर्याप्त स्वाध्यायन सामग्री उपलब्ध हुन नसकेको गुनासो छ। अर्कोतिर शिक्षकलाई समयमै कोर्स सिध्याउन चाहिं सजिलो भएको छ। हरेक पाठमा दिइएका सामुदायिक

## परीक्षामा सोधिने प्रश्नको विशिष्टीकरण तालिका

| क्र.सं. | पाठ्यक्रमले तोकेका विषयवस्तु | प्रश्नको किसिम | प्रश्न संख्या | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|
| १. | शिक्षा सम्बन्धी आधारभूत ज्ञान | वस्तुगत | १०x१ | १० |
| २. | संविधान, शिक्षा सम्बन्धी ऐन, नियमावली | वस्तुगत | १०x१ | १० |
| ३. | विषयसम्बन्धी ज्ञान र सीप (प्राथमिक तहमा अध्यापन गरिने सबै विषयको र निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि आवेदन गरेको सम्बन्धित विषयको ज्ञान तथा सीपसँग सम्बन्धित प्रश्न) | छोटो उत्तर आउने | ८x५ | ४० |
| | | समस्या समाधानमूलक (लामो उत्तर आउने) | २x१० | २० |
| ४. | आधुनिक शैक्षणिक प्रविधि तथा खोज | लामो उत्तर आउने | २x१० | २० |
| | **जम्मा पूर्णाङ्क** | | | १०० |

कार्यहरू गराउन कठिन छ भनी शिक्षकले विद्यार्थीलाई कक्षाकोठाभित्रकै क्रियाकलापमा सरिक गराएर कोर्स सिध्याउने गरेको पाइन्छ। यो कस्तो किसिमको समस्या हो? यस किसिमको समस्या आउनुका प्रमुख कारणहरू के के हुन्? यस सम्बन्धमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा के कस्तो प्रावधान छ? समस्या समाधानका लागि सुझावहरू प्रस्तुत गर्नुहोस् र उक्त सुझावलाई कार्यान्वयन गर्ने एक कार्ययोजना तयार गर्नुहोस्।

विद्यालयमा विद्यार्थीले मोबाइल फोन ल्याएर पढाइमा ध्यान दिएनन् भन्ने गुनासो सर्वत्र सुनिन्छ। कतै कतै त कक्षाकोठामा मोबाइल फोन ल्याउन निषेध पनि गर्ने गरिएको पाइन्छ। तर यो प्रयास त्यति सफल भएको पाइन्न। आजको विज्ञान प्राविधिको युगमा विद्यार्थीलाई मोबाइल फोन ल्याउन निषेध गर्न सम्भव पनि छैन भनिन्छ। के कक्षाकोठामा मोबाइल फोन निषेध गर्न सम्भव छ? यदि छ भने कसरी निषेध गर्न सकिएला र यदि सकिन्न भने सामाजिक अध्ययन, विज्ञान, गणित आदि विषयको शिक्षणमा विद्यार्थीले बोक्ने मोबाइललाई कसरी शैक्षणिक सामग्रीका रूपमा प्रयोग गर्न सकिएला? यसको सिर्जनात्मक प्रयोगको सम्भावना सम्बन्धमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा के कस्तो क्रियाकलाप सञ्चालन गर्न सकिने प्रावधान छ? समाधानका लागि सुझावहरू प्रस्तुत गर्नुहोस् र उक्त सुझावलाई कार्यान्वयन गर्ने एक कार्ययोजना तयार गर्नुहोस्।

**नोट**: माथि दिएको खाका सबै खाले प्रश्नको उत्तर दिनका लागि उपयुक्त हुन्छ भन्ने छैन। प्रश्नको प्रकृति हेरी उपयुक्त खाकामा लेख्न सकिन्छ।

### गरेर सिक्ने सिद्धान्त बमोजिम तयारी गर्ने

पढेर जानेको कुरा जति सबै जाँचमा सरर्र लेख्न सकिन्छ नै भन्ने छैन। पढेर मात्र लेख्ने सीपको विकास गर्न सकिन्न। पौडी खेल्ने प्रतियोगिताको पूर्वतयारी पौडी खेलेरै गरिन्छ। एक किसिमको पूर्वअभ्यास गरेर अर्को कार्य गर्ने क्षमता विकास गर्न सकिन्छ भन्ने छैन। विभिन्न तरीकामा लेखन गर्ने पर्याप्त अभ्यास गरेर मात्र परीक्षामा उपयुक्त खाकामा उत्तर लेखन गर्ने सीपको विकास गर्न सकिन्छ। यसका लागि निरन्तर रूपमा लेख्ने र सहकर्मी वा जान्ने बुझ्ने मानिसलाई देखाएर सल्लाह र परामर्श लिनु राम्रो हुन्छ।

### प्रश्नपत्र र परीक्षा सम्बन्धमा शिक्षक सेवा आयोगको विशेष निर्देशिका

१. खुला प्रतियोगितात्मक परीक्षाद्वारा हुने रिक्त शिक्षक पदपूर्तिमा लिखित परीक्षाको जम्मा पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५ र समय ३ घण्टाको हुनेछ। तीन घण्टाको समयमध्ये वस्तुगत प्रश्नका लागि २० मिनेट र विषयगत प्रश्नका लागि २ घण्टा ४० मिनेट समय निर्धारण गरिएको छ। वस्तुगत र विषयगत दुवै परीक्षा एकै बसाइ (Single sitting) मा सञ्चालन हुनेछ। परीक्षाको शुरूमा वस्तुगत प्रश्नको प्रश्नपत्र दिइनेछ। २० मिनेट समय पूरा भएपछि वस्तुगत प्रश्नपत्र फिर्ता लिई विषयगत परीक्षाको प्रश्नपत्र वितरण गरिनेछ।

२. वस्तुगत तथा विषयगत प्रश्नहरू सोध्दा खुला विज्ञापनका लागि आयोगबाट पूर्व प्रकाशित पाठ्यक्रमले तोकेका सकेसम्म सबै विषय क्षेत्रहरू समेटिनेछन्।

३. वस्तुगत प्रश्नको उत्तरका लागि उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्नेछ। उत्तर दिंदा सिसाकलम प्रयोग गर्न पाइने छैन। कुनै परीक्षार्थीले सिसाकलम प्रयोग गरेको पाइएमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका मूल्याङ्कनमा समावेश गरिने छैन।

४. निम्नमाध्यमिक र माध्यमिक तहका सबै विषयका परीक्षार्थीका लागि वस्तुगत प्रश्नहरू तहगत तथा जिल्लागत रूपमा एउटै हुनेछन् तर त्यसका लागि बहुसमूह (Multiple Set) प्रश्नपत्र प्रयोग गर्न सकिनेछ।

५. निम्नमाध्यमिक र माध्यमिक तहका सबै विषयका परीक्षार्थीका लागि वस्तुगत प्रश्नहरू र आधुनिक शैक्षणिक प्रविधि तथा खोजसम्बन्धी विषयगत प्रश्नहरू नेपाली भाषामा हुनेछन्। विषयसम्बन्धी ज्ञान र सीप सम्बन्धी प्रश्नहरू भाषा विषयका हकमा सम्बन्धित भाषामा र अन्य विषयका हकमा नेपाली भाषामा सोधिनेछ।

६. भाषा विषयका परीक्षार्थीहरूले विषयसम्बन्धी विषयगत प्रश्नहरूको उत्तर दिंदा सम्बन्धित भाषामै दिनुपर्नेछ। भाषा विषयबाहेक अन्य विषयका परीक्षार्थीहरूले नेपाली वा अंग्रेजी भाषामा उत्तर लेख्न सक्नेछन्। यो व्यवस्था आधुनिक शैक्षणिक प्रविधि तथा खोजसम्बन्धी प्रश्नहरूको उत्तर लेख्ने सन्दर्भमा पनि लागू हुनेछ। 📖

विशेष सहयोगी सामग्री

गुरु मैनाली





# शिक्षामा सूचना–संचारप्रविधि
# जटिल समस्याको सहज समाधान

विज्ञान⁄प्रविधिको विकास हुनुभन्दा पहिले समाज अत्यन्त सरल थियो। सिक्ने कुरा सीमित थिए। तिनै सीमित कुराहरू जाने पुग्दथ्यो। तर अहिले समाज जटिल बन्दै गएको छ। नसोचेका ठूला ठूला परिवर्तनहरू भएका छन्। यस सम्बन्धमा आफ्नो पुस्तक 'पाठ्यक्रम सिद्धान्त तथा व्यवहार' मा हिल्डा टावा लेख्छिन्– पहिला एउटा ठूलो या महत्त्वपूर्ण परिवर्तन हुन शताब्दीयौं या पुस्तौं पुस्ता लाग्दथ्यो तर अहिले त्यस्ता परिवर्तन दश या पाँच वर्षमै हुने गरेका छन्।

विज्ञान तथा प्रविधिको विकासले अन्य कुराका अतिरिक्त सिक्ने विषयवस्तुमा ठूलो परिवर्तन ल्याइदिएको छ। विज्ञान विषय टुक्रिएर भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान, वनस्पति विज्ञान भूगर्भ विज्ञान आदि अनेकौं उपविधामा विभाजन भएको छ। यसै मेसोमा उदाएको कम्प्युटर विज्ञान केही वर्षमै सूचना तथा सञ्चारप्रविधिमा परिणत भयो।

१९८० को दशकको शुरूसम्म शिक्षामा 'कम्प्युटर' प्रचलित शब्द मात्र थियो। तर सोही दशकको अन्त्यतिर कम्प्युटरको ठाउँ सूचना प्रविधिले लियो, कारण यो बेला माइक्रो कम्प्युटरहरू देखा परे। अनि कम्प्युटरबाट हिसाब गर्ने काम मात्र नभई यसमा सूचना संचय र पुन: प्रयोग समेत गर्न सकिने भयो। त्यसैले त्यतिखेर 'सूचना प्रविधि' भन्ने लवज अस्तित्वमा आयो। सन् १९९२ मा पहिलोपल्ट सर्वसाधारणका लागि इमेल सुविधा उपलब्ध भयो। अर्थात् कम्प्युटरबाट सूचनालाई एक ठाउँबाट अर्को ठाउँमा सम्प्रेषण समेत गर्न सकिने भयो। त्यसैले यसलाई सूचना तथा सञ्चार प्रविधि (सूस प्रविधि) भनिन थालिएको हो। आजभोलि कम्प्युटर, सूचनाप्रविधि तथा सूस प्रविधि पर्यायवाची शब्दका रूपमा प्रयोग हुन थालेका छन्।

सूस प्रविधिलाई व्यापक किसिमले परिभाषित गर्दै युनेस्को भन्छ, "सूचना तथा सञ्चारप्रविधि भन्नाले सूचनाको सृजना गर्ने, संचय गर्ने, पुन: प्राप्त गर्ने, व्यवस्थापन गर्ने तथा सम्प्रेषण गर्ने इलेक्ट्रोनिक माध्यमलाई बुझाउँछ।" यस्ता प्रविधिभित्र रेडियो, टेलिभिजन, भू-उपग्रह प्रणाली, भिडियो, कम्प्युटर, इमेल, इन्टरनेट, डिजिटल क्यामेरा, भिडियो कन्फरेन्सिङ तथा सीडी⁄डीभीडीहरू समेत पर्दछन्। यीमध्ये पनि कम्प्युटर र इन्टरनेट प्रमुख मानिन्छन्।

एक्काइसौं शताब्दी सूस प्रविधिको युगको रूपमा चिनिन्छ। अहिले सूचना नै शक्ति भएको छ। सूस प्रविधिको जानकारीविहीन समाज वा समुदाय सामाजिक तथा आर्थिक रूपमा पछिपर्ने निश्चित छ। विश्वका कुनै पनि घटना वा सूचनाहरू यिनै सूचनाप्रविधिका माध्यमबाट एकैछिनमा विश्वव्यापी बन्न पुग्छन्। नयाँ-नयाँ सूचना तथा ज्ञानहरू निर्माण हुँदैछन्। महत्त्वपूर्ण ठानिएका पुराना ज्ञान तथा सूचनाहरू बेकामे बन्दै गएका छन्।

सूस प्रविधिका कारण प्राय: जुनसुकै सूचना सामग्री जहिले पनि र जहाँ पनि प्राप्त गर्न सकिने भएको छ। यही नै सूचनाप्रविधिको प्रमुख विशेषता हो। पहिले रेडियो तथा टेलिभिजन कार्यक्रमहरूको प्रसारण क्षेत्र सीमित हुन्थ्यो र त्यो पनि प्रसारण भएकै बेला मात्र सुन्न वा हेर्न सकिन्थ्यो। सूस प्रविधिका कारण आजभोलि रेडियो तथा टेलिभिजनका कार्यक्रमहरू पनि संसारभर उपलब्ध छन् र जहिलेसुकै पनि उपलब्ध हुन थालेका छन्।

सूस प्रविधिको प्रयोग हरेक ठाउँ र हरेक क्षेत्रमा हुन थालेको छ। विद्यालय, कलेज, कलकारखाना, अस्पताल– यसको प्रयोग नभएको ठाउँ छैन। सूस प्रविधिको आगमनले विश्वलाई एकदमै नजिक ल्याइदिएको छ। त्यसैले विश्वलाई नै 'ग्लोबल भिलेज' भन्न थालिएको छ।

सूस प्रविधिको मुख्य आवश्यकतालाई निम्न अनुसार व्याख्या गर्न सकिन्छ:

### सूचना र अर्थतन्त्रको भूमण्डलीकरण

अहिले अर्थतन्त्रको भूमण्डलीकरण हुँदै गएको छ। एक देशको अर्थतन्त्रमा अर्को देशको अर्थतन्त्रबाट नकारात्मक तथा सकारात्मक असरहरू पर्न थालेका छन्। अर्थतन्त्रको भूमण्डलीकरणले अवसर तथा चुनौती दुवै पैदा गरेको छ। यसले रोजगारीको अवसर पनि सृजना गरेको छ। नेपालको सूचना प्रविधि नीति, २०५७ ले सन् २०१२ सम्ममा नेपालमा करीब ५० हजार उच्च दक्षतासहित कुल १ लाख ३२ हजार जनशक्ति आवश्यकता पर्ने अनुमान गरेको थियो। अहिले लोकसेवा आयोगले लिने सामान्य प्रशासन, लेखा, राजस्व लगायतका परीक्षामा समेत २५ पूर्णाङ्कको कम्प्युटर सीप परीक्षणलाई पाठ्यक्रममा समावेश गरिएको छ। बैंकहरूले अनलाइन सेवा शुरू गरेका छन्। शिक्षक सेवा आयोगले पनि कम्प्युटरको आधारभूत ज्ञान र शिक्षामा सूस प्रविधिको महत्त्वबारे आफ्नो पाठ्यक्रममा समावेश गरेको छ।




अहिले एक ठाउँको सूचना वा समाचार एकैछिनमा विश्वव्यापी हुन्छ। सूचनाको अत्यधिक प्रवाहले गर्दा छोटो समयमै कतिपय ज्ञान पुराना तथा बेकामे हुने तथा नयाँ सूचना तथा ज्ञान प्राप्त हुने अवस्था छ। नयाँ नयाँ सूचना तथा ज्ञानबाट विद्यार्थीलाई अद्यावधिक गराइराख्न पनि आज सूस प्रविधि अपरिहार्य हुन पुगेको छ।

सूस प्रविधिको क्षेत्रमा हरेक साल नयाँ-नयाँ प्रविधिको आविष्कार हुन थालेको छ। आफूलाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउन पनि त्यस्ता नयाँ प्रविधिको जानकारी जरुरत पर्दछ। र; नवीन प्रविधिको जानकारीका लागि सूस प्रविधि जति सजिलो माध्यम अर्को केही छैन।

सूचनामा आधारित अर्थतन्त्र र समाज सूस प्रविधिका कारण ज्ञानमा आधारित अर्थतन्त्रको विकास भएको छ। माइक्रोसफ्ट, गुगल, फेसबुक लगायतका अर्बपति संस्थाहरूको उत्पादन कुनै पदार्थ होइन, सफ्टवेयर मात्र हो र त्यसको आधार ज्ञान मात्र हो। लेखा राख्ने सफ्टवेयर, रिजल्ट गर्ने सफ्टवेयर, तथ्याङ्क राख्ने सफ्टवेयर आदि सबै ज्ञानमा आधारित अर्थतन्त्रका उदाहरण हुन्।

अब विस्तारै समाजका सबै क्षेत्रहरू र सबै समाजहरू सूचना, ज्ञान र सिकाइमा आधारित हुन थालेका छन्। यसका लागि सूस प्रविधिको शिक्षा आवश्यक परेको छ।

## शिक्षामा सूस प्रविधि

सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रले आधारभूत शिक्षा पाउनु सबै बालबालिकाको अधिकार भनी उल्लेख गरेको छ। त्यही अधिकारमुखी आवधारणाका कारण 'सबैका लागि शिक्षा' को नारा अघि आएको हो। शिक्षा मानिसका सम्भावनाहरूलाई फराकिलो पार्ने माध्यम हो त्यसैले त्यसले विश्वस्तरका प्रविधिहरूलाई पनि ध्यानमा राख्नै पर्छ। त्यस बाहेक; भौगोलिक र आर्थिक सीमाहरू पनि नाघ्न सक्ने भएकाले दुर शिक्षा, अनलाइन तथा खुला शिक्षाको माध्यमबाट हाम्रो भौतिक संरचनाको सीमिततालाई जित्नका लागि पनि सूस प्रविधि उपयुक्त माध्यमको रूपमा देखापरेको छ।

नयाँ ज्ञान र सूचनाहरूको आगमनसँगै शिक्षकहरूमा साविकदेखि रहँदै आएको सूचना, ज्ञान र सीपलाई परिमार्जन गर्न जरुरी हुन्छ। तर सबै शिक्षकलाई एकैपटक सूचना तथा ज्ञानका बारेमा औपचारिक ढंगबाट अद्यावधिक गर्न सम्भव हुँदैन। यसका लागि अनलाइन, दुर शिक्षा तथा खुला शिक्षाको सहयोग लिनैपर्छ।

सूस प्रविधिको प्रयोगबाट धेरै विद्यार्थी भएको विद्यालयमा वा बहुकक्षा शिक्षण भएका स्थानमा शिक्षक एउटा कक्षामा पठनपाठनमा व्यस्त रहँदा विद्यालयमा कक्षा व्यवस्थापन गर्न सजिलो हुन्छ। विद्यार्थीलाई खोजी कार्य दिएर, लाइब्रेरी वा शैक्षिक कार्यक्रमहरू देखाएर, ट्यूटोरियल सीडीहरू दिएर, शैक्षिक खेलहरू सञ्चालन गर्न दिएर वा सूस प्रविधिका अन्य गतिविधिबाट स्वाध्यायन गर्न लगाउन सकिन्छ। यसले विद्यार्थीहरूको सिकाइको गुणस्तर र प्रभावकारिता वृद्धि गर्दछ।


## शिक्षणको गुणस्तर वृद्धि गर्न

शिक्षण एकदमै कठिन कार्य हो। यसका लागि विभिन्न सीपहरूको जरूरत पर्दछ। एकपटक सिकेको सीप सधैंभरी उपयोगी नहुन सक्छ। यसका लागि शिक्षकले आफ्नो पेशागत विकासलाई निरन्तर रूपमा कायम राख्नुपर्दछ। यहींनेर सूस प्रविधि महत्त्वपूर्ण साधन बन्दछ। अमूर्त कुराहरू विद्यार्थीलाई बुझाउन कठिन हुन्छ। तर एनिमेशन, सिमुलेशन तथा त्रि-आयामिक वस्तुहरूको सहयोग सजिलैसँग यी कुराहरू सिकाउन सकिन्छ।

शिक्षकले आफूले नजानेका कुरा सिक्नका लागि 'मौका पाइएन', 'सम्पर्क भएन' जस्ता समस्या पनि झेल्नु पर्दैन। उनीहरूले आफ्ना समस्या प्रश्नको माध्यमबाट वेबसाइटमा राखिदिए भने तत्काले सयौं जवाफ प्राप्त हुन्छन्। प्रशिक्षकसँग, विश्वविद्यालयसँग र अन्य शिक्षकहरूसँगको अनलाइन सम्पर्कबाट पनि थुप्रै तरीका तथा सुझावहरू हासिल गर्न सकिन्छ।

शैक्षिक सामग्री निर्माण गर्न, शिक्षण योजना बनाउन, शिक्षणका नयाँ तरिकाहरूको बारेमा जानकारी लिन, पाठयोजना निर्माण गर्न,

**सूचनाप्रविधिको क्षेत्रमा हरेक साल नयाँ-नयाँ प्रविधिको आविष्कार हुन थालेको छ। आफूलाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउन पनि त्यस्ता नयाँ प्रविधिको जानकारी जरूरत पर्दछ। र; नवीन प्रविधिको जानकारीका लागि सूस प्रविधि जति सजिलो माध्यम अर्को केही छैन।**



मूल्याङ्कनका नयाँ तरिका र सीपहरू सिक्न पनि सूस प्रविधि उत्तिकै उपयोगी छ।

सिकाइ विद्यालयमा मात्रै हुँदैन। सिकाइलाई जीवनपर्यन्त जारी राख्नुपर्छ। यसका लागि सूस प्रविधिको माध्यमबाट सिकाइलाई निरन्तरमा कायम गर्न सकिन्छ।

सूस प्रविधिले व्यवस्थापकीय कार्यलाई पनि सरल र सहज बनाउँछ। विद्यार्थीका विवरण, शिक्षकको तलबी भरपाई, स्कूलको आयव्यय विवरण आदिलाई सरल र सहज तरिकाले व्यवस्थापन गर्न सकिन्छ। त्यसैगरी विद्यालयका अभिलेख विद्यार्थी विवरण, लेखा, रिजल्ट प्रकाशन, शैक्षिक सामग्रीको निर्माणलगायतका काममा यसको प्रयोग गर्न सकिन्छ। यसले व्यवस्थापनलाई सरल, छिटो र पारदर्शी बनाउन मद्दत पुऱ्याउँछ।

हालको सबैभन्दा प्रमुख मुद्दा भनेको सूस प्रविधिलाई शिक्षण माध्यमको रूपमा कसरी प्रयोग गर्ने भन्ने नै हो। सूस प्रविधिको प्रयोगले शिक्षण विधिलाई 'शिक्षक केन्द्रित विधि' बाट 'विद्यार्थी केन्द्रित विधि' मा रूपान्तरण गर्छ। *इन्टिग्रेटेड टेक्नोलोजी इन टिचिङ* मा रोबलियर लेख्छन्, "शिक्षक केन्द्रित शिक्षण विधिको ठाउँमा विद्यार्थी केन्द्रित शिक्षण विधि सुरुआत गर्नु आधुनिक पाठ्यक्रमको मुख्य मुद्दा हो। यसले विद्यार्थीमा उत्प्रेरणा जगाउँछ। शिक्षण विधिलाई प्रभावकारी बनाउँछ। शिक्षक तथा विद्यार्थीको उत्पादनशीलतामा वृद्धि गर्छ, सूचना युगका लागि आवश्यक सीप हासिल हुन्छ।" त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ ले पनि "सूस प्रविधि शिक्षालाई पाठ्यक्रममा विशेष स्थान दिइनेछ। सूस प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय र माध्यम दुवै रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रमको विकास गरिनेछ" भनी उल्लेख गरेको छ। तर सूस प्रविधिलाई शिक्षण माध्यमको रूपमा उपयोग गर्नका लागि डिजिटल पाठका साथै शिक्षण विधिमा समेत परिवर्तन गर्नुपर्ने हुन्छ। जसका लागि राष्ट्रिय लगानीका साथै प्राविधिकहरूको सहयोग पनि आवश्यक पर्छ।

## 'डिजिटल डिभाइड' मा साँघु

सूचनाप्रविधिमा 'पहुँच हुने' र 'पहुँच नहुने' बीच ज्ञानको स्तरमा अन्तर बढ्दै गएको छ। त्यही अन्तरलाई 'डिजिटल डिभाइड' भनिन्छ। आज जसको सूचना तथा ज्ञानको स्रोतमा पहुँच छ ऊ विज्ञको रूपमा गनिन्छ। क्षमता भए पनि सूचना तथा ज्ञानको पहुँच नहुने व्यक्तिहरू सधैं पछि पर्छन्। आज अधिकांश शिक्षक तथा विद्यार्थीले मुद्रित पुस्तकहरूमा मात्र भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको छ। उनीहरू आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेबसाइटहरूको उपयोग गर्न सक्ने भएका छन्। सयौं व्यक्तिहरूले एकैपटक कुनै पनि समय, कुनै पनि ठाउँबाट कुनै पनि सामग्री हासिल गर्न सक्छन्। तर सूस प्रविधिमा पहुँच नहुनेहरू पछाडि छुट्छन्।

अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौबीसै घण्टा हेर्न पनि सकिन्छ। सूस प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरू एकै ठाउँमा भेला हुनुपर्ने अवस्थाको अन्त्य गरिदिएको छ। भौगोलिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधारहरूको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अब रहेन। आज रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाटै शिक्षा हासिल गर्न सकिन्छ। तर 'डिजिटल डिभाइड'सित सम्बन्धित एउटा कठोर सत्य के छ भने सूस प्रविधिको यो खाडललाई सूस प्रविधिकै साँघुले मात्र भर्न या साँघुऱ्याउन सकिन्छ।





No Buffering! No Delays!!
CABLE ZOOOM
10 Mbps
10,000 kbps
30 tmes faster
Internet
For SMS inquiry: Type ZOOOM and send to 5465.
*Conditions apply Available in selected areas of Kathmandu valley.
One World. One Link.
WORLDLINK
HEAD OFFICE
Jawalakhel Lalitpur, PO Box 8207, Nepal Tel: 5523050,9801523050
Fax: +977-1-5529403 Email: sales@worldlink.com.np, URL: www.worldlink.com.np
BRANCH OFFICE
Bhaktapur 6619512 Chabahil 4465289 Kalimati 4673016
Maharajgunj 4650889 New Baneshwor 4471583 Putalisadak 4421108

विशेष सहयोगी सामग्री

# शिक्षक सेवा आयोग
## प्रतियोगितात्मक लिखित परीक्षा
## नमूना प्रश्न

**तहः प्राथमिक** — **पूर्णाङ्कः १००**
**श्रेणीः तृतीय** — **उत्तीर्णाङ्कः ३५**

### खण्ड (क)
### वस्तुगत/बहुवैकल्पिक प्रश्न — पूर्णाङ्कः २०

**ठीक उत्तरमा (O) चिन्ह लगाउनुहोस्**

१. वर्तमान शिक्षाका राष्ट्रिय उद्देश्यहरू कतिवटा छन्?
(क) ५ (ख) ६ (ग) ७ (घ) ८

२. विद्यालय शिक्षाको विद्यमान संरचना कस्तो रहेको छ?
(क) १-५, ६-८, ९-१० (ख) १-३, ४-८, ९-१० (ग) १-५, ६-१०, ११-१२ (घ) १-५, ६-७, ८-१०

३. प्राथमिक शिक्षा पाठ्यक्रम-२०६२ अनुसार सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको जम्मा पाठ्यभारको कति प्रतिशत पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्नुपर्ने प्रावधान राखिएको छ?
(क) १० प्रतिशत (ख) १५ प्रतिशत (ग) २० प्रतिशत (घ) २५ प्रतिशत

४. वर्तमान व्यवस्था अनुसार कस्ता बालबालिकालाई पूर्वप्राथमिक शिक्षा प्रदान गर्न सकिने प्रावधान रहेको छ?
(क) चार वर्ष उमेर पूरा नभएका बालबालिकालाई एक वर्षको शिक्षा
(ख) चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको शिक्षा
(ग) तीन वर्ष उमेर पूरा भएका बालबालिकालाई दुई वर्षको शिक्षा
(घ) पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको शिक्षा

५. संयुक्त राष्ट्रसंघले बालअधिकार महासन्धि कहिले पारित गरेको हो?
(क) सन् १९८८ (ख) सन् १९९० (ग) सन् १९९५ (घ) सन् १९९८

६. सबैका लागि शिक्षा कार्यक्रमले कहिलेसम्म सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्ने उल्लेख गरेको छ?
(क) सन् २००७ (ख) सन् २०१० (ग) सन् २०१२ (घ) सन् २०१५

७. तलका मध्ये पाठयोजनाको मेरुदण्ड कुनलाई मानिन्छ?
(क) शिक्षण क्रियाकलाप (ख) पाठ्यवस्तु (ग) उद्देश्य (घ) मूल्याङ्कन

८. विद्यालयस्तरीय योजना कसले स्वीकृत गर्दछ?
(क) विद्यालय व्यवस्थापन समिति (ख) जिल्ला शिक्षा समिति (ग) शिक्षक अभिभावक संघ (घ) प्रधानाध्यापक

९. प्राथमिक तहका शिक्षणविधिमध्ये प्रभावकारिताका दृष्टिले कमजोर विधि कुन हो?
(क) खेल विधि (ख) व्याख्यान विधि (ग) अभिनय विधि (घ) परियोजना विधि

१०. विषय शिक्षण भन्नाले के बुझिन्छ?
(क) एक शिक्षकबाट धेरै कक्षाका विभिन्न विषयको अध्यापन (ख) एक शिक्षकबाट सबै कक्षाका कुनै एक विषयको अध्यापन
(ग) एक शिक्षकबाट एक कक्षाका सबै विषयको अध्यापन (घ) एक शिक्षकबाट कुनै दुई कक्षाका सबै विषयको अध्यापन

११. विद्यार्थी मूल्याङ्कन किन आवश्यक हुन्छ?
(क) विद्यार्थी सक्रिय तुल्याउन (ख) शिक्षण प्रक्रियाको लेखाजोखा गर्न
(ग) विद्यार्थीको कमजोरी पत्ता लगाई सुधार गर्न (घ) पाठ्यक्रम परिमार्जनका लागि पृष्ठपोषण पाउन

१२. बालबालिकामा रहेको भावनात्मक पक्ष रीस, डर, माया, प्रेम आदि बालविकासको कुन पक्षसँग सम्बन्धित छ?
(क) सामाजिक विकास (ख) शारीरिक विकास (ग) संवेगात्मक विकास (घ) मानसिक विकास

१३. नेपालको अन्तरिम संविधान, २०६३ ले कुन मौलिक हक अन्तर्गत प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भन्ने कुरा उल्लेख गरेको छ?
(क) स्वतन्त्रताको हक (ख) बालबालिकाको हक (ग) शिक्षा तथा संस्कृति सम्बन्धी हक (घ) सामाजिक न्यायको हक

१४. शिक्षा ऐन, २०२८ सर्वप्रथम कुन जिल्लामा लागू भएको हो?
(क) काठमाडौं र कास्की (ख) चितवन र कास्की (ग) चितवन र काठमाडौं (घ) काठमाडौं र झापा

१५. नेपालको अन्तरिम संविधान, २०६३ ले बालबालिकाको हक अन्तर्गत कस्तो हक प्रदान गरेको छ?
(क) आफ्नो पहिचान तथा नामको हक (ख) पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक
(ग) शारीरिक, मानसिक वा अन्य कुनै किसिमको शोषण विरुद्धको हक (घ) माथिका सबै

१६. शिक्षक पदको स्थायी नियुक्ति बुझेको कति दिनभित्र विद्यालयमा हाजिर हुन जानुपर्छ?
(क) १५ दिन (ख) ३० दिन (ग) ३५ दिन (घ) ४५ दिन

१७. शिक्षक सेवा आयोगको अध्यक्ष हुन तलका मध्ये कुन योग्यता आवश्यक पर्दछ?
(क) कम्तीमा २० वर्षसम्म विश्वविद्यालय वा अन्तर्गतका क्याम्पसमा अध्यापन गरेको
(ख) शिक्षाशास्त्र विषयमा विद्यावारिधि गरेको
(ग) शिक्षा क्षेत्रमा ख्याति प्राप्त गरेको
(घ) नेपाल सरकारको विशिष्ट श्रेणीमा कम्तीमा पाँच वर्ष सेवा गरेको

१८. शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमध्ये तलको कुन पर्दैन?
(क) शिक्षक अभिभावक संघको गठन गर्ने
(ख) विद्यालयको बजेट स्वीकृत गर्ने
(ग) विद्यालय व्यवस्थापन समितिका सदस्यले पद अनुसारको आचरण नगरेमा पदबाट हटाउने
(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने

१९. शिक्षा नियमावली, २०५९ अनुसार प्राथमिक विद्यालयमा कति जनासम्म शिक्षक दरबन्दी भएमा कम्तीमा एकजना महिला शिक्षकको पद रहने व्यवस्था छ ?
(क) दुई (ख) तीन (ग) चार (घ) पाँच

२०. सामुदायिक विद्यालयका शिक्षकले सेवा अवधिभर कति अध्ययन विदा पाउँछ ?
(क) एकै पटक वा पटक पटक गरी नोकरी अवधिभर बढीमा तीन वर्ष
(ख) एक पटकमा एक वर्षमा नबढाई तमाम नोकरी अवधिमा बढीमा तीन वर्ष
(ग) एक पटकमा एक वर्ष नबढाई नोकरी अवधिभर दुई वर्ष
(घ) नोकरी अवधिभर पटक पटक गरी पाँच वर्ष

**उत्तरकुञ्जिका**
१. ग २. क ३. ग ४. ख ५. क ६. घ ७. ग ८. क ९. ख १०. ख
११. ग १२. ग १३. ग १४. ख १५. घ १६. क १७. घ १८. ग १९. ख २०. क

## खण्ड (ख)
## विषयगत प्रश्न

पूर्णाङ्कः ८०

## विषयगत ज्ञान र सीप तथा शिक्षण विधि सम्बन्धी प्रश्न

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्** (८x५=४०)

१. भाषिक सीप शिक्षण भनेको के हो ? प्राथमिक तहमा सुनाइ सीप शिक्षण गर्दा अपनाउने कुनै तीन वटा क्रियाकलाप उल्लेख गर्नुहोस् । २+३

२. What are the skills of English Teaching ? Write any three activites of Teaching writing. २+३

३. Write an essay in about 120 words on any one of the following topic: ५
(a) Democracy (b) Importance of Education

४. जोड भनेको के हो ? कक्षा १ मा जोड शिक्षण गर्नका लागि अपनाउन सकिने दुई वटा क्रियाकलाप लेखी तिनको मूल्याङ्कन गर्ने दुई वटा प्रश्न बनाउनुहोस् । १+२+२

५. चतुर्भुज र वर्गको भिन्नता शिक्षण गर्न दैनिक पाठयोजना राख्न सकिने दुई वटा उद्देश्य लेखी ती उद्देश्य प्राप्त गर्न उपयोगी हुने कुनै दुई वटा उपयुक्त सामग्रीको नाम लेखेर तिनको प्रयोग गर्ने तरीका उल्लेख गर्नुहोस् । २+१+२

६. तपाईले कक्षा ४ को विज्ञान तथा वातावरण विषयको "सजीव र निर्जीव वस्तुहरू" भन्ने पाठ पढाउँदै हुनुहुन्छ । त्यसका लागि–
(क) उक्त पाठ पढाउनका लागि बनाइने एउटा विशिष्ट उद्देश्य लेख्नुहोस् ।
(ख) उक्त उद्देश्य पूरा गर्न कुनै तीन वटा क्रियाकलाप लेख्नुहोस् ।
(ग) उक्त उद्देश्य पूरा भए/नभएको जाँच्ने गृहकार्यका लागि एउटा प्रश्न लेख्नुहोस् । १+३+१

७. सन्तुलित भोजन भनेको के हो ? सन्तुलित भोजन तयार गर्ने सम्बन्धी धारणा स्पष्ट गर्न प्रयोगमा ल्याउन सकिने कुनै तीन वटा क्रियाकलाप उल्लेख गर्नुहोस् । २+३

८. प्राथमिक तहका बालबालिकालाई धर्म, लिङ्ग, जातजाति, क्षेत्र, वर्ग आदिका आधारमा भेदभाव नराखी समान रूपले व्यवहार गर्नुपर्छ भन्ने भावना विकास गराउने उदाहरणसहितका तीन वटा क्रियाकलाप लेख्नुहोस् । उक्त शिक्षणपछि विद्यार्थीको व्यवहारमा परिवर्तन भए/नभएको मूल्याङ्कन गर्ने कुनै दुई वटा तरीका लेख्नुहोस् । ३+२

**समस्यामूलक र घटना अध्ययन सम्बन्धी प्रश्न**
**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस्** २x१०=२०

९. प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले सामाजिक अध्ययन, सिर्जनात्मक कला तथा शारीरिक शिक्षा विषयको पाठ्यक्रमको कुल भारको ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरेको छ । त्यस्तै १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसार मातृभाषा वा स्थानीय विषयका रूपमा पाठ्यक्रम निर्माण गरी शिक्षण गर्नुपर्ने व्यवस्था पनि गरेको छ । उक्त व्यवस्था कार्यान्वयन गर्न आदर्श सामुदायिक प्रा.वि.का शिक्षकहरू अलमलमा परेका छन् । यस्तो अवस्थामा–
(क) आदर्श सामुदायिक प्रा.वि.का शिक्षकका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्दा अपनाउन सकिने उपयुक्त प्रक्रियाहरू उल्लेख गर्नुहोस् । ५
(ख) स्थानीय पाठ्यक्रमका लागि कुनै एक शीर्षक तोकी त्यसका लागि प्रमुख अङ्गहरूको खाका प्रस्तुत गर्नुहोस् । ५

१०. माछापुच्छ्रे प्रा.वि.को कक्षा १ मा विभिन्न मातृभाषाका बालबालिका भर्ना भएका छन् । एकातिर घरमा नेपाली बाहेकको मातृभाषा बोलिरहेका बालबालिका एकैपटक नेपाली भाषाको माध्यमबाट पढाइ हुने कक्षामा प्रवेश गरेका छन् भने अर्कोतर्फ मातृभाषाकै रूपमा नेपाली भाषा बोल्नेहरूका लागि नेपाली भाषा पहिलो र सजिलो भाषा हुन्छ । यस्तो स्थितिमा एउटै कक्षामा पहिलो र दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीलाई एउटै तरीकाबाट शिक्षण गर्दा दोस्रो भाषाका रूपमा नेपाली बोल्नेहरूका लागि निकै कठिनाइ हुन्छ । यस्तो अवस्थामा–
(क) पहिलो भाषा र दोस्रो भाषाका रूपमा नेपाली बोल्ने बालबालिकालाई एउटै कक्षामा कसरी शिक्षण गर्न सकिएला ? ५
(ख) दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाउने कुनै पाँच वटा क्रियाकलाप उल्लेख गर्नुहोस् । ५

**आधुनिक शिक्षण प्रविधि र खोजसम्बन्धी प्रश्न**
**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस्** २x१०=२०

११. समावेशी शिक्षा भनेको के हो ? तपाईंले पढाउने कक्षाकोठामा विभिन्न जातजाति, भौगोलिक क्षेत्र, वर्ग, समुदाय, भाषा र लिङ्गका बालबालिका अध्ययन गर्दछन् । समावेशी शिक्षाको अवधारणा अनुसार त्यस्ता विद्यार्थी भएको कक्षामा कसरी शिक्षण गर्नुहुन्छ ? ३+७

१२. सूचना तथा सञ्चार शिक्षाको पाँच वटा बुँदामा महत्त्व उल्लेख गर्दै प्राथमिक तहका कक्षामा सूचना तथा सञ्चारको उपयोग कसरी गर्न सकिन्छ ? उदाहरणसहित पाँच वटा तरीका उल्लेख गर्नुहोस् । ५+५

**

**तह: निम्नमाध्यमिक** **पूर्णाङ्क: १००**
**श्रेणी: तृतीय** **उत्तीर्णाङ्क: ३५**

## खण्ड (क)

## वस्तुगत/बहुवैकल्पिक प्रश्न

**पूर्णाङ्क : २०**

**ठीक उत्तरमा (O) चिन्ह लगाउनुहोस्**

१. तलका मध्ये कुन चाहिं निम्नमाध्यमिक शिक्षाको उद्देश्य हो ?
(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने
(ख) आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा सामञ्जस्य जीवनयापन गर्न सहयोग गर्नु
(ग) राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ, स्वावलम्बी एवं चरित्रवान नागरिक तयार गर्नु
(घ) सामाजिक मूल्य र मान्यताप्रति आस्था जगाई सहयोगात्मक तथा जिम्मेवारीपूर्ण आचरणको विकास गर्नु ।

२. दरबार स्कूल कहाँ स्थापना गरिएको थियो ?
(क) रानीपोखरी काठमाडौं (ख) त्रिपुरेश्वर काठमाडौं (ग) जोरपाटी काठमाडौं (घ) थापाथली काठमाडौं

३. नेपालको अहिलेको विद्यालयको तहगत संरचना कुन चाहिं हो ?
(क) ३+४+३+२ (ख) ५+३+२+२ (ग) ३+५+२+२ (घ) २+३+५+२

४. रा.शि.प.यो. २०२८-३२ मा नि.मा. शिक्षाभित्र कुन कुन कक्षा समावेश छन् ?
(क) कक्षा ५-८ (ख) कक्षा ६-७ (ग) कक्षा ४-७ (घ) कक्षा ४-८

५. माध्यमिक शिक्षा सहयोग कार्यक्रमले सन् २००७ सम्ममा नि.मा.तहको छात्रा भर्ना प्रतिशत कति पुऱ्याउने लक्ष्य राखेको छ ?
(क) ४५% (ख) ५०% (ग) ५५% (घ) ६०%

६. सबैको लागि शिक्षा कार्यक्रम (२००४-२००९) मा कति वटा कार्यक्रम अंगहरू (Program Components) छन् ?
(क) ४ (ख) ५ (ग) ६ (घ) ७

७. दशौं योजनाले सामान्य आर्थिक वृद्धिदर कायम रहेमा निम्नमाध्यमिक तहको सहजै देखिने भर्नादर कति प्रतिशत पुऱ्याउने अनुमान गरेको छ ?
(क) ६३ (ख) ६४ (ग) ६५ (घ) ६६

८. राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले निम्नमाध्यमिक तहमा तलका मध्ये कुन कुन कक्षा समावेश गर्न सुझाव दिएको छ ?
(क) ४-७ कक्षा (ख) ७-८ कक्षा (ग) ५-८ कक्षा (घ) ६-८ कक्षा

९. विद्यार्थीहरूको अभिव्यक्ति गर्ने क्षमता थाहा पाउन कुन मूल्याङ्कन विधि उपयुक्त होला ?
(क) वस्तुगत परीक्षा (ख) अन्तर्वार्ता (ग) रुजु सूची (घ) निबन्धात्मक प्रश्न सोध्ने परीक्षा

१०. किशोरावस्थाका बालबालिकामा निम्नमध्ये कुन विशेषता पाइन्न ?
(क) परिवर्तनका अवस्था (ख) डरपोक अवस्था (ग) दोधारको अवस्था (घ) समूह निर्माणको अवस्था

११. नेपालको अन्तरिम संविधान, २०६३ मा कतिवटा मौलिक हकहरूको व्यवस्था गरिएको छ ?
(क) १३ (ख) २३ (ग) २१ (घ) १२

१२. तलको मध्ये कुनचाहिं हक नेपालका यसअघिका संविधानहरूमा थिएन र नेपालको अन्तरिम संविधान २०६३ मा छ ?
(क) सम्पत्तिको हक (ख) बालबालिकाको हक (ग) धर्म सम्बन्धी हक (घ) देश निकाला विरुद्धको हक

१३. शिक्षा ऐन, २०२८ चरणगत रूपमा क्रमश: लागू भएको थियो। उक्त ऐन लागू हुँदा प्रथमदेखि अन्तिम चरणसम्म तलका मध्ये कति कति जिल्लामा क्रमश: लागू भएको थियो?
(क) २+१३+१६+२०+२४ (ख) २+१३+१५+२०+२५ (ग) २+१३+१६+१९+२५ (घ) २+९+१६+२३+२५

१४. शिक्षा ऐन, २०२८ अनुसार प्रश्नपत्रको गोपनीयता भंग गरेमा कस्तो सजाय गरिन्छ ?
(क) कसुरको मात्रा हेरी २५ हजार रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय
(ख) कसुरको मात्रा हेरी ५० हजार रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय
(ग) कसुरको मात्रा हेरी एकलाख रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय
(घ) कसुरको मात्रा हेरी एकलाख पचास हजार रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय

१५. जिल्ला शिक्षा कोषको लेखा परीक्षण कसबाट हुने शिक्षा ऐनमा व्यवस्था छ ?
(क) सम्बन्धित को.ले.नि.का.बाट (ख) सम्बन्धित जि.शि.का.बाट (ग) महालेखा नियन्त्रक कार्यालयबाट (घ) महालेखा परीक्षकको कार्यालयबाट

१६. शिक्षा नियमावली, २०५९ अनुसार संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा तलका मध्ये कुन पर्दैन ?
(क) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने ।
(ख) विद्यार्थीहरूलाई उपलब्ध गराइएको छात्रवृत्तिको रकम शोध भर्नाका लागि सम्बन्धित निकायमा माग गर्ने ।
(ग) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई आवश्यक सुविधा उपलब्ध गराउने ।
(घ) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने ।

१७. शिक्षा नियमावली, २०५९ ले शिक्षकको सेवामा बहाल छँदै मृत्यु भएमा नजिकको नाताको व्यक्तिलाई प्रदान गरिने बीमाको रकम निम्न माध्यमिक शिक्षकको हकमा कति तोकेको छ ?
(क) एकमुष्ट १५ हजार (ख) एकमुष्ट २० हजार (ग) एकमुष्ट २५ हजार (घ) एकमुष्ट ३० हजार

१८. शिक्षा नियमावली, २०५९ ले जिल्लान्तर सरुवाको लागि योग्य हुन सरकारद्वारा घोषित दुर्गम क्षेत्रमा कति वर्षसम्म काम गर्नुपर्ने प्रावधान छ ?
(क) ३ वर्ष (ख) ४ वर्ष (ग) ५ वर्ष (घ) ६ वर्ष

१९. शिक्षा नियमावली, २०५९ अनुसार शिक्षकले पालना गर्नुपर्ने आचारसंहितामा निम्नमध्ये कुन उल्लेख गरिएको छैन ?
(क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने
(ख) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनुपर्ने
(ग) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने
(घ) आज्ञाकारी, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन गर्नुपर्ने ।

२०. शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार आयोगले प्रतियोगितात्मक लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा अन्तर्वार्ताका लागि नामावली प्रकाशन गर्दा १६ देखि २० वटा पद रिक्त रहेकोमा कति संख्या थप गरी प्रकाशन गर्नुपर्छ ?
(क) ३ (ख) ४ (ग) ५ (घ) ६

**उत्तरकुञ्जिका**

१. ग २. घ ३. ख ४. ग ५. ख ६. ग ७. ग ८. घ ९. घ १०. घ
११. ग १२. ख १३. क १४. ग १५. घ १६. ख १७. ख १८. ग १९. ख २०. ग

**तहः निम्नमाध्यमिक** **विषयः नेपाली**

**खण्ड (ख)**

**विषयगत प्रश्न** **पूर्णाङ्क : ८०**

**सबै प्रश्नहरूको उत्तर लेख्नुहोस्**

**'अ' समूहः विषय ज्ञान र सीपसम्बन्धी प्रश्न** (८x५=४०)

१. निम्नमाध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमअनुसार लेखाइ सीप विकासको लागि राखिएका भाषिक सीपगत चार वटा विशिष्ट उद्देश्यहरू उल्लेख गर्नुहोस्। ती विशिष्ट उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउन पाठ्यपुस्तकमा केकस्तो व्यवस्था गरिएको छ, प्रष्टसँग उल्लेख गर्नुहोस्। (२+३=५)

२. कक्षाकोठामा प्रभावकारी ढङ्गले नेपाली भाषा शिक्षण गर्न शिक्षक निर्देशिकाको प्रयोगले कसरी सहयोग पुऱ्याउन सक्छ? कुनै पाँच वटा बुँदा लेखी प्रकाश पार्नुहोस्। ५

३. दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा अपनाइने कुनै चार वटा विधि उल्लेख गरी तीमध्ये कुनै दुई वटाको कक्षामा प्रयोग गर्ने तरीका पनि बताउनुहोस्। १x५=५

४. निम्नमाध्यमिक तहमा पढाइ र लेखाइ सीप विकास गर्ने पाँच-पाँच वटा क्रियाकलाप उल्लेख गर्नुहोस्। (२.५+२.५=५)

५. निम्नमाध्यमिक तहमा कक्षा शिक्षण गर्नुका चार वटा उद्देश्य लेखी ती उद्देश्य प्राप्तिका लागि गरिने उपयुक्त क्रियाकलाप समेत लेख्नुहोस् र ती उद्देश्य प्राप्त भए/नभएको मूल्याङ्कन गर्ने तरीका पनि बताउनुहोस्। (२+२+१=५)

६. रूपक विधाको परिचय दिई निम्नमाध्यमिक तहमा रूपक विधाको शिक्षण गर्दा प्रयोग गरिने प्रमुख चार वटा क्रियाकलाप उदाहरणसहित उल्लेख गर्नुहोस्। (१+४=५)

७. नेपाली भाषाको शुद्ध वर्णविन्यास सिकाउन निम्नमाध्यमिक तहका विद्यार्थीहरूलाई उपयुक्त हुने कुनै पाँच वटा उपायहरू उल्लेख गर्नुहोस्। ५

८. तलका कुनै एक शीर्षकमा छोटो निबन्ध लेख्नुहोस्:
(अ) लोकतन्त्र (आ) मलाई मनपर्ने साहित्यकार

**'आ' समूहः समस्या समाधान सम्बन्धी प्रश्न** १०

९. निम्नमाध्यमिक तहका अधिकांश विद्यालयमा विधा शिक्षण गर्दा भाषिक सीपलाई भन्दा विषयवस्तुलाई जोड दिने गरेको पाइन्छ, तर पाठ्यक्रमले भने भाषिक सीप विकासमा जोड दिएको छ। विद्यालयमा कविता पढिसकेपछि पढेकै कविताका बारेमा विद्यार्थीले एक-दुई वाक्य लेख्न नसक्ने अवस्था समेत देखिन्छ। यस समस्याका सन्दर्भमा अध्ययन विश्लेषण गरी तलका प्रश्नको उत्तर दिनुहोस्:
(क) विधा शिक्षणका सन्दर्भमा के समस्या आइपरेकाले भाषिक सीप शिक्षण नभएको होला?
(ख) विद्या शिक्षणकै क्रममा भाषिक सीप विकास गराउन के के गर्नुपर्ला?

**'इ' समूहः घटना अध्ययन सम्बन्धी प्रश्न** १०

१०. जनता नि.मा.वि.का शिक्षक लोकेश कक्षामा पसेपछि पाठको राम्रोसँग व्याख्या गरिदिन्छन्। उनी बेलाबेलामा प्रश्न सोध्दछन्, विद्यार्थीले बुझ्यौं भन्ने उत्तर पनि दिन्छन्। परीक्षामा भने उनका विद्यार्थीहरूले राम्रो अङ्क ल्याउन सक्दैनन्। यसका कारणहरू केके हुन् र शिक्षक लोकेशले आफ्नो शिक्षण विधि र मूल्याङ्कन प्रक्रियामा सुधार गर्न के के गर्नुपर्ला?

**खण्ड (ग)**

**आधुनिक शैक्षणिक प्रविधि तथा खोजसम्बन्धी प्रश्न** २०

११. नेपालमा अझै पनि सबै विद्यार्थी औपचारिक शिक्षाको पहुँचमा आउन सकेका छैनन्। यस सन्दर्भमा नेपालमा दुर तथा खुला सिकाइका आवश्यकता र महत्त्वबारे चर्चा गर्नुहोस्। १०

१२. श्रव्यदृश्य सामग्री भनेको के हो? निम्नमाध्यमिक तहमा शिक्षण गर्दा के कस्तो श्रव्यदृश्य सामग्रीको प्रयोग गरी विद्यार्थीको सिकाइको स्तर सुधार्न सकिन्छ? प्रकाश पार्नुहोस्। १०

**

**Level: Lower Secondary** **Subject: English**

**Subjective Question** **Full Marks: 80**

**Attempt All Questions:**

1. List down any four classroom activities for developing oral skills prescribed in the Lower Secondary English Curriculum. And describe any one of them. (2+3=5)
2. While teaching a poem what strategies would you apply to motivate your students ? 5
3. There are various reading texts in the prescribed books of Lower Secondary Level. List down any three pre-reading activities and describe any one of the activity in brief. (3+2=5)
4. How do you teach a grammar exercise to the Lower Secondary students by using the communicative method ? 5
5. Make a daily lesson plan to teach vocabulary items of Lower Secondary textbooks. 5
6. Prepare a set of five different objective questions to test reading skill of the Lower Secondary students. 5
7. "Skill testing is a part of language teaching" Justify this statement in brief. 5
8. Write a newspaper article in about 150 words on 'Use of computers in language class'. 5
9. In your language teaching class, the student number is comprised of various ethnic language communities. Some students are very weak in listening/speaking and some others are weak in reading/writing. Analyse the problem and suggest the ways to overcome it. 10
10. "Most teachers use Nepali language as a medium of instruction to teach English in the lower secondary schools of Nepal. They defend by saying that without using Nepali language the students don't understand well and teaching learning cannot be effective." Do you agree with them ? If yes, give reasons and if no, how would you convince them to use the target language in a language class. 10

**खण्ड (ख)**

**(ख) आधुनिक सैद्धान्तिक प्रविधि र खोज**

११. औपचारिक विद्यालय शिक्षाबाट बञ्चित बालबालिकालाई शिक्षाको मूलधारमा ल्याई शिक्षाको अवसर प्रदान गर्नु राज्यको मूलभूत दायित्व हो। यस प्रयोजनको लागि राज्य तथा समुदायको के कस्तो भूमिका हुनुपर्छ? उल्लेख गर्नुहोस्। १०

१२. जिल्लास्तरीय परीक्षाको नतिजा हेर्दा तपाईले पढाउने विषयमा अधिकांश विद्यार्थी अनुत्तीर्ण रहेको पाइयो। तपाईंको विद्यालयको भौतिक अवस्था पनि त्यति कमजोर देखिदैन। विद्यार्थी पनि खासै अनियमित हुदैनन्। यस्तो अवस्थामा सुधार ल्याउन कार्यमूलक अनुसन्धानका लागि कुनै दुई वटा उद्देश्यहरू तयार पारी ती उद्देश्य प्राप्तिका तरीका उल्लेख गर्नुहोस्। (२+८=१०)

**

**तह: निम्नमाध्यमिक** **विषय: गणित**

## खण्ड (ख)

## विषयगत प्रश्न

**पूर्णाङ्क: ८०**

**छोटो उत्तर** (८×५=४०)

१. निम्नमाध्यमिक तहको गणित शिक्षाका कुनै चार वटा उद्देश्यहरू लेख्नुहोस् ? नि.मा.वि. तहमा अध्यापन हुने अंकगणितको कुनै एउटा एकाइको तीन वटै कक्षा (६, ७ र ८) को क्षेत्र र क्रमको चार्ट तयार गर्नुहोस्। ५

२. प्रतिच्छेदित समूह भनेको के हो ? यदि P={2,4,6,8,10}, Q={2,4,5,6,9} र R={4,6,9,10,11} भए P∩Q∩R लाई भेन चित्रमा प्रस्तुत गरी विद्यार्थीलाई कसरी बुझाउनुहुन्छ ? ५

३. नाफा-नोक्सान पाठका लागि चाहिने गणितीय धारणाहरू के के हुन् ? एउटा नर्सरीमा गुलाफ र मखमलीका बिरुवाहरूको संख्या अनुपात २:३ छ। यदि फूलहरूको संख्या जम्मा ३० वटा छन् भने गुलाफ र मखमलीका कति कति वटा बिरुवाहरू छन् ? भन्ने हिसाब तपाई कसरी अध्यापन गर्नुहुन्छ ? प्रष्ट पार्नुहोस्। ५

४. क्रयमूल्य, विक्रयमूल्य, नाफा र नोक्सानको धारणा विद्यार्थीलाई कसरी सिकाउनुहुन्छ ? आगमन विधिको प्रयोग गरी उदाहरणसहित प्रष्ट पार्नुहोस्। ५

५. $x^2+2x+1$ को गुणनखण्ड निकाल्न विद्यार्थीलाई कसरी शिक्षण गर्न सकिन्छ ? चित्रसहित प्रष्ट पार्नुहोस्। ५

६. कक्षा ८ का ४६ जना विद्यार्थीले १०० पूर्णाङ्कको गणित विषयको परीक्षामा पाएको प्राप्ताङ्क निम्नानुसार पाइयो। ५

| प्राप्ताङ्क | ३०-४० | ४०-५० | ५०-६० | ६०-७० | ७०-८० | ८०-९० |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १५ | १० | ८ | ६ | ५ | २ |

(क) उपर्युक्त तथ्याङ्कको मध्यक पत्ता लगाउनुहोस्।
(ख) परीक्षाफलको निष्कर्ष के होला ? उल्लेख गर्नुहोस्।

७. कुनै त्रिभुजको आधारका कोण (Base Angle) हरू बराबर छन् भने त्यो त्रिभुजको सम्मुख भुजाहरू पनि बराबर हुन्छन् भन्ने तथ्यलाई आगमन विधि (Deductive Method) बाट विद्यार्थीलाई कसरी प्रष्ट पार्नुहुन्छ ? उदाहरणसहित तर्क प्रस्तुत गर्नुहोस्। ५

८. विस्थापन (Translation) र विस्तारीकरण (Enlargement) का विशेषताहरू (Prpoerties) उल्लेख गर्नुहोस्। यिनका विशेषताहरू कसरी अर्थपूर्ण तरीकाले अध्यापन गर्नुहुन्छ ? प्रष्ट पार्नुहोस्। ५

### समूह (ग)

**लामो उत्तर** (४×१०=४०)

९. निम्नमाध्यमिक तहको गणित विषयमा अधिकांश विद्यार्थी असफल हुने गरेका उदाहरण भेटिन्छन्। तल्ला कक्षामा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीलाई कक्षा चढाउँदै लैजानाले यसको असर एस.एल.सी. परीक्षामा समेत पर्न गएको देखिन्छ।
(क) निम्नमाध्यमिक तहको गणित विषयको पाठ्यक्रम, विषय शिक्षक, शिक्षक तालीममा के कस्ता कमी-कमजोरीहरू छन् ?
(ख) के गर्न सके गणित विषयको परीक्षाफलमा सुधार गर्न सकिएला ? सुझाव प्रस्तुत गर्नुहोस्।

१०. गणित विषय शिक्षणमा अधिकांश शिक्षकहरू ज्यामिति शिक्षणलाई तुलनात्मक रूपले असजिलो मान्ने गर्दछन्। विद्यार्थीहरू पनि ज्यामितिका विषयवस्तुलाई कण्ठस्त गर्नमा नै अभ्यस्त छन्। तपाईंको विचारमा ज्यामिति शिक्षणलाई कसरी सरल र सहज बनाउन सकिन्छ ? यसमा प्रयोग गरिने शिक्षण विधिहरूको आधारमा उदाहरणसहित त्यस्ता शिक्षकहरूलाई सल्लाह सुझाव दिनुहोस्।

११. गणितका कक्षाहरू समस्या समाधान विधि (Problem Solving Method) प्रयोग गरेर संचालन गर्दा अर्थपूर्ण र व्यावहारिक देखिएका छन्। यस भनाइलाई तपाईंले उदाहरणसहित सकारात्मक रूपमा कसरी प्रस्तुत गर्नु सक्नुहुन्छ ? नि.मा.वि. तहको अंकगणितको एउटा पाठलाई आधार बनाएर उत्तर दिनुहोस्।

१२. (क) शैक्षिक सामग्रीको उचित व्यवस्थापन र प्रयोगले अध्ययन अध्यापन स्तरीय बन्न सक्छ, कसरी ? तर्क दिनुहोस्।
(ख) शिक्षकलाई बाल विकास तथा मनोविज्ञानको भरपर्दो ज्ञान हुन किन जरुरी छ ? विश्लेषण गर्नुहोस्।

* *

**तह: निम्नमाध्यमिक** **विषय: विज्ञान**

## खण्ड (ख)

## विषयगत प्रश्न

**पूर्णाङ्क: ८०**

**छोटो उत्तर** (८×५=४०)

१. "उत्तोलकको परिभाषा दिन र यसका किसिम प्रदर्शन गरी वर्णन गर्न" भन्ने विशिष्ट उद्देश्य हासिल गराउन तपाईंले कस्तो शिक्षण सिकाइ क्रियाकलाप अपनाउनु हुन्छ ? व्याख्या गर्नुहोस्। ५

२. "ग्यास पदार्थमा ताप प्रसार हुने तरीका" विद्यार्थीलाई प्रदर्शन गर्नका लागि तपाईंले के क्रियाकलाप योजना गर्नुहुन्छ ? उक्त क्रियाकलाप स्थानीय सामग्रीको प्रयोग गरी कसरी सञ्चालन गर्नुहुन्छ, स्पष्ट पार्नुहोस्। (२+३=५)

३. विद्यार्थीलाई चुम्बकको आणविक सिद्धान्तको धारणा स्पष्ट पार्नको लागि तपाईंले कुन कुन शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ? उक्त धारणा स्पष्ट हुने चित्रहरू कोरी चित्रमा नामाङ्कन समेत गर्नुहोस्। (२+३=५)

४. "सबै अल्काली क्षार हुन् तर सबै क्षार अल्काली होइनन्" यस कथनलाई स्पष्ट पार्नुहोस्। ५

५. क्रोमाटोग्राफीबाट कस्ता पदार्थहरू मिश्रणबाट छुट्याउन सकिन्छ ? विद्यार्थीहरूलाई प्रयोग विधिबाट क्रोमाटोग्राफी सिकाउन के के गर्नुहुन्छ ? चरणबद्ध रूपमा उल्लेख गर्नुहोस्। (१+४=५)

६. मानिलिऊँ तपाईंको विद्यार्थीले बिरुवाकोषको मोडेल बनाउन लागेका छन्। उक्त मोडेल बनाउनुअघि तपाईंले उनीहरूलाई एउटा कापीमा बिरुवाकोषको बनोट स्पष्ट हुने चित्र कोरेर दिनुछ। अब तपाईंले उक्त चित्र कस्तो कोर्नुहुन्छ, आफ्नो उत्तरपुस्तिकामा नामाङ्कन समेत गरिएको चित्र कोर्नुहोस्। (३+२=५)

७. मानव मुटुको भित्री बनोट स्पष्ट हुने चित्र कोर्नुहोस् र निम्नलिखित भागहरू नामाङ्कन गर्नुहोस्। (२+३=५)
(क) पल्मोनरी आर्टरी (ख) दायाँ अरिकल (ग) ट्राइकस्पिड भल्भ
(घ) सुपेरियर भेनाकाभा (ङ) पेरिकार्डियम (च) पल्मोनरी भेन

८. चन्द्रमाको कला सम्बन्धी स्पष्ट धारणा दिन विद्यार्थीलाई कस्तो क्रियाकलाप गराउनुहुन्छ? व्याख्या गर्नुहोस्। ५

९. केही शैक्षिक अनुसन्धानबाट के थाहा पाइएको छ भने भौतिक विज्ञानप्रति छात्रहरूको भन्दा छात्राहरूको रुचि तथा सिकाइ उपलब्धिस्तर कम छ। यो हुनुको प्रमुख कारण के होला? यो स्थितिलाई सुधार्न शिक्षण सिकाइ क्रियाकलापको दृष्टिकोणले के उपाय अपनाउनु पर्ला? (५+५=१०)

१०. अनुभव गरेर भएको सिकाइ अर्थपूर्ण हुन्छ भन्नुमा दुईमत नहोला। तपाईंको कक्षाकोठामा औसतभन्दा धेरै विद्यार्थी भएको खण्डमा प्रयोगात्मक क्रियाकलाप कसरी सञ्चालन तथा व्यवस्थापन गर्नुहुन्छ? उल्लेख गर्नुहोस्। १०

११. समावेशी शिक्षा भनेको के हो? नेपालको परिप्रेक्ष्यमा समावेशी शिक्षा किन आवश्यक छ? शिक्षामा समावेशीकरण गर्न ध्यान पुर्‍याउनुपर्ने कुनै तीन पक्षमाथि कारणसहित प्रकाश पार्नुहोस्। १+३+६

१२. सूचना तथा सञ्चार शिक्षा भनेको के हो? विभिन्न विषयहरूको प्रभावकारी शिक्षण सिकाइमा सूचना तथा सञ्चार शिक्षाको कसरी प्रयोग गर्न सकिन्छ? सुहाउँदो उदाहरणसहित व्याख्या गर्नुहोस्। १+३+६

**

**तहः निम्नमाध्यमिक** **विषयः सामाजिक**

## खण्ड (ख)

## विषयगत प्रश्न

**पूर्णाङ्कः ८०**

**छोटो उत्तर** (८x५=४०)

१. विकासको पूर्वाधारको रूपमा यातायातलाई लिइन्छ? नेपालका कतिपय हिमाली र पहाडी जिल्लाहरूमा अझै पनि मोटरबाटो पुगेको छैन। ती जिल्लाहरूमा मोटर बाटो पुगेको अवस्थामा, उक्त क्षेत्रका जनताले के कस्ता सुविधा र अवसरहरू प्राप्त गर्न सक्दछन्? स्पष्ट पार्नुहोस्। ५

२. हाल नेपालका ठूला उद्योगहरू धरासायी हुनाका कारणहरू औंल्याउँदै उक्त उद्योगहरू सुचारु रूपले सञ्चालन गर्न के कस्तो रणनीति तय गर्नुपर्ला? स्पष्ट पार्नुहोस्। ५

३. सामाजिक शिक्षा शिक्षणलाई प्रभावकारी बनाउन तपाईंले कक्षामा विषय शीर्षकमा प्रवेश गर्नुअगावै पाठसँग सम्बन्ध स्थापित गरी गीत, कविता, नाटक, चुट्का, घटना र कथा आदिबाट किन शुरू गर्नुहुन्छ? यसरी शिक्षण गर्ने क्रममा तपाईंको समुदायको विकास भन्ने पाठ के कस्ता शैक्षिक सामग्रीको प्रयोग गरी के कसरी शिक्षण गर्नुहुन्छ? उल्लेख गर्नुहोस्। ५

४. २०६२ सालको एस.एल.सी. परीक्षा उत्तीर्ण छात्रछात्राहरूको तथ्याङ्कलाई स्तम्भ चित्रमा प्रस्तुत गर्नुहोस्। ५

| श्रेणी | प्रतिशत |
|---|---|
| विशिष्ट श्रेणी | ३.८ |
| प्रथम श्रेणी | ४०.१ |
| द्वितीय श्रेणी | ५१.४ |
| तृतीय श्रेणी | ४.७ *(स्रोत परीक्षा नियन्त्रण कार्यालय, २०६२)* |

५. मध्यकालीन राजनीतिक अवस्था र वर्तमान राजनीतिक अवस्थाको तुलना गर्दै सामाजिक शिक्षामा समसामयिक घटनाले समुदायमा पार्ने प्रभावहरू उल्लेख गर्नुहोस्। ५

६. सामाजिक शिक्षा "मूल्यमा आधारित शिक्षा हो" यस भनाइलाई पुष्टि गर्दै अहिलेको सामाजिक शिक्षाको पाठ्यक्रमले उक्त भनाइलाई कत्तिको जोड दिएको छ? स्पष्ट पार्नुहोस्। ५

७. नक्सा बनाउनु र भर्नु छात्र, शिक्षक दुवैका लागि रोचक कार्य हो। तर शिक्षण सिकाइका अवस्थामा छात्र, शिक्षक दुवै असफल भएर उपलब्धिविहीन हुने गरेको देखिन्छ। तपाईं सामाजिक शिक्षाको एउटा तालीमप्राप्त योग्य शिक्षक भएको नाताले नक्सा बनाउने र भर्ने कार्यमा छात्रछात्राहरूलाई सक्रिय गराई पाठ्यक्रमले तोकेको उपलब्धि हासिल गराउन के कस्तो रणनीति अपनाई कक्षा शिक्षण गर्नुपर्ला? ५

८. विश्वका मित्रराष्ट्रहरू नेपालको विकास निर्माणका लागि विभिन्न क्षेत्रमा आर्थिक सहयोग गर्दै आएका छन्। ती सहयोगी राष्ट्रहरूको सूची तयार गर्नुहोस् र ती राष्ट्रहरू तपाईंको जिल्लाको विकास निर्माणमा कुन कुन क्षेत्रमा सहयोग पुर्‍याएका छन्? उल्लेख गर्नुहोस्। ५

९. रामबहादुर के.सी. निम्नमाध्यमिक विद्यालयको सामाजिक शिक्षा विषयका तालीमप्राप्त शिक्षक हुन्। उनी आफू राम्रो पढाउँछु भन्ने घमण्ड पनि छ। तर सामाजिक शिक्षा विषयमा भएको भूगोल सम्बन्धी धारणा दिन ज्यादै कठिन भएको बताउँछन्। छात्रछात्राहरूले पनि अन्य विषयको तुलनामा सामाजिक शिक्षामा कम अंक ल्याउने गरेका छन्। अब भन्नुहोस् उक्त विषयको राम्रो धारणा दिन र छात्रछात्राले पनि बढी अंक ल्याउन सक्ने तुल्याउन शिक्षक के.सी.ले के कस्तो रणनीति अपनाउनु पर्ला? स्पष्ट पार्नुहोस्। (१x१०=१०)

१०. बालअधिकारको संरक्षण र बालमजदुरको नियन्त्रण गर्न नेपाल सरकार गैरसरकारी संस्था लगायत अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि प्रशस्त प्रयास भएको देखिन्छ। तर बालकहरू हराउने, अपहरण हुने, विभिन्न किसिमका जोखिम काममा लगाउने र श्रमशोषण गर्ने जस्ता कार्यहरू रोकिएका छैनन्। यसको रोकथामको लागि कसले के कस्तो कार्य गर्नुपर्दछ? उल्लेख गर्नुहोस्। (१x१०=१०)

११. सामाजिक शिक्षा विषयका कतिपय पाठहरू खोज र अनुसन्धानमा आधारित छन्। यसका नमूना पाठहरूमा प्रस्तुत विषयवस्तु ज्यादै कम मात्रामा दिएको छ। शिक्षक स्रोतपूर्ण हुन खुला सिकाइले मद्दत गर्दछ। यस सम्बन्धमा तपाईं एउटा सामाजिक शिक्षाको विषय शिक्षकले कार्यमूलक अनुसन्धान पद्धतिमा के कति विश्वास गर्नुहुन्छ? खुला सिकाइको विषयलाई लिएर कार्यमूलक अनुसन्धानले यस विषयको अध्ययन अध्यापन गराउन के कसरी सहयोग पुर्‍याउँदछ? उल्लेख गर्नुहोस्। (१x१०=१०)

१२. निम्नमाध्यमिक तहको सामाजिक शिक्षामा विद्यार्थीलाई गराउने क्रियाकलाप अन्य विषयका तुलनामा फरक छन्। उक्त क्रियाकलापमा समाचार तयार गर्ने, संवाद, सम्पादकीय तयार गर्ने, प्रश्नावली निर्माण गर्ने, प्रतिवेदन तयार गर्ने, स्तम्भ चित्र, वृत्त चित्र तयार गर्ने आदि रहेका छन्। तपाईंलाई शिक्षण गर्दा योजनाबद्ध जान ज्यादै कठिन भएको हुँदा माथि उल्लिखित कुनै पनि एउटा शीर्षकमा रहेर दैनिक पाठयोजनाको पूर्ण अंश प्रस्तुत गर्नुहोस्। (१x१०=१०)

**

**नमूना प्रश्नपत्र** **शिक्षक सेवा आयोग**

**तह: माध्यमिक** **पूर्णाङ्क: १००**
**श्रेणी: तृतीय** **उत्तीर्णाङ्क: ३५**

**खण्ड (क)**

**वस्तुगत/बहुवैकल्पिक प्रश्न** **पूर्णाङ्क : २०**

**ठीक उत्तरमा (O) चिन्ह लगाउनुहोस्**

१. नेपालको शिक्षाको राष्ट्रिय उद्देश्यमध्ये तलको कुनचाहिं पर्दैन ?
(क) सार्वभौम मानवीय मूल्य, राष्ट्रिय तथा सामाजिक मान्यता र अनास्थाहरूको सम्बर्द्धन (ख) समाजको आधुनिकीकरण र मानव संशाधनको विकास
(ग) शिक्षाको विकेन्द्रीकरण र मानव संशाधनको विकास (घ) सामञ्जस्यपूर्ण जीवनयापन

२. दरबार स्कूलका प्रथम प्रधानाध्यापक को थिए ?
(क) Mr. Hudson (ख) Mr. Canning (ग) Mr. Ross (घ) Mr. Perking

३. राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ अनुसार माध्यमिक शिक्षा कति वर्षको हुनुपर्ने उल्लेख छ ?
(क) २ वर्ष (ख) ३ वर्ष (ग) ४ वर्ष (घ) ५ वर्ष

४. रा.शि.प.यो. २०२८ ले विद्यालय तहको संगठन कस्तो हुनुपर्ने प्रस्ताव गरेको थियो ?
(क) ३+५+२ (ख) ५+३+२ (ग) ३+४+३ (घ) ५+२+३

५. राष्ट्रिय शिक्षा आयोग, २०४९ को प्रतिवेदनमा माध्यमिक तहको पूर्णाङ्क कति प्रस्ताव गरिएको छ ?
(क) ५००+१०० (ख) ६००+१०० (ग) ७००+१०० (घ) ८००+१००

६. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनले माध्यमिक तहको संरचनामा तलका मध्ये कुन चाहिंलाई प्रस्तावित गरेको छ ?
(क) ६-७, ८-१०, ११-१२ (ख) ६-८, ९-१२ (ग) ६-८, ९-१०, ११-१२ (घ) ६-१२

७. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ अनुसार नेपालको विद्यालय शिक्षाको तह र अवधि कुन हो ?
(क) तह दुई र अवधि १० वर्ष (ख) तह दुई र अवधि १२ वर्ष (ग) तह तीन र अवधि १२ वर्ष (घ) तह तीन र अवधि १३ वर्ष

८. माध्यमिक शिक्षा सहयोग कार्यक्रमको लागि एडीबीको सहयोग राशी कति प्रतिशत छ ?
(क) ४५% (ख) ४३% (ग) ४०% (घ) २०%

९. EFA (२००४-२००९) मा समष्टिगत रूपमा कार्यक्रमको व्यवस्थापन अनुगमन तथा संयोजनको काम गर्न तय गरिएको कार्यक्रम तथा व्यवस्थापन समिति (PMC) को अध्यक्षता कसले गर्ने उल्लेख छ ?
(क) मन्त्री, शिक्षा (ख) राज्यमन्त्री, शिक्षा (ग) सचिव, शिक्षा (घ) सह-सचिव, योजना महाशाखा, शिक्षा

१०. किशोरावस्थाका विशेषतामा तलका मध्ये कुन पर्दैन ?
(क) परिवर्तनका अवस्था (ख) डरपोक अवस्था (ग) समूह निर्माणको अवस्था (घ) दोधारको अवस्था

११. नेपालको अन्तरिम संविधान, २०६३ अनुसार मन्त्रिपरिषद्को गठन कसरी गरिने प्रावधान छ ?
(क) आठ दलीय सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा (ख) सर्वसम्मतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा
(ग) राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा (घ) निर्वाचनमा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाई उसको अध्यक्षतामा

१२. नेपालको अन्तरिम संविधान, २०६३ अनुसार सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा कति जना अन्य न्यायाधीश रहन्छन् ?
(क) १३ (ख) १४ (ग) १५ (घ) १६

१३. शिक्षा ऐन, २०२८ अनुसार ग्रामीण शिक्षा विकास कोषको अध्यक्ष को रहन्छ ?
(क) शिक्षा मन्त्री (ख) शिक्षा मन्त्रालयको सचिव (ग) शिक्षा विभागको महानिर्देशक (घ) शिक्षक सेवा आयोगको अध्यक्ष

१४. माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने अधिकार शिक्षा ऐन, २०२८ अनुसार कसलाई छ ?
(क) जिल्ला शिक्षा समिति (ख) जिल्ला शिक्षा अधिकारी (ग) क्षेत्रीय शिक्षा निर्देशक (घ) जिल्ला विकास समिति

१५. शिक्षा ऐन, २०२८ अनुसार शिक्षक सेवा आयोगको अध्यक्ष बन्न कति वर्ष उमेर पूरा भएको हुनुपर्छ ?
(क) ३० वर्ष (ख) ३५ वर्ष (ग) ४० वर्ष (घ) ४५ वर्ष

१६. शिक्षा नियमावली, २०५९ अनुसार संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा तलका मध्ये कुन पर्दैन ?
(क) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने।
(ख) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई आवश्यक सुविधा उपलब्ध गराउने।
(ग) विद्यार्थीहरूलाई उपलब्ध गराइएको छात्रवृत्तिको रकम शोध भर्नाका लागि सम्बन्धित निकायमा माग गर्ने।
(घ) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने।

१७. शिक्षा नियमावली, २०५९ अनुसार सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिका लागि पद रिक्त भएका मितिले १५ दिनभित्र जि.शि.का.मा लेखी पठाउने कर्तव्य कसको हो ?
(क) सम्बन्धित प्रधानाध्यापक (ख) सम्बन्धित विद्यालय निरीक्षक (ग) सम्बन्धित गा.वि.स./न.पा. (घ) सम्बन्धित विद्यालय व्यवस्थापन समिति

१८. शिक्षा नियमावली अनुसार तलका मध्ये कुन चाहिं जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकार हो ?
(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने। (ख) जि.शि.का.ले दिएको निर्देशन अनुसार काम गर्ने।
(ग) विद्यालय बन्द गर्ने सम्बन्धमा स्वीकृति दिने। (घ) शिक्षकहरूको अभिलेख अद्यावधिक गराइराख्ने।

१९. सामुदायिक विद्यालयको माध्यमिक शिक्षकको सेवामा बहाल छँदै मृत्यु भएमा बीमा वापत कति रकम उपलब्ध गराउने व्यवस्था शिक्षा नियमावलीमा छ ?
(क) रु.१५,००० (ख) रु.२०,००० (ग) रु.२५,००० (घ) रु.३०,०००

२०. शिक्षक सेवा आयोग नियमावली अनुसार माध्यमिक तहको प्रथम श्रेणीको रिक्त पदपूर्ति गर्ने कति प्रतिशत का.स.मू.को आधारमा बढुवा गरिन्छ ?
(क) २५% (ख) ५०% (ग) ६०% (घ) ७५%

**उत्तरकुञ्जिका**
१. ग २. ख ३. क ४. ग ५. ग ६. ग ७. ख ८. ग ९. घ १०. ग
११. ग १२. ख १३. ख १४. ग १५. ग १६. ग १७. घ १८. ग १९. घ २०. घ

**तहः माध्यमिक** **विषयः नेपाली**

**खण्ड (ख)**

**विषयगत प्रश्न** **पूर्णाङ्कः ८०**

**सबै प्रश्नको उत्तर लेख्नुहोस्**

**'अ' समूहः विषय ज्ञान र सीपसम्बन्धी प्रश्न** (८x५=४०)

**तलका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस्:**

१. माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम अनुसार पढाइ सीप विकासका लागि राखिएको भाषिक सीपगत चार वटा विशिष्ट उद्देश्यहरू उल्लेख गर्नुहोस्। ती विशिष्ट उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउन पाठ्यपुस्तकमा के कस्तो व्यवस्था गरिएको छ? प्रष्टसँग उल्लेख गर्नुहोस्। (२+३=५)

२. माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रममा राखिएका विधाको क्षेत्र अन्तर्गत समाविष्ट कुनै तीन वटा विधाहरूका तीन-तीन वटा क्षेत्र उल्लेख गरी ती विधागत क्षेत्रका माध्यमबाट कसरी भाषिक सीप हासिल गर्न सकिन्छ? स्पष्ट पार्नुहोस्। (२+३=५)

३. दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्दा आइपर्ने प्रमुख चार वटा समस्या के के हुन्? तिनको समुचित समाधानका लागि उपयुक्त उपायहरू समेत सुझाउनुहोस्। (२+३=५)

४. बोलाइ सीप विकासका प्रमुख पाँच वटा प्रयोजन लेखी उक्त सीप विकासका लागि अपनाउन सकिने पाँच वटा क्रियाकलाप उल्लेख गर्नुहोस्। (२.५+२.५=५)

५. माध्यमिक तहमा किन कविता शिक्षण गरिन्छ? पद्य र गद्य कविता शिक्षण गर्दा अपनाउने क्रियाकलापमा के फरक हुन्छ? प्रष्ट पार्नुहोस्। (३+२=५)

६. माध्यमिक तहमा निबन्ध शिक्षण गर्नुका चार वटा उद्देश्य लेखी ती उद्देश्य प्राप्तिका लागि गरिने उपयुक्त क्रियाकलाप समेत लेख्नुहोस् र ती उद्देश्य प्राप्त भए नभएको मूल्याङ्कन गर्ने तरीका पनि सुझाउनुहोस्। (१+४=५)

७. माध्यमिक तहमा विद्यार्थीलाई शुद्ध नेपाली भाषाको प्रयोग गर्न सिपालु बनाउन तपाईं के कस्ता क्रियाकलाप गराउनुहुन्छ र उनीहरूले शुद्ध नेपाली भाषाको प्रयोग गरे नगरेको कसरी सुनिश्चित गर्नुहुन्छ? (३+२=५)

८. नेपालमा निर्माणका बारेमा दुईजना साथीहरू गीता र निमाका बीच भएको संवाद तयार पार्नुहोस्। ५

**'आ' समूहः समस्या समाधानसम्बन्धी प्रश्न** १०

९. लोकतन्त्र मा.वि.का शिक्षक प्रशान्तलाई नेपाली व्याकरणको शिक्षण निकै कठिन लाग्छ। उहाँको कक्षामा मातृभाषा नेपाली हुने र नहुने दुवैथरी विद्यार्थी हुन्छन् र उहाँ व्याकरणका सबै पक्षको राम्रो व्याख्या गरिदिनुहुन्छ। यति भएर पनि उहाँका विद्यार्थी व्याकरणमा कमजोर छन्। यस स्थितिको अध्ययन विश्लेषण गरी तलका प्रश्नको उत्तर दिनुहोस्।

(क) प्रशान्तको शिक्षणमा देखिने समस्या के के हुन्? ५

(ख) प्रशान्तको कक्षामा व्याकरण शिक्षणलाई सुधार्न तपाईं के सुझाव दिनुहुन्छ? ५

**'इ' समूहः घटना अध्ययनसम्बन्धी प्रश्न** १०

१०. जनता मा.वि.का कक्षा ८ मा पढ्ने ५० जना विद्यार्थीमध्ये ११ जना गुरूङ, ८ जना नेवार, ५ जना शेर्पा, १० जना मगर र १५ जना बाहुन छेत्री रहेका छन्। तिनीहरूमध्ये पनि पाँच जना विद्यार्थी कान कम सुन्ने, पाँच जना आँखा नदेख्ने र दुई जना एउटा खुट्टा राम्ररी टेक्न नसक्ने छन्। त्यस्तै ११ जना ज्यादै जेहेनदार छन् भने १२ जना ज्यादै कमजोर र अरू मध्यमस्तरका छन्। यस्तो विविधतायुक्त कक्षामा तपाईं नेपाली भाषा शिक्षकको रूपमा शिक्षण गर्दै हुनुहुन्छ भने यस्तो स्थितिमा तपाईं तलका प्रश्नको जवाफ दिनुहोस्:

(क) माथिको समस्या कस्तो खालको हो, पहिचान गर्नुहोस्। २

(ख) उक्त समस्या समाधान गर्न के गर्नुपर्ला? ३

(ग) सबै विद्यार्थीलाई एउटै कक्षामा राखेर शिक्षण गर्दा कक्षा व्यवस्थापन कसरी गर्नुहुन्छ? २

(घ) विद्यार्थीको रूचि, आवश्यकता र क्षमताअनुसार कसरी शिक्षण गर्नुहुन्छ? ३

**खण्ड (ग)**

**आधुनिक शैक्षणिक प्रविधि तथा खोज सम्बन्धी प्रश्न** २०

११. कार्यमूलक अनुसन्धान भनेको के हो? शिक्षकका लागि यो किन आवश्यक छ? शिक्षण सिकाइसँग सम्बन्धित कुनै एउटा शीर्षकमा कार्यमूलक अनुसन्धान गर्नका लागि एउटा नमूना खाका तयार पार्नुहोस्। (२+३+५=१०)

१२. नेपालको परिवेशमा समावेशी शिक्षाको महत्व उल्लेख गर्दै कक्षा-कोठामा यसको प्रयोग कसरी गर्न सकिन्छ? उदाहरणसहित स्पष्ट पार्नुहोस्। (५+५=१०)

**

**Level: Secondary** **Subject: English**

**Subjective Question** **Full Marks: 80**

1. Mention any four of the teaching principles prescribed by the Secondary Level English Curriculum ? Explain any one of them. (2+3=5)
2. Mention one of the specific objective of reading skill set in the secondary level English curriculum and suggest four ways to achieve that objective. (1+4=5)
3. How are grammar items presented in the Secondary Level textbooks ? Suggest any three appropriate techniques to teach a grammar item of Grade Nine Textbook. (2+3=5)
4. How do you utilize the reference materials such as magazines, journals and newspapers in teaching English as a foreign language ? 5
5. Make a practical lesson plan to teach new vocabularies for Secondary Level students. 5
6. Construct a guided writing test item to assess the narrative writing skill of grade ten students. 5
7. "Teaching and testing go side by side". Do you agree ? Justify your answer. 5
8. Compose a couple of paragraphs on 'Importance of Communication in Education. 5
9. The present sociopolitical situation of Nepal is unstable. Therefore it is difficult to open schools for all the working days specified in the Education Regulations 2059. In such a situation, how do you manage the teaching hours (weightage), conduct teaching/learning activities and formative assessment of the students in order to achieve the expected learning outcomes of the Secondary Level English Curriculum ? 10
10. The current Secondary Level English curriculum has allotted 20% marks for testing listening and speaking skills. However, due attention is not paid on the teaching of these skills. On top of that the physically disabled (hearing impaired & having poor eyesight) students are treated as able students and awarded good marks in listening/speaking tests. Study the situations above and mention the main problems of teaching and testing listening/speaking skills and suggest appropriate ways to make it more reliable, practical and valid. 10

खण्ड (ख)

**(ख) आधुनिक सैद्धान्तिक प्रविधि र खोजः**

११. देशको भौगोलिक अवस्था, आर्थिक पछौटेपनलगायत विभिन्न कारणले औपचारिक शिक्षाका कक्षाहरूबाट शिक्षा हासिल गर्न असमर्थ जनतालाई सबैका लागि शिक्षाको विश्वव्यापी अवधारणासँग आवद्ध गर्न के कस्ता उपायहरू प्रस्तुत गर्नुहुन्छ ? ती उपायहरूको प्रयोगका माध्यमबाट अघि बढ्दा आउन सक्ने चुनौती के कस्ता हुन सक्छन् ? त्यसमा आइपर्ने चुनौतीलाई सामना गर्ने सुझाव समेत छोटकरीमा उल्लेख गर्नुहोस् । (३+४+३=१०)

१२. तपाईंले पढाउने विद्यालयमा कक्षा १० उत्तीर्ण हुने विद्यार्थीको स्थिति हेर्दा उत्तीर्ण प्रतिशत ज्यादै न्यून रहेको छ । त्यसमा पनि तपाईंले पढाउने विषयको नतिजा अरु निराशाजनक देखिन्छन् । यस अवस्थामा समस्या निराकरणका लागि कार्यमूलक अनुसन्धानको यस्तो खाका प्रस्तुत गर्नुहोस् जसले उपरोक्त समस्या समाधानको लागि दिशानिर्देश गरोस् । १०

**

**तहः माध्यमिक** **विषयः गणित**

**खण्ड (ख)**

**विषयगत प्रश्न** **पूर्णाङ्कः ८०**

**छोटो उत्तर** (८x५=४०)

१. माध्यमिक तहको गणित शिक्षाका कुनै तीन वटा उद्देश्यहरू लेख्नुहोस् । मा.वि. तहमा अध्यापन हुने अंकगणित र बीजगणितको कुनै एउटा एकाइको दुवै (९ र १०) कक्षाको क्षेत्र र क्रमको चार्ट तयार गर्नुहोस् । ५

२. १० पुरुषले एउटा काम १० दिनमा र ११ जना महिलाले सोही काम ११ दिनमा सिध्याउँछन् भने १० जना पुरुष र ११ जना महिला दुवै मिली सो काम कति दिनमा गर्लान् ? उक्त समस्यालाई कसरी समाधान गरी विद्यार्थीलाई सिकाउनुहुन्छ ? ५

३. कुनै काम ३० दिनमा सिध्याउनु थियो । त्यस काममा लगाइएका केही मानिसहरूले २० दिनमा आधा काम मात्र सिध्याए । २० जना अरू मानिस थप्दा सो काम तोकिएको समयमा नै सकियो भने पहिले कति मानिसहरू खटाइएका थिए । ५
(क) उक्त समस्या समाधान गर्नुहोस् ।
(ख) उक्त समस्या समाधान कुन विधिद्वारा हल गर्दा विद्यार्थीले सजिलै बुझ्न सक्छन्, उल्लेख गर्नुहोस् ।

४. तीन वटा धातुका गोलाहरूका अर्धव्यासहरू क्रमशः ६ से.मि., ८ से.मि. र १० से.मि छन् । यी तीन वटै गोलाहरूलाई पगालेर एउटा गोला बनाउँदा यसको अर्धव्यास कति हुन्छ ? कक्षाकोठामा अध्यापन गर्ने तरिका प्रस्तुत गर्दै समस्या समाधान गर्नुहोस् । ५

५. एउटा समानान्तर श्रेणीका पाँचौं र आठौं पद क्रमशः २२ र ३४ भएः
(क) पहिलो पद र समानान्तर पत्ता लगाउनुहोस् । (ख) १० वटा पदहरूको योगफल निकाल्नुहोस् । (ग) यो समस्यालाई अर्थपूर्ण तरिकाले कसरी अध्यापन गर्नुहुन्छ ?

६. तल दिएको तीन वटा चित्रमा $\angle P + \angle Q = 180^0$ छ भने PQRS चक्रीय विन्दुहरू हुन् भनेर कक्षा दशका विद्यार्थीहरूलाई कसरी स्पष्ट पार्नुहुन्छ ? तर्क प्रस्तुत गर्नुहोस् । ५



७. Tan (900+A)= -Cot A त्रिकोणमितीय सर्वसमिका प्रमाणित गर्न विद्यार्थीलाई कसरी सिकाउनुहुन्छ ? समाधानसहित लेख्नुहोस् ।

८. समानान्तर चतुर्भुजको भुजाहरूको मध्यविन्दुहरू क्रमशः जोड्दा बन्ने चित्र समानान्तर चतुर्भुज हुन्छ भनी भेक्टर विधिबाट विद्यार्थीलाई कसरी प्रमाणित गर्न लगाउनु हुन्छ ? लेख्नुहोस् ।

**समूह (ग)**

**लामो उत्तर** (४x१०=४०)

९. एस.एल.सी. परीक्षामा अनिवार्य गणित विषयमा नै लगभग आधाजसो परीक्षार्थीहरू वर्षेनि अनुत्तीर्ण हुने गरेको पाइन्छ । जुन राष्ट्रको लागि ठूलो क्षति हो । यो शैक्षिक क्षतिलाई न्यून गराउन तल दिएका बुँदाहरूको आधारमा रही आफ्नो सुझाव प्रस्तुत गर्नुहोस् ।
(क) हालको माध्यमिक तहको अनिवार्य गणित विषयको पाठ्यक्रममा के कस्ता त्रुटिहरू छन् ? उक्त त्रुटिहरू हटाउन सुझाव दिनुहोस् ।
(ख) गणित विषय अध्यापन गर्ने विषय शिक्षक र शिक्षक तालीम पर्याप्त छ, छैन ? विश्लेषण गर्नुहोस् ।
(ग) प्रचलित परीक्षा प्रणालीमा कुनै कमजोरी देख्नुभएको छ ? सुझाव प्रस्तुत गर्नुहोस् ।

१०. विद्यालयस्तरको गणित विषयमा तथ्याङ्कशास्त्र अध्ययन अध्यापन गराउनुको औचित्य के हो ? दैनिक जीवनमा यसको उपयोगिता कत्तिको लाभप्रद छ ? माध्यमिक गणित विषयको पाठ्यक्रमलाई सन्दर्भ लिई विषयवस्तुको क्षेत्र र क्रमको आधारमा विश्लेषण गर्नुहोस् ।

११. नेपालको वर्तमान शिक्षा प्रणालीले समाजका सबै जातजाति, भाषाभाषी, लिङ्ग र सुविधाविहीन वर्गलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सकिरहेको छैन भन्ने आम जनगुनासो सुनिने गरेको पाइन्छ । समाहित शिक्षाको कस्तो स्वरुपले उक्त वर्गलाई समायोजन गर्न सक्तछ ? सामाजिक र आर्थिक न्याय कसरी प्रदान गर्न सकिन्छ ? आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

१२. (क) एउटा कुशल शिक्षक बन्न मनोविज्ञान एवं बाल विकास सम्बन्धी सिद्धान्तहरूको आवश्यकता पर्दछ ? किन ?
(ख) उपयुक्त कक्षाकोठा वातावरण सिर्जना गर्न एकजना शिक्षकले के गर्नुपर्दछ । छोटकरीमा वर्णन गर्नुहोस् ।

**

**तहः माध्यमिक** **विषयः विज्ञान**

**खण्ड (ख)**

**विषयगत प्रश्न** **पूर्णाङ्कः ८०**

**छोटो उत्तर** (८x५=४०)

१. कक्षा नौको निमित्त विशिष्ट उद्देश्य "पिण्ड र तौलमा भिन्नता छुट्याउन" सँग मेल खाने गरी कुनै क्रमबद्ध पाँच क्रियाकलाप व्याख्या गर्नुहोस् । ५x१=५

२. "ताप र तापक्रम" विषय पढाउन कक्षा दश सुहाउँदो कुनै दुई विशिष्ट उद्देश्य लेख्नुहोस् । तीमध्ये कुनै एक उद्देश्य प्राप्त गर्न कुनै दुई सुहाउँदो शिक्षण क्रियाकलाप लेख्नुहोस् । (२+१.५+१.५=५)

३. कक्षा दशको निमित्त "आर्किमिडिजको सिद्धान्त" स्पष्ट हुने गरी स्थानीय सामग्रीको सहयोगबाट कसरी प्रयोग गर्न सकिन्छ ? बुँदागत रूपमा क्रमबद्ध मिलाई लेख्नुहोस् । (२+३=५)

४. "तत्वहरूको वर्गीकरण" पाठको निमित्त सुहाउँदो स्थानीय शैक्षिक सामग्री के के हुन सक्छ? उक्त सामग्रीको आधारमा कुन कुन दुई प्रश्नको आधारमा विद्यार्थीले पाठको उद्देश्य प्राप्त गऱ्यो गरेन यकिन गर्न सकिन्छ? स्पष्ट पार्नुहोस्। (१+२+२=५)
५. "अम्ल, क्षार र लवण" पाठ मध्ये अम्ल मात्र पढाएको आधारमा दुई वटा छोटा उत्तर आउने प्रश्न। र त्यसको सही उत्तर र अंक विभाजन प्रक्रिया पनि स्पष्ट पार्नुहोस्। (२+३=५)
६. वनस्पति र जनावर वर्गीकरण पाठ पढाउन प्रयोग गर्न सकिने स्थानीय सामग्री के के हुन सक्छ? कुनै दुईको व्याख्या गर्नुहोस्। उक्त पाठलाई सुहाउँदो तीन वटा विशिष्ट उद्देश्य पनि लेख्नुहोस्। (२+३=५)
७. "कोष विभाजन" पाठ पढाएर कुन कुन दुई प्रकारको सीप विद्यार्थीमा प्रदान गर्न सकिन्छ? लेख्नुहोस्। उक्त सीपहरू पैदा गर्न शिक्षकले गर्ने तीन शिक्षण क्रियाकलाप पनि लेख्नुहोस्। (२+३=५)
८. "वायुमण्डलका विभिन्न तहहरू" पाठ पढाउन सकिने पाँच वटा क्रमबद्ध सुहाउँदो कक्षा क्रियाकलाप लेख्नुहोस्। (५x१=५)
९. विज्ञान विषयको अध्यापन गराउँदा प्राय: सधैं र सबैजसो विद्यार्थी भौतिकशास्त्र र भूविज्ञान तथा अन्तरिक्ष क्षेत्रमा असफल भएको पाउनुभयो भने तपाईंले उक्त समस्यालाई कसरी हल गर्नुहुन्छ? स्पष्ट रूपमा नमूनासहित लेख्नुहोस्। उक्त समस्या हुनाका संभावित कारणहरू के के हुन सक्छन्, स्पष्ट पार्नुहोस्। (५+५=१०)
१०. तपाईंको जिम्मा कक्षा नौका विद्यार्थी छन्। गत केही दिनदेखि तपाईंको कक्षामा विद्यार्थीको उपस्थिति कम हुँदै गइरहेको छ। कक्षामा उपस्थित विद्यार्थी पनि तपाईंको अध्यापन कार्यमा रूचि राख्दैनन्। उक्त घटनाको तपाईं कसरी अध्ययन गर्नुहुन्छ र समाधान कसरी गर्नुहुन्छ? लेख्नुहोस्। (५+५=१०)
११. शैक्षिणिक प्रविधि भनेको के हो? विज्ञान विषयको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधुनिक शैक्षणिक प्रविधिलाई कसरी प्रयोग गर्न सकिन्छ? सुहाउँदो उदाहरणसहित व्याख्या गर्नुहोस्। (२+८=१०)
१२. कार्यमूलक अनुसन्धान भनेको के हो? विज्ञान विषयको शिक्षणमा यसको महत्त्वपूर्ण भूमिकाको चर्चा गर्नुहोस्। र यसको प्रयोग प्रभावकारी रूपमा कसरी गर्नुहुन्छ? सुहाउँदो उदाहरणसहित व्याख्या गर्नुहोस्। (२+४+४=१०)

**

**तह: माध्यमिक** **विषय: सामाजिक**

## खण्ड (ख)

## विषयगत प्रश्न

**पूर्णाङ्क: ८०**

**छोटो उत्तर** (८x५=४०)

१. विकासको लागि दक्ष जनशक्ति आवश्यक पर्छ। नेपाल दक्ष जनशक्ति उत्पादनमा पछि परेको पनि छैन र पनि यहाँको विकास निर्माणमा दक्ष जनशक्तिको अभाव किन भइरहन्छ? छोटकरीमा पुष्टि गर्नुहोस्। ५
२. विकास निर्माणमा यातायातको महत्त्व दर्साउँदै कर्णालीलगायतका पहाडी क्षेत्रमा सडक यातायातको के कस्तो प्रभाव परेको छ? बताउनुहोस्। ५
३. नेपालमा चेलीबेटी बेचविखन एउटा समस्याका रूपमा खडा भएको छ। सरकारी र गैरसरकारी क्षेत्रबाट उक्त कार्यको रोकथामको लागि भएका प्रयासहरू त्यति प्रभावकारी हुन सकेका छैनन्। कारण दिनुहोस्। ५
४. सामाजिक शिक्षा शिक्षणमा समयरेखाको महत्त्व दर्साउनुहोस् र तल दिएका मितिमा समयरेखाको घटनाक्रम देखाउनुहोस्। वि.सं. २००७ साल, २०१७ साल, २०३६ साल, २०४२ साल, २०४६ साल र २०६३ साल ५
५. सामाजिक शिक्षा शिक्षण गर्दा ज्ञान, सीप र प्रभाव/धारणा पक्षलाई ध्यान दिनुपर्ने हुन्छ। "श्रमप्रति आस्था" भन्ने पाठ शिक्षण पछि मूल्याङ्कनका क्रममा सीप र प्रभाव/धारणा पक्षको मूल्याङ्कन गर्दा के कसरी गर्नुहुन्छ? ५
६. तल दिएको औसत तापक्रमलाई ग्राफमा देखाउनुहोस् ५

| स्थान | औसत तापक्रम |
|---|---|
| धरान | २३.५ |
| काठमाडौं | १८.५ |
| पोखरा | २१.० |
| नेपालगञ्ज | २५.० |
| दिपायल | २२.० *(स्रोत: २०६२/१२/१६ गतेको समाचार)* |

७. नेपालको उद्योगहरूको अवस्थाको चर्चा गर्दै वर्तमान अवस्थामा पर्यटन उद्योगले नेपालको अर्थतन्त्रमा के कस्तो टेवा पुऱ्याएको छ? उल्लेख गर्नुहोस्। ५
८. फ्रान्सको राज्यक्रान्ति पाठ शिक्षणबाट सिकारुलाई हासिल गराउन खोजिएका सिकाइ उपलब्धिहरू के के हुन्? उक्त सिकाइ उपलब्धि हासिल गराउन के कस्ता शैक्षिक सामग्रीको प्रयोग र शिक्षण विधि अपनाउनु पर्ला? उल्लेख गर्नुहोस् ५
९. तपाईं कक्षा दशमा सामाजिक शिक्षा शिक्षण गर्नुहुन्छ। तपाईंले शिक्षण गर्ने कक्षामा भएका छात्रछात्राहरू सामाजिक शिक्षाको सिकाइप्रति रूचि राख्ने ज्यादै कम छन्। बहुसंख्यक छात्रछात्राहरू कक्षामा बढी हल्ला गर्दछन्। तपाईं तालीम प्राप्त शिक्षक भएका नाताले ती छात्रछात्राहरूलाई विषयप्रति आकर्षण गराई कसरी शिक्षण गर्नुहुन्छ? तपाईं कक्षामा प्रवेश गरेदेखि कुनै एउटा शीर्षक छनोट गरी प्रभावकारी शिक्षण गर्न के कस्ता शैक्षिक सामग्रीको प्रयोग गरी के कस्ता शिक्षण सिकाइ क्रियाकलाप अपनाउनुहुन्छ? उल्लेख गर्नुहोस्। (१x१०=१०)
१०. सामाजिक शिक्षाको पाठ्यक्रममा प्राथमिक तहदेखि नै नक्सा कार्य राखिएको छ। नेपालको नक्साको खाका कोर्ने र भर्ने काम प्राथमिक तहदेखि नै शुरू हुन्छ। तर माध्यमिक तह, कक्षा दशमा पुग्दासम्म पनि छात्रछात्राहरूले नेपालको नक्साको आकारसम्म कोर्न सकेको पाइदैन। यस्तो अवस्थामा छात्रछात्राहरूलाई नक्सा कोर्न नै एउटा जटिल विषयका रूपमा खडा भएको देखिन्छ। अब भन्नुहोस्, नक्सा कार्यप्रति छात्रछात्राहरूलाई रूचि पैदा गरी पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि हासिल गराउन कस्ता शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण विधि र प्रविधिको प्रयोग गर्नुपर्छ? स्पष्ट पार्नुहोस्। (१x१०=१०)
११. सामाजिक शिक्षा शिक्षणमा सूचना तथा सञ्चारको महत्त्व दर्साउँदै, छात्रछात्राहरूले श्रव्यदृश्य र छपाइ सामग्रीको साथै वैज्ञानिक उपकरण र प्रविधिको उपयोगले शिक्षण सिकाइ अरु बढी प्रभावकारी हुन्छ भन्ने तथ्यलाई पुष्टि गर्नुहोस्। (१x१०=१०)
१२. सामाजिक शिक्षाका कतिपय पाठहरू खोज र अनुसन्धानमा आधारित छन्। यसमा दिएका क्रियाकलापहरू समुदायमा आधारित छन्। पाठ्यपुस्तकमा लेखिएका पाठहरू ज्यादै कम छन्। शिक्षक स्रोतपूर्ण हुन खुला सिकाइले मद्दत पुऱ्याउन सक्दछ। अब भन्नुहोस्, तपाईं एउटा सामाजिक शिक्षकको हैसियतले के तपाईं कार्यमूलक अनुसन्धान पद्धतिमा विश्वास गर्नुहुन्छ? यस सम्बन्धमा खुला सिकाइको सान्दर्भिकता र महत्त्व दर्साउँदै, कार्यमूलक अनुसन्धानले यस विषयलाई पठनपाठन गराउन के कसरी सहयोग गर्दछ? उल्लेख गर्नुहोस्। (१x१०=१०)

**

## अस्थायी/करारलाई तालीम चाहिन्छ ?

तालीम नलिइकनै अध्यापन अनुमतिपत्र प्राप्त गरेका महिला वा अपाङ्गता भएका व्यक्तिले शिक्षक सेवा आयोग नियमावलीको नियम ८ को उपनियम (२) अनुसार शिक्षक सेवा आयोगको पहिलो विज्ञापनमा उम्मेदवार बन्न पाउने व्यवस्था छ। आयोगको पहिलो विज्ञापन समेत प्रकाशित भइसकेको छ।

अब उप्रान्त स्थायी अध्यापन अनुमति पत्र भएका तर तालीम नलिएका व्यक्तिले विद्यालयमा रिक्त स्वीकृत दरबन्दीमा अस्थायी/करारको विज्ञापनमा उम्मेदवार बन्न र नियुक्ति पाउन सक्छन् वा सक्दैनन् ?

**खुशीराज गौतम**
**प्रअ, विराट निमावि, विराटनगर**

*शिक्षक सेवा आयोगले खुला प्रतियोगिताबाट छनोट भएका उम्मेदवारलाई स्थायी शिक्षकको नियुक्तिका निम्ति सिफारिस गर्नेछ । त्यसरी सिफारिसमा पर्न नसकेका उम्मेदवारको हकमा अस्थायी योग्यताक्रमको सूची समेत प्रकाशन गरिनेछ । भोलिका दिनमा सोही सूचीबाट योग्यताक्रमको आधारमा अस्थायी/करारका शिक्षकका निम्ति सिफारिस गरिनेछन्। अस्थायी/करारका निम्ति विद्यालयस्तरमा छुट्टै छनोट परीक्षा सञ्चालन हुने छैन।*

***नारायणप्रसाद भट्टराई***
***उपसचिव, शिक्षक सेवा आयोग***

## अर्थशास्त्रमा एमएड गर्न पाउँछु ?

मैले त्रिभुवन विश्वविद्यालयबाट मानविकीतर्फ गणित र अर्थशास्त्रमा स्नातक गरी समाजशास्त्रमा स्नातकोत्तर र एकवर्षे बीएड समेत उत्तीर्ण गरेको छु। अब मैले अर्थशास्त्रमा एमएड गर्न पाउँछु कि पाउँदिन ?

**हीराबहादुर सापकोटा**
**झिर्पु उमावि, सिन्धुपाल्चोक**

*अर्थशास्त्रमा बीए र एकवर्षे बीएड समेत गरिसकेको अवस्थामा अर्थशास्त्रमा एमएड गर्न नपाउने त कुरै भएन नि !*

***डा.विनयकुमार कुशियैत***
***सह-प्राध्यापक, अर्थशास्त्र शिक्षा विभाग, त्रिवि***

## काज भ्रमण पाइन्छ ?

स्थायी शिक्षकले अन्य निकाय (जस्तै, सहकारी) मार्फत काजमा देश/विदेशको भ्रमण गर्न पाइन्छ कि पाइँदैन? यदि पाइन्छ भने यसको प्रावधान कस्तो छ ?

**राजकुमार तिमल्सिना**
**गोरखनाथ निमावि, पनौती-११, काभ्रे**

*शिक्षा नियमावली, २०५९ को नियम १११ मा 'विद्यालय वा अध्यापनसम्बन्धी कामको लागि निर्देशनालय वा जिशिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षकले सोही आदेशमा तोकिएको अवधिसम्मको लागि काज पाउने' उल्लेख छ। यसबाहेकको प्रयोजनको काजका निम्ति भने नेपाल सरकार, मन्त्रिपरिषद्बाटै निर्णय हुनुपर्ने देखिन्छ।*

***नारायणकाजी काशीछ्वा***
***उपसचिव, शिक्षा विभाग***

## दुई शिक्षकका तीन प्रश्न

कक्षा-४ को गणित पाठ्यपुस्तकको पृष्ठ ३ मा 'आयताकार ठोस वस्तुका कुना, किनार र सतहहरू ६-६ वटा हुन्छन्' भनी लेखिएको छ। आयताकार ठोस वस्तुका कुना र किनारा कसरी ६-६ वटा हुन्छन् ?

कक्षा-७ को नैतिक शिक्षाको पुस्तकमा उल्लेख भए अनुसार चिठी लेख्दा सम्बोधनका क्रममा प्रयोग गरिने 'साष्टाङ्ग' शब्दमा प्रयोग हुने अंगहरू के-के हुन् ?

कक्षा-८ को नैतिक शिक्षाको 'क्षमा, विश्वास र निर्दोष चरित्र' भन्ने पाठमा क्षमालाई धर्मका १० लक्षणमध्ये एक मानिएको छ। बाँकी ९ लक्षण चाहिं के-के हुन् ?

**भोजराज सिलवाल**
**रक्तमाला निमावि, पकरबास-४, रामेछाप**
**बालकृष्ण पोखरेल**
**जननी प्रावि, दुलारी-७, मोरङ**

*आयताकार ठोस वस्तुमा ६ वटा सतह, १२ वटा किनारा र ८ वटा कुना हुन्छन्। पछिल्लो संस्करणको पाठ्यपुस्तकमा सोही अनुरुप सच्च्याइएको छ । पुरानो पाठ्यपुस्तकमा पनि यसै अनुसार पठनपाठन गराउनुहुन अनुरोध छ ।*

*अध्यात्म रामायण लगायतका ग्रन्थहरूमा 'साष्टाङ्ग' अन्तर्गत पर्ने अङ्गहरूको उल्लेख यसप्रकार भएको पाइन्छ- शिर, छाती, आँखा, मन, वचन, दुई हात, दुई गोडा र दुई घुँडा ।*

*मनुस्मृति लगायतका ग्रन्थमा धर्मका १० लक्षणहरू यस प्रकार उल्लेख गरिएका छन्- धैर्य, क्षमा, दम (इन्द्रियको नियन्त्रण), अस्तीम (चोरी नगर्नु), शौच (शुद्ध हुनु), इन्द्रिय निग्रह, धीर (बुद्धि हुनु), विद्या हुनु, सत्यको पालना र अक्रोध (नरिसाउनु) ।*

***डण्डपाणि शर्मा/मित्रप्रसाद काफ्ले***
***पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र***

## म तालीमप्राप्त भएँ ?

मैले मानविकी संकायबाट गणित विषय लिई कक्षा १२ उत्तीर्ण गरेकी छु । साथै गत वर्ष शिक्षाशास्त्र अन्तर्गतका अनिवार्य विषय बाहेक ऐच्छिक नेपाली र शिक्षाका सबै विषयमा कक्षा ११ र १२ उत्तीर्ण गरें। अब म तालीमप्राप्त भएँ कि भइनँ? अब उमाशि परिषद्बाट शिक्षाशास्त्रको अर्को ट्रान्सक्रिप्ट पाउँछु कि पाउँदिन ?

**मोतीकला थापा (पुन)**
**देवकोटा निमावि, काँडेवास, बाग्लुङ**

*कक्षा ११ र १२ मा कम्तीमा २०० पूर्णांकको शिक्षा विषय उत्तीर्ण गर्नुभएको हो भने तपाइँलाई तालीमप्राप्त नै मानिनेछ ।*

***नारायणप्रसाद भट्टराई***
***उपसचिव, शिक्षक सेवा आयोग***

*कुनै विषय लिएर कक्षा ११ र १२ उत्तीर्ण गरिसकेपछि सोही तहको अर्को विषयमा पुन: ट्रान्सक्रिप्ट पाइँदैन, मार्कशिट मात्रै पाइन्छ ।*

***दुर्गाप्रसाद अर्याल***
***कामु परीक्षा नियन्त्रक, उमाशि परिषद्***

## यस्ता प्रअलाई कारबाही हुन्छ ?

शिक्षा मन्त्रालयले आव २०६८/६९ देखि विद्यालय सहायक र विद्यालय सहयोगीका निम्ति क्रमश: रु.८,६०० र रु.६,२०० का

दरले मासिक रूपमा तलब निकासा गरे पनि कतिपय विद्यालयका प्रअले कमचारीलाई पूरै रकम उपलब्ध गराएका छैनन्। यसो गर्न पाइन्छ र? यस्ता प्रअलाई कारबाही हुन्छ?

**शैलेन्द्रकुमार ताजपुरिया, कोषाध्यक्ष**
**नेपाल विद्यालय कर्मचारी परिषद्, मोरङ**

*विद्यालय सहायक र सहयोगीका निम्ति पठाइएको रकम तिनको तलबमै खर्च गर्नुपर्छ। त्यस्तो रकम अन्य प्रयोजनमा खर्चिन पाइँदैन। यदि कुनै विद्यालयमा त्यस विपरीत रकम खर्च भएको भए जिल्ला शिक्षा कार्यालयमा उजुरी गर्नुपर्छ। जिशिकाबाटै आवश्यक कारबाही हुनेछ।*

***नारायणकाजी काशीछ्वा***
***उपसचिव, शिक्षा विभाग***

## कुन चाहिं सही हो ?

कक्षा-१० को कार्यालय सञ्चालन र लेखा (पुनर्मुद्रण, २०६७) मा नेपालले २३ अप्रिल २००४ मा विश्व व्यापार संगठन (डब्लुटीओ) को सदस्यता लिएको उल्लेख छ। तर, कक्षा १० कै अर्थशास्त्रको पाठ्यपुस्तकमा भने यो मिति २३ अप्रिल २००३ उल्लेख छ। कुन मिति सही हो?

***रामकुमार राई***
***शहीद धर्मभक्त उमावि, तोपगाछी-७, झापा***
***दुर्गानाथ त्रिपाठी***
***पूर्णहीरा मावि, लक्ष्मणा, बर्दिया***

*नेपालले २३ अप्रिल २००४ (११ वैशाख २०६१) मा विश्व व्यापार संगठन (डब्लुटीओ) को सदस्यता पाएको हो। नेपाल यसको १४७ औं सदस्य राष्ट्र हो।*

***मनोजकुमार आचार्य***
***उपसचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय***

## कसरी प्रमाणित गर्ने ?

$\pi = 22/7$ लाई शैक्षिक सामग्री प्रयोग गरेर कसरी सरल ढंगले सिकाउन/बुझाउन सकिन्छ?

**रामविक्रम थापा**
**स्रोतव्यक्ति, बालकन्या उमावि स्रोत केन्द्र, खोटाङ**

*$\pi = 22/7$ ले वृत्तको परिधिको लम्बाइ र व्यासको अनुपात जनाउँछ भन्ने सम्बन्धमा शिक्षक मासिकको २०६८ माघ अंकको यसै स्तम्भमा उल्लेख गरिएको छ। यो सूत्रलाई सामान्य धागोको प्रयोगबाट पनि परिधिको लम्बाइ २२ सेमी र व्यास ७ सेमी हुने वृत्तमा नापेर देखाउन सकिन्छ।*

***सत्यनारायण महर्जन, स्रोतव्यक्ति***
***पाटन उमावि अगुवा स्रोत केन्द्र, ललितपुर***

## के प्रमाण जुटाउँ ?

मैले २०३८ सालमा तत्कालीन शिक्षा आयोगको परीक्षा उत्तीर्ण गरेको थिएँ। तर, 'प्रमाण नपुगेको' कारण त्यतिबेला मैले नियुक्ति पाइनँ। पुन: २०४३ सालमा अर्को परीक्षा उत्तीर्ण गरेर नियुक्ति लिएँ। अब मैले २०३८ देखि २०४३ सालसम्मको सेवा अवधि जोड्न कस्तो प्रमाण जुटाउनुपर्ला?

***लालबहादुर पुन***
***बालकल्याण प्रावि, तिलारीचौर बडागाउँ, सल्यान***

*सेवा अवधि जोड्नका निम्ति आवश्यक मुख्य प्रमाण भनेकै नियुक्तिपत्र हो। नियुक्तिपत्र लिएर विद्यालयमा अध्यापन गराएको प्रमाण उपलब्ध नभएसम्म सेवा अवधि जोड्न सकिंदैन।*

***कृष्णप्रसाद शर्मा न्यौपाने***
***शाखा अधिकृत, विद्यालय शिक्षक किताबखाना***

## गाइडैपिच्छे फरक उत्तर !

शिक्षक सेवा आयोगको खुला प्रतियोगितात्मक परीक्षाको तयारीका निम्ति भनेर बिक्रीमा ल्याइएका गाइडमा बहुवैकल्पिक प्रश्नका उत्तर भिन्नभिन्न उल्लेख गरिएका छन्। यसले हामीलाई थप अन्योलमा पारेको छ। जस्तो; निम्न प्रश्नको वास्तविक जवाफ के हुन्छ?

आधारभूत र माध्यमिक शिक्षाको लागि बालबालिकाको उमेर समूह कति हुन्छ?

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य छान्ने प्रयोजनका लागि कसको संयोजकत्वमा छनोट समिति गठन हुन्छ?

**टीकाराम राई (चाम्लिङ)**
**कालिका प्रावि, कुभिण्डे-८, खोटाङ**

*शिक्षा नियमावली, २०५९ को नियम ७८(६)मा पाँच वर्ष उमेर पुगेका बालबालिकालाई कक्षा १ मा भर्ना गर्न सकिने व्यवस्था छ। यस आधारमा आधारभूत तह (कक्षा १-८) मा ५-१२ वर्ष र माथिल्ला कक्षामा सोही क्रम अनुसार उमेर समूह निर्धारण हुने देखिन्छ।*

*विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य छनोटका लागि सम्बन्धित विद्यालय निरीक्षक वा जिशिकाले खटाएको अधिकृतको संयोजकत्वमा प्रअ, स्रोतव्यक्ति र स्थानीय निकायको प्रतिनिधि रहेको चार सदस्यीय छनोट समिति गठन हुने व्यवस्था छ। (हे.शिक्षा नियमावली, २०५९ को नियम २३)*

***गणेशप्रसाद पौडेल***
***उपनिर्देशक, शिक्षा विभाग***

## अस्थायीलाई चाहिं के हुने ?

शिक्षा ऐन, नियममा आचारसंहिता पालना नगर्ने स्थायी शिक्षकलाई नसिहत दिने, तलब वृद्धि रोक्का गर्ने र बढुवा रोक्का गर्ने जस्ता कारबाही हुने लेखिएको पाइन्छ। तर, आचारसंहिता पालना नगर्ने अस्थायी शिक्षकलाई चाहिं कस्तो कारबाही हुन्छ नि?

**रुमकमान श्रेष्ठ, गगनचुम्बी प्रावि**
**अरुणथान बानेश्वर, संखुवासभा**

*आचारसंहिताको पालना नगर्ने अस्थायी शिक्षकलाई नसिहत दिन र उसको म्याद नै नथप्न समेत सकिन्छ।*

***नारायणकाजी काशीछ्वा***
***उपसचिव, शिक्षा विभाग***

## बिरामी बिदाको सञ्चित सीमा कति ?

कुनै शिक्षकले आफ्नो अस्थायी वा स्थायी सेवा अवधिभित्र कति दिनसम्म बिरामी बिदा सञ्चित गर्न सक्छ? साथै अस्थायी शिक्षकले बिरामी बिदाको रकम कहाँबाट पाउँछन्?


**ललिन्द्र चौधरी**
**जनज्योति उमावि, लालबन्दी, सर्लाही**

*बिरामी बिदाको कुनै सीमा हुँदैन। स्थायी वा अस्थायी शिक्षकले आफ्नो सेवा अवधिसम्म बिरामी बिदा सञ्चित गर्न सक्छन्। अस्थायी शिक्षकको बिरामी बिदाको रकम विद्यालय शिक्षक किताबखानाबाट निकासा हुने गरेको छ।*

***नारायणकाजी काशीछ्वा***
***उपसचिव, शिक्षा विभाग***


www.nagariknews.com
नागरिक
नगद पुरस्कार पक्कापक्की छ
नि:शुल्क नागरिक
कुपन जसरी स्क्र्याच गरेपनि
नागरिकका ग्राहकलाई हजारौंको नगद पुरस्कार पर्ने पक्कापक्की छ ।
हामी आउदैछौं तपाईंको घरदैलोमा फेरि एकपटक
ग्राहक बन्नका लागि CIR टाइप गरी ५२२५ मा SMS गर्नुहोला ।
*शर्तहरु लागुहुनेछन् ।
थप जानकारीका लागि
नेपाल रिपब्लिक मिडिया
circulation@nagariknews.com
अवधि बाँकी रहेका ग्राहकहरुले पनि नविकरण गरी यस योजनामा सहभागी हुन सक्नेछन् ।
नजिकको स्टेशनरी पसलका साथै
निम्न बुकिङ्ग काउण्टरहरुमा पनि ग्राहक बनाईन्छ:

## शब्द खेल-५४



नामः — — — — — — —

ठेगानाः — — — — — — —


**तेर्सो**

१) गुप्तरूपले अपराधको सूत्र पत्ता लगाउने काम
३) निबुवा, कागती आदिका रसको जस्तो स्वाद
५) हृदय/चित्त
६) अलप/गायब
७) असभ्य/जङ्गली
८) हतारमा काम सक्नुपर्ने बाध्यता
१०) सानो-ठूलो, असल-कमसलको रोखपोख मिलाएर
१२) शरीरमा मसिना कीरा हिंड्नाले हुने असजिलोपन
१४) धार्मिक कार्यमा शुद्ध हुनका लागि मन्त्रपूर्वक पानी अचाउने काम
१६) ज्यादै नीच र घृणित जाति वा त्यस जातिका मानिस/दुष्कर्मी
१७) आगोको मुस्लो/मसाल
१९) कार्य/काज
२०) पक्ष-विपक्षका रूपमा हुने गीतको सवाल-जवाफ
२१) विवाह गर्न जुरेको योग वा मुहूर्त

**ठाडो**

१) एक प्रसिद्ध मूल्यवान् धातु
२) नियमअनुसार नभई तलमाथि पर्ने काम
३) चामलको पीठो, घिउ र चिनी मिलाई मुछेर तिलका दानामा पथारी घिउमा पकाइने रोटी
४) आँसुले भरिएको वा एकोहोरो हेर्ने (आँखा)
५) डुङ्गा चलाउने पेशा भएको व्यक्ति/बोटे/माझी
९) ठूला हावा/हुरी
११) कुनै वस्तु पाउने तीव्र इच्छा/लालसा
१३) अदालत/न्यायालय
१४) अल्याङमल्याङ/आनाकानी/टारटुर
१५) मुलायम/कमलो/नम्र
१८) यसलाई 'कुअन्न' पनि भन्ने गरिन्छ
१९) श्रवणेन्द्रिय

## अन्ताक्षरी-५४



नामः — — — — — — — — —

ठेगानाः — — — — — — — —

१) साँचो व्यवहार नगर्ने स्त्री (३)
२) हीनताको प्रतीति/हीनताबोध (५)
३) लागिमेली गर्ने वा सघाउने व्यक्ति (४)
४) निराधार अनुमान वा अड्कल गरिएको (६)
५) भोक, तिर्खा आदिबाट हुने व्याकुलता (४)
६) बन्धकमाथिको पनि बन्धक (५)
७) अर्काले खाए-पाएकोमा रीस गर्ने/आहारिसे (३)
८) आफ्नो इच्छाअनुसार काम गर्ने पाउने स्थिति/ढलीमली (५)
९) देवताको चरित्र (२)
१०) छिन्नभिन्न भएर यताउति लागेको/यत्रतत्र छरिएको (४)
११) दुवैतिर गालामा बाक्लो गरी उम्रिएको दाह्री (४)
१२) निरङ्कुश वा स्वेच्छाचारी शासक (४)
१३) आकाशमार्गबाट यात्रा गर्ने यान/विमान (६)
१४) शारीरिक वा मानसिक डाहा/असह्य ताप (३)
१५) अनुकरण/स्वाङ्ग (३)

**शब्दखेल-५२ को सही उत्तर**

तेर्सोः १) आप्रवास ४) पसल ७) मात्रा ८) वाद १०) आज ११) पागल १२) मलम १३) आलो १४) हाँक १५) दानव १६) सुर्ती १७) नानी १८) धिमाल १९) किराना २१) ताक २२) भलो २४) खाग २६) रावण २७) तलतल

ठाडोः २) प्रश्न ३) समाज ५) सजग ६) टेवा ९) दमक १०) आमदानी ११) पालो १३) आवधिक १५) दानी १६) सुलभ १७) नाना २०) राघव २१) तागत २३) लोक २५) शीत

**अन्ताक्षरी-५२ को सही उत्तर**

१) उच्चस्तरीय २) यथोचित ३) तमासे ४) सेवक ५) कचमच ६) चलिचलाउ ७) उलटपुलट ८) टसमस ९) सहायता १०) तारिफ ११) फराकिलो १२) लोकापवाद १३) दर्शक १४) कवच १५) चलायमान ।

**सामान्यज्ञान-५२ को सही उत्तर**

१. (ग) मनास्लु; २. (क) रिक्स ब्याङ्क (स्वीडेन- सन् १६६८);
३. (ख) ६५.९; ४. (क) सुमात्रा (इण्डोनेसिया); ५. (घ) नवलपरासी









## सुडोकु–५४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | | ७ | | ६ | १ | |
| ९ | | ५ | | | २ | | | ४ |
| १ | | | | | | | २ | |
| | १ | | २ | | ४ | | | |
| २ | | | | ३ | | | | ६ |
| | | | ५ | | ७ | | ८ | |
| | ६ | | | | | | | २ |
| ४ | | | १ | | | ५ | | ८ |
| | २ | ७ | | ८ | | | ६ | |

नाम: — — — — — — — —

ठेगाना: — — — — — — — —

## सुडोकु–५२ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ६ | ९ | ५ | ४ | १ | ८ | ३ | ७ |
| ८ | १ | ५ | ६ | ३ | ७ | ९ | ४ | २ |
| ७ | ४ | ३ | ९ | ८ | २ | १ | ५ | ६ |
| ३ | ७ | ४ | २ | ९ | ८ | ५ | ६ | १ |
| १ | ८ | २ | ३ | ६ | ५ | ४ | ७ | ९ |
| ९ | ५ | ६ | ७ | १ | ४ | ३ | २ | ८ |
| ५ | ३ | १ | ८ | ७ | ६ | २ | ९ | ४ |
| ४ | २ | ७ | १ | ५ | ९ | ६ | ८ | ३ |
| ६ | ९ | ८ | ४ | २ | ३ | ७ | १ | ५ |




## सामान्यज्ञान–५४

१. नेपालको शैक्षिक आन्दोलनको इतिहासमा संस्कृतका विद्यार्थीले २००४ सालमा गरेको 'जयतु संस्कृतम्' ले महत्वपूर्ण स्थान ओगट्छ । अनुमान गर्नुहोस्– त्यो आन्दोलनको प्रमुख शैक्षिक माग के थियो ?
(क) संस्कृत शिक्षा नि:शुल्क हुनुपर्छ
(ख) संस्कृतका विद्यार्थीले संस्कृतसँगै भूगोल, इतिहास आदि विषय पनि पढ्न पाउनुपर्छ
(ग) संस्कृत र अंग्रेजी शिक्षालाई बराबरी मान्यता दिइनुपर्छ
(घ) माथिका सबै

२. ३१औं ग्रीष्मकालीन ओलम्पिक (सन् २०१६) कुन शहरमा हुनेवाला छ ?
(क) पेरिस (फ्रान्स) (ख) मेलबर्न (अष्ट्रेलिया)
(ग) रियो द जेनेरियो (ब्राजिल) (घ) सेन्ट लुइस (अमेरिका)

३. जीएसएम मोबाइल फोनमा राखिने सिम अर्थात् SIM को विस्तारित रूप के हो ?
(क) Standard Information Message (ख) Subscriber Identity Module
(ग) Subscriber Information Memory (घ) Standard Identity Module

४. एशियाली खेलकुदमा नेपाललाई रजत पदक दिलाउने अहिलेसम्मकै एक मात्र खेलाडी को हुन् ?
(क) सङ्गीना वैद्य (ख) सविता राजभण्डारी (ग) विधान लामा (घ) दीपक विष्ट

५. नेपालका १४ अञ्चलमध्ये कुन-कुन दुई अञ्चलको क्षेत्रफल समान छ ?
(क) कोशी र जनकपुर (ख) मेची र नारायणी (ग) वागमती र जनकपुर (घ) सगरमाथा र भेरी

नाम: — — — — — — — —

ठेगाना: — — — — — — — —



# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-५२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *केशर लामा,* कानपुर उमावि, कानपुर-१, काभ्रे**

**सही समाधान पठाउने अन्य सहभागी**

- रमेश शर्मा, भीमेश्वर-१, चरिकोट, दोलखा
- उद्धव प्र. सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- गणेशमान सिंह ठकुरी, मालिका उमावि, सुर्खेत
- हरिनारायण खतिवडा, शारदा सं. उमावि, रामेछाप-३, रामेछाप
- विन्दुकुमारी सुनुवार, दिम्बा प्रावि, ओखलढुंगा
- मान ब. भण्डारी, देउरा देवी प्रावि, सुतार, अछाम
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- सुशीला श्रेष्ठ, गंगा मेडिकल सेन्टर, मध्यबानेश्वर-३४, काठमाडौं
- सावित्री लामिछाने, बालज्योति सामुदायिक प्रावि, बाजुङ्-२, पर्वत
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौटहट
- राज कु. तिम्सिना, पीपलडाँडा देवीस्थान उमावि, मंगलटार, खोटाङ
- गणेश प्र. पोखरेल, शिक्षा निकेतन मावि, मिर्गौलिया-९, मोरङ
- जय प्र. पौड्याल, वीरेन्द्रनगर नपा-८, ईत्राम, सुर्खेत
- सुशीला राई, भाषा निमावि, बडकादियाले-५, खोटाङ
- हरिनारायण गौतम/कविता धिताल, भगवती मावि, सिद्धकाली-९, संखुवासभा
- माधव प्र. भट्टराई, रा.ज.उमावि, भ्रमरापुरा, महोत्तरी
- शान्ता ढकाल, मिर्गौलिया-९, मोरङ
- विमला पौडेल/सजल भट्टराई, मोनास्टिक आ.उमावि, जनकपुर
- झलक ब. श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- सरिता पौडेल/गंगा थापा, रामेश्वर मावि, बराम्ची-१, सिन्धुपाल्चोक
- भवनाथ गैरपिप्ली, सरस्वती उमावि, भक्तपुर, सर्लाही
- अभिनव धिताल, मकवानपुरगढी-८, मकवानपुर
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- भीम ब. जर्घामगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- उमेश लुइँटेल, शारदा बोर्डिङ्ग स्कूल, झोराहाट-१, मोरङ
- माधव प्र. पौडेल/सिद्धिराज सुवेदी, बहादुरे उमावि, भदौरे-१, कास्की
- मनोरमा राजभण्डारी, भैरवनाथ प्रावि, पाण्डेडाँडा, प्यूठान
- शारदा काफ्ले (आचार्य), ज्योति उमावि, लालबन्दी, सर्लाही
- गंगा भुसाल, नुवाकोट मावि, चिदीचौर, अर्घाखाँची
- सनत प्र. श्रेष्ठ, म.न.उमावि, खलंगा, प्यूठान
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- खेम कु. उपाध्याय, मैतीदेवी, काठमाडौं
- मदन अधिकारी, काँकरभिट्टा उमावि, मेचीनगर-१०, झापा
- सरोज फुयाल, ज्वालादेवी निमावि, मकवानपुरगढी-८, मकवानपुर
- देवीमाया प्रधान/कुलकेशर राई/खुविन्द्र प्र. घिमिरे, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- नवराज सापकोटा, सुन्तलाचौर उमावि, वाग्लुङ
- मेघनाथ सापकोटा, कालिकादेवी उमावि, बतासे, सिन्धुली
- पशुपतिनाथ योगी, उमावि सेटीगाउँ, गोकुलेश्वर, बैतडी
- चन्द्र प्र. आचार्य, सरस्वती मावि, सिरूपाटा, सुर्खेत
- तोयानाथ लामिछाने, जनप्रियटोल-२२, पोखरा
- भवानीशंकर ढकाल, शिक्षा निकेतन मावि, मोरङ
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- श्याम कु. मैनाली, कानपुर उमावि, कानपुर-१, काभ्रे
- गोविन्द प्र. ढुंगाना, ऱ्याले-३, काभ्रे
- श्रीराम सिंखडा, महालक्ष्मी निमावि, छत्रे-६, धादिङ
- गुप्त ब. भण्डारी, मलम्पार-७, म्याग्दी
- विष्णु कु. रूपाचा, लाम्राङ निमावि, पोकली-६, ओखलढुंगा
- मनमोहन सुन्दर श्रेष्ठ, दुर्गा मावि, चन्द्रनिगाहपुर-१, रौटहट
- विष्णु प्र. पौडेल, कालिका मावि, बतासे-१, काभ्रे

**अन्ताक्षरी-५२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *नेत्र ब. के.सी.,* जनकल्याण उमावि, चिती, लमजुङ**

**सही समाधान पठाउने अन्य सहभागी**

- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- जय ब. के.सी., भीमेश्वर मावि, च्यासिंखर्क-९, काभ्रेपाल्चोक
- केदार विष्ट, जनता मावि, ज्यामिरे-३, सिन्धुपाल्चोक
- रामराज पौडेल/मञ्जु अर्याल, बहादुरे उमावि, भदौरे-१, कास्की
- विमला श्रेष्ठ, राम्चे प्रावि, बंकोट-६, गोरखा
- गुप्त ब. भण्डारी, मलम्पार-७, म्याग्दी
- सुशीला श्रेष्ठ, गंगा मेडिकल सेन्टर, मध्यबानेश्वर-३४, काठमाडौं
- सरस्वती सुनुवार, महिमा प्रावि, पोकली-४, ओखलढुंगा
- कमल सुब्बा, कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- युनिक दाहाल, उदयपुर इ.बो. स्कूल, गाईघाट, उदयपुर
- अर्जुन ब. लामिछाने, काफलचौर उमावि, दुर्लुङ-८, पर्वत
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- मदन अधिकारी, काँकडभिट्टा उमावि, मेचीनगर-१०, झापा
- हरिनारायण खतिवडा, शारदा सं.उमावि, रामेछाप
- मोहनदत्त जोशी, निमावि, जायभुल, दार्चुला
- विलिन मल्ल, बोहोरेटार, सिन्धुली
- सावित्री लामिछाने, बालज्योति सामुदायिक प्रावि
- जय प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- अर्जुन ब. लामिछाने, गुमा भुँवाजी, तिलाहार-७, पर्वत
- हरिनारायण र यादव गौतम, भगवती मावि, सिद्धकाली-९, सङ्खुवासभा
- मनमोहन सुन्दर श्रेष्ठ, दुर्गा मावि, चपुर-१, रौतहट
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौतहट
- श्याम कु. मैनाली, कानपुर उमावि, कानपुर-१, काभ्रे
- केशर लामा, कानपुर-१, काभ्रे
- विमला पौडेल/सजल भट्टराई, मोनास्टिक आ.उमावि, जनकपुर
- कुल प्र. पौडेल, कालिकादेवी उमावि, बतासे, सिन्धुपाल्चोक
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- रामचन्द्र अधिकारी/सविता भण्डारी/पूर्णलाल श्रेष्ठ/मञ्जु, दीपक, सुमन, गोविन्द, सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- विष्णु प्र. पौडेल, कालिका मावि, शारदाबतासे-१, काभ्रे
- मीना श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- सरोज फुयाल, ज्वालादेवी निमावि, मकवानपुरगढी-मकवानपुर
- माधव प्र. भट्टराई, रा.ज.उमावि, भ्रमरापुरा, महोत्तरी
- ध्रुवराज खड्का/लक्ष्मी चालिसे/दिनेश कु. सिंह, सरस्वती प्रावि, लाँगर्चे-२, सिन्धुपाल्चोक
- गंगा थापा/सरिता पौडेल, रामेश्वर मावि, खमारे
- उमेश लुइँटेल, शारदा बोर्डिङ्ग स्कूल, झोराहाट, मोरङ
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- प्रेम कु. श्रेष्ठ, पञ्चकन्या निमावि, खाम्लिङ, सङ्खुवासभा
- अभिनव धिताल, मकवानपुरगढी-८, मकवानपुर
- मेधावी पौडेल, एकता बोर्डिङ्ग स्कूल, चौतारा, सिन्धुपाल्चोक
- कुलकेशर राई/देवीमाया प्रधान/खुविन्द्र प्र. घिमिरे, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- पशुपतिनाथ योगी, उमावि सेटीगाउँ, गोकुलेश्वर, बैतडी
- मनोरमा राजभण्डारी, भैरवनाथ प्रावि, प्यूठान
- राज कु. श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङ्ल्याङ्, रामेछाप
- भवानी शंकर ढकाल, शिक्षा निकेतन मावि, मृगौलिया-९, मोरङ
- झनकमान श्रेष्ठ, गगनचुम्बी प्रावि, बानेश्वर-१, संखुवासभा
- चन्द्र प्र. आचार्य, सरस्वती मावि, सिरूपाटा, सुर्खेत
- राजेन्द्र कु. सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- निसान सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- सपना उपाध्याय, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- गणेशमान सिंह ठकुरी, मालिका उमावि, मटेला-३, सुर्खेत
- गम्भीर भण्डारी, देउरादेवी प्रावि, सुतार, अछाम
- गोविन्द प्र. गुरागाइँ, त्रि.न.पा.-५, उदयपुर
- रमेश शर्मा, भीमेश्वर-१, चरिकोट, दोलखा
- गंगा भुसाल, नुवाकोट मावि, नुवाकोट, अर्घाखाँची
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- सनत प्र. श्रेष्ठ, म.न.उमावि, खलंगा, प्यूठान

**सुडोकु-५२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *इन्द्र ब. चौधरी,* करूणा विद्यास्थली प्रावि, दुगौली-७, कैलाली**

**सही समाधान पठाउने अन्य सहभागी**

- नवल कु. ठाकुर, कल्लाबारी मावि, दूधपोखरी-८, दोलखा
- प्रतिमा मण्डल, भुमेस्थान उमावि, बिती देउराली-१, काभ्रे
- जय प्र. पौड्याल, वीरेन्द्रनगर-८, ईत्राम, सुर्खेत
- गीता कु. जोशी, अमरगढी न.पा.-५, बागबजार, डडेलधुरा
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- मनोरमा राजभण्डारी, भैरवनाथ प्रावि, प्यूठान
- क्षितिज ढकाल, कीर्तिपुर, काठमाडौं
- कृष्ण कु. नगरकोटी(श्रेष्ठ), बालमन्दिर प्रावि, खोटाङ
- पुरूषोत्तम न्यौपाने, इन्द्रावती मावि, ज्याम्दी-१, काभ्रे
- राम प्र. शर्मा पौडेल, बालमन्दिर निमावि, सिंगा
- प्रकाश पराजुली, परमानन्द आ.उमावि, देवघाट, तनहुँ
- गणेशमान सिं ठकुरी, मालिका उमावि, मटेला-३, सुर्खेत
- नवराज जोशी, डिलेश्वरी उमावि, हाट, बैतडी
- राजाराम थपलिया, ज्यामरूङ-५, धादिङ
- रामशरण श्रेष्ठ, फलाँटे-९, काभ्रेपाल्चोक
- ओम प्र. श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- विमल श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- दीपक भट्टराई/पर्शुराम लम्साल/विकास शर्मा, कालिका निमावि, दोभान-९, पाल्पा
- तुल ब. पुन, भृकुटी प्रावि, भलाका राङ्सी, रोल्पा
- पवन पन्त, काँकडभिट्टा उमावि, मे.न.पा.-१०, झापा
- हरिनारायण गौतम, भगवती मावि, चित्लाङ, सिद्धकाली-९, संखुवासभा
- अर्जुन ब. लामिछाने/गुमा भुँवाजी(लामिछाने), तिलाहार-७, पर्वत
- अमिता रेग्मी, शिवालय उमावि, मुडिकुवा-४, पर्वत
- सरोज न्यौपाने, बिहु-२, चिसापानी, बाग्लुङ
- उद्धव खतिवडा, जनता निमावि, पाङ्चा, भोजपुर
- विलिन मल्ल, झाँ.रा.-२, बोहोरेटार, सिन्धुली
- चन्द्र ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, ल्याङ्ल्याङ्, रामेछाप
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- फाल्गुना दाहाल, नवदुर्गा निमावि, कैलाली
- विन्दु कु. सुनुवार, दिम्बा प्रावि, ओखलढुंगा
- मोहनदत्त जोशी, निमावि जायभुल, दार्चुला
- सनत प्र. श्रेष्ठ, महेन्द्र उमावि, खलंगा, प्यूठान
- झनकमान श्रेष्ठ, गगनचुम्बी प्रावि, बानेश्वर-१, संखुवासभा
- वीरसिंह बगाल, खान मावि, ऐरीछना, दार्चुला
- विष्णुदत्त भट्ट, सिद्धनाथ निमावि, बागफाट, कञ्चनपुर
- दुर्गा गौतम(दंगाल), जनज्योति उमावि, लालबन्दी
- विकास तामाङ, बालोदय प्रावि, इलामपोखरी-३, लमजुङ
- भीम ब. जर्घा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- शारदा काफ्ले (आचार्य), जनज्योति उमावि, लालबन्दी, सर्लाही
- जय ब. के.सी., भीमेश्वर मावि, दोलखा
- फिरिनी कु. चौधरी, जनता प्रावि, दुलारी-५, मोरङ
- भरत ब. विश्वकर्मा, महादेव प्रावि, चौबास-३, काभ्रे
- ध्रुव पराजुली, कालिकादेवी उमावि, बतासे, सिन्धुपाल्चोक
- दुर्गा रावत (देवकोटा), विनायक-३, अछाम
- अशोक महर्जन, इन्टरनेशनल, सिनामंगल, काठमाडौं
- फिरोज राज श्रेष्ठ, मणिचुड प्रावि, साँखु, काठमाडौं
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- हरिनारायण खतिवडा, शारदा सं. उमावि, रामेछाप-३, रामेछाप
- भजुराम के.सी., वागेश्वरी उमावि, बैरेनी, धादिङ
- खड्ग ब. कुवर, महादेव प्रावि, चौवास-३, काभ्रे
- सुप्रिम भट्टराई, ग्रीनल्याण्ड एकेडेमी, गोवरैया, कञ्चनपुर
- अरविन्द कु. मण्डल, कानपुर मावि, कानपुर, काभ्रे
- मेधावी पौडेल, एकता बोर्डिङ्ग स्कूल, चौतारा, सिन्धुपाल्चोक
- ध्रुव प्र. ढकाल, फुजेल-५, गोरखा
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौतहट
- अभिनव धिताल, मकवानपुरगढी-८, मकवानपुर
- प्रदीप ताम्राकार, राम उमावि, खोपासी, काभ्रे
- टेक ब. झेरी मगर, सिर्जना प्रावि, सहारे-३, सुर्खेत
- नीलकण्ठ ढुंगाना, थाकनपोखरी निमावि, म्याग्दी
- टोलानाथ सुवेदी, कालिका निमावि, रामेछाप
- गोविन्द प्र. ढुंगाना, भालचन्द्र मावि, ऱ्याले-३, काभ्रे
- चन्द्र प्र. आचार्य, सरस्वती मावि, सिरूफाटा, सुर्खेत
- खड्क ब. थापा, फूलबारी प्रावि, काडेबास, बाग्लुङ
- पशुपतिनाथ योगी, उमावि सेटीगाउँ, गोकुलेश्वर, बैतडी
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप
- गोविन्द प्र. अधिकारी/रामचन्द्र अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- प्रवित्रा बुढा, पृथ्वीनारायण क्याम्पस, पोखरा
- सरोज फुयाल, ज्वालादेवी निमावि, मकवानपुरगढी-८, मकवानपुर
- निराजन ढकाल, ब्राइट फ्यूचर सेकेन्डरी स्कूल, मृगौलिया-९, मोरङ
- मदन अधिकारी, काँकरभिट्टा उमावि, मेचीनगर-१०, काँकरभिट्टा, झापा
- सपना उपाध्याय, वीरेन्द्रनगर नपा-८, सुर्खेत
- अर्जुन ब. लामिछाने, काफलचौर उमावि, दुर्लुङ
- तोयानाथ लामिछाने, जयप्रियटोल-२२, पोखरा
- नर ब. बि.सी., सालकोट-६, चौर, सुर्खेत
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- लाल ब. डि.सी., सरस्वती मावि, सिमघाट, सुर्खेत
- दीपक नेपाल/पदमा शर्मा, वेत्रेश्वरी प्रावि, स्याउले-५, सिन्धुपाल्चोक
- विष्णु प्र. पौडेल, कालिका मावि, बतासे-१, काभ्रे
- उर्मिला तिमल्सेना, भाषा निमावि, बडकादियाले-५, खोटाङ
- उद्धव प्र. सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- रमेश शर्मा, भीमेश्वर-१, चरिकोट, दोलखा
- मीना आले, अकला प्रावि, अर्चले-८, पाल्पा
- संजय चौधरी, नवज्योति निमावि, बिजुलिया, कैलाली
- गणेश ब. कुवर, सिगास मावि, मुसे, बैतडी
- दीपकराज शर्मा, बथानडाँडा, धारापानी-९, सुर्खेत
- भीम बोहारा, लक्ष्मी निमावि, लुग्ता-९, अछाम
- खिमादेवी अधिकारी, जय सन्तोषी माँ प्रावि, हटिया-१, बाग्लुङ
- सृजना मगर, हिमचुली बालविकास केन्द्र, डुम्रे-२, उदयपुर
- श्रीराम सिंखडा, महालक्ष्मी निमावि, छत्रेदेउराली-५, धादिङ
- भवानी शंकर ढकाल, शिक्षा निकेतन मावि, मोरङ
- अशोक शाह, कृष्ण मावि, घारीपीपल-७, सल्यान
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- दीपिका, सोविन चौधरी, लभ्ली एन्जल्स बो.स्कूल, मृगौलिया-२, मोरङ
- रिमा कु. अधिकारी (बराल), जनज्योति उमावि, लालबन्दी, सर्लाही
- होम ब. बुढाथोकी, पीपलनाथ निमावि, रूँघा-४, रूकुम
- प्रकाश खड्का, कालिका मावि, अैसना, कञ्चनपुर
- देवकी सापकोटा (नेपाल), वैष्णवी प्रावि, पिपलडाँडा, नुवाकोट
- रामचन्द्र दुलाल, बालकन्या मावि, सोयाक-७, इलाम

**सामान्यज्ञान-५२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *सरोज न्यौपाने,* बिहुँ-२, चिरपानी, बाग्लुङ**

**सही समाधान पठाउने अन्य सहभागी**

- जय प्र. पौड्याल, वीरेन्द्रनगर नपा-८, ईत्राम, सुर्खेत
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार, म्याग्दी
- प्रकाश खड्का, कालिका मावि, अैसना, कञ्चनपुर
- सपना उपाध्याय, वीरेन्द्रनगर नपा-८, सुर्खेत
- चन्द्र प्र. आचार्य, सरस्वती मावि, सिरूपाटा, सुर्खेत
- पशुपतिनाथ योगी, सेटीगाउँ उमावि, गोकुलेश्वर, बैतडी
- सुजिता रेग्मी, हिले उमावि, हिले-१, धनकुटा
- घनश्याम ढकाल, शिक्षा निकेतन मावि, मृगौलिया-९, मोरङ
- वीरेन्द्र पौड्याल, शान्ति उमावि, धारापानी-३, अर्घाखाँची
- गणेश प्र. पोखरेल, शिक्षा निकेतन मावि, मृगौलिया-९, मोरङ
- टेकुमाया सिग्देल, हिमाल उमावि, भानुमती-९, तनहुँ
- अंक ब. श्रेष्ठ, सिद्धि कमलादेवी मावि, पीपलडाँडा-२, सिन्धुपाल्चोक
- अमिता रेग्मी, शिवालय उमावि, मुडिकुला-४, पर्वत
- गोकुल थपलिया, ज्यामरूङ-५, धादिङ
- निसान सापकोटा, महेन्द्र निमावि, छतिवन, मकवानपुर

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० वैशाख २०७०** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगानाः *शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

***पुनश्चः*** *सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।*

# दीर्घ जीवनका ७ सूत्र

**प्रतिव्यक्ति** आय (३६ हजार डलर) का दृष्टिले बेलायतीहरू विश्वकै धनीमध्येमा पर्छन् । उनीहरूको सार्वजनिक स्वास्थ्य प्रणाली त संसारमै सबैभन्दा लोभलाग्दो मानिन्छ। तर, धन र स्वास्थ्य सुविधा हुँदैमा मानिसहरू निरोगी र दीर्घजीवी हुने रहेनछन् । युरोपका अधिकांश (१९ मा १२) देशका बासिन्दा बेलायतीभन्दा निरोगी र दीर्घजीवी रहेको कुरा हालैको एक अध्ययनले देखाएको छ।

त्यसो भए स्वस्थ रहेर दीर्घजीवी हुन के गर्नुपर्छ त? स्वास्थ्य र जीवनशैली सम्बन्धी विभिन्न अध्ययनहरूको निचोड केलाउँदै बेलायतको *द गार्जियन* पत्रिकामा **सराह बोरनेली** लेख्छिन्:

**१. जापानी जीवनशैली अनुसरण गर्नुस् !**

जापान विश्वमै सबभन्दा बढी स्वस्थ औसत आयु भएको मुलुक हो। जापानी महिला ७५.५ र पुरुष ७०.६ वर्षसम्म स्वस्थ जीवन बाँच्छन्। बेलायतीहरूको त्यस्तो आयु क्रमश: ७०.१ र ६७.१ वर्ष मात्र छ। जापानीहरूको दीर्घायु र सुस्वास्थ्यको कारण सुसी या भात होइन; बरु उनीहरूको स्वस्थ जीवनशैली चाहिं हो। यहाँको जीवनशैली अन्तर्गत त्यहाँको संस्कृति, शिक्षा, हावापानी, खानपान र सिन्तो परम्परा अनुसार गरिने शरीर शुद्धीकरणको अनुष्ठान जस्ता कुराहरू पर्छन्।

**२. रक्तचाप जँचाउने**

रक्तचाप जाँच्नु भनेको गाडीको हावा जाँच्नु जस्तै हो। यो कम खर्चिलो र स्वास्थ्यमा कुनै प्रभाव नपार्ने कार्य हो। कति मानिसको परिवारमा नै उच्च रक्तचापको समस्या हुन्छ र त्यसको वंशानुगत प्रभाव पर्छ। कतिको खानामा नुनको मात्रा धेरै हुन्छ। तनावमा बस्ने, मोटोपन हुने, धूमपान वा मद्यपान गर्ने व्यक्तिहरू पनि उच्च रक्तचापको शिकार हुने डर धेरै हुन्छ। रक्तचापको नियमित परीक्षण गराउनेहरू हृदयघात वा मस्तिष्कघातबाट जोगिन सक्छन्। उच्च रक्तचाप आज संसारमै अकाल मृत्युको पहिलो कारण बनेको छ। विस्तारै जटिल हुन थालेको आजको जीवनशैलीमा सबैले रक्तचापको नियमित परीक्षण गराउनु आवश्यक छ।



**हाम्रो शरीर बस्न होइन कुद्न बनेको हो, कुदिरहौं !**

**३. 'जङ्क फूड' होइन, ताजा अन्नपात खाउँ**

आजका मानिसको दैनिक खानामा फलफूल र सागसब्जी, अन्न, दाल र गेडागुडी; ओमेगा-३ पदार्थ पाइने माछा, आलस, तिल, सिलाम, रेसादार वस्तु र क्याल्सियम तथा दूधजन्य पदार्थ न्यून हुँदै गएका छन् भने कारखानामा प्रशोधन गरिएका मासुलगायतका तयारी खानाको मात्रा अत्यधिक हुन थालेको छ। तयारी खानाकै कारण मानिसहरू नुन र चिनीजन्य पदार्थको खपत चाहिनेभन्दा धेरै गरिरहेका छन्। यस्तो असन्तुलित खानाले मानिसलाई मोटो बनाउँछ। मोटोपन मान्छेको स्वास्थ्यको अर्को दुश्मन हो। 'जङ्क फूड' ले गर्दा हुने मोटोपन संसारकै मृत्युको चौथो कारण भएको छ।

**४. ठिक्क पिउने**

अलिअलि मद्यपानले मुटुलाई फाइदा पनि गर्छ। तर त्यसको मात्रा बढ्यो भने कलेजोको सिरोसिस हुन्छ। अहिले सिरोसिस, बोसो जमेको कलेजो र कलेजोको क्यान्सर पश्चिम युरोपमा मृत्युको बाह्रौं कारण भएको छ। रक्सीका कारण हुने झै-झगडा र दुर्घटनाजन्य मृत्युको त हिसाबै अर्कै छ।

**५. सक्रिय रहने**

मान्छेको शरीर बसिराख्नका लागि होइन, चलायमान रहिरहनका लागि बनेको हो। त्यसैले धेरै बस्नु स्वास्थ्यका लागि राम्रो होइन। मानसिक र शारीरिक व्यायाम एवं श्रमले मान्छेलाई स्वस्थ बनाउँछ, रोगहरू घटाउँछ। गतिशील शरीर र मनले मानिसको आत्मसम्मान बढाउँछ; 'डिप्रेशन' र चिन्ता घटाउँछ। कति व्यायाम गर्ने भन्ने प्रश्नको जवाफ सजिलो छैन तर मानिसले सक्रिय रहनै पर्छ, यो स्वयंसिद्ध सत्य हो।

**६. धूमपानले दु:ख दिन्छ**

धूमपानले जीवन छोट्याउने मात्र होइन, मर्नुअघि निकै दु:ख पनि दिन्छ। मुटुका रोग र फोक्सोको क्यान्सरका कारण जीवनको अन्तिम समय कष्टकर बनाउनेमा पनि धूमपानको भूमिका छ। लामो समयसम्म धूमपान गर्नेमध्येका आधासरो व्यक्तिले ७० वर्ष काट्दैनन्।

**७. पीर नमान्ने**

सर्वेक्षणमा सामेल गराइएका १९ देशमध्ये बेलायत धेरै चिन्ता गर्ने (पन्ध्रौं) देशमा पर्दोरहेछ। खासमा अनावश्यक पीर र चिन्ताले समस्या समाधान त गर्दैन नै, उल्टो समस्या समाधान गर्ने आफ्नो क्षमता पनि घटाइदिन्छ।

(द गार्जियन *मार्च ५, २०१३ मा आधारित*)


Mahindra RODEO RZ
Top of my Wish List
Mahindra 2 Wheelers
Wish to make a powerful entry anywhere you go?
If yes is the answer, Mahindra Rodeo RZ comes with powerful and advanced 125 cc Z-series engine and enthralling array of colors for you to make powerful entries anywhere you go. Just go for Mahindra Rodeo RZ and turn you WISH into a reality
125 cc Z-Series Engine
Digital Dashboard
4 in 1 Anti-Thief Key
MP3/ Mobile Charger
Front Fuelling
MAHINDRA RODEO RZ MILEAGE 59.38* kmpl
DCDI SYSTEM
28 DISTRICTS
34 SERVICE CENTER
45 DEALER NETWORK
30 CERTIFIED SERVICE POINT
Nepal's Largest Selling 125 cc Scooter
LET 'S DO MORE. MUCH MORE. LOTS MORE.
Mahindra RODEO RZ
SYM 125CC
*Mileage as per ARAI Standard Testing Conditions
Authorised Distributor
SG GLOBAL PVT. LTD.
Showroom & Service Center: Malla Complex, Teku Road, Kathmandu, Contact: 4231057, 4231058 | Narayan Chaur, Naxal, Kathmandu, Contact: 01-4423229 Showroom: Kumaripati, Lalitpur, Contact: 9841664671, 9841522574 Service Center: Naxal, Kathmandu, Contact: 4412315
Kathmandu Region: Maharajgunj: 9841019351 • Kalanki: 9851082302, 9851083503 • Nayabazaar: 01-4356993 • Jorpati: 01-4916068 • Chabahil: 9849707175 • New Baneshwor: 01-6227018 • Kausaltar: 01-6638530 • Bhaktapur: 01-5092336 • Banepa: 011-685918
| Central Region: Nuwakot: 010-560810, 9851002938 • Hetauda: 057-520426 • Birgunj: 051-529685 • Bardibas: 9854026372 • Gaighat: 035-420032 • Narayanghat: 056-523604 • Tandi: 056-56106 • Lalbandi: 9844063271 • Janakpur: 041-527397, 9844030996
| Eastern Region: Birtamod: 023-543044 • Biratnagar: 021-462420 • Itahari: 025-587308 • Damak: 023-582096 • Dharan: 025-526540 • Rajbiraj: 031-520271, 9852820125 • Lahan: 033-561732 | Western Region: Pokhara: 061-522905, 539279 • Damauli: 9846055171, 065-561409
• Kawasoti: 078-540812 • Bhairahawa: 071-521171 • Butwal: 071-547744 • Parasi: 078-520984 | Far Western Region: Dang: 082-563442 • Dhangadi: 091-527208 • Mahendranagar: 099-523868 • Nepalgunj: 081-550138 • Surkhet: 083-521979, 9858051789 • Tikapur: 9848432092


YAMAHA
बल्ल चित्त
बुझ्यो !
Mileage 72 KMPL
125cc
म.क्षे.हु.नि. द.नं. २४/०६९/७०
हेर्दा अति सुहाउँदो
सबैलाई चित्त बुझ्यो !
YBR 125
MAW
M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu : 01-4261160, 4261847